सोभियत समाजवादको पतनः रूसी कम्युनिष्ट नेतृको आँखामा

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

माघ २०४९

का. रोहित



के नयाँ-जनवादमा बहुदलीय प्रतिस्पर्धा सही हुन्छ ?



का. पद्‌मरत्न
साथमा का. प्रचण्ड

जापान पनि मन्दीको चपेटामा

ब्रिटेनको कम्युनिष्ट आन्दोलन

*विचार-अन्तर्क्रियाको रिपोर्ट !*

## नेपालमा नयाँ-जनवाद नै किन र कसरी ?

मोहन विक्रम, मदन भण्डारी, सि.पी. र मोहनचन्द्र पहिलो पल्ट एकै थलोमा

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को

## राष्ट्रियमहाधिवेशन

१४-२० माघ २०४९ काठमाडौं

रु. १०/-




का.माओ-त्सेतुङ्ग

यस भित्र


# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष ११ः पूर्णाङ्क ९ः २०४९ माघ

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ

कार्यकारी सम्पादक
हरिगोविन्द लुइटेल

सह-सम्पादक
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का

व्यवस्थापन सहयोगी
बेल बहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
नहुसाल, छोर्ट्रे, ख-२,२३७
काठमाडौं-२३
फोन: २१३६९४
पो.ब.नं. ३०२६ काठमाण्डौ


## एमालेको महाधिवेशन

के निरंकुशताको औषधी बहुदलीय प्रतिस्पर्धा हो ?

दुई पार्टी सदस्यताले पार्टीलाई कता लान्छ ?

**एमालेका दस्तावेजहरुको चिरफार**

द्वन्दरत एमालेका तीन नेताहरुको विचारः

कति समानता, कति असमानता ?

का. पद्मरत्न तुलाधर, का. रोहित र का. प्रचण्डको टिप्पणी

९ देखि १४ सम्म




## *पहिलोपल्ट वामनेताहरु अन्तर्क्रियाका लागि एकै थलोमा*

३५ देखि ४३ सम्म

**नेपालमा नयाँ जनवादी क्रान्ति नै किन र कसरी ?**

*का. मोहन विक्रम सिंह, का. मदन भण्डारी, का. सि.पी.मैनाली र का. मोहनचन्द्र बीच भएको व्यापक अन्तर्क्रियाको रिपोर्ट*

### ब्रिटेनको कम्युनिष्ट आन्दोलन

*पुरानो कम्युनिष्ट पार्टीको विघटन र नयाँ कम्युनिष्ट पार्टीको जन्म-कथा*

### के समाजवाद असफल भयो ?

*रुसी बोल्शेभिक कम्युनिष्ट पार्टीकी नेतृ का. नीना एन्द्रिभाको अन्तर्वार्ता*



### निकारागुआः

पुनः वामपन्थीहरु सत्तासीन

### एल साल्भाडोरः

वाम-छापामारद्वारा आत्मघाती निशस्त्रीकरण

### कोलम्बियाः

वाम छापामार आक्रमण तीव्र


**घटना-प्रवाह**
- क्लिन्टन र अमेरिकाको परिवर्तन ६
- इराकमाथि पुनः अमेरिकी आक्रमण ५
- बी.बी.सी. / पूँजीवादी सञ्चार ६
- बिजुलीको भाऊ बृद्धि
- राजपरिषद गठन - विवाद ५

**आजको घटना-आजको विचार**
- शिक्षक संघ, भट्टराई र राजनीति ८
- उच्च शिक्षाका समस्याहरुबारे ७

**अर्थतन्त्र**
- कांग्रेसी सरकारको त्रि-वर्षीय आर्थिक योजनाको चिरफार
*डा. पृथ्वी राज शर्मा* / २४

**समस्या र दृष्टिकोण**
-नेपाली जलस्रोतको बजार भारत मात्र ?
- गोविन्द प्र.लोहनीसँग कुराकानी / १७

**आँखी-झ्याल**
- जापानलाई मन्दीले अँचेट्यो ! १९
- इरानः नयाँ अरब महाशक्ति १८
- पूँजीवादी विश्वको ताजा खबर १९

**जन-जीवन**
-नेपालस्थित भुटानी शरणार्थीहरुको जीवन
- *धर्मचन्द्र लावती* / २०

**सन्दर्भ**
- मूल्यांकन समीक्षा र परामर्श भेलाको रिपोर्ट ३०

**दर्शन/दिग्दर्शन**
- समस्या समाधान गर्न के के गर्नु पर्छ ?
- *प्रज्ञान रत्न* / २८
- शब्द परिचयः वस्तुपरक र आत्मपरक चिन्तन/ २९

खेलकूद- २७/ प्रेरक प्रसंग- ३१

**साहित्य**
- महादान/कथा
*यशपाल* / ४४

**विज्ञान/प्रविधि**
- मान्छेको जीवनमा केले आमूल परिवर्तन ल्यायो ?
- *सुवर्ण कपाली* / २२
- लसुनमा क्यान्सर निको पार्ने क्षमता/२३

**धारणा**
- नयाँ र पुरानो
*डि.आर.पोखरेल* / २६

**पर्दा-रंगमंच**
- हिन्दी फिल्मः प्रहार
*हरिगोविन्द लुईटेल* / ३४
- पाकिस्तानी टेलिफिल्मः आहट/ ४३

पाठकको कुरो- ४५

हाम्रो मूल्यांकन- ४


*आवरणः ने.क.पा. एमालेको पोस्टर/ आवरण कलाः दण्डपाणि उपाध्याय/टाइप सेटिङ्ः मल्टी च्यानल कम्प्युटर सेन्टर, बागबजार/ मुद्रणः मोर्डन प्रिन्टिङ् प्रेस*

## उपलब्धीमूलक संघर्षको रुप- अहिलेको खाँचो

# खुकुलो गरी समात्दा सजिलै फुत्कन सक्छ!

खुकुलो गरी समात्नु र समात्दै नसमात्नुमा त्यति भेद रहन्न । किनकि खुकुलो गरी समात्दा जे समातिनु पर्ने हो, त्यो सजिलै फुत्कन्छ । नसमाते बराबर हुन्छ । अहिले टनकपुर सम्बन्धी आन्दोलन त्यस्तै भएको छ । आन्दोलनका कार्यक्रमहरु यस्ता मन-ताता छन् कि तिनले आन्दोलन गरेको व्यहोरा त पुग्छ, तर कुनै उपलब्धी हात लाग्दैन । संघर्षका यी रुपहरुको फलस्वरुप अदालतले जुन सरकारलाई सप्रमाण राष्ट्रघाती ठहऱ्याएको छ त्यो अपराधी- सरकार सजिलै फुत्किनु असम्भव छैन । संघर्षका यी रुपहरुको सट्टा प्रभावकारी रुपहरु ल्याइएन भने अपराधी गिरिजा सरकारलाई यो खुकुलो गरी समातेबराबर हुने निश्चित छ ।

गिरिजा-सरकार एक पछि अर्को जनघात, प्रजातन्त्रघात र राष्ट्रघात गर्दै जाँदैछ । नेपाली कांग्रेसको नेतृत्व त्यसलाई दण्डित गर्नुको सट्टा अभयदान दिँदैछ । हामी पनि यो वा त्यो निहुँमा, व्यहोरा पुऱ्याउने खालका मन-ताता संघर्षहरु गरेर उसलाई हर अपराधका बावजूद चोखै उम्कने मौका दिँदैछौं, किन ? किन "फलाम तातेकै बेलामा" प्रभावकारी संघर्ष उठाउनुको बदला अरु नै कुरो हाम्रो प्राथमिकताको विषय बन्छ ? किन हाम्रो बुताले सम्भव उपलब्धीमूलक संघर्षका रुपहरु अप्नाउन र लक्ष्य- प्राप्तिको उँचाईसम्म विकसित गर्दै लैजान हामी तम्तयार हुन्नौं ?- यसले के देखाएको छ भने, गडबड कतै - समाजको हित र हाम्रो स्वार्थ मध्ये कुन छान्ने ?, त्यसको रोजाइ गर्ने चिन्तन-प्रक्रियामा नै छ । यो दोष हामीले हटाउनै पर्छ । अन्यथा, कैयन "चैत्र २४" को जनहत्या उत्तिकै, अदण्डित, बितेर जानेछ । प्रतिगामीहरु अरु प्रतिगामी काम गर्न हौसिने छन् ।

संघर्षका प्रभावकारी रुप नअप्नाउनाले पैदा भइरहेको अहिलेको सिथिलतालाई गलत तत्वहरु "जनताले साथ नदिएकाले संघर्ष सेलायो" भनेर जथाभावी अर्थ्याउँदैछन् । टनकपुर मुद्दामा जनताको साथ छ वा छैन र त्यो कता छ भन्ने कुरा त फैसलाको दिनको अपार जन-समुदायको चासो, पहल र उनीहरुको अद्वितीय जुलूसले नै उदांगो पारिसकेको छ । तर यो मौका भने उनीहरुले हाम्रै कारणले पाएका छन् ।

निकै ढीलो भए पनि माघ २८ गते सिंहदरबार र जिल्ला मुकाम घेर्ने कार्यक्रम प्रकाशमा आएको छ । यो स्वागत योग्य कुरा हो । अहिलेको आवश्यकता हो - सम्भव र उपलब्धीमूलक यी र यस्ता जनसंघर्षका रुपहरुको क्रमिक र विकासमावान निरन्तरता र यिनीहरुमा व्यापक जन -सहभागिता गराउने सहयोगी प्रचार- योजना । संघर्षलाई कुन उँचाईसम्म पुऱ्याउने र कसरी उपलब्धीपूर्ण बनाउने भन्ने कुरामा प्रष्टता । र जनताबाट नकट्ने खालको जनबलमा आधारित संघर्षका प्रभावकारी रुप छान्नमा होशियारी ।

अहिलेसम्मका नेपालका जन-आन्दोलनहरुले सिकाएका छन्, केन्द्रीय सत्तासंग सम्बन्धित जन- संघर्ष मूल शहरी केन्द्रबाट गाउँहरुतिर फैलाउँदा नै सबभन्दा प्रभावकारी हुने गरेको छ । यो अनुभवबाट यस पटकको टनकपुर सम्बन्धी जन-आन्दोलनले सिक्नु जरुरी भएको हामीले देखेका छौं ।



घटना- प्रवाह

### विश्व-वैंकको दवावमा

# बिद्युत महसूलमा भारी बृद्धि

यस वर्ष बिघुत प्राधिकरणलाई २६ करोड २४ लाख रुपैयाँ घाटा हुने निहुँमा बिघुत प्राधिकरणले सर्व साधारण जनताको ढाडै भाँचिने गरी आगामी चैत्र १ देखि लागू हुने गरी विघुत महसूल बढाउने घोषणा गरेको छ । हाल प्रति युनिट रु.१.९५ विघुत महसूल लागिरहेकोमा अबको नयाँ दर अनुसार यो सरदर प्रति युनिट रु. ३.७५ भएको छ । पहिले न्यूनतम महसूल रु. ११ भएकोमा अहिले त्यो बढाएर ३० रुपैयाँ पुऱ्याइएको छ । यसरी प्रति यूनिट विघुत महसूलमा सरदर ९२.०३ प्रतिशत बृद्धि भएको छ भने न्यूनतम महसूलमा १७२.७ प्रतिशत बृद्धि गरिएको छ ।

विघुत महसूलको यो बृद्धिले न्यून - आय भएका जनताको जीवनमा अत्यन्त प्रतिकूल असर पार्ने र उनीहरुको क्रय - क्षमतामा र जीवन स्तरमा काफी ऱ्हास ल्याउने निश्चित छ । विघुत महसूल बढ्दा खालि महसूल मात्र नबढेर विघुत खपत गर्ने सबै आद्यौगिक उत्पादनका वस्तुको मोल पनि त्यही अनुपातमा बढ्ने निश्चित छ । यसले जनताको जीवन स्तरलाई अरु खतम पार्ने अवश्यभावी छ ।

जनताको जीवन स्तरमा गम्भीर असर पुऱ्याउने यो निर्णय विश्व -बैंकको दवाबमा गरिएको थाहा भएको छ । विश्व - बैंकका उपाध्यक्ष डी.जोसेफ उडले त काठमाडौंमा महसूल

#### महसूल नबढाईकन पनि घाटा र ऋणको समस्या हल गर्न सकिन्थ्यो

बढेकै दिन खुलेआम घोषणा गर्नु भएको छ - विघुत महसूलमा उचित समायोजन गर्न हामीले नै सल्लाह दिएका हौं ।

त्यसै बीच विश्व-बैंकको प्रतिनिधिले विघुत महसूल बृद्धिलाई खुलेर स्वागत गरेका छन् । यो विघुत महसूलको बृद्धिपछि विश्व - बैंकले अब सरकारलाई अरुण तेस्रो विघुत आयोजनाको निम्ति ऋण दिलाउने बारे आश्वासन दिएको समाचार पनि यतिखेर अर्थपूर्ण भएको छ ।

विघुत महसूल बढाउनु पछाडिको वास्तविक अन्तरकथा के छ भने, विघुत प्राधिकरणले १२ अरब १७ करोड रुपैयाँ ऋण लिएको छ । त्यसको व्याज मात्र गएको आर्थिक वर्षमा ६३ करोड रुपैयाँ तिर्नु परेको थियो भने यस आर्थिक वर्षमा व्याजको भार ६४ करोड रुपैयाँ हुँदैछ । करौडौं रुपैयाँ विघुत महसूल उठाउन बाँकी छ भनेर प्राधिकरण स्वयम्ले भनिरहेछ । तर त्यो रकम मध्ये धेरैजसो ठूला ठूला उद्योगपति र पूँजीपति वर्गसंग उठाउन बाँकी हुनाले सरकारले त्यस क्षेउमा हात हाल्न साहस गरिरहेको छैन । त्यसमाथि, जानकार- सूत्रले बताए अनुसार, विघुत महसूलको चुहावट करीब ३६ प्रतिशत छ । त्यसमाथि थप ,विघुत प्राधिकरणको कर्मचारियन्त्र- सान्है महंगो र भारी छ । यो समस्या हल गर्न सरकारले विघुत चुहावटको मात्रा घटाउन जन अभियान थाल्न सक्थ्यो । भुक्तानी हुन बाँकी विघुत महसूल कडाइ पूर्वक उठाउन सक्थ्यो । कर्मचारी - यन्त्रलाई सस्तो र चुस्त बनाउन सक्थ्यो । यस्तो गर्न सकेको खण्डमा विघुत महसूल नबढाईकन पनि सरकारले घाटा र ऋणको समस्या हल गर्न सक्थ्यो ।

तर कमिशनतन्त्र र भ्रष्टाचारको आहालमा लिप्त सरकारले यी सब जनहितकारी उपाय अपनाउनुको सट्टा, विश्व - बैंकको दवावमा आफ्नो पूँजीपति - वर्गीय पक्षधरता ,असमर्थता, कमीसन-लोभको परिणामको भारी सर्व साधारण जनतालाई बोकाउन तयार भयो । अहिलेको विघुत महसूल बृद्धि त्यसैको परिणाम हो ।

तसर्थ विघुत महसूलको यो बृद्धिको सशक्त विरोध हुनु जरुरी छ । जनतालाई राहत दिने नारा बोकरे आएको कांग्रेसी सरकार आज विश्व -बैंकको दवावमा जनताको गला रेट्ने निर्णय गर्न तयार हुन्छ - हाम्रो देशको राजनीति र अर्थतन्त्रलाई कसरी स्वतन्त्र, सर्वाभौम भन्ने ? सरकारलाई कसरी जन- उत्तरदायी भन्ने ? सरकारसित विघुत महसूल नबढाइकन पनि समस्या हल गर्ने उपाय छ । सरकारले त्यो उपाय नै सर्वप्रथम अप्नाओस् र विघुत्त महसूल बढाउने निर्णय खारेज गरोस्, यस मागलाई सम्पूर्ण जनमुखी शक्तिहरुले संयुक्त रुपमा, जोडदार रुपमा उठाउन जरुरी भएको छ ।



का. मोहन विक्रमद्वारा लिखित पुस्तक
चार-दशक
पढनु होस् ।



## राजदरबार, राजपरिषद् र नेपाली कांग्रेस

# वामपन्थीहरूले यस्तो परिषद् छोड्नु पर्दछ

नेपालको संविधानको धारा ३४, (ख) अनुसार "राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका वा विशेष सेवा गरेका व्यक्तिहरू मध्येबाट" राजपरिषद्का लागि १२१ जना व्यक्तिहरू राजाद्वारा छनौट गरिएका छन् । गत पुष १७ गते प्रकाशित उक्त छनौट लिष्टमा मरिचमान सिंह, अन्य पंचायती प्रधान मन्त्रीहरू पंचायती मन्त्रीहरू, तत्कालीन अंचलाधिशहरू लगायतका व्यक्तिहरू समेत समाविष्ट छन् । सर्वदलीय भएको देखाउनलाई होला । यसमा केही कांग्रेस र केही "कम्युनिष्ट"हरूलाई पनि राखिएको छ ।
"ख्याति प्राप्त" र "विशेष सेवा गरेका" भनिएका व्यक्तिहरूमा एकजना मात्र पनि "कुख्यात" र "विशेष जनद्रोह" गरेको व्यक्ति पर्नु अत्यन्त गम्भीर कुरा हो । तर राजपरिषद् सदस्यको लिष्टमा यस्ता व्यक्तिहरू थुप्रै पारिएका छन् ।

मरिचमान लगायतका जनद्रोही राष्ट्रद्रोहीहरूलाई जन-आन्दोलनले कारवाहीको माग गरेको थियो । तर दरबार र कांग्रेसको मिलिभगतका कारण यो कारवाहीको प्रक्रिया नै अगाडि बढाइएन । "मल्लिक आयोग"को प्रतिवेदनलाई रद्दीको टोकरीमा हालियो । आज आएर देखिँदैछ - जन-आन्दोलनका ती अभियुक्तहरूलाई राजपरिषद्मा लगेर "सम्मान" पो दिंईदैछ ।

यतिखेर जन-आन्दोलनका शहीदहरूलाई संझेर हरेक सचेत नेपालीले अत्यन्त गम्भीर भएर सोच्नु पर्ने भएको छ ।

प्रतिकृयावादी-जनद्रोहीहरूलाई यसरी काखी च्याप्नुले नेपालको दरबारको "असली-चरित्र" मा अलिकति पनि फरक नआएको प्रष्ट हुन्छ । जनताको माझमा निन्दितहरू दरबारका लागि "ख्याति प्राप्त" र "विशेष -सेवा गरेका" ठहरिने नेपाली यथार्थलाई यस कुराले उदांगो पारेको छ । जन-आन्दोलन २०४६ लाई दबाउन मच्चाइएको नर-संहार र पंचायती कालका सारा काला करतूतहरू, शोषण-दमनहरुको केन्द्रीय संचालकको रूपमा रहेको नेपालको दरबार अझैसम्म पनि कति पिछडिएको चरित्र बोकेर बढीरहेछ भन्ने कुरा यसबाट छर्लङ्ग भएको छ । जन-आन्दोलनपछि संविधान निर्माणको बेला छुट्टै प्रतिगामी "संविधान" प्रस्तुत गरेर दरबारले देखाएका प्रतिगामिता फेरि एक पल्ट यस छनौट कार्यमार्फत उदांगिएको छ ।

पंचायती विचार- पृष्ठभूमि भएका संचार- माध्यमहरूले बाहेक यस गठन-कार्यको प्रसंशा गर्न अरूले सकीरहेका छैनन् ।

यस स्थितिमा यस कार्यका लागि गिरिजा-सरकारको नालायकीपन र जनविरोधी चरित्र मूल रूपले जिम्मेवार छ । गिरिजा सरकारकै पुट पाएर दरबार अहिले जुनसुकै प्रतिगामी निर्णय लिन पनि हौसिरहेछ ।

संविधानको धारा ३५ (२) अनुसार नेपालको वर्तमान संविधान बमोजिम राजाबाट गरिने कुनै पनि कार्य स्पष्ट किटानी भएकोमा बाहेक अरु सबैमा मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट मात्र हुन सक्छ । यो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत जाहेर हुने व्यवस्था संविधानले गरेको छ ।

गिरिजाप्रसाद कोइरालालाई जनताले सोध्नु पर्दछ - के राजपरिषद्को यो गठन कार्यमा सरकारको सल्लाह र सम्मति थियो कि ? थिएन ? थियो भने, किन दण्ड दिनु पर्ने मरिचमानहरूलाई यसरी पुरस्कृत गरियो ?

होइन, सल्लाह र सम्मति थिएन, भने दरबारको यो बल-मिचाइप्रति सरकार किन मौन ? यिनै प्रश्नहरू कांग्रेस नरहे प्रजातन्त्र रहँदैन भन्दै कुर्लने गणेशमान लगायतका कांग्रेसी व्यक्तिहरूलाई सोध्नु पर्ने जरूरी भएको छ । के यही हो तपाईहरुको प्रजातान्त्रिक नीति-निर्णय ? यस्तैलाई नै भनिन्छ - प्रजातन्त्र ?

वामपन्थीहरू पनि समाविष्ट देखाउन परिषद्मा नाम रहेका तुल्सीलाल, मानन्धर, साहना लगायतका व्यक्तिहरु मरिचमानको हाराहारीमा त्यहाँ रहिरहनु प्रत्युत्पादक र निरर्थक हुनाले तुरून्त उहाँहरूले सो परिषद्मा नबस्ने निर्णय गरी जन-चाहनाको कदर र प्रतिकृयावादी पुनरूत्थान-नवादीहरूको विरोध गर्नु पर्छ भन्ने हाम्रो ठहर छ ।

का. सहाना प्रधानले यस परिषदमा नबस्ने निर्णय गनुभएको कुरा प्रकाशका आएको छ । यसैगरी अरु जनपक्षीय व्यक्तिहरु वा वामपन्थी नेताहरुले पनि यस्तै निर्णय गर्नु जरुरी छ ।

जन-आन्दोलनको स्पिरिट अनुसार यसको पुनर्गठन हुनुपर्दछ ।



## अब आफ्नै देशमा विमान उडाउन पनि अमेरिकाको स्वीकृति चाहिने ?

# इराकमाथि फेरि बम-वर्षा


अब कुनै देशले आफ्नै देशभित्र विमान उडाउन पनि अमेरिकाको स्वीकृति लिनु पर्ने स्थिति आएको छ । संयुक्त राष्ट्र-संघलाई कठपुतली बनाएर गत खाडी युद्धपछि इराकको उत्तरी भागमा अमेरीकी नेतृत्वमा रहेको बहुराष्ट्रिय सेनाले तोकेको "उडान निषेद्ध क्षेत्र" मा विमान उडाउन कोशीस गर्‍यो र इराकको दक्षिणी भागमा इराकले विमानभेदी क्षेप्यास्त्र तैनाथ गर्‍यो भन्ने निहुँमा संयुक्त राष्ट्-संघ सुरक्षा परिषद्लाई हतियार बनाएर बहुराष्ट्रिय सेनाले पुष मसान्तको दिनदेखि बमवर्षा गर्न शुरु गरेको छ ।

अमेरिकी नेतृत्वमा बहुराष्ट्रिय सेनाको यो कार्यवाही सरासर अन्यायपूर्ण छ । यो साम्राज्यवादी चरित्रको उदांगो उदारण हो । अहिले २१ सदस्यीय अरब लीग यस आक्रमणको विरुद्ध खडा भएको छ । कुवैत निल्नु इराकको दोष थियो । तर के अमेरिकाले मात्र प्यालेष्टाइन राष्ट्र निल्न इजरायललाई सघाएको थिएन ? अमेरिकाले ग्रेनेडा र पानामा माथि आक्रमण गर्नु र निल्नु चाहिं ठीक थियो ? त्यसका विरुद्ध चाहिं खोई त बहुराष्ट्रिय सेना ? खोइ संयुक्त-राष्ट्रसंघ ? अझ भियतनाम, कम्बोडिया र लाओस् निल्नलाई अमेरिकाले गरेको असफल युद्धलाई के भन्ने ? त्यसैले अब संसारमा "जसको लाठी, उसको भैंसी " को स्थिति खडा भएको छ ।

त्यस्तै, उत्तरी इराकका उत्पीडित कुर्द जाति र दक्षिण इराकका शिया मुसलमानहरु माथि इराकी सरकारले गरेको दमन - उत्पीडन पनि आफ्नै देशका काला (हब्शी) वर्णका र रेड-इण्डियनहरुलाई दमन र शोषण गर्दै आइरहेको अमेरिकाको साम्राज्यवादी आक्रमणको लागि निहुं बनेको छ ।

यहाँनेर के स्मरण गर्नु पनि सान्दर्भिक छ भने, इराक जुन जुन हतियार र प्रविधि थुपारेर अरबको महाशक्ति भयो, त्यो हतियार र प्रविधि बेच्ने राष्ट्र पनि यिनै अमेरिका, जर्मनी, फ्रान्स, इटाली जस्ता बहुराष्ट्रिय सेना खडा गर्ने राष्ट्रहरु नै थिए । इराकलाई महाशक्ति राष्ट्र बनाउने पनि यिनीहरु नै, इराक महाशक्ति राष्ट्र बनाउने पनि यिनीहरु नै, इराक महाशक्ति बन्यो भनेर प्रतिक्रिया जनाउने पनि यिनीहरु नै ?

त्यसैले इराकले कुवेतमा आक्रमण गर्‍यो, शिया- मुसलमान र कुर्द जाति माथि दमन गर्‍यो भन्ने सवाल त निहुँ मात्र हो । अमेरिकाको र युरोपेली साम्राज्यवादी मुलुकहरुको अरवेली- तेल आफ्नो पार्ने, हतियार बेच्ने र विश्वमा आफ्नो हैकमको स्थिति बनाउने स्वार्थले नै गएको वर्षको खाडी-युद्ध भएको थियो । अहिलेको युद्ध पनि त्यसैको निरन्तरता हो । त्यसैले, संसारभरका न्याय प्रेमी राष्ट्र र शक्तिले यो साम्राज्यवादी कार्वाहीको विरुद्ध आवाज उठाउनु जरुरी छ ।





# के विल क्लिण्टनले अमेरिकाको चरित्रमा फरक पार्ने छन् ?



यही जनवरी २० (माघ ७) देखि विल क्लिण्टन अमेरिका ४२ औं राष्ट्रपति भएका छन् । परिवर्तनकै नाम दिएर चुनाव जितेका विल क्लिण्टन आएपछि के अमेरिकाको स्थिति र चरित्रमा आमूल परिवर्तन आउने छ ? विश्वको लागि क्लिण्टनको राष्ट्रपतित्वले के फरक पार्नेछ ? - यो अहिले चारैतिर जिज्ञासाको विषय बनेको छ ।

असंतुष्ट मध्यम - वर्गको मतले नै क्लिण्टनले चुनाव जितेका हुन् । राष्ट्रपति जर्जबुशले संसारभरि ध्यान दिन भ्याए, तर बढ्दो बजेट-घाटा, व्यापार, घाटा, बेरोजगारी, महंगी र सामाजिक असुरक्षाले ग्रस्त अमेरिकाको स्थिति सुधार्न ध्यान दिन भ्याएनन् । यही असंतुष्टि चुनावमा पोखियो । फलस्वरुप खाडी-युद्धमा लोकप्रियताको चरम-चुलीमा पुगेका जर्जबुश चुनावमा अलोकप्रियताको चुलीमा पुगे र चुनाव हारे ।

तर नारा दिएर चुनाव जित्नु जति सजिलो छ - काममा त्यो गरेर देखाउनु त्यो भन्दा धेरै कठीन हुन्छ । अहिले क्लिण्टनको सामुन्ने अत्यन्त गंभीर समस्याहरु सुरसाको मुख बाएर खडा छन् । बजेट-घाटा १९९२ मा २९० अरब डलर पुगेको छ । १९९३ मा त्यो बढेर २९४ अरब डलर पुग्ने स्थिति छ । विदेशी ऋण ४ खरब डलरभन्दा वेसी पुगेको छ, जसको साँवा-व्याज तिर्न मात्र बर्सेनी २ खरब ९२ अरब डलर चाहिन्छ । व्यापार-घाटा मात्र १९९२ को पहिलो ९ महीनामा ८० अरब डलर पुगेको छ । देशका ९० लाख भन्दा बेसी मानिसहरु बेराजगार छन् ।

यो समस्याबाट केही राहत मात्र दिनलाई पनि अमेरिकाको सामु सरकारी खर्च घटाउनु, सैनिक बजेट घटाउनु, उत्पादन बढाउनु सिवाय अरु प्रभावकारी बाटाहरु छैनन् ।

तर सरकारी र सैनिक खर्च घटाउँदा अमेरिकाको "विश्वको प्रहरी र नेता" हुने साम्राज्यवादी-स्वार्थमा धक्का पर्छ । विल क्लिन्टनले घोषणा गरिसकेका छन् - अमेरिकाको विश्वको एक मात्र महाशक्ति र नेता हुने पराष्ट्रनीति उनको शासनकालमा पनि बदलिने छैन ।

त्यसैले क्लिण्टनका सामु अन्तरविरोधपूर्ण चुनौतिहरु छन्, उनले देशको चुनावमा वचन दिए अनुसार अर्थ-व्यवस्था सुधार्न थाल्ने हो भने, विश्वको महाशक्ति र नेता हुने स्वार्थमा नोक्सान पुग्ने, विश्वको महाशक्ति, नेता र "प्रहरी" भई नै रहने हो भने देशको अर्थ व्यवस्था सुधार्न अम्सभव हुने । यो अन्तरविरोध उनले कसरी हल गर्लान ? हेर्न बाँकी छ ।

के भविष्यवाणी गर्न सकिन्छ भने, क्लिण्टन राष्ट्रपति भए पनि अमेरिकाको साम्राज्यवादी चरित्र र परराष्ट्र नीतिमा कुनै परिवर्तन आउने छैन । अमेरिका उनको शासनकालमा पनि विश्वको सामाजिक प्रगति, स्वतन्त्रता र न्याय प्राप्तिको सबैभन्दा ठूलो बाधक रही नै रहने छ । अहिले इराककै घटनमा बुशको आक्रमणकारी नीतिको समर्थन गरेर क्लिण्टनले त्यसको प्रस्ट सम्भावना देखाइसकेका छन् । यो पराराष्ट्र नीति अप्नाएर उनले देशको अर्थ व्यवस्थामा सुधार ल्याउनु फलामको च्यूरा चपाउनु सरह छ । क्लिण्टनको राष्ट्रपतित्व पनि, अमेरिकाका श्रमिक वर्ग, बेराजगारहरु, क्रय-क्षमता घट्दै गएका मध्यम वर्गका जनताहरुका लागि निराशाजनक नै हुनेछ ।

# वि.वि.सि. र अन्य पूँजीवादी प्रचार-लगानीकर्ताहरु किन नेपाल पस्दै छन् ?

*प्रतिकृयावादीहरुको चालवाजी युगौंपिच्छे बदलिदै आएको छ । तर पनि उनीहरुको मूल ध्येय चाहिं एउटै रहँदै आएको छ, त्यो हो - आफ्नो स्वार्थ अनुकूलको यथास्थिति टिकाई राख्नु वा आफ्नो वर्ग स्वार्थ पूरा गर्न समाजलाई पछाडितिर धकेल्नु । यसका लागि उनीहरु समाजलाई अगाडि बढाउन चाहने प्रगतिशील वर्गमाथि थिचोमिचो गर्ने गर्दछन् । तर यो थिचोमिचोको रुप भने सधैं एकैनाशको रहन्न । साह्रै ठूलो बढ्याई र चतुरताका साथ उनीहरु आफ्नो प्रभुत्व टिकाउन र फैलाउन चाहन्छन् ।*

*आफ्नो यो स्वार्थ-रक्षाका लागि सबैभन्दा ठूलो हतियारका रुपमा यो वर्गले जनतामाथि गर्ने आक्रमण हो - वैचारिक आक्रमण । जनतालाई आफ्नो स्वार्थ अनुकूल हुने गरी सूचना र जानकारीहरु दिनु, घटनाहरुलाई आफ्नो विचार अनुरुप मोडेर प्रचार गर्नु, आफूलाई फाइदा पुग्ने मूल्य र मान्यताहरु जनतामा थोपर्नु र यतिले पनि नपुगे जनतालाई विकृतितिर धकेलीदिनु, नयाँ र पुराना अन्धविश्वासहरुलाई फैलाउनु र जन-मानसमा तिनीहरु नै "सत्य" हुन् भन्ने छाप पार्नु ।*

*नेपालमा राणाकालमा जनताको चेतना बढ्न नदिन बोल्ने- लेख्ने, पढ्ने आदि सबै अधिकारहरु खोसिए । एकोहोरो रुपले सामन्त वर्गको फाइदा हुने र उसको प्रभुत्व बढ्ने विचारहरु मात्र जबरजस्ती गरेर, मुठ्ठीभर चाकडी बाजाहरुलाई लोभ-लालचमा फसाएर फैलाइयो । पंचायती कालमा यसको रुप केही बदलियो । पंचायती शासनले सामन्ती विचारको प्रचार- प्रसार गर्ने काम बाहेक जनताको बढ्दो चेतनालाई विकृत पार्न छाडा पूँजीवादी विकारहरु पनि फैलायो । प्रगतिशील विचारलाई भने दमन नै गर्‍यो ।*

*अहिले आएर चाहिं साम्राज्यवादी, विस्तारवादीहरुको आड समेतमा आफ्नो वर्गीय स्वार्थ अनुकूलको प्रचार-प्रसारको व्यापक जालो फैलाउने कोशीस यहाँको प्रतिकृयावादी वर्गले गर्दैछ । "प्रजातन्त्र" आएपछि सरकारी संचार माध्यमहरुमा सबै विचारले स्थान पाउनु पर्ने थियो । तर यसो नगरी सत्तारुढ वर्ग र दलले आफ्नो एकलौटी मात्र मच्चाइरहेछ । सबैलाई प्रकाशन गर्ने "स्वतन्त्रता" छ । तर सिंगै एकाधिकार पूँजीपतिहरु र साम्राज्यवादीहरुको व्यापक लगानीयुक्त प्रचार-साधनहरुसंग प्रतिस्पर्धा गर्न नसकिरहेका स्वदेशी संचार- सधानहरुलाई कुनै पनि प्रकारको संरक्षण र प्रोत्साहन छैन । तिनीहरुमध्ये पनि प्रगतिशील पत्र-पत्रिकाहरुलाई अघोषित रुपमा विज्ञापन उपलब्ध गराउन नाकावन्दी लगाइएको छ । पत्र-पत्रिकाको वितरणमा अत्यन्त ठूलो अस्तव्यस्तता छ । साम्राज्यवादीहरुका संचार साधनहरु रातारात यहाँ आइपुग्छन् । तर यहीं राजधानीमा निस्केका नेपाली पत्रिकाहरु महीनौंसम्म पनि जिल्लाहरुमा पुग्न सक्दैनन् ।*

*यसरी नेपालमा जनताको चेतनास्तरलाई माथि उठ्न नदिन वा त्यसलाई आफ्नो पक्षमा अथवा विकृतितिर मोड्न प्रतिकृयावादीहरु ठूलो जाल र चालवाजी रच्दैछन् । यहाँ वामपन्थीहरुको बढ्दो प्रभाव देखेर मुलुकभित्रका सामन्तवादी-पूंजीवादी तत्वहरु र विश्व-साम्राज्यवाद सिंगै आत्तिएको छ । यसकारण यिनीहरु प्रगतिशील विचारतिर अघि बढ्न लागेका नेपाली जनताको दिमागमाथि आफ्नो "वैचारिक-आक्रमण" लाई अगाडि बढाउदैछन् ।*

*यसै सिलसिलामा हालै नेपाल-रेडियो मार्फत कार्यकम दिने गरी वि.वि.सी. को प्रवेश र भारतीय व्यक्तिहरुको आडमा नेपालबाट दुई पत्रिकाहरु प्रकाशित हुन लाग्नुको घटना थपिएका छन् । भारतमा सोझै प्रसारणको लागि प्रयत्न गर्दा वि.वि.सि.ले त्यहाँबाट अनुमति नपाएको कुरा प्रकाशमा आएको छ । यसरी भारतमा समेत पस्न नसकेको वि.वि.सि. ले नेपालमा सोझै प्रसारणको अनुमति पाउनुका पछाडि के रहस्य लुकेको छ ? - त्यो प्रष्टै छ । स्मरणीय छ- वि.वि.सि. स्थापनाका घोषित लक्ष्यहरु मध्ये साम्यवादको प्रसारलाई रोक्नु पनि एक रहेको छ । हाल थोरै समयका लागि प्रवेश पाएर यसले नेपालमा जरो गड्दै जाने संभावना छ । यसै गरी अरु पूँजीवादी साम्राज्यवादी "शक्तिशाली" संचार माध्यमहरुले नेपालमा कब्जा जमाउन प्रयत्न नगर्लान् भन्न सकिन्न ।*

*रुग्ण अवस्थामा रहेका स्वदेशी पत्रिकाहरुलाई टेवा दिनुको बदला विदेशी पूँजीपतिहरुको प्रचार- जालोलाई नेपालमा फैलन स्वीकृति दिने वर्तमान सरकारी नीति घातक र जनविरोधी छ ।*

*सचेत जनसमुदायले स्वदेशी तथा विदेशी प्रतिकृयावादीहरुको नियतप्रति चनाखो हुनु पर्दछ र यस नि-नका विरुद्ध आवाज उठाउनु पर्दछ । नेपाली पत्रकार जगतले पनि यसबारे आवाज उठाउनु जरुरी छ ।*

प्राध्यापक – संघ

# सत्ता -पक्षको तावेदारी गर्ने प्रवृत्ति अहिलेको प्रमुख बाधा हो

## प्राज्ञिक मर्यादा र प्राज्ञिक आधारहरुको प्रतिस्थापना जरुरी

**देशको महत्वपूर्ण बोद्धिक समुदाय -प्राध्यापक समुदाय हाल आफ्नो संघको महाधिवेशनको तयारीमा लागिरहेछ । यस अवसरमा यस क्षेत्रको नेतृत्व- चयन कार्य पनि हुनेछ । उच्च शिक्षा क्षेत्रमा प्राध्यापक समुदायमा रहेका समस्याहरुको समाधानका लागि यस अधिवेशनले महत्वपूर्ण दिशा-निर्देश गर्न सक्छ ।**

**यसै सन्दर्भमा, प्रस्तुत छ प्रगतिशील खेमाबाट उक्त संघको महासचिव पदमा प्रस्तावित हुनु भएका डा. महेश मास्के (जो यस मासिकका सल्लाहाकार पनि हुनुहुन्छ) संग हामीले गरेको कुराकानीको छोटो अंश:**



कुराकानी
– डा. महेश मास्के

*० उच्च शिक्षाको वर्तमान स्थिति र समस्याहरु बारे तपाईको धारणा के छ ?*

- मानव जीवनको मात्र होइन मानव समाज कै रुपान्तरणको प्रकृयामा शिक्षाको स्थान तथा महत्वलाई शिक्षाविद्, दार्शनिक र समाजसेवीहरुले मात्र होइन राजनीतिज्ञहरुले पनि निर्विवाद रुपले स्वीकार्दछन् । तर ऐतिहासिक जन-आन्दोलन २०४६ पश्चातको ३ वर्षमा नेपालमा उच्च शिक्षा सम्वन्धी कुनै प्रष्ट औपचारिक नीति सरकारले बाहिर ल्याएको छैन । राष्ट्रिय शिक्षा आयोगको एउटा प्रतिवेदन प्रकाशित र वितरित पनि भएको छ तर त्यसमा समावेश भएका के कति कुराहरू उच्च शिक्षा- नीतिभित्र पर्दछन् र के कति पर्दैनन् भन्ने प्रष्ट्याउने जमर्को सम्वन्धित क्षेत्रले गरेको देखिंदैन । केही समय अगाडि वर्तमान शिक्षा-मन्त्रीले भन्नु भएको थियो- "शैक्षिक क्षेत्रमा अराजकता व्याप्त छ " ।

सुस्पष्ट नीतिको र योजनावद्ध कार्यक्रमको अभावमा यान्त्रिक रुपले चलिरहेको उच्च शिक्षाको स्थितिलाई उहाँका शव्दहरुले राम्रो चित्रण गरेका छन् भन्ने मलाई लाग्दछ । जे जति योजना र कार्यक्रमहरु छन्, तिनको क्रियान्वयनलाई हेर्दा त्यहाँ प्राज्ञिक मर्यादा र प्राज्ञिक आधारहरुको अवलंवन होइन, सत्ता पक्षको तावेदारी गर्ने प्रवृत्तिलाई नै आधार बनाइएको देखा पर्दछ । साधारण वा प्राविधिक दुवै शिक्षा क्षेत्रमा तयार गरिएका केही राम्रा योजनाहरु कागजमा मात्रै सीमित रहनु वा विकृत रुपले लागू हुनु को पछाडि शैक्षिक वातावरणको दूरावस्था एउटा प्रमुख कारक-तत्व हो भन्दा अतियुक्ति नहोला ।

प्राध्यापक लगायत शिक्षणमा संलग्न पक्षको पेशागत सन्तुष्टी, अध्ययन- अनुसन्धानको अवसर, वृत्ति- विकासको ग्यारेटी नभई शिक्षाको गुणस्तर बढ्न सक्दैन । त्यहाँ भईरहेका अनेकौ असमान, पक्षपातपूर्ण व्यवहार उच्च शिक्षाको जटील समस्याका रुपमा विद्यमान छन् ।

*० यी समस्याहरु समाधानका लागि के के उपायहरु अप्नाउनु जरुरी भएको ठान्नु हुन्छ ?*

- उच्च शिक्षाका समस्याहरुका तत्कालीक र दीर्घकालीक समाधानका प्रयत्नहरु पनि मैले माथि औंल्याएका ३ आधारभूत समस्याहरु वरिपरि केन्द्रित हुन्छन् जस्तो मलाई लाग्दछ । सर्वप्रथम, हामीसंग प्रष्ट नीति र त्यसमा आधारित योजना र कार्यक्रमको चरणवद्ध रुपरेखा हुनु पर्दछ । त्यस्तो दस्तावेज तयार गर्न प्राज्ञहरुका बीचमा व्यापक छलफल, बिचार- मन्थन र सहमतिको प्रकृयालाई सुनिश्चित गर्नु पर्दछ । यो एउटा तात्कालीक आवश्यकता हो, जसले अल्पकालीन र दीर्घकालीन योजनाहरुको खाका तयार गर्दछ । नेपाल प्राध्यापक संघले राष्ट्रव्यापी छलफलको यो दायित्व निर्वाह गर्न अत्यन्त महत्वपूर्ण भूमिका खेल्न सक्तछ । त्यस्तो अर्को तुरुन्तै गर्नु पर्ने र गर्न सकिने काम विश्व विद्यालयको काम- कारवाहीमा प्राज्ञिक मर्यादा र प्राज्ञिक आधारहरुको प्रतिस्थापना हो । प्राध्यापकहरुको पेशागत सुरक्षा, वृत्ति- विकास र अध्ययन- अनुसन्धानमा उत्प्रेरित गर्न पनि भेदभावपूर्ण व्यवहारको तत्काल अन्त्य गरी प्राज्ञिक-शैक्षिक वातावरणको अभिवृद्धि गर्नु आवश्यक भै सकेको छ ।

दीर्घकालीन योजनाहरुको बारेमा अहिल्यै धेरै बोल्नु उचित नहोला । ऐतिहासिक जन-आन्दोलनमा प्राध्यापक र अन्य पेशाका बौद्धिक व्यक्तित्व समाहित हुनुमा नेपाली समाजको शैक्षिक-सांस्कृतिक पुनर्जागरण र सामाजिक- आर्थिक विषमताबाट मुक्त हुने दिशातर्फ नेपाली समाजको रुपान्तरणको चाहना नै मूल कारण हो जस्तो मलाई लाग्दछ र मेरो बिचारमा उच्च शिक्षाका दीर्घकालीन योजनाहरु त्यस दिशातर्फ लक्षित हुनु पर्दछ ।

*० आम प्राध्यापकहरुको निम्ति वर्तमान निर्वाचन किन महत्वपूर्ण छ ?*

- शिक्षालाई व्यवसाय होइन, मानवीय मूल्य र आदर्शको संवाहक ठान्ने सम्पूर्ण प्राध्यापकहरुको निम्ति हालै सम्पन्न हुन गइरहेको प्राध्यापक संघ को निर्वाचन महत्वपूर्ण छ । उच्च शिक्षामा व्यापत अराजकतालाई प्राध्यापकहरुको संगठित प्रयत्नले मात्र हस्तक्षेप गर्न र दिशाबोध दिन सक्छ । प्राध्यापकहरु सत्ताका निर्जीव खेलौना होईनन् र राष्ट्रलाई बौद्धिक नेतृत्व प्रदान गर्न पनि सक्षम छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका प्राध्यापकहरुले बौद्धिक पुनर्जागरणको संकल्प लिन हातेमालो गर्न सके भने आम प्राध्यापकहरुमा केही समय यता देखिन थालेको नैरश्य र असुरक्षाको भावनामाथि विजय पाउन सकिन्छ । संगठित शक्तिको अगाडि जुनसुकै निरंकुश शक्ति पनि झुक्न वाध्य हुन्छ भन्ने आफ्नै देशको अनुभवलाई पुन: स्मरण गराउने अवसरको रुपमा पनि आम प्राध्यापकहरुको निम्ति वर्तमान चुनाव महत्वपूर्ण छ ।

"सिम्मा" पछिको
इसासको अर्को
प्रस्तुति
कहाली गीति- नाटक
आगामी फागुन तेस्रो हप्ता काठमाडौंमा प्रदर्शन हुँदैछ ।

पढ्नुहोस् -
सूर्य मासिक

जन-सांस्कृतिक मंचको प्रकाशन
संस्कृति
संस्कृति सम्बन्धी
खोजपूर्ण रचनाका साथ प्रकाशित भयो

भैंसीको शुद्ध र ताजा
दूधका साथै दही, चीज,
मखन, क्रीम र पनीर
आदिका लागि संझनुहोस्

कटेज डेरी प्रोडक्टस



# संगठनबाट संघमा प्रवेशको स्वागत गर्ने ने.का.-अध्यक्ष

भूतपूर्व प्रधानमंत्री तथा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले नेपाल राष्ट्रिय शिक्षक संगठन भेरी अंचलका २० जना तथा ६ जना काभ्रेका शिक्षकहरु नेपाल राष्ट्रिय शिक्षक संगठनबाट संघमा प्रवेश गरेको अवसरमा आयोजित समारोहमा प्रमुख अतिथिको रुपमा भाग लिनु भएको रहेछ र सो समारोहमा उहाँले संघमा प्रवेश गर्नु भएका शिक्षकहरुको स्वागत गर्दै शैक्षिक संस्था विशुद्ध पेशागत संस्थाको रुपमा अगाडि बढ्नु ᵒ छ ( गोरखापात्र, ११ पुष, २०४९) भन्नु भएको रहेछ ।

उपरोक्त प्रकारको स्वागत गर्ने "महान्" अवसर पाउनु भएकोमा श्री भट्टराईलाई हार्दिक बधाई ज्ञापन गर्दै बहाँलाई त्यस्तो महान कार्य सुम्पने "बिशुद्ध पेशागत" नेपाल शिक्षक संघ (नेपाली कांग्रेस समर्थित ठानिने- साप्ताहिक बिमर्श, २४ पुष २०४९) का पदाधिकारीहरुप्रति पनि आभार प्रकट गर्नु पर्दछ भन्ने मलाई लागेको छ । यसै गरी बहुदलीय व्यवस्थामा सरकारद्वारा संचालित "निष्पक्ष" गोरखापत्रले नेपाली कांग्रेसका सभापति रहनु भएका श्री भट्टराईले शिक्षक- संगठनबाट शिक्षक- संघमा प्रवेश गर्न पुगेका शिक्षकहरुको सम्मानमा"बिशुद्ध पेशागत संस्था"-नेपाल शिक्षक संघ द्वारा आयोजित शिक्षकहरुको हक, हित र मर्यादास्तर उकास्नेखालको स्वागत कार्यक्रममा व्यक्त गर्नु भएका "महान- वाणी" हरुलाई कन्जुस्याई नगरी छापेकोमा गोरखापत्र पनि "धन्यवाद" को पात्र हुन पुगेको छ ।

श्री भट्टराईले शैक्षिक संस्था विशुद्ध पेशागत संस्थाको रुपमा आगडि बढ्नु पर्दछ भन्ने "अर्ति" पनि दिनु भएको रहेछ ।

कुनै पनि पेशालाई समयानुकूल विकास गराउन एवं पेशासंग सम्बन्धित नयाँ नयाँ ज्ञानलाई पेशामा संलग्न व्यक्तिहरु समक्ष पुऱ्याउनका निमित्त र पेशामा संलग्न व्यक्तिहरुको हक,हित र मर्यादास्तर उँचो पार्नमा पेशागत संगठनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले विभिन्न पेशाहरुको विकासको साथसाथै सम्बन्धित पेशागत संस्थाको आवश्यकतालाई पनि स्वीकारिएको हो । यस अर्थमा, विभिन्न पेशागत संस्थाहरुको विकास एवं बिस्तार गराउनमा देशका दुरदर्शी, चिन्तनशील एवं बृहत् विचार भएका बरिष्ठ नेताहरु (यदि छन् भने !)का बिचारहरुको महत्वपूर्ण भूमिका हुने कुरामा शायद दुई मत नहोला । तर श्री भट्टराई (नेपाली कांग्रेसका सभापति)जस्तो नेताले एउटै पेशाको प्रतिनिधित्व गर्ने एउटा संगठनबाट अर्को "संघ" मा प्रवेश गरेका शिक्षकहरुको स्वागत गर्ने जस्ता गैर- पेशागत कार्यक्रममा प्रमुख आतिथ्य ग्रहण गर्ने जस्ता कार्यले भने उहाँकै भनाइ अनुसारको "शैक्षिक संस्थालाई विशुद्ध पेशागत संस्थाको रुपमा अगाडि बढाउन" नभई विशुद्ध रुपमा सत्ताको पिछलग्गू बनाउने कार्यलाई अगाडि बढाउनमा भने सहयोग पुऱ्याउने छ । प्राज्ञिक क्षेत्रको राजनीतिक-बैचारिक अधिकारमाथि अंकुश लगाउने ने.का. सरकारको नीतिका पछाडि प्राज्ञिक-क्षेत्रमा आफ्नो एकलौटी राजनीतिक प्रभाव सुरक्षित गर्ने जाली- नियत लुकेको कुराको एउटा ज्वलन्त प्रमाण यो घटना आफैं पनि हो ।

◘ – *राजेन्द्रप्रसाद अधिकारी*


योंग - कम्युनिष्ट लिग नेपालको प्रकाशन

**योंग कम्युनिष्ट**

बजारमा उपलब्ध छ ।

'प्राज्ञिक **झिल्को** को

'राजतन्त्र' विशेषाङ्क बजारमा आउँदैछ ।




क्यासेट *बजारमा उपलब्ध छ*

NEPAL GRINDLAYS BANK

CONNECTING THE ANZ GROUPS EXTENSIVE INTERNATIONAL NETWORK WITH IT'S GROWING NATIONAL PRESENCE IN NEPAL

NEPAL GRINDLAYS BANK

ACROSS THE GLOBE - AROUND THE NATION
BRINGING INTERNATIONAL STANDARD BANKING SERVICES TO THE KINGDOM OF NEPAL.

" THE BETTER BANK "

MEMBER ANZ GROUP

एमालेको महाधिवेशनको सन्दर्भ

# बहुदलीयता र दुई थरि सदस्यता

- *श्याम श्रेष्ठ*

## के बहुदलीयता निरंकुशतन्त्रलाई अन्त गर्ने शास्वत उपाय हो ?

अहिले क. मदन भण्डारी र क. सि.पी.ले एमाले-महाधिवेशनको निम्ति जुन दस्तावेज पेश गर्नु भएको छ त्यसमा इतिहासबाट के निष्कर्ष निकालिएको छ भने, समाजवादी मुलुकमा बहुदलीयता र दलीय प्रतिस्पर्धाको प्रक्रिया नहुनाले नै सत्तारुढ कम्युनिष्ट पार्टीहरु निरंकुश हुन गए, सर्वसत्तावाद जन्मियो र समाजवाद विफल भयो । त्यसैले निरंकुशतन्त्र हावी हुनबाट रोक्ने भित्री संयन्त्र प्रत्येक व्यवस्थामा हुनु जरुरी छ, नयाँ जनवाद र समाजवादी व्यवस्थामा पनि, र त्यो सयन्त्र बहुदलीय-प्रतिस्पर्धा हो ।

क. मदनले के दार्शनिक प्रस्थापना र आधार पनि अघि सार्नु भएको छ भने, द्वन्द्वात्मक भौतिकवाद अनुसार द्वन्द, सार्वभौम नियम हो । यो साँचो हो भने, राजनीतिमा चाहिं द्वन्द हुन किन नदिने ? किन नयाँ-जनवाद र समाजवादमा राजनीतिक द्वन्द हुन नदिने ? त्यसैले द्वन्दवादकै नियम अनुसार, यी व्यवस्थामा पनि संविधान सम्मत ढंगले राजनीतिक दृष्टिकोणको बीचमा द्वन्द अथवा प्रतिस्पर्धा हुन दिनु पर्छ । यो प्रतिस्पर्धालाई बलपूर्वक निषेध गर्नु द्वन्दवादको सार्वभौम नियम विपरीत कुरा हो ।

उहाँहरुको मूल चिन्ताको विषय के रहेको प्रतीत हुन्छ भने, अन्यत्र नयाँ-जनवादी र समाजवादी व्यवस्थामा जुन नोकरशाहीतन्त्र र निरंकुशतन्त्र हावी भएको देखियो, त्यो रोक्ने कसरी ? त्यसलाई अन्त गर्ने प्रभावकारी उपाय के ? यही उपाय खोज्ने क्रममा उहाँहरुले बहुदलीय प्रतिस्पर्धाको उपाय खोजीनिकाल्नु भएको देखिन्छ । यस क्रममा नोकरशाहीतन्त्र रोक्ने कसरी - भन्ने उहाँहरुको चिन्ता सराहनीय छ ।

तर उपाय खोजी निकाल्ने क्रममा दोष कहाँ देखिन्छ भने, उहाँहरुले बहुदलीय प्रतिस्पर्धालाई फगत कार्यनीति सवाल होइन, शास्वत र सार्वभौम सिद्धान्त बनाउनु भएको छ । जसरी वस्तु-जगतमा द्वन्दको अस्तित्व सर्वाभौम र शास्वत छ, त्यसरी नै राजनीतिमा निरंकुशतन्त्र र नोकरशाहीतन्त्रको उपचारको रुपमा दलीय द्वन्दको आवश्यकता सार्वभौम र शास्वत छ । उहाँहरुको सम्पूर्ण प्रस्थापनाको कूल जोडबाट यही निष्कर्ष निस्कन्छ ।

हामीले घोत्लिएर हेर्नु पर्ने कुरा के हो भने, यदि निरंकुशतन्त्रको ओखतीको रुपमा बहुदलीयता सार्वभौम र शास्वत उपाय हो भने ती सबै मुलुकमा पनि निरंकुशतन्त्र किन हावी छ, जहाँ बहुदलीयता छ ? जस्तो - भारतमा, अमेरिकामा, बेलाइतमा, जापानमा । नेपालमा पनि बहुदलीयता छ । तर के यहाँ हामी चुनिएको बहुमतको नाममा नेपाली कांग्रेसको अल्पमतको क्रुर तानाशाही शासन भोगिरहेका छैनौं ? के संसारमा कुनै फरक बहुदलीयता विद्यमान छ - जहाँ यो भन्दा गुणात्मक रुपले भिन्नै सार छ ? संसारमा थुप्रै रुप र मार्का बहुदलीय प्रजातन्त्रहरु छन् । तर ती सबैको सार भने एउटै भेटिन्छ - चुनिएको बहुमतको नाममा अल्पमतको निरंकुशतन्त्र ।

त्यसैले निरंकुशतन्त्रको उपचार बहुदलीय प्रतिस्पर्धा होइन । बहुदलीय प्रतिस्पर्धाले त निरंकुशतन्त्रलाई एउटा निश्चित चुनावी अवधिको निम्ति वैध मात्र पारिदिन्छ । एउटा सुन्दर बस्त्रले कुरुप मानिसलाई छोपछाप पारेजस्तै यसले त निरंकुशतन्त्रलाई छोपछाप मात्र पारिदिन्छ । के हामी नजीकै भारतमा चुनिएको बहुमतको नाममा इन्दिरा गान्धी र राजीव गान्धीले गरेको तानाशाही भुल्न सक्छौं ? र त्यो फगत भारतको मात्र परिघटना होइन ।

बहुदलीयता कुनै शास्वत परिघटना होइन । संसारमा यस्तो समय खोज्न टाढा जानु पर्दैन, जब बहुदलीय प्रतिस्पर्धा राजनीतिमा विद्यमान थिएन । समाज विकासको एउटा निश्चित चरणमा बहुदलीय प्रतिस्पर्धा राजनीतिमा पैदा भएको थियो । त्यसैले समाज विकासको अर्को चरणमा यसको अन्त पनि अवश्यंभावी छ । संसारमा, अठारौं शताब्दीमा, अर्थतन्त्रमा पूँजीवादी खुला-बजार प्रतिस्पर्धासंगै, आफ्नो आर्थिक हितलाई राजनीतिमा संगठित रुपमा अभिव्यक्त गर्न, बहुदलीय प्रतिस्पर्धाको प्रक्रिया पैदा भएको थियो । त्यसैले अर्थतन्त्रको जगमा पूँजीवादी प्रतिस्पर्धाको जब अन्त हुनेछ, राजनीतिमा बहुदलीय प्रतिस्पर्धाको आवश्यकताको पनि अन्त हुनेछ । जुन जुन मुलुकमा आर्थिक प्रतिस्पर्धाको ठाउँ पूँजीवादी एकाधिकारले लिईसकेको छ, त्यहाँ अहिले नै बहुदलीयता नाम मात्रको भईसकेको छ । चुनावमा जसरी पनि र जहिले पनि एउटै वर्ग वा पार्टी मात्र चुनिने स्थिति त्यहाँ पैदा भईसकेको छ । जस्तो- जापान र अमेरिकामा, अमेरिकामा खालि एकाधिकार पूँजीपति वर्गको पार्टी रिपब्लीकन र डेमोक्रेटिक पार्टी सिवाय अरु कुनै पार्टी चुनावमा प्रतिस्पर्धा नै गर्न सक्दैनन्, । किन ? जब कि त्यहाँ अरु पार्टीहरु पनि अस्तित्वमा छन् ? किन जापानमा खालि लिबरल डेमोक्रेटिक पार्टीले मात्र लगातार, एक पछि अर्को भ्रष्टाचार -काण्डको बाबजूद, चुनावमा बहुमत ल्याईरहन्छ ?

त्यसैले बहुदलीयता समाजको ऐतिहासिक विकास भन्दा अलग र माथिको कुनै शास्वत सिद्धान्त होइन, न त यो निरंकुशतन्त्रकै सटीक उपचार हो । समाजवादमा बहुदलीयता नहुनाले नै निरंकुशतन्त्र जन्मियो भन्ने निष्कर्ष पनि वस्तुसम्मत छैन् । कुनै पनि राज्य कुनै-कुनै वर्गमाथि निरंकुशतन्त्र नै हो । त्यस्तै समाजवाद पनि चुसाह वर्गको निम्ति त निरंकुश-तन्त्र नै हो । किनकि समाजवादमा पनि वर्गहरु बाँकी हुन्छन् । चुसाहा वर्ग त्यहाँ पनि खतम भएका हुँदैन । सांस्कृतिक रुपमा पनि चुसाहा वर्गको विचार र संस्कृति त्यहाँ अस्तित्वमा हुन्छन् । यो त समाजवादको प्रयोगको अनुभवले देखाईसकेको छ । त्यसैले समाजवादमा पनि निरंकुशतन्त्रको जरुरत हुन्छ । चुसाहा वर्गको चुसाहा विचार र संस्कृति विरुद्ध लगातार संघर्ष जरुरी हुन्छ ।

तर आम जनताको निम्ति पनि यो निरंकुशतन्त्र तब प्रतीत भयो, जब नेतृत्वदायी अंगले समाजवादी समाजमा एकता हासिल गर्ने मूल प्रक्रिया विचार - द्वन्द, विचार, संश्लेषणको प्रक्रिया र जन सहभागितामुखी जनवाद (Participatory Democracy) अपनाउन छोड्यो, जब उसले समाजवादमा विचारहरुको जनवादी केन्द्रिकरण गर्न छोड्यो । समाजवादी समाज कुनै विचार विभिन्नता नभएको र नहुने समाज हुँदैन । त्यसैले त्यहाँको समाजमा पनि भिन्न विचार त हुन्छन्, किनकि परिस्थिति भिन्न हुन्छ, अनुभव भिन्न हुन्छ र दृष्टिकोण पनि भिन्न हुन्छ । तर भिन्न विचारहरुवीच विचार-द्वन्द हुन दिने हो भने र

मुलुकको प्रमुख प्रतिपक्षी वामपन्थी दल एमालेको महाधिवेशनको हालको जल्दोबल्दो चर्चा- परिचर्चाको क्रममा हामीले यस अंकमा एमालेभित्रबाट प्रस्तुत विविध धारणाहरुबारे अन्तर्क्रियाका लागि एक लेखका अतिरिक्त का. रोहित, का. पद्मरत्न तुलाधर र का. प्रचण्डसंगका अन्तरवार्ताहरु पनि यसै अंकमा प्रकाशित गरेको छौं । यस विषयमा गहिराइमा जान हाम्रो गत पुस १८ गतेको अन्तर्क्रिया-गोष्ठीको रिपोर्टले पनि पाठकहरुलाई मद्दत दिने हामीले विश्वास लिएका छौं ।

- सं

अरुको विचारमा निहित सत्यलाई अपनाउने अथवा संश्लेषण प्रक्रिया हुने हो भने विचार-द्वन्दले विचार विकास गर्छ, विद्रोह पैदा गर्दैन । मानव समाजमा जब दलको अस्तित्व थिएन, तब पनि विचार-द्वन्दको र विचार-संश्लेषणको प्रक्रिया अस्तित्वमा थियो । अहिले मानव समाज त्यही विचार द्वन्द र विचार संश्लेषणको प्रक्रिया भएर नै यति धेरै ज्ञान र अनुभवको धनी भएको हो । एउटै मान्छेको र पुस्ताको ज्ञान र अनुभव त कति नै हुन्छ र ? पुस्तौं पुस्ताको ज्ञान र अनुभवको द्वन्द र संश्लेषणले मानव समाज आजको स्थितिमा आएको हो । इतिहासमा जब जब विचार-द्वन्दलाई जबर्जस्ती रोक्ने र विचार- संश्लेषण नगर्ने प्रक्रिया हावी हुन्थ्यो, भिन्न र उत्पीडित विचारहरु संगठित हुन विवश हुन्थे र समाजमा विद्रोह हुन्थ्यो ।

कार्ल - मार्क्स र एंगेल्सले पनि त्यतिखेरसम्म विकसित सम्पूर्ण मानव ज्ञान, विज्ञान र सामाजिक आन्दोलनको अनुभवलाई विचार-द्वन्द र विचार-संश्लेषणको प्रक्रिया अप्नाएर - एउटा संयोजित र समग्र ज्ञान विकसित गर्नु भएको थियो, जसलाई हामी मार्क्सवाद भन्दछौं ।

मार्क्सवादको सिद्धान्त सबै सिर्फ मार्क्सका अनुभवहरुको निचोड थिएन । मानव समाजको धेरै ज्ञान र अनुभवको द्वन्द र संश्लेषणद्वारा त्यो विकसित भएको थियो ।

तर पार्टी-नेतृत्वबाट सोभियत संघमा र पूर्वी युरोपमा द्वन्द-संश्लेषणको यही प्रक्रिया अप्नाईएन । नेतृत्व र आम जनसमुदायबीच निरन्तर संवाद, विचार-द्वन्द र विचार संश्लेषणको प्रक्रिया रहेन। बाँकी संसारको सम्बन्धमा पनि यही भयो । फलस्वरुप नेतृत्वदायी झण्डा जनताबाट र वास्तविकताबाट कटेको नोकरशाही झण्डामा परिणत भयो । आम जनसमुदायले आफ्नो र देशको भाग्य निर्माणमा आफ्नो सहभागिता नै महशूस गर्न सकेनन् । संसारमा ज्ञान विज्ञान र सामाजिक आन्दोलनको अनुभव विकसित भएर कता पुग्यो, समाजवादले त्यसलाई द्वन्द-संश्लेषण गरेर उन्नत, समग्र र संयोजित गरेर ज्ञान विकास गर्ने काम नै गर्न सकेन साम्यवादी विचारधारा यसरी युग अनुकूल विकसित नै हुन सकेन ।

त्यसैले मानव समाजको विकासमा विद्यमान शास्वत प्रक्रिया त संवाद, विचार-द्वन्द र विचार-संश्लेषणको प्रक्रिया हो । यही प्रक्रिया साम्यवादको विचार- विकासको र शासन प्रणालीको प्रक्रिया हो । यो प्रक्रिया टुट्नाले नै समाजवादी नेतृत्व जनताबाट अलग्गिएको हो । यसको विरुद्ध जनताहरु खडा हुने स्थिति पैदा भएको हो । साम्यवादको विचार, विकास र शासन प्रणालीको यो वैज्ञानिक प्रक्रिया थोरै हदसम्म पूँजीपतिहरुले सिके र आफ्नो पूँजीवादी प्रणालीमा संश्लेषण गरे । यसरी उनीहरुले पूँजीवादलाई अत्यन्त अन्यायकारी र उत्पीडनकारी देखिनबाट बचाएर आफ्नो संकट टार्दै गए । अहिले पूँजीवादी मुलुकमा अप्नाईरहेको मजदूर-पूँजीपति र सरकार मिलेर समस्या हल गर्ने त्रिपक्षीय - पद्धति (Tripartite Approach) सामाजिक सुरक्षा-

## द्वन्दरत ने.क.पा. (ए.मा.ले.) का नेताहरुको विचारमा कति समानता, कति भिन्नता ?

| मदन भण्डारी | सि.पी. मैनाली | मोहनचन्द्र अधिकारी |
|---|---|---|
| ***नेपाली समाजको अहिलेको चरित्र के ?*** | | |
| अर्द्ध सामन्ती र अर्द्ध उपनिवेशी | अर्द्ध-सामन्ती र अर्द्ध उपनिवेशी | अर्द्ध सामन्ती र अर्द्ध उपनिवेशी |
| ***जन आन्दोलन पछि परिवर्तित वर्तमान नेपाली राज्यलाई तपाईं के भन्नु हुन्छ ?*** | | |
| अर्द्ध सामन्ती र अर्द्ध औपनिवेशिक प्रजातन्त्र, जसमा बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्र छ । तर यो कदापि बहुदलीय प्रजातन्त्र होइन । | एक किसिमको पूँजिवादी प्रजातान्त्रिक राज्य, जसमा संवैधानिक राजतन्त्र र संसदीय बहुदलीय प्रजातन्त्र छ । | अर्द्ध सामन्ती र अर्द्ध औपनिवेशिक राज्य |
| ***अहिले नेपालमा कुन चरित्रको क्रान्ति गर्नु पर्छ ?*** | | |
| पूँजिवादी-जनवादी चरित्रको | पूँजिवादी-जनवादी चरित्रको | पूँजिवादी-जनवादी चरित्रको |
| ***नेपालको वर्तमान क्रान्तिको रणनीतिक लक्ष्य के ?*** | | |
| बहुदलीय प्रतिस्पर्धामा आधारित जनताको बहुदलीय जनवादी गणतन्त्रको स्थापना, जो पछि चरणवद्ध रूपमा समाजवादमा संक्रमण गर्नेछ । | नयाँ जनवादी-गणतन्त्रको स्थापना, जसमा बहुदलीय प्रतिस्पर्धा हुन्छ र जो समाजवादतर्फ क्रमशः संक्रमण गर्छ । | मार्क्सवाद-लेनिनवाद माओ विचारधारामा आधारित समाजवादमुखी नयाँ जनवादको स्थापना, जसमा बहुदलीय प्रतिस्पर्धा हुँदैन र बुर्जुवा वर्गमाथि तानाशाही हुन्छ । |
| ***नेपालको क्रान्तिको अन्तिम लक्ष्य के ?*** | | |
| नेपाली समाजमा समाजवाद तथा साम्यवादको स्थापना | नेपाली समाजमा समाजवाद तथा साम्यवादको स्थापना | नेपाली समाजमा समाजवाद तथा साम्यवादको स्थापना |
| ***नेपालको वर्तमान क्रान्तिको मूल प्रहार लक्ष्य कुन ?*** | | |
| सामन्त वर्ग र दलाल नोकरशाही पूँजीपति वर्ग र त्यसको स्वार्थको रक्षा गर्ने नेपाली कांग्रेसको सरकार | देशभित्र सामन्तवादका अवशेषहरू र दलाल एवं नोकरशाही पूँजिवाद र वाहिर साम्राज्यवाद, प्रभुत्ववाद तथा कुनै पनि प्रकारको नव-उपनिवेशवाद | सामन्तवाद र दलाल नोकरशाही पूँजिवाद |
| ***क्रान्ति कसरी सम्पन्न गरिनु पर्छ ?*** | | |
| सर्वहारा श्रमजीवि वर्गको नेतृत्वमा जनबलको निर्णायक संघर्षद्वारा, शान्तिपूर्ण संघर्षका सबै संभावित रूपहरूलाई पूर्णतः प्रयोग गर्दै | सर्वहारा वर्गको नेतृत्वमा किसानहरुको संश्रयमा, निम्न, मध्यम तथा राष्ट्रिय पूँजिपति वर्ग, बौद्धिक समुदाय विभिन्न उत्पीडित समुदाय र देशभक्त तप्काको सहभागितामा संघर्षद्वारा जनक्रान्तिद्वारा, जसमा उनीहरूको पहल, संघर्ष र बल प्रयोगको आवश्यकता अनिवार्य रूपमा रहन्छ । | सर्वहारा वर्गको नेतृत्वमा, मजदूर किसान एकताको आधारमा, वर्ग संघर्षलाई मूल कडी बनाउँदै, सशस्त्र संघर्षद्वारा |
| ***अहिलेको विन्दुबाट कसरी क्रान्तिको लक्ष्यतिर अघि बढ्ने ?*** | | |
| शान्तिपूर्ण जनआन्दोलन र संसदीय संघर्षलाई संघर्षको प्रमुख रूप बनाएर, संसदीय चुनावमा बहुमत पाएमा प्रगतिशील ढंगले सरकार चलाउँदै, अन्तर्राष्ट्रिय स्थितिलाई अनुकूल बनाउन प्रयत्न गर्दै, मुख्य रूपमा क्रान्तिको निम्ति शक्ति संचय गर्दै | जम्मामा गैर-संसदीय फाँटको कामलाई मुख्य जोड दिँदै, सक्षम पार्टी शक्तिको एक हिस्सा संसदीय संघर्षमा लगाउँदै, वर्ग संघर्ष र जन संघर्ष उठाउन जोड दिँदै, विकास निर्माणको काममा पनि सचेतन ढंगले लाग्दै, मुख्य रूपमा जनताको क्रान्तिकारी शक्तिलाई संगठित र सुदृढ बनाएर | पार्टीको प्रचार, संगठन र संघर्षको कामलाई व्यवस्थित गर्दै, वैधानिक अवैधानिक सबै खालका आन्दोलनलाई जारी राख्दै, मूल रूपमा सशस्त्र क्रान्तिको तयारी गरेर |



# द्वन्दरत ने.क.पा. (ए.मा.ले.) का नेताहरूको विचारमा कति समानता, कति भिन्नता ?

## क्रान्ति पछि स्थापना हुने क्रान्तिकारी राजनीतिक व्यवस्थामा मूल विशेषता के हुने छ ?

| मदन भण्डारी | सि.पी. मैनाली | मोहनचन्द्र अधिकारी |
|---|---|---|
| मजदूर, किसान र क्रान्तिकारी तथा देशभक्त जनसमुदायको संयुक्त जनवादी राज्य<br>बहुदलीय प्रतिस्पर्धा<br>आवधिक आम निर्वाचन | मजदूर, किसान र क्रान्तिकारी तथा देशभक्त तप्काहरूको संयुक्त जनवादी गणतन्त्र<br>बहुदलीय, खुल्ला समाज<br>आवधिक आम निर्वाचन | जनवादी गणतन्त्र<br>राजतन्त्रको पूर्ण उन्मूलन<br>सर्वहारा वर्गको नेतृत्वमा सम्पूर्ण क्रान्तिकारी तत्वहरुको संयुक्त जनवादी अधिनायकत्व |
| बहुमतको सरकार, अल्पमतको बिपक्ष<br>शक्ति पृथकीकरण<br>संविधानको सर्वोच्चता<br>मानव अधिकारको प्रत्याभूति | बहुमतको सरकार, र बहुदलीय सहयोगको व्यवस्था<br>शक्ति पृथकीकरण<br>संविधानको सर्वोच्चता<br>मानव अधिकारको प्रत्याभूति<br>क्रान्ति विरोधी तत्वमाथि नियन्त्रण र प्रतिगामीं गतिविधि माथि प्रतिबन्ध | अरुको दलीय प्रतिस्पर्धामा बन्देज<br>जनताका पक्षधर शक्तिलाई मात्र मौलिक राजनीतिकअधिकार<br>कानूनी राज्य र जनवादी शासन प्रणाली<br>बालिग मताधिकार र गोप्य मतदानद्वारा निर्वाचित विधान सभाबाट नयाँ संविधानको निर्माण |

## क्रान्ति पछिको क्रान्तिकारी उद्योग नीति र कार्यक्रम के हुनेछ ?

| मदन भण्डारी | सि.पी. मैनाली | मोहनचन्द्र अधिकारी |
|---|---|---|
| बिदेशी एकाधिकार पूँजिवाद र दलाल नोकरशाही पूँजिवादको प्रभुत्व,नियन्त्र र शोषणको समाप्ति<br>राष्ट्रिय पूँजि र उद्योगलाई संरक्षण र प्रोत्साहन | दलाल र नोकरशाही पूँजिको राष्ट्रियकरण<br>महत्वपूर्ण क्षेत्रमा राज कीय वा सार्वजनिक स्वामित्व<br>राष्ट्रिय पूँजिलाई संरक्षण र प्रोत्साहन | दलाल नोकरशाहहरूको र सार्वजनिक जीवनलाई नियन्त्रित गर्ने सम्पूर्ण उद्योग व्यापारको राष्ट्रियकरण र एकाधिकारको अन्त<br>ठूला ठूला उद्योग र बैंकहरू |
| रक्षा सम्बन्धी उद्योग सरकारी स्वामित्वमा | सेवा र घरेलु उद्योगमा निजी क्षेत्रलाई दीर्घकालीन संरक्षण | |
| जन आवश्यकताका वस्तु सम्बन्धी उद्योग सरकारी स्वामित्वमा वा नेतृत्वमा<br>आयात प्रतिस्थापना गर्ने र निर्यात बढाउने उद्योगमा समान प्राथमिकता र तिनीहरूमा मूल रूपमा निजी क्षेत्रको स्वामित्व, कानूनद्वारा सीमा तोकी, राष्ट्रिय अर्थतन्त्रमा अनुकूल असर पर्ने सीमा सम्म विदेशी पूँजि र प्रविधिलाई प्रोत्साहन | राष्ट्रिय योजना र कानून अन्तर्गत विदशी ऋण र लगानीलाई आमन्त्रण र संरक्षण<br>केन्द्रिय योजनाको साथ साथ बजारको नियामक भूमिका<br>अर्थतन्त्रमा प्रतिस्पर्धा<br>विज्ञान, प्रविधि र आधुनिक व्यवस्थापनको अधिकतम उपयोग | राज्यको नियन्त्रणमा मझौला उद्योगहरू राज्य वा सामूहिक स्वामित्वमा<br>घरेलु र कुटीर उद्योगहरू सामूहिक वा निजी स्वामित्वमा<br>राजकीय स्वामित्वको प्रधानता<br>सामूहिक स्वामित्वको रक्षा र निजी स्वामित्वलाई समाज-वादी अर्थतन्त्र अन्तर्गत ल्याइने<br>बेरोजगारीको अन्त |

## क्रान्तिपछि कृषि क्षेत्रमा के आमूल परिवर्तन गरिनेछ ?

| मदन भण्डारी | सि.पी. मैनाली | मोहनचन्द्र अधिकारी |
|---|---|---|
| जमीनमा हदबन्दी, वास्तविक जोताहा र भूमिहीनलाई जमीन, हदबन्दी भन्दा बढी जमीनको क्षतिपूर्ति दिने नीतिका आधारमा क्रान्तिकारी भूमि सुधार<br>सामन्ती भूस्वामित्वको पूर्ण उन्मूलन,अर्द्ध सामन्ती शोषणका रूपहरुको अन्त,<br>जमीनमा निजी स्वामित्व<br>सहकारी खेतीलाई विशेष प्रोत्साहन<br>सस्तो ब्याजदरमा कृषि ऋण,<br>सुसंगठित कृषि बजारको व्यवस्था र सहुलियत दरमा उन्नत मल बीउ, सिंचाई र प्राविधिक शिक्षा किसानको घर दैलोमा । | विना क्षतिपूर्ति जमीनको औचित्यपूर्ण विखण्डन र जोत्नेलाई जमीनका आधारमा जनवादी भूमि सुधार<br>स्वेच्छाको आधारमा सहकारी र राजकीय खेतीको व्यवस्था र साथसाथ निजी खेतीको अस्तित्व<br>निजी खेतीलाई समेत सिंचाइ प्रविधि, मल, बीउ, औजार आदिको सहयोग | विना मुआब्जा जमीनमाथि सामन्ती भूस्वामित्वको पूर्ण उन्मूलन र जसको-जोत उसको पोतको आधारमा क्रान्तिकारी भूमि सुधार<br>विदेशी पूँजिबाट संचालित कृषि कार्यको राष्ट्रियकरण<br>सस्तो ब्याजदर, उन्नत मल, बीउ, प्राविधिक शिक्षा, सिचाईको व्यवस्था र कृषि बजारको व्यवस्था<br>किसानलाई ऋणबाट मुक्ति |

*विचार स्रोत: यस चार्टमा उल्लिखित विचारहरू: नेकपा (ए.मा.ले.) केन्द्रीय कार्यालयबाट जारी भएका तिनैजना कमरेडका आधिकारिक दस्तावेजहरू र मूल्यांकनलाई दिइएका अन्तर्वार्ताबाट लिइएका छन् ।*

— प्रधान सम्पादक

व्यवस्था, केन्द्रिय योजना-व्यवस्था, अति जरुरी आवश्यकताका वस्तुहरुको उत्पादन र मूल्यमा राज्यले हस्तक्षेप गर्ने व्यवस्था उनीहरुले समाजवादबाटै सिकेका र संश्लेषण गरेका विषय हुन् । तर हामीले पूँजीवादबाट के के उपयोगी कुरा सिक्यौं र संश्लेषण गऱ्यो त ?

हामीले पूँजीवादबाट बहुदलीयता सिक्ने होइन । किनकि बहुदलीयता आफै निरंकुशतन्त्रको समस्याबाट मुक्त छैन । निरंकुशतन्त्रको बीउ व्यक्तिवाद हो, आफूलाई , आफ्नो स्वार्थलाई धूरी बनाउने प्रवृत्ति हो । निरंकुशतन्त्र फष्टाउने जमीन जनताको न्यून सांस्कृतिक स्तर हो, चेतना-स्तर हो । समाजमा जबसम्म व्यक्तिवाद हुन्छ, आफूलाई, आफ्नो फाइदालाई धूरी बनाएर सोच्ने प्रवृत्ति हुन्छ , तबसम्म निरंकुश हुने, समाजको अंकुशबाट मुक्त हुने प्रवृत्ति पनि साथसाथ हुन्छ । समाजमा जति बढी विवेक, चेतनशीलता र सांस्कृतिक स्तरमा न्यूनता हुन्छ, उति बढी नियम, कानून र राज्यको जरुरत हुन्छ । र हरेक नीति, नियम, कानून र राज्य भनेको एक प्रकारको तानाशाही हो ।

त्यसैले बहुदलीयता निरंकुशतन्त्रको उपचार होइन । बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली हुँदैमा निरंकुशतन्त्र ध्वंश हुँदैन । मानिसहरु व्यक्तिवादबाट जति बढी मुक्त हुन्छन् र सामाजिक हितलाई आफ्नो हित ठान्ने स्तरमा जति बढी उठ्छन्, उति निरंकुशतन्त्रको बीऊ ध्वंश हुन्छ । मानिसहरुमा जति बढी सचेतनता, विवेकशीलता र स्वजागरण विकास हुन्छ उनीहरुलाई उति नै कम नियम, कानून र राज्यको जरुरत हुन्छ, उति नै बेसी उनीहरुमा स्व-अनुशासन बढ्छ र लादिएको अनुशासनलाई प्रतिरोध गर्ने प्रवृत्ति हुन्छ । यो भनेको निरंकुशतन्त्र फष्टाउने जमीन नै ध्वस्त हुनु हो ।

यसरी निरंकुशतन्त्रको उपचार त मानिसहरुलाई झन झन बेसी व्यक्तिवादबाट मुक्त पार्ने, समाजमुखी पार्ने, सचेत, विवेकशील र सांस्कृतिक आन्दोलन हो । मानिसहरुमा स्वजागरण र स्वजागरण पैदा गर्ने आन्दोलन हो । कुनै लठ्ठी विना नै, नियम कानून विना नै, आफ्नै स्वविवेकबाट पैदा भएको अनुशासनका आधारमा समाजको हितमा काम गर्ने मानिसको संख्या जति बढ्छ, तब ठानिनु पर्दछ - त्यहाँ निरंकुशतन्त्र त्यांते नै ध्वंश भयो । साम्यवाद समाजमा त्यस्तै जागृत र स्वअनुशासित मानिसहरु पैदा गर्ने सांस्कृतिक आन्दोलन हो । यो निरंकुशतन्त्रको बीऊ र त्यो उम्रने, खडा हुने, जमीन नै खत्तम पार्ने आन्दोलन हो । यही सांस्कृतिक-आन्दोलन नचलाइनाले त समाजवादी समाजमा व्यक्तिवादले ग्रस्त मानिसहरुको आधिक्य भयो र त्यहाँ फेरि नयाँ रुपको निरंकुशतन्त्र र नोकरशाहीतन्त्र जन्मियो । तसर्थ इतिहासले देखाएको छ - सजिलो प्रयत्नले र छिटै निरंकुशतन्त्रको त्यो बीऊ र जमीन ध्वस्त हुने वाला छैन । यसले निकै लामो समयको माग गर्छ र निकै कठीन प्रक्रियाको पनि ।

तर के जबसम्म समाजमा जागृत र स्वअनुशासित मानिसको बहुसंख्या हुन्न, तब सम्म





# हामीले पूँजीवादी व्यवस्था बलियो पार्ने हैन, समाजवादी-क्रान्ति गर्नु पर्छ

– का. रोहित , नेता, ने.म. कि.पा.

**तपाईले एकपटक नेपालमा अब नयाँ-जनवादी क्रान्ति जरुरी छैन, यहाँ अब सिधैं समाजवादी क्रान्ति गरे हुन्छ भन्नु भएको थियो । अहिले नयाँ-जनवादमा बहुदलीय प्रतिस्पर्धा हुनु पर्छ भन्ने विचार सार्वजनिक विवादमा आइरहेछ । यस परिप्रेक्ष्यमा नेपाली क्रान्तिको चरित्र बारेमा तपाईको पुरानो धारणा बदलियो कि उही छ ? किन तपाइले त्यतिबेर समाजवादी क्रान्ति चाहिन्छ भन्नु भएको हो ?**

नेपालको वर्तमान अवस्थामा बहुदलीय जनवादको पुनर्स्थापना भइसकेको छ । यसकारण, फेरि बहुदलीय जनवादको लक्ष्य राख्नु सन्दर्भहीन छ । किनभने, बहुदलीय जनवादलाई अंग्रेजीमा Multi Party Democracy भनिन्छ, जो हामीले प्राप्त गरिसकेका छौं । तर यो जनवादको अर्थ New Democracy (नयाँ जनवाद) अथवा People's Democracy (जनताको जनतन्त्र) संग लगाउन भने मिल्दैन किनकि यो जनवाद भनेको सर्वहारा वर्गको नेतृत्वमा आउने जनवाद हो । यदि बहुदलीय जनवादलाई नै आफ्नो मुख्य लक्ष्य बनाउने हो भने यसको अर्थ पूँजीवादी प्रजातन्त्रलाई बलियो बनाउने काम हुनेछ, जो नेपाली कांग्रेसले वकालत गर्दछ । तर सर्वहारा वर्गको अगुवा पार्टीले पूँजीवादी व्यवस्थालाई स्थायित्व दिनु सिद्धान्तत: आफ्नै खुट्टामा आफैंले बंचरोले हान्नु हो ।

नेपालको वर्तमान सन्दर्भमा सामन्तवाद कमजोर हुँदै आएको, पूँजीवादी व्यवस्थाले जग गाडि नसकेको हुनाले, अर्थात् पूँजीवादी तत्व नेपाली माटोमा बलियो भइनसकेको हुनाले त्यसलाई सर्वहारा वर्गले बलियो बनाई राख्नु आवश्यक छैन । यसले त समाजवादी क्रान्तिलाई नै अगाडि बढाउनु आवश्यक छ । चाहे बहुदलीय जनवादको नाममा होस् वा अरू नाममा, पूँजीवादी व्यवस्थालाई बलियो बनाउन दिने र क्रान्तिलाई बीचमा बास बस्न दिने काम कामदार वर्गको हितमा हुने छैन । पाकेको फल समयमा टिपेन भने त्यो कुहिनेछ ।

बोल्सेभिक पार्टीले फेब्रुअरी क्रान्तिलाई नै आफ्नो लक्ष्य बनाएको भए र त्यसैमा संतुष्ट भै बसेको भए अथवा पूँजीवादी क्रान्तिलाई नै बलियो बनाउन दिएको भए अक्टोबर क्रान्तिको सुअवसर सर्वहारा वर्गको हातबाट गुम्ने थियो । यसकारण, परिस्थितिलाई क्रान्तिको अनुकूल बनाउन खोजिएन भने क्रान्ति असफलतामा टुंगिनेछ । अथवा क्रान्तिले बाटो बिराउँछ । त्यसैले नेपालको कम्युनिष्ट आन्दोलनले समाजवादी धारलाई छोड्नु हुन्न ।

बहुदलीय-जनवादको अर्को अर्थ बहुदलीय प्रजातन्त्र वा पूँजीवादी प्रजातन्त्र हो । यसमा कुनै किसिमको द्विविधा छैन । नयाँ-जनवाद भनेको चिनिया क्रान्तिको बेलाको सर्वहारा वर्गको नेतृत्वमा स्थापना भएको समाजवादमा जाने एउटा संक्रमणकालीन क्रान्तिकारी व्यवस्था हो । त्यसमा अन्य राजनीतिक पार्टीहरू विरोधी पार्टीको रूपमा नभै सहयोगी पार्टीको रूपमा रहने हुन्छन् । उदाहरणको निम्ति चीनमा अन्य ८ वटा पार्टीहरू कार्यरत छन् । त्यही ८ वटा पार्टीहरूले जापान विरोधी लडाईमा चिनिया कम्युनिष्ट पार्टीलाई मद्दत गरेका थिएं । अहिले पनि ती पार्टीहरूका प्रतिनिधिहरू विभिन्न सरकारी पदहरूमा पनि बहाल छन् । यसरी ती आठै वटा पार्टीहरू पूँजीवादी प्रजातन्त्रमा जस्तो विरोधी पार्टीहरू हैनन् ।

नेपालमा समाजवादी साहित्यको सारै कमी छ । समाजवादबारे नेपाली कामदार जनतालाई कम थाहा छ । हामीले कामदार वर्गलाई समाजवादी विचारधाराबाट लैश पार्नै पर्छ ।

समाजवादी लक्ष्यको बीचमा मात्रै चौतारो जस्तो नयाँ-जनवाद हो । नयाँ जनवादलाई नै नेपालको कम्युनिष्ट आन्दोलनले आफ्नो मुख्य लक्ष्य बउनाले एक एक पाइला तल झरेर बहुदलीय नयाँ जनवाद र बहुदलीय जनवादमा झर्‍यो । यसकारण नेपालको कम्युनिष्ट आन्दोलनको मुख्य लक्ष्य समाजवादी क्रान्ति नै हुनु पर्छ । यदि त्यस्तो गरिएन भने नेपालको कम्युनिष्ट आन्दोलनको धारा झन् झन् दक्षिणपन्थी बाटोतिर लाग्दै जानेछ । साथै नेपालमा दुई-पार्टी-पूँजीवादी व्यवस्थाको खतरालाई ध्यान दिदै जानु पर्दछ र समाजवादी क्रान्ति र समाजवादी आन्दोलनलाई लगातार अघि बढाउनु पर्छ । अन्यथा हामीले बाटो बिराउनेछौं । ■

---

निरंकुशतन्त्रलाई नियन्त्रित गर्ने कुनै बाटो छैन ? त्यस्तो कुनै आन्तरिक संयन्त्र हुन सक्दैन, जसले राज्यमाथि जन-समुदायको अंकुश संभव हुन्छ ?

त्यस्तो संक्रमणकालीन उपाय छ । रुसी सोभियतको अनुभव, पेरिस कम्युनको अनुभव र चीनियाँ जन-कांग्रेसको र अरु देशको अनुभवले त्यस्तो उपाय देखाएको छ ।

त्यस्तो एउटा उपाय या बाटो हो - तलदेखि माथिसम्म, जनतामाथि शासन गर्ने नियम कानून बनाउने र न्याय दिने कुनै पनि पदाधिकारीलाई, सम्बन्धित तहका जनताले चुन्ने र फिर्ता बोलाउने व्यवस्था, र उनीहरुलाई फगत जीविकायोग्य पारिश्रमिक । यो 'व्यवस्थाले निरंकुशतन्त्रलाई नियन्त्रण गर्न केही हदसम्म मद्दत गर्छ । पेरिस कम्युन, रुसी सोभियत र चीनियाँ जन कांग्रेसमा यही व्यवस्था गरिएको थियो ।

अर्को थप बाटो हो, राज्य वा पार्टीको कुनै पनि तहका पदाधिकारीको बारेमा र कुनै पनि राज्य-मामलाको बारेमा जनतालाई खुल्ला विचार-द्वन्द गर्ने, ठूला ठूला बहस विवादहरु आयोजना गर्ने, सार्वजनिक आलोचना गर्ने स्वतन्त्रता । यो बाटो सांस्कृतिक-क्रान्तिताका माओले चीनमा विकास गर्न खोज्नु भएको थियो, जुन पछि कायम राखिएन ।

सबैभन्दा महत्वपूर्ण बाटो हो - सहभागितामुखी जनवाद । कुनै पनि तहको नीति निर्णय सम्बन्धित तहको जन-समुदाय वा जन-प्रतिनिधिको पूर्ण जानकारीमा र सहभागितामा मात्र गर्ने पद्धति । कुनै पनि तहका जनताको लागि भनेर अरु कसैले परोपकारको भावनावश निर्णय गरी दिने परिपाटीको अन्त । त्यसको सट्टा, त्यो नीति-निर्णयबाट जसको जीवनमा असर पर्ने हो, उसंगको संवाद र विचार-द्वन्दको आधारमा, उसैको क्रियाशील सहभागितामा नीति-निर्णय गर्ने प्रणालि । जन-नेतृत्वले मूल रुपमा - विचारधारात्मक र सांस्कृतिक पथ-प्रदर्शक वा अगुवाको रुपमा, विचार-संश्लेषक र संयोजकको रुपमा, मात्र काम गर्ने प्रणाली । हरेक नीति-निर्णयमा, हरेक भाग्य-निर्णयमा जन-सहभागिता । जन-नेतृत्वको काम जनताको सट्टा सोचीदिनु, जनताको लागि निर्णय गरीदिनु नभएर - जनतासंग संवादमा रहनु, विचार-द्वन्दको प्रक्रियामा रहनु र उनीहरु स्वयंलाई विचार- संश्लेषण गर्न मद्दत पुर्‍याईदिनु । जन-सहभागीतामुखी जनवाद (Participatory Democracy) को यो पद्धति अहिले ल्याटिन अमेरिका र अफ्रिका, एशियाका थुप्रै मुलुकहरुमा प्रयोगमा ल्याएको छ । नेपालमा पनि वन व्यवस्थापन गर्ने लगायत थुप्रै सार्वजनिक जीवनसंग सम्बन्धित क्षेत्रमा यो विधि प्रयोगमा ल्याएको छ ।

नयाँ जनवादमा होस् या समाजवादमा, यी विधिहरु प्रयोगमा ल्याउन सकिन्छन् र निरंकुशतन्त्रलाई यिनले बीचको संक्रमणकालमा नियन्त्रण गर्न सघाउ पुर्‍याउँछन् । यदि बहुदलीय प्रतिस्पर्धालाई नै मूल उपायको रुपमा मान्ने हो भने त्यसको निम्ति आमूल परिवर्तनको, क्रान्तिको जरुरत देखिन्न । त्यो बहुदलीय प्रतिस्पर्धा त यहाँ अहिल्यै उपलब्ध छ । साम्यवादीहरु नेतृत्वमा आएपनि बहुदलीय प्रतिस्पर्धाको यो सारमा कुनै गुणात्मक अन्तर आउने छैन । जो संसदमा बहुमतमा हुनेछ, उसको तानाशाही अनिवार्य रुपमा हुनेछ । अल्पमतको कुरा अवश्यै लत्याइनेछ । चुनावमा बढी भोट ल्याउन नैतिक-अनैतिक सबै उपायहरु अप्नाइनेछन् । बहुदलीय प्रतिस्पर्धाको मूल आधार नै प्रतिस्पर्धी वर्गहरुको अस्तित्व हो । वर्गहरुको अस्तित्वको आधार शोषण र उत्पीडनको अस्तित्व हो र शोषण-उत्पीडनको आधार जनताको अचेतनशीलता हो । त्यसैले साम्यवादी आन्दोलनको उद्देश्य र बहुदलीय प्रतिस्पर्धाको आधार पूर्व-पश्चिम फर्केका छन् । साम्यवादी आन्दोलनको मूल दिशा वर्गहरुको उन्मूलनको दिशा हो । बहुदलीय प्रतिस्पर्धाको मूल दिशा वर्गहरुको मजबुतीकरण हो । त्यसैले त साम्यवादीहरु जम्मामा बहुदलीय प्रतिस्पर्धाको बाटोको विरोध गर्छन् ।

साम्यवादीहरुको लागि बहुदलीय प्रतिस्पर्धा तात्कालीक कार्यनीतिक सवाल हुन सक्छ । जस्तो नेपालमा अहिले भईरहेको छ । हामी जबसम्म यो भन्दा उन्नत विकल्पद्वारा अहिलेको व्यवस्थालाई निषेध गर्न सक्दैनौं, यसको अस्तित्व रहीरहने छ । तर यो हाम्रो रोजाइको विषय होइन, बाध्यात्मक स्थिति हो । चीनमा क्रान्तिपछि मित्र शक्तिका दलहरु रहे, तर बहुदलीय प्रस्तिस्पर्धा रहेन । रुसमा शुरुमा दलहरु रहे, तर छिट्टै उनीहरुकै प्रतिगामी गतिविधीका कारणले प्रतिबन्धित गरिए ।

हामी अहिले नै यो भन्न सक्दैनौं - कुन कुन दलले समाजको प्रगतिशील रुपान्तरणमा सहयोगी भूमिका खेल्नेछ ? तर हामी कार्यनीतिक रुपमा के भन्न सक्छौं भने, जुन जुन दलले यसमा





# के कम्युनिष्ट पार्टीमा दुई किसिमको पार्टी- सदस्यता हुनु उचित हुन्छ ?

**पार्टी सदस्यहरु भनेका साम्यवादी विचारधारा, नीति-संस्कृतिका बाहकहरु हुन् ।**

**चौवन्नी-सदस्यता वितरण-प्रणालीले यो गरिमा कायम राख्न सक्छ ?**

नेकपा (एमाले) को महाधिवेशनको प्रस्तावित पार्टी विधानमा कम्युनिष्ट पार्टीमा दुई किसिमको सदस्यताको जुन सवाल उठाइएको छ, त्यो उचित कि अनुचित भन्नु भन्दा पहिले छलफल गरिनु पर्ने सवाल के हो भने, दुई किसिमको सदस्यताको आवश्यकता पर्‍यो नै किन ? किन सर्वहारा वर्गको अगुवा दस्तामा एउटा साधारण सदस्यता र अर्को संगठित सदस्यताको बन्दोवस्त गर्नु जरुरी भयो ? किन क्रान्तिलाई साम्यवादी नीति, संस्कृति र विचारधारद्वारा अगुवाई गर्नु पर्ने पार्टीमा क्रियाशील र सचेत पार्टी सदस्य मात्र नभएर वुर्जुवा पार्टीहरुमा जस्तो चौवन्नी पार्टीसदस्यको पनि व्यवस्था गर्नु पर्‍यो ? यो "किन" भित्र उचित कि अनुचितको आधार निहित छ ।

पार्टी सदस्यहरु तब मात्र वास्तवमै समाजका अगुवा हुन सक्छन्, जब विचारधारात्मक सचेतनता, क्रियाशीलता र नीति, संस्कृतिको उनीहरुको स्तर समाजका औसत मानिसहरुको भन्दा उच्च हुन्छ । यही उच्चताको कारणले नै उनीहरु समाजका समस्याहरु सबैभन्दा राम्ररी हल गर्न सक्छन् र संघर्षमा अगुवाको भूमिका खेल्न सक्छन् । यो उच्चता नहुने हो भने, फगत पार्टी-सदस्यताको प्रमाणपत्र भ्रुण्ड्याउँदैमा जनताको मनमस्तिस्कमा उसले हाम्रो अगुवाइ गर्न सक्छ भन्ने मनोभाव कसरी पैदा हुन्छ ? नेतृत्व गर्न समर्थ छ भन्ने मनोभाव नै पैदा नभईकन - कसैलाई पार्टीसदस्यताको कार्डको आधारमा मात्र नेतृत्व मान्नु पर्‍यो भने त्यो मान्यता फगत औपचारिकता सिवाय केही हुँदैन । त्यसैले त कम्युनिष्ट पार्टीमा सचेत र क्रियाशील पार्टी-सदस्यको मात्र व्यवस्था गरिनुपर्ने हुन्छ, जो समाजका औसत मानिस भन्दा त्यतिखेरको समय परिस्थितिमा विचारधारा सचेतनतात्मक क्रियाशीलता वा नीति संस्कृतिको स्तरमा उच्च छन् । किनकि कम्युनिष्ट पार्टी भनेको त अग्रगामी दस्ता हो, कुनै स्वस्फूर्त घटना र समाजको पछि पछि हिंड्ने पछुवा दल होइन । घटना र समाजलाई नै निर्दिष्ट दिशामा डोर्‍याउने क्षमता राख्ने अगुवा दस्ता यो हो ।

तर पार्टीमा चौवन्नी सदस्य अथवा साधारण सदस्यको पनि व्यवस्थाले पार्टी सदस्यलाई यो हैसियत दिँदैन । प्रमाणपत्र पाएकाले पार्टीको सदस्य त मानिन्छ, तर समाजलाई विचारधारा र नीति-संस्कृतिको उचाईको कारणले अगुवाइ गर्ने सामर्थ्य उसित हुँदैन । समाजका समस्या हल गर्नमा र संघर्षमा अगुवाइ गर्नको निम्ति सबैभन्दा सक्षम सहयोगी भूमिका खेल्ने छ, क्रान्ति पछिको तात्कालीक व्यवस्थामा ती क्रान्तिकारी शक्तिहरुको साम्यवादी नेतृत्वमा संयुक्त सरकार हुनु पर्छ । समाजवाद -साम्यवाद विरोधी शक्तिहरु त्यतिखेर प्रतिवन्धित र दवित हुनेछन्, जसरी पूँजीवादीहरु सत्तामा रहेको अमेरिकामा साम्यबादी पार्टी प्रतिबन्धित र दवित छ । अत: साम्यवादीहरुको कार्यदिशा नै बहुदलीय प्रतिस्पर्धाको हुनुहुन्न ।

हुनाको कारणले ऊ पार्टी सदस्य भएको हुदैन । पार्टीले सदस्यता प्रमाणपत्र दिईदिएका कारणले ऊ पार्टी सदस्य भएको हुन्छ । यसो गर्दा त पार्टी सदस्यता भनेको वास्तविक अगुवाइ क्षमता नभएर सचेतनवा र क्रियाशीलताको चुचुरो नभएर औपचारिक मामला मात्र बन्न जान्छ । पार्टी वर्ग सचेत अगुवा दस्ता नभएर समाजका औसत मानिसहरुको भीड मात्र, गणीतीय जोड मात्र हुन जाने हुन्छ । यसले पार्टीलाई मजदूर आन्दोलनका अगुवा दस्ता हुने हैसियत नै दिँदैन । यसले पार्टीलाई आन्दोलनको पछुवा दस्तामा परिणत गर्छ ।

चौवन्नी सदस्यहरुलाई चुन्ने-चुनिने अधिकारै हुँदैन, पार्टीका खास खास दस्तावेज पाउने हक नै हुँदैन, अनि उनीहरुले पार्टीलाई प्रभाव पार्छन् नै कसरी? बहुदल आएपछि सबैले पार्टी-सदस्य नै हुन चाहने भएकाले मात्र यस्तो व्यवस्था गरिएको हो - यो व्याख्या चौवन्नी सदस्यताको व्यवस्था गर्नुको कारणको रुपमा आएको छ ।

तर प्रश्न त के उठ्छ भने, उनीहरु समाजका अग्रगामी विचारधारात्मक चेत र क्रियाशीलता भएका मानिस हुन् भने उनीहरुलाई चुन्ने र चुनिने, अन्तरपार्टी दस्तावेज प्राप्त गर्ने अधिकार नदिने नै किन, उनीहरु त्यो स्तरका मानिस नै होइनन् भने, उनीहरुलाई पार्टी-सदस्यताको हैसियत दिने नै किन ?

खालि पार्टी-सदस्यहरुको संख्या ठूलो पार्ने र देखाउने नियत बाहेक अर्को कुनै नियतले कम्युनिष्ट पार्टीमा अग्रगामी चेत र सक्रियता नभएका मानिसहरुलाई सदस्यता दिनु जरुरी जायज ठहर्‍याउन सक्दैन । पार्टी-सदस्य हरु नेतृत्व गर्न योग्य नहुनु तर धेरै संख्यामा हुनु चुनावका लागि फाइदाजनक होला । मिथ्या अहंकार र हल्ला होहल्लाको बुर्जुवा राजनीति गर्न मात्र त्यो कामलाग्दो होला, तर मानव इतिहासको सबैभन्दा सुसंस्कृत र न्यायपूर्ण समाज स्थापना गर्न सबैभन्दा कठीन र उन्नत वर्ग संघर्षको अगुवाई गर्नको लागि यस्तो पछौटे चेत र क्रियाशीलता भएको सदस्यताको कुनै जरुरत हुँदैन ।

दुनियाँको आँखा सामुन्ने पार्टी बदनाम हुने नै यस्ता सदस्यहरुमार्फत हो । चरित्र र गुण खतम छ, तर पार्टीसदस्यता पाएका छन् । यस्तो भएपछि पार्टी-सदस्यताप्रति दुनियाँको दृष्टिकोण के हुन्छ ? यस्तै सदस्यहरुलाई बुर्जुवाहरुले पद र पैसाले किन्न सक्ने सबभन्दा बेसी सम्भावना हुन्छ । आज एउटा पार्टीमा, भोलि वक्तव्य दिएर अर्को पार्टीमा, पर्सि त्यो भन्दा बढी लाभ हुने भयो भने अर्को पार्टीमा । यस्तो हुने संभावना यस्तै खालका पार्टी सदस्यता मार्फत नै हुन्छ । पार्टीभित्र गलत तत्वको घूसपैठ, पार्टीलाई खत्तम गर्न अहिले साम्राज्यवादीहरुको एउटा प्रमुख तरीका भएको छ । यो घूसपैठ पनि यस्तै तत्वहरु मार्फत हुने सबैभन्दा बेसी सम्भावना हुन्छ ।

त्यसैले, कम्युनिष्ट पार्टीमा पनि चौवन्नी सदस्यहरुको व्यवस्था गर्ने कि नगर्ने भन्ने प्रश्न अलग-अलग प्रश्न होइन । यो कस्तो क्रान्ति वा आन्दोलन गर्ने र त्यसका निम्ति कस्तो पार्टी बनाउने भन्ने प्रश्नसित अभिन्न रुपले गाँसिएको प्रश्न हो । पार्टी वर्ग-संघर्षको अगुवाइ गर्नका निम्ति हो भने, त्यस वर्ग-संघर्षमा विपक्षबाट खालि मूर्खहरु मात्र भिड्न आउने हुँदैनन्, प्रतिक्रियावादी खेमाका उत्कृष्ठ दिमागहरु पनि सरीक भएका हुन्छन् भनेर स्वीकार्ने हो भने, कम्युनिष्ट पार्टीको सदस्यता पनि त्यस्तालाई दिने प्रणाली हुनु पर्‍यो, जो वर्ग-संघर्षलाई अगुवाई गर्न सक्छन् र जो वर्ग-संघर्षको विकासको नियमको जानकारीको कारणले, उन्नत नैतिक सांस्कृतिक स्तरको कारणले असफलताका हरेक मोडहरुमा पनि वर्ग-संघर्षलाई सफलताको चुलीतिर डोर्‍याउन सक्छन् । कम्युनिष्ट-आन्दोलन उन्नत विचारधारात्मक र नैतिक- सांस्कृतिक आन्दोलन हो भने- यसको सदस्यता पनि त्यस्तालाई मात्र प्रदान गर्ने प्रणाली हुन पर्‍यो जो तात्कालीन समय र पारिस्थितिमा सबैभन्दा अग्रगामी विचारधारात्मक नैतिक-संस्कृतिक स्तर र क्रियाशीलता राख्दछन्, अन्यथा पछौटे विचारधारा र नैतिक-सांकृतिक स्तर भएका मानिसहरुको सक्रियतामा कसरी उन्नत आन्दोलन शुरु हुन र थेगिन सक्दछ ?

कम्युनिष्ट -आन्दोलन समाजमा जागृत र विवेकशील नयाँ मान्छे पैदा गर्ने आन्दोलन हो भने, त्यो नयाँ मान्छे पैदा गर्ने कामको थालनी सर्वप्रथम पार्टी सदस्यहरुमा गर्नु पर्दछ । पार्टी सदस्यहरु भनेका साम्यवादी विचारधारा, नीति, संस्कृतिका बीऊहरु हुन्, बाहकहरु हुन् । उनीहरु मार्फत नै पार्टी र र पार्टीको सन्देश जन-समुदायमा पुग्छ । उनीहरु चाहिं पुरानो, सडेगलेको विचारधारा, नीति, संस्कृतिले युक्त भए भने उनीहरु कसरी समाजमा जागृत र विवेवशील नयाँ मान्छे पैदा गर्न सक्छन् ? बीउ विषालु छ भने फल मात्र कसरी अमृतमय फल्दछ ?

त्यसैले समाजमा साम्यवादी-आन्दोलन चलाउने हो भने, साम्यवादको विऊ पनि साम्यवादी चीरत्रको हुनु पर्‍यो । थोर बहुत दोष त हरेक मान्छेमा हुन्छ । पार्टी सदस्यहरु पनि ३२ सै लक्षणले युक्त त हुँदैनन् नै, तर उनीहरुमा जम्माजम्मीमा साम्यवादी विचारधारा नीति-संस्कृतिको भ्रुण त भेटिनु पर्‍यो । नत्र उनीहरुलाई के का आधारमा साम्यवादी भन्ने त ? फगत सदस्यता कार्डका आधारमा ?

यी सबै कोणबाट विश्लेषण गर्दा कम्युनिष्ट पार्टीको सदस्यतालाई सामान्य र संगठित सदस्यतामा बाँड्नु उचित छैन । पार्टीमा संगठित सदस्य मात्रै हुनु पर्छ । पार्टीसित झुकाव राख्ने र सहयोग गर्ने सामान्य मानिसहरुलाई हामी पार्टी सहयोगी, समर्थकको रुपमा स्वीकार्न सक्दछौं र त्यही रुपमा व्यवहार गर्न सक्छौं । यस्ता पार्टी समर्थकहरु असंख्य हुन सक्छन् । पार्टीसित संवद्ध थुप्रै जनवर्गीय संगठनमा हामी उनीहरुलाई आवद्ध गर्न सक्दछौं । पहिले यही नै व्यवस्था थियो । जन-बर्गीय संगठनमा राम्ररी परीक्षण गरेर मात्र पार्टीमा भित्र्याउने त्यो पद्धति अहिले पनि अनुपयोगी र असमायिक भईसकेको छैन । जन बर्गीय संगठन, अहिले पनि पार्टीको लागि कार्यकर्ता छनौट र उत्पादन कारखाना हुन सक्छ र हुनु पर्छ । अन्यथा पार्टीमा अग्रगामी तत्वको प्रवेशलाई निश्चित गर्ने र गलत तत्वको प्रवेशलाई रोज्ने, पार्टीलाई पछौटे मानिसको दस्ता बनाइनबाट रोक्ने कुनै उपाय छैन ।

तर सामान्य चौवन्नी पार्टी सदस्यको व्यवस्थाले साम्यावादको बीऊ साम्यवादी चरित्रको हुनु पर्ने माग गर्दैन । यो व्यवस्थाले पार्टी सदस्यहरुमा साम्यवादी बिचारधारा, नीति-संस्कृतिको भ्रुण भेटिनु पर्ने माग गर्दैन । यसले पार्टी सदस्यतालाई जो सुकैले हात पार्न सक्ने सस्तो सर्वसुलभ उपाधिका रुपमा परिणत गरि दिन्छ, चाहे त्यो प्राप्त गर्नेको चरित्र साम्यवादविपरीत किन नहोस ? यस्तो सदस्यता चुनावी उद्देश्यको लागि त काम लाग्दो हुनसक्ला, किनकि यसबाट मतदाताको संख्या बढ्ने हुन्छ, तर साम्यवादी-आन्दोलनको विकासको निम्ति कामलाग्दो हुन सक्दैन ।

यही विषयमा लेनिनको समयमा बोल्शेबिक र मेन्शविक बीच पनि विवाद भएको थियो । मेन्शेविकहरुको तर्फबाट मार्तोभको माग के थियो भने पार्टी सदस्यता सामान्य हडताली मजदूरहरुलाई, सदस्यता शुल्क तिर्ने हरेक प्रोफेसरलाई पनि उपलब्ध हुनु पर्छ । लेनिनले यस प्रस्तावको यही कारणका आधारमा विरोध गर्नु भएको थियो कि यसबाट पार्टी सर्वहारा-बर्गको अगुवा-दस्ता हुन सक्दैन । पार्टी संगठीत दस्ता हुन सक्दैन । यसबाट पार्टी स्वस्फूर्त आन्दोलनको पुच्छर हुन जान्छ । त्यसैले पार्टी-सदस्यता सचेतनतां र क्रियाशीलताको आधारमा अग्रगामी तत्वलाई मात्र दिइनु पर्छ र त्यस्तो सदस्य अनिवार्य रुपमा कुनै एउटा पार्टी समितिमा बाँधिनुपर्दछ । यही विवादले गर्दा पार्टी नै फुटेको थियो र बोल्शेविक र मेन्सेविक पार्टी छुट्टिन गएको थियो । मानवको प्रस्तावको मूल सार पार्टी- सदस्यतालाई खुकुलो पार्ने र चौवन्नी सदस्यताको व्यवस्था गर्ने नै थियो, र लेनिनको प्रस्तावको मूल सार पार्टीसदस्यता खुकुलो नगर्ने, मजदूर-आन्दोलन र समाजका अग्रगामी तत्वलाई मात्र यो प्रदान गर्ने थियो । यही उपायबाट नै पार्टीलाई साँच्चिकैको अगुवा-दस्ता पार्न सकिन्छ, अन्यथा पार्टी अग्रगामी दस्ता हुनै सक्दैन र त्यो यथासंभव संगठित पानि हुन सक्दैन, र संगठित नभए पछि वर्ग- संघर्षमा त्यसको आक्रामक क्षमता पनि हुँदैन भन्ने उहाँको विचार थियो, यो विचार र वस्तु सम्मत थियो ।

जहाँ सम्म मानिसहरु हिजो आज पार्टीमै प्रवेश चाहन्छन्, जन-बर्गीय संगठनमा होइन, नत्र अन्यत्र जान्छन् भन्ने प्रश्न छ, त्यसको त कुनै ओखती छैन । मानिसहरु हिजो आज एकमुष्ठ चन्दा दिएर पोलिटव्यूरो सदस्य पनि हुन चाहलान् । के हामी त्यस्तो हुन दिन सक्छौं र ? हामी केही मानिसको चाहनामा मलजल गर्न पार्टीको चरित्र नै बदलिने काम कसरी भर्न सक्छौं ? जो साँच्चै नै नेपालको आमूल परिवर्तनको समस्या, बर्ग-संघर्षको सफलताको समस्याप्रति गम्भीर छन्, ती मानिसहरु कम्युनिष्ट पार्टीमा सस्तो सदस्यता होस् भनेर चाहन्छन् नै किन ? जो सस्तो सदस्यता चाहन्छन् - क्रान्ति बरु भर्सेली परोस ।

तिनको लहैलहैमा हामीले लाग्ने नै किन ?

अन्तर्वार्ता

# नयाँ-जनवादमा बहुदलीय प्रतिस्पर्धा हैन, सहयोगात्मक व्यवस्था मात्र हुन्छ

**– का. प्रचण्ड** महामन्त्री (नेकपा, एकता केन्द्र)

**नयाँ जनवादमा र समाजवादमा बहुदलीय राजनीतिक प्रतिस्पर्धा जरूरी छ भन्ने विचार अहिले सार्वजनिक वाद-विवादको विषय बनिरहेछ । यसमा तपाईँको धारणा ?**

राज्यसत्ता सम्बन्धी मार्क्सवादी अवधारणा अनुसार यतिबेला तीन प्रकारका राज्य व्यवँस्थाहरू मात्र देखापरेका छन् । पहिलो, पूँजीपति बर्गको अधिनायकत्व भएको संसदीय व्यवस्था, दोस्रो, सर्वहारा बर्गको अधिनायकत्व भएको समाजवादी व्यवस्था र तेस्रो सर्वहारा बर्गको नेतृत्वमा जनताको संयुक्त अधिनायकत्व भएको नयाँ-जनवादी व्यवस्था । बहुदलीय जनवाद (Multi Party Democracy) ले सिधा र स्पष्ट रूपले त्यसको सार तत्वमा पहिलो प्रकारको राज्य-व्यवस्थाकै प्रतिनिधित्व गर्दछ । बहुदलीय प्रतिस्पर्धाको कुरा न नयाँ जनवादमा, न साजमावादमा नै कायम रहन सक्दछ, किनभने-सर्वहारा बर्गको नेतृत्वमा मजदुर-किसान एकताको आधारमा बलपूर्वक सामन्त नोकरशाह एवं दलाल पूँजीपति बर्गको राज्यतन्त्रलाई ध्वंश गरी ती बर्गमाथि जनताको अधिनायकत्व कायम गरिएपछि बहुदलीय प्रतिस्पर्धाको कुरै रहँदैन । त्यहाँ त केवल सर्वहारा बर्गको नेतृत्व स्वीकार गर्ने, जनताको विभिन्न तप्काको प्रतिनिधित्व गर्ने समूहहरूको सहयोगात्मक स्थिति मात्र हुन सक्छ । सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्तिपछि पनि बहुदलीय प्रतिस्पर्धाको कुरा गर्नु यथार्थमा जनतालाई उल्लू बनाएर आफ्नो लुट र शोषणलाई कायम राख्ने पूँजीवादी पाखण्डसिवाय केही होइन । राज्य-सत्ता र क्रान्ति सम्बन्धी मार्क्सवादी धारणासंग त्यसको कुनै सम्बन्ध छैन । अहिले एमाले नेतृत्वले अगाडि सारिरहेको बहुदलीय जनवादको कुरा विभिन्न शब्द-जालद्वारा जनतालाई, कार्यकर्तालाई भ्रम दिँदै अन्तिम अर्थमा साम्राज्यवादको तर्फबाट मार्क्सवादमाथि भइरहेको आक्रमणका अगाडि आत्मसमर्पण गर्नु र मार्क्सवादसंग सम्बन्ध विच्छेद गर्नुको द्योतक मात्र हो ।

**बहुदलीयता भएन भने नयाँ जनवादी र समाजवादी व्यवस्थामा निरंकुशतन्त्र र नोकरशाहीतन्त्रमाथि कसरी नियन्त्रण कायम गर्न सकिन्छ त ? अहिले त त्यो नियन्त्रण गर्नकै लागि बहुदलीयता जरूरी भएको हो भन्ने विचार आइरहेको छ; त्यसमा तपाईंको बिचार ?**

जहाँसम्म नयाँ जनवादी एवं समाजवादी व्यवस्थामा निरंकुशतन्त्र र नोकरशाहीतन्त्रको नियन्त्रणको कुरा छ,पहिलो कुरा त यसमा पूँजीवादी एवम साम्राज्यबादीहरूद्वारा फैलाइएको भ्रमबाट मुक्त रहन जरुरी छ । दोस्रो कुरा, मार्क्सवाद, लेनिनवाद, माओवादले त्यसको नियन्त्रणका निमित्त प्रतिनिधिमूलक संस्था र त्यसका प्रतिनिधिहरूलाई नियम-कानून बनाउने र आदेश जारी गर्ने रूपमा मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने अभिभारा समेत दिई कामकाजी बनाउने कुरामा जोड दिन्छ । साथै उनीहरूलाई दिइने सबै विशेष सुविधाहरू कटौती गरी सामान्य उत्पादन-व्यवस्थापक सरह मात्र सुविधा दिने कुरा गर्दछ ।

यहाँ मुख्य सैद्धान्तिक प्रश्न बर्गीय अधिनायकत्वको हो र सिंगो कम्युनिष्ट आन्दोलनमा विगतका अनुभवको सारको रूपमा त्यस प्रकारको निरंकुश र नोकरशाहीतन्त्रको अन्तको निमित्त बर्ग-संघर्षलाई कडीको रूपमा लिई सर्वहारा बर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिमा लाग्नु पर्छ भन्ने कामरेड माओको विश्लेषणको बैज्ञानिकता एवम चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्तिका अनुभवहरुलाई ठीक ढंगले बुझ्नु र अनुशरण गर्नु जरूरी छ । यो अनुभव भनेको जनतालाई पार्टी र राज्यको कुनै पनि पदाधिकारी विरूद्ध आफ्नो आलोचना सार्वजनिक रूपमा राख्न दिनु, राज्यको मामलामा ठूला ठूला बहसहरू आयोजना गर्न दिनु र ठूला ठूला पोष्टरहरू मार्फत आफ्नो माग र असन्तोष राख्न स्वतन्त्रता दिनु हो भन्ने कुरालाई यहाँ स्मरण गर्ने कुराको विशेष महत्व छ । यसरी नोकरशाहीतन्त्र र निरंकुशतन्त्र माथि नियन्त्रण गर्न सकिन्छ । त्यसो गर्नुको सट्टा निरंकुशतन्त्रलाई नियन्त्रण गर्ने नाममा, बहुदलीय प्रतिस्पर्धाको कुरा गर्नु मार्क्सवाद, लेनिनवाद, माओवादका क्रान्तिकारी सिद्धान्त र अनुभवहरूलाई परित्याग गरी साम्राज्यबादका अगाडि घुँडा टेक्नु नै हो, र बहुदलीय जनवादको तर्क कुनै नयाँ तर्क नभएर पूँजिपति बर्गले फलाक्दै आएको निकै बासी तर्क हो ।

काठमाडौंबाट बुटवल, भैरवाह, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली
जान आउन परे संझनुहोस्
साझा यातायात
टिकट पाइने स्थानः सुन्धारा, काठमाडौं

पढ्नुहोस् दैनिक विश्वभूमि




## ब्रिटेनको कम्युनिष्ट आन्दोलन कसरी अघि बढ्दैछ ?

# ग्रेट ब्रिटेनमा पुन: नयाँ कम्युनिष्ट पार्टीको निर्माण

ग्रेट ब्रिटेनको नाम लिनासाथ विश्व कम्युनिष्ट आन्दोलनमा अन्तर्राष्ट्रिय सर्वहारा वर्गका नेता तथा साम्यवादी विचारका प्रणेताहरू कार्लमार्क्स र फ्रेडरिक एंगेल्सको कर्मभूमिको संझना हुन्छ । मार्क्स-एंगेल्सको साम्यवादी विचारको निर्माण र त्यसको प्रचार-प्रसार कार्यको एउटा प्रमुख कर्मभूमि ग्रेट ब्रिटेनमा कम्युनिष्ट आन्दोलनलाई नेतृत्व गर्दा गर्दै मर्नु भएका कार्लमार्क्सको शव पनि राजधानी लण्डनको हाईगेट चिहानमा गाडिएको थियो ।

कार्लमार्क्स र एंगेल्सले ब्रिटेन जस्तो विकसित पूँजीवादी देशमै सबभन्दा पहिले समाजवादी क्रान्ति हुने विचार व्यक्त गरेर जानु भएको थियो तर ब्रिटेनमा मात्र होइन, फ्रान्स, जर्मनी जस्ता विकसित पूँजीवादी देशमा पनि उहाँहरूले विचार व्यक्त गर्नु भएको एक शताब्दी भन्दा बढी समय वितीसक्दा पनि क्रान्ति भएको भने छैन । अल्प विकसित सोभियत संघमा १९१७ मा लेनिनको नेतृत्वमा सोभियत कम्युनिष्ट-पार्टीले प्रथम अक्टोबर समाजवादी क्रान्ति सफलतापूर्वक सम्पन्न गऱ्यो । यसको प्रभावस्वरूप मार्क्स, एंगेल्सको नीति-निर्देशनमा हुने मजदूर आन्दोलनको उभारको लामो परम्परा रहेको ग्रेट ब्रिटेनमा पनि मजदूरहरुको राजनीतिक नेतृत्वकारी पार्टीको आवश्यकता महशुस गरेर सन् १९२० मा ग्रेट ब्रिटेन-कम्युनिष्ट पार्टीको स्थापना गरिएको थियो ।

हुन त ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टी सोभियत संघ लगायत आफ्ना छिमेकी देशहरू पूर्वी जर्मनी, युगोस्लाभिया, हंगेरी, चेकोस्लोभाकियामा जस्तो समाजवादी शासन स्थापना गर्ने वा फ्रान्स, इटालीमा भैं चुनावमा लडी संसदमा प्रमुख प्रतिपक्षीको रूपमा काम गर्न सक्षम त भएको छैन, तापनि संसदीय तथा गैर-संसदीय संघर्षहरुबाट यसले ब्रिटेनका मजदूरहरू र निम्न मध्यम वर्गका मानिसहरूमा समाजवादी विचारको प्रचार-प्रसार गर्ने र संगठन बनाई सचेत आन्दोलनलहरू चलाउने सफलता भने हासिल गरेको देखिन्छ । विशेषत: दोस्रो विश्व युद्धताका संसारभरि हिटलरको नाजीवादको नांगो नाच इटाली र जापानको सैनिकवादी मण्डली संगै चलिरहेको बेला ब्रिटेनमा पनि विस्तार भएको ब्रिटिश-फासिष्टवादको विरोधमा भएको संघर्षमा यसले नेतृत्वकारी भूमिका खेलेको थियो । त्यस्तै १९३० सन् तिर विश्वभरि पूँजीवादभित्र अत्यन्त ठूलो मन्दी (The great depression) छाएकै बेला गरीब जनताको पक्षमा, सर्वहारा वर्गको पक्षमा पूँजीवादको विरोधमा चर्को संघर्षको अग्रिम पंक्तिमा रही नेतृत्व गरेको घटनालाई बिर्सन सकिँदैन ।



यसरी संघर्षबाटै जनताको मन-मस्तिष्क जित्न सफल हुँदै गएको ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टी सन् १९४० को दशकमा कति प्रभावकारी र लोकप्रिय भएको थियो भन्ने कुरा पूँजीवादी संचार माध्यमहरूद्वारा नै प्रकाशित यसका पार्टी सदस्यहरूको संख्या ६० हजार रहेको तथ्यांकले प्रष्ट्याउँछ ।

तर यो लोकप्रियता र प्रभावकारितालाई पार्टीले समाजवाद-उन्मुख ठोस जन-संघर्षको परिचालन गर्न नसकेको र लेनिनवादी पार्टीको निर्माण र सुदृढीकरण गर्नुको सट्टा विध्वंशात्मक अन्तर-पार्टी संघर्ष तीव्र रूपमा चलेको कारणले धेरै दिनसम्म त्यही स्तरमा यसलाई टिकाइ राख्न सकेन । अझ बाहिरी रूपमा कम्युनिष्ट पार्टीका प्रतिद्वन्दी तथा संसदका प्रमुख प्रतिपक्षी वर्ग-समन्वयवादी लेबोर पार्टी भित्रका वामपन्थीहरूसंग यसले राजनीतिक र साँस्कृतिक भिन्नता कायम राख्न नसक्नुले पनि लेबोर पार्टीको लोकप्रियताले यसलाई थिच्दै मिच्दै गयो । यी सबै कारणहरूले गर्दा यसले सर्वहारा वर्गमा आफ्नो राजनैतिक वर्चस्व कायम गर्न केही असमर्थता देखा पऱ्यो । फलस्वरूप पार्टी प्रवेशमा काफी कमी आयो । तर पूँजिवादका घिनलाग्दा पक्षहरूबाट सचेत मध्यमवर्गीय बुद्धिजीवीहरू बीच भने यसले आफ्नो राजनीतिक प्रभाव बढाउन सफल भयो । यद्यपि प्रभावकारी जन-संघर्ष र वर्ग-संघर्षको अभावमा सनत् १९८५ तिर आएर आफ्नो पार्टी सदस्य संख्या घटेर ११ हजारमा पुगेको तथ्यांकले यसको लोकप्रियतामा कमी आएको स्वीकार्न बाध्य पर्छ ।

## "दि लेनिनिष्ट"को सम्पादकीयको एक अंश

*आज हामी क्रान्तिको अवधिबाट होइन, बरू प्रतिक्रियावादको दौरबाट गुज्रिरहेका छौं । आक्रामक आत्म-विश्वासका साथ बुर्जुवा-दानव हुँकार गरिरहेको छ र सबै रंगका "वामपन्थी" तथा "समाजवादी"हरू ज्यान बचाउनका लागि आश्रय खोज्दै भाग-दौड मच्चाइरहेका छन् । ब्रिटेनमा तथाकथित सर्वाधिक "क्रान्तिकारी" संगठनले यस दानवसंग मिलेर पूर्वी युरोप र सोभियत संघमा "साम्यवादको पतन" को खुशीमा दीपावली मनायो । यस शर्म लाग्ने भावनाबाट वशीभूत भई त्यसमध्ये कोही-कोहीले त खुलेआम नै भनिदिए "क्युवालाई अलिकति पनि मद्धत गर्ने छैनौं ।" त्यसमा केवल सोसलिष्ट वर्कर्स पार्टी र सोसलिष्ट अर्गनाइजर मात्र होइन, बरू कम्युनिष्ट युरोज (Euro communists) पनि सामेल छन् ।*

*हामी ती अवसरवादीहरूलाई पर्दाफास गरी छाड्छौं र तिनीहरूलाई नष्ट गरी छाड्छौं, जो "समाजवादी-प्रजातन्त्र" एवं "मजदूर-स्वतन्त्रता" को नाममा वर्ग-शत्रुसंग पंक्तिबद्ध भइरहेका छन् । ब्रिटेनमा वर्ग-सचेत मजदूरहरु तिनीहरूसंग जबरदस्त घृणाका साथ व्यवहार गर्छन्, जसको तिनीहरू पात्र पनि हुन् र समाजवादी क्युवाको प्रतिरक्षामा गोलबन्द हुने छन् ।*

*(यो अंश: साभार सर्वहारा दृष्टिकोण बाट)*

यसरी लोकप्रियतामा कमी आउनुका पछाडि आफूभित्र विचारधारात्मक सजगता बढाएर संघर्ष गर्न नसक्नु र मूल रूपमा यसले वर्ग-संघर्ष र जन-संघर्षलाई प्रभावकारी ढंगले अगाडि बढाउन नसक्नु नै मूल कारण रहेको छ । यस भित्र चलेका विध्वंशात्मक अन्तर-पार्टी संघर्ष १९६० को दशकबाट चर्को रूपमा बाहिर आएको थियो । यसमा मूल रूपमा तीनवटा विचार बीच द्वन्द भएको थियो । एउटा सोभियत नेताहरू-ख़ुश्चोभ-ब्रेझनेभको संशोधनवादी विचार र अर्को, "यूरो कम्युनिज्म" को विचार र तेस्रो, अत्यन्त दबिएको र सीमित प्रभाव भएको मार्क्सवादी- लेनिनवादी विचार ।

का. स्टालिनको मृत्युपछि सोभियत कम्युनिष्ट पार्टी र सोभियत सत्तामाथि सत्तासीन भएको ख़ुश्चोभको संशोधनवादी मण्डलीको प्रभावलाई आत्मसात् गरिरहने ब्रिटिश कम्युनिष्टहरू १९६० भन्दा पहिले र पछि १९७५ सम्म पनि ब्रिटेन कम्युनिष्ट पार्टीमा प्रभावशाली थिए। तर इटालीको कम्युनिष्ट पार्टीका नेता एनरिको बेर्लिङ्गवेरद्वारा प्रतिपादित "यूरो कम्युनिज्म" को सिद्धान्तले सन् १९७५ देखि पश्चिमी यूरोपीय कम्युनिष्ट आन्दोलनमा प्रभाव जमाउन थालेपछि ब्रिटेन कम्युनिष्ट पार्टी मात्रै त्यसको प्रभावबाट अछुतो रहन सकेन ।

ख़ुश्चोभको संशोधनवादी विचारको प्रभुत्वबाट मुक्ति पाउन प्रतिपादन गरिएको यस "यूरो-कम्युनिज्म"को सिद्धान्तले इटाली, ब्रिटेन, फ्रान्स र स्पेनको कम्युनिष्ट आन्दोलनलाई सोभियत प्रभावबाट केही हदसम्म मुक्ति त दिलायो, तर पूँजीवादले विकास गरेको अत्याधुनिक- प्राविधिक समाजको मौलिकता र भिन्नता अनुरूपको नयाँ सृजनात्मक ढंगको साम्यवादलाई लागू गर्ने नाममा ती "यूरो कम्युनिष्टहरू" ले कम्युनिष्ट पार्टीहरूलाई तथाकथित "प्रजातान्त्रिक सुधार" को दिशातिर अगाडि बढाए । यसको अनिवार्य परिणति के भयो भने - त्यस "प्रजातान्त्रिक सुधार" ले कम्युनिष्ट पार्टीलाई सुदृढ लेनिनवादी संगठनको सट्टामा सुविधाभोगी कम्युनिष्टहरूको खुकुलो सांगठनिक ढाँचा बनायो । यूरोपभरि व्याप्त सामाजिक जनवादी सोसल डेमोक्रेट्सहरू अर्थात् पूँजी र श्रमको समन्वयकर्ताहरू संग हात मिलाई वर्ग-संघर्षबाट भाग्ने काम भयो । यसबाट मार्क्सवादीहरूलाई संशोधनवादतिर फर्काउने परिणाम नै निस्क्यो ।

यी सबै प्रभाव र परिणतिहरू भोग्दै अगाडि बढेको ब्रिटेन कम्युनिष्ट पार्टी भित्रका यी मूलत: दुई संशोधनवादी विचारकै विध्वंशात्मक अन्तरद्वन्द सन् १९७७ मा गएर फुटमा परिणत भयो । त्यस फुटले पनि अन्तर-पार्टी संघर्षलाई समुचित समाधान गर्न नसकेकोले १९८० को दशकमा द्वन्द झन तीव्र भयो । तर यस संघर्ष बीच यूरोपभरि प्रबल बन्दै गइरहेको यूरो कम्युनिज्मको विचार बोक्ने कम्युनिष्टहरू ब्रिटेन कम्युनिष्ट पार्टीभित्र पनि हावी हुन थाले र अरूहरू अल्पमतमा पर्न गए ।

यही मौकामा ती यूरो-कम्युनिष्टहरूले पार्टी, पार्टी इन्स्टिच्यूटहरू र जनवर्गीय संगठनहरू माथि एकाधिकार जमाउँदै अन्य सबै अल्पमतका विचारवाहकहरूलाई विस्थापित गर्ने क्रममा पार्टीको मुखपत्र "द मर्निङ्ग स्टार" माथि कब्जा जमाई राखेका अल्पमतलाई पनि बढारेर फ्याँकिदिए । पार्टीबाट फ्याँकिएका कम्युनिष्टहरू विविध नामबाट एकीकृत हुने, संघर्ष गर्ने र पुनः विध्वंशात्मक अन्तरद्वन्द चलाएर फुट्ने क्रम जारी रहेता पनि नयाँ ढंगको मार्क्सवादी लेनिनवादी विचार र संगठनात्मक पद्धतियुक्त पार्टीको निर्माणमा पनि उनीहरू मध्ये केही कृयाशील रहे । यता "यूरो कम्युनिष्टहरूको एकलौटी कायम भएको कम्युनिष्ट पार्टीले संसदीय संघर्षको बाटोलाई अवलम्बन गर्ने क्रममा भने खासै सफलता हासिल गर्न सकेको देखिदैन । ब्रिटेनको हाउस अफ कमन्समा नगन्य प्रतिनिधित्व गर्न सफल यो पार्टी सन् १९८३ को चुनावमा ३५ जना उम्मेदवारहरू उठाई प्रत्येक क्षेत्रबाट सालाखाला ०.८ प्रतिशत मात्र भोट प्राप्त गर्न सक्षम भयो ।

यसरी पार्टीको राजनीतिक प्रभावमा आएको कमी र विश्वको राजनीतिमा उदार बजार अर्थतन्त्र र पूँजीवादी प्रजातन्त्रको लहर च ल्न थालेको देखेर नव- निर्वाचित युवा पार्टी-महासचिव का.नीना टेम्पल तथा उनका सहयोगी नेतृत्वकारीहरूले सन् १९८९बाट सोभियत संघ लगायत पूर्वी यूरोपबाट समाजवादको पतन हुनु भन्दा अगावै "आत्म-मूल्यांकन" गर्ने अभियानलाई शुरू गऱ्यो । अझ सोभियत संघबाट समाजवादको पतन पछि त आफ्नै "आत्म-मूल्यांकन" लाई तीव्र पारी पार्टीलाई नै पुनर्गठन गर्ने र "नयाँ परिवर्तित समय" अनुसार आफूलाई स्थापित गर्नका लागि कम्युनिष्ट पार्टी स्थापनाको ७१ वर्ष पछि असजिलो मानी मानीकन आफ्नो ४२ औं कंग्रेस लण्डनमा गरे ।

यसले "वामपन्थीहरूको लचकिलो र फराकिलो राजनीतिक संघ (एशोसियसन) निर्माण गर्ने" नीति तय गरेर आफ्नो विधानमा सृजनात्मक मार्क्सवाद, महिलावाद, जातिवाद विरोध र वातावरणको पक्षधरता आदिलाई समावेश गर्ने कुरा पारित गऱ्यो । अझ एक पाइला पछाडि फर्की उक्त कम्युनिष्ट पार्टीले सन् १९९१ मा विशेष, तर अन्तिम ४३ औं पार्टी कांग्रेस बोलाई "पार्टीलाई मार्नु भन्दा नयाँ रूपमा बचाउनु वेश" भन्ने तर्कसहित पार्टीको नामै फेरिदियो अर्थात् डेमोक्रेटिक लेफ्ट पार्टी नामाकरण गरी नयाँ मानवीय ग्रीन डेमोक्रेटिक समाजवाद को नारा अगाडि ल्यायो । यही नारामा अब पुरानो ब्रिटेन कम्युनिष्ट पार्टी अर्थात् वर्तमानको डेमोक्रेटिक लेफ्ट पार्टीले वार्ता, छलफल, स्कूल र सेमिनारहरू संचालन गरी नयाँ युवा पुस्तालाई प्रभावित पार्ने र पुराना पकडयुक्त ट्रेड युनियनमाथि प्रभुत्व जमाइराख्न खानी- मजदूरहरुको जुलूसमा सहभागिता जनाउने र पोष्टर, ब्याच निर्माण गरी वितरण गर्ने जस्ता सुधारवादी काममा आफूलाई समर्पित गर्न थालेको देखिन्छ । उनीहरूमा मार्क्स, मार्क्सवादी विचार र समाजवादी व्यवस्थाप्रतिको आस्था टाढा टाढा हुँदै गएको छ ।


अर्कोतिर, यसरी लामो संघर्षको परम्परायुक्त ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टी नयाँ परिस्थितिसंग तालमेल मिलाउने नाममा पतनको खाडलमा जाकिएको अवस्थामा स्वतन्त्र रूपमा अस्तित्ववान कम्युनिष्टहरू र पहिले संगठित रूपमा कार्यरत कम्युनिष्टहरूले पुनः कम्युनिष्ट पार्टीको निर्माण गर्ने गहन दायित्व निभाएका पनि छन् । उनीहरूले "दि कम्युनिष्ट पार्टी अफ दि ग्रेट ब्रिटेन" नामक पार्टी निर्माण गरी त्यसको अन्तरिम केन्द्रीय समिति मार्फत् मार्क्सवादी लेनिनवादी कार्यहरुको थालनी गरेका छन् । "दि लेनिनिष्ट" नामक मुखपत्र प्रकाशित गरिरहेको यस पार्टीले वर्तमान विश्व-कम्युनिष्ट आन्दोलनमा आएको संकटको मूल कारण खोज्न देश विदेशमा व्यापक अन्तर्क्रिया चलाउनुका साथै साम्राज्यवाद, पूँजीवाद विरोधी संघर्षको शुरूवात गरेको छ । गत वर्षको मई महीनाको २ तारिखमा मई दिवसको उपलक्ष्यमा लण्डनको कैमडेन टाउन हलमा एउटा अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलन समेत आयोजित गरी अमेरिकी साम्राज्यवाद विरोधी संघर्षलाई विश्वव्यापी रूपमा एकीकृत गर्दै लाने कामको थालनी गर्दै आगामी मई महीनामा पनि यस्तै साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने समझदारी कायम गरेको छ ।

यी सबका बाबजूद पनि ब्रिटेनको कम्युनिष्ट आन्दोलनमा देखा परेका सोभियत परस्त संशोधनवादी विचार वा युरो कम्युनिज्म जस्ता संशोधनवादी र विसर्जनवादी विचार र प्रवृत्तिहरूबाट नव निर्मित कम्युनिष्ट पार्टीले आफूलाई कत्तिको बचाउने हो र सचेत वर्ग-संघर्ष र जन-संघर्षहरूमा नेतृत्वदायी भूमिका निभाउने हो,सबैको चासोको विषय बनेको छ । ◘

– राजेन्द्र महर्जन

# एल सालभाडोर : छापामारहरूको निशस्त्रीकरण

१३ वर्ष अगाडिदेखि एल साल्भाडोरमा अमेरिकी साम्राज्यवादको कठपुतली सैनिक सरकारको विरोधमा सशस्त्र संघर्ष गर्दै आइरहेको पपुलर लिबरेशन फोर्स (FDL) पिपुल्स रिभोल्युसनरी आर्मी (ERD) जस्ता वामपन्थी छापामार समूहहरूको संयुक्त मोर्चा- फाराबुन्डो मार्टी नेशनल लिबरेशन फ्रन्ट (FMLN) र राष्ट्रपति अल्फ्रेड्रो क्रिश्चियानीको प्रतिक्रियावादी सरकारबीच गत वर्षको जनवरी महीनामा संयुक्त-राष्ट्र संघको मध्यस्थतामा शान्ति-संझौता भएको थियो । सरकारको असहयोगको कारणले वामपन्थी छापामारहरूका लागि यो शान्ति सम्झौता आत्मघाती साबित हुने संभावनामा वृद्धि भएको छ ।



संझौता अनुसार सरकारले ५६ हजार सरकारी सैनिकलाई २० हजारमा कटौती गर्न, शान्ति-सुरक्षाको भार प्रहरीहरूले मात्र सम्हाल्नु पर्ने, जन-हत्यारा सैनिक, प्रहरी तथा प्रशासकदेखि रक्षामन्त्री रेने एमिलियो पोन्से सहित १०२ जनालाई कारवाही गर्ने र किसान तथा विद्रोही छापामारहरूलाई जमीन वितरण गर्ने बुँदा पालना गर्नु पर्ने र यसको बदलामा छापामारहरूको मोर्चाले आफ्ना १०हजार भन्दा बढी गुरिल्लाहरूलाई निशस्त्र पारी राष्ट्रिय राजनीतिमा सहभागी हुनु पर्ने प्रावधान छ । यस अनुसार छापामार मोर्चाले तीन चार खेप गरी गत डिसेम्बर महीनाभित्रमा आफ्ना सम्पूर्ण छापामारहरूलाई निशस्त्र गरे तर उता क्रिश्चियानीको सरकारले संझौताका ती बुँदाहरूलाई लागू नगरी उल्टै अमेरिकाको आडमा १९९४ को मइ महिनासम्म ढीला गर्ने घोषणा गरेर संयुक्त राष्ट्र -संघलाई समेत बेवास्ता गऱ्यो । राष्ट्र संघीय महासचिव डा.बुत्रोस घालीद्वारा संझौताको पालनाका लागि सरकारलाई दिइएका दबावहरू पनि अप्रभावकारी साबित भइरहेका छन् । यस स्थितिमा छापामार मोर्चाले आफ्नो बेहोशीपूर्ण आत्मघाती निशस्त्रीकरणबाट पाठ सिक्न जरूरी छ र फेरि हतियार उठाउन जरूरी छ ।

साम्राज्यवादको आडमा रहेका प्रतिक्रियावादीहरू कत्ति झूठ र धोकेबाज हुन्छन् भन्ने कुराको यो एक ताजा उदाहरण हो । वामपन्थीहरूलाई हरतरहले निशस्त्र पार्ने साम्राज्यवादी षड्यन्त्र विश्वव्यापी रूपमा चलिरहेको अहिलेको स्थितिमा यो घटनाबाट विश्वभरिका न्यायको लागि लडिरहेका वामपन्थीहरूले पाठ सिक्न जरूरी छ र उनीहरूको ठगीबाट बच्न तीक्ष्ण सजगता विकास गर्न जरूरी छ । ◘

# कोलम्बिया: वामपन्थी आक्रमण तीव्र

समाजको आमूल परिवर्तनका लागि ४० वर्ष अगाडिदेखि सशस्त्र संघर्ष गर्दै आएको कोलम्बियन रिभोल्यूशनरी आर्म्ड फोर्सेज (FARC) का वामपन्थी छापामारहरूको भीषण आक्रमणबाट भयभित भई राष्ट्रपति सिजर गाभिरियाले गत कार्तिक २४ गते लागू गरेको आपत्कालीन स्थिति ३ महीनाको समय अवधि पूरा हुन लागेतापनि त्यसलाई अन्त्य गर्ने कुनै संकेत पाइएको छैन ।

राष्ट्रव्यापी रूपमा ३ हप्ताका लागि आक्रमण अभियान चलाउने क्रममा उक्त समूहका वामपन्थी छापामारहरूद्वारा कार्तिक २३ गते मात्रै मेडलीन, ला सेज र सिज्नेरोज लगायत उत्तरी-पश्चिमी एन्टिक्वीआ प्रान्तका ११ वटा शहरमा बिहानदेखि रातिसम्म बैंक, पसल, अफिसहरूमा व्यापक बम-प्रहार गर्ने क्रममा २५ पटक बम आक्रमण भएपछि यसरी आपत्कालीन स्थिति लागू गरिएको थियो । त्यसको अघिल्लो दिन गुरिल्लाहरूले राष्ट्रको तेलको मूल पाइप-लाइन नष्ट गरी राजधानी बोगोटामा बम आक्रमण गरेको र तेलको धनी क्षेत्र, इक्वेडरको सीमा नजिकैको दक्षिणी क्षेत्रमा रहेको ओरिटो गाउँमा पालो बसिरहेका ३१ प्रहरीमाथि आक्रमण गरी २६ जनालाई मारेका थिए । सैनिक तथा चर्चहरूको सहयोगमा त्यस आपत्कालीन स्थितिको फाइदा लिंदै सरकारले जमीन र आकाशबाट आक्रमण गरी वामपन्थी छापामारहरूलाई नष्ट पार्ने अभियान चलायो । यो अभियान चलाईरहेकै बेला जल, थल तथा हवाई सैनिक सर्वोच्च कमाण्डरहरू र सबै सैनिक बलका प्रमुख कमाण्डरले समेत राजिनामा दिए । यो राजिनामाको घटनाले सरकारको शक्तिमा कमी आएको देखिएको छ । यता कोलम्बियन रिभोल्यूशनरी आर्म्ड फोर्सेज (FARC) ले आफ्ना १० हजारभन्दा बढी गुरिल्ला र आफू पनि सहभागी भईरहेको संयुक्त मोर्चा सिमोन बोलिभार गुरिल्ला कोअर्डिनेटर (CGSB) को एक घटक तथा सहयोगी नेशनल लिबरेशन आर्मी (ELN) का ५ हजारभन्दा बढी गुरिल्लाहरूलाई संयुक्त रूपमा परिचालन गर्दै देशको

बाँकी २४ पेजमा

# नेपाली नदीहरूबाट विजुली निकाल्न भारत बाहेक अरू विकल्प के छ ?

*- गोविन्दप्रसाद लोहनी*

**नेपालका प्राकृतिक संपदाहरु मध्येको एक महत्वपूर्ण संपदा "जलस्रोत" को विकासको निमित्त र बजारको निमित्त के भारत मात्रै एक मात्र विकल्प हो कि अरू पनि कुनै विकल्प छ ?**

पहिलो विकल्प त नेपाल नै छ । हामीलाई हाम्रै औद्योगिकीकरण, यातायात आदिको लागि बिजुली चाहिएको छ । त्यसकारण, नेपालको आफ्नो विकासको लागि उपयोग गर्नु पहिलो विकल्प हो । दोस्रो विकल्प भारत हो ।

हाम्रो नेपालको स्थिति कस्तो भएको छ भने दिनपरदिन हाम्रा निर्यात गर्ने बस्तुहरू घट्दैछन् र पैठारी गर्ने बस्तुहरू बढदैछन् । निर्यात नगरी पैठारी गर्न सकिन्न । दिनप्रतिदिन भारतसंग नेपालको शोधनान्तर स्थिति (Balance of payment) advance हुँदै गएको छ ।

नेपालको भविष्यको विकासका निम्ति प्रमुख आशाका किरण हुन् - पर्यटन उद्योग र जलस्रोत । हाम्रा ठूला ठूला नदीहरूका जलस्रोतहरूको बजारको लागि दोस्रो विकल्प भारत हो भने पूर्वी नेपालको केही नदीहरूको बिजुली चाँहि बंगलादेशको सीमा पनि नजीक पर्ने हुनाले त्यहाँ पनि जान सक्छ । यसभन्दा टाढाका पाकिस्तान, श्रीलंका, वर्मा वा अमेरिका, जापान, जर्मनी आदि देशसम्म यो जान सक्ने कुरै भएन ।

**जलविद्युतको विकासमा भारतले सहयोग गरेन भने वा हामीसंग रहेको बिजुली भारतले खरिद गर्दिन भन्यो भने हामीलाई कति घाटा पर्ने यहाँले देख्नु भएको छ ?**

भारतले खरिद गर्दिन भन्यो भने हामीले साना जल विद्युत आयोजना निर्माणतिर लाग्नु पर्ने हुन्छ । हामीले हाम्रो जलस्रोतको पूर्ण उपयोग गर्न सक्दैनौं । यस्तो भएमा कर्णाली, पंचेश्वर, बुढी गण्डकी अर्थात् १०, १२, १५ वा २० लाख किलोवाटका आयोजनाहरूमा हामीले हातै नहाले पनि भयो । घरेलु उपयोगका लागि १, २ वा ३ लाख किलोवाटसम्मका आयोजनाहरूमा मात्रै हात हाले पुग्यो ।

एउटा कुरा के छ भने, जति सानो आयोजना भयो, जलविद्युतमा प्रति युनिट उत्पादन खर्च बढी पर्ने हुन्छ, जति ठूलो भयो उति यो सस्तो पर्ने हुन्छ ।

**हामी आफूले मात्रै अर्थात् भारतको सहभागिता विना नै पनि जल-विद्युत आयोजनाहरू निर्माण सम्पन्न गर्नु पर्‍यो भने साधन जुट्न सक्ने श्रोतहरू के के हुन सक्छन् भन्ने देख्नु भएको छ ?**

यो गम्भीर कुरा हो । यस्तो भयो भने हामी एक्लै टिक्न सक्छौं कि सक्दैनौं ? भन्ने कुरामा शंका हुने हुनाले विश्व बैंक आदिले चाख नलिन पनि सक्छन् । किनभने, यसो हुँदा विद्युतबाट कमाएर तिर्न सक्ने हाम्रो क्षमतामा उनीहरू विश्वस्त हुँदैनन् ।

अब आयो अनुदान लिएर जलविद्युत आयोजना सम्पन्न गर्ने कुरा । यो भनेको अरूको दया-मायाको कुरा हो । यसो भएकोले १०।१२ हजार कि.वा. अथवा २०।३० हजार किलोवाटसम्मका केही योजनाहरू मात्र हामीलाई सहयोग गर्न चाहने देशहरूले बनाइदेलान् । जस्तो त्रिशुली र देवीघाट जलविद्युत आयोजना भारतको अनुदानबाट बन्यो ।



*विद्युतीकरण नेपालको औद्योगिकरणसंग अभिन्न रूपले गाँसिएको एउटा प्रमुख समस्या हो । पर्याप्त विद्युत स्रोत विना उद्योगहरूको विकास संभव छैन । विज्ञहरू नेपालका नदीहरूबाट करीव ८ करोड किलोवाट बिजुली निकाल्न सकिने संभावना छ भनीरहेकाछन् । यस हिसावले अहिले हामीले हाम्रो कूल क्षमताको २ प्रतिशत पनि विद्युत उत्पादन गर्न सकिरहेका छैनौं । विद्युत हाम्रो निर्यातको प्रमुख संभावना हो भन्ने कुरामा कुनै विवाद छैन । यस स्थितिमा हामी नेपालका नदीहरूबाट कसरी यथासंभव छिटो र यथासभव राष्ट्रको दीर्घकालीन हितमा, बढी भन्दा बढी बिजुली उत्पादन गर्न सक्छौं ? यो हाम्रो देशको विकासको प्रमुख समस्या हो । कोशी, गण्डकी र टनकपुरको समस्यापछि - के प्रश्न टड्कारो रूपमा उठेको छ भने - नेपालको विद्युतीकरणमा भारतले सहयोग गर्दा नेपालको सार्वभौमसत्ता र स्वतन्त्रतामा अत्याधिक नोक्सानी पुग्ने शर्तमा मात्र सहयोग गर्छ भने हामीसित अर्को विकल्प के छ ? कसरी हामी अरू उपायबाट विद्युतीकरणका लागि पूँजी र प्रविधि जुटाउन सक्छौं ? भारतसित सहयोग लिंदा पनि हामीले कसरी लिनु हाम्रो राष्ट्रको दीर्घकालीन हितमा हुन्छ ?*

*यिनै प्रश्नमा यस विषयका विज्ञहरूको विचार र दृष्टिकोण प्रस्तुत गर्ने उद्देश्यले यस पटक हामीले प्रशिद्ध अर्थविद गोविन्दप्रसाद लोहनीसित विस्तृत कुराकानी गरेका थियौं । प्रस्तुत छ- कुराकानीका मूल अंशहरू - सं.*

यी भन्दा अलि ठूला भएकाले कुलेखानी र मर्स्याङदी जस्ता योजनाहरू भने ऋण लिएर मात्र बनेका हुन् । यी मझ्यौला स्तरका योजना भएकाले, यत्तिसम्म त नेपालले तिर्न सक्ला भनेर ऋण दाताहरुले ऋण दिएका हुन् । यो ऋण र यिनीहरूका शर्तहरू हामीलाई "सेतो हात्ती" भइदिएका छन् । नेपालभित्रका भ्रष्टाचार, कमिसनखोरीको कारण एक करोडमा हुने कामलाई १० करोड रूपियाँ लाग्न पुग्छ । मर्स्याङदी योजनाको शुरू अनुमानित लागत ३०-३५ करोड थियो, पछि बढ्दै बढ्दै गएर यो १५२ करोड भइदियो । कुलेखानीको त्यस्तै भयो । लागत एकदमै ज्यादा पर्न गएर ग्राहकहरू पनि अनाहकमा बढी शुल्कको मारमा पर्न गए । हाम्रा जानकार विशेषज्ञहरू धेरै भ्रष्ट छन्, हामीले तिनीहरूबाटै काम लिनु पर्ने हुन्छ ।

**यस्तो स्थितिमा बहु-राष्ट्रिय कंपनिहरूले हाम्रा ठूला विद्युत योजनाहरूमा चाख राखेर तिनीहरूलाई संचालन गर्न आउन सक्ने संभावना तपाईले कति देख्नु भएको छ ?**

यस्तो संभावना छ कि जस्तो मलाई लाग्छ । किनकि केही अरू देशहरूमा यस्तोमा बहुराष्ट्रिय कंपनिहरूले हात हालेका छन् । यी कंपनिहरू पनि निजी क्षेत्र नै हुन्, त्यसैले यिनीहरू "लाभ" हुने देखेमा "लगानी" गर्न तम्सिन सक्छन नै । जस्तो कि हामीले कर्णाली प्रोजेक्ट देखायौं, भने आफैं आएर सर्भे गरेर, निर्माण खर्च, सरकारी रोयल्टी र कर आदि हिसाब गरी खुद नाफा कति हुन्छ, त्यो हेरेर उनीहरूले यस्तोमा आँट गर्न सक्छन् । हाम्रो विद्युत भारतले कति किनीदिन्छ र यसरी भारतलाई कुन दरमा बेच्दा कति नाफा हुन्छ भन्ने कुराले उनीहरूको संभावित निर्णयमा असर गर्छ । आफूलाई "पर्ता पर्ने" भएमा उनीहरू आउँछन् । यो संभावना छ ।

**यसमा भारतको "बजार" को कुरा पनि जोडियो । भारतले बजार दिनका लागि सहमति जनाएमा मात्र हामीलाई सजिलो पर्ने भयो । नेपालका यस्ता परियोजनाहरूलाई "पर्ता पर्ने" किसिमले बिजुली किनीदिनका लागि खुदै भारतलाई उसको विद्युतको घरेलु मागको चाप कति छ ? अर्थात् हामीसंग बिजुली किन्नु पर्ने मागको चाप उसलाई कति छ ?**

भारतलाई उर्जाको कमी निश्चय नै छ । विद्युत कम भएर भारतका धेरै शहरहरूमा उद्योगहरू आधा-क्षमतामा मात्र काम गरिरहेका छन् । यसकारण, कहींबाट बिजुली पाए हुन्थ्यो भन्ने चाहिं भारतलाई छ । उत्तर भारतमा उर्जाको त्यत्ति ठूला योजनाहरु पनि छैनन् । जति दक्षिण भारतमा छन् ।

भारतले पनि बहु-राष्ट्रिय कंपनिहरूलाई गुहारीरहेको छ । भारतभित्रैका नीजि-क्षेत्रहरूलाई पनि भारतले यस क्षेत्रमा लगाउने नीति लिएको छ । अंग्रेजकै समयमा पनि पूरै बम्बै शहरलाई विजुली सप्लाइ "टाटा" ले गर्दथ्यो । २ लाख कि.वा. विजुली निकालेर यसले यो वितरण गरेको थियो । पछि त्यतिले नपुग्ने भएपछि सरकारले थप विजुली निकाल्यो । कलकत्तामा विगतमा पनि विद्युतमा नीजि क्षेत्र संलग्न थियो । त्यसकारण, भारत नीजि क्षेत्रसंग अनभिज्ञ छैन । त्यसैले बहुराष्ट्रिय कंपनिहरूले नेपालमा पनि विजुली निकालेर बेच्छन् भने भारतले स्वागत नै गर्ला ।

**विश्व बैंक लगायतका संस्थाहरूसंग नेपाल आफैले ऋण लिएर विद्युत आयोजनाहरू निर्माण गर्न सक्ने संभावना कति छ ?**

भारतलाई विजुली बेच्नु पर्ने खालका ठूला परियोजनाहरू भए भारतले "किनीदिन्छु" भनी ग्यारेण्टी नबसी हामीलाई यी संस्थाहरूले ऋण दिँदैनन् । हैन, हामीले नै उपयोग गर्ने विजुली हो भने चाहिं हाम्रो क्षमता हेरेर दिन्छन् नै तर भारत ग्यारेण्टी बसेको खण्डमा हाम्रो वजन ज्यादा बढ्ने हुन्छ ।

**भारतले नकिने पनि के नेपालले नै उपयोग गर्ने विजुलीको मात्रा पर्याप्त हुन सक्दैन ? उपयोगको संभावना नेपालले आफैंमा खोज्न सक्दैन ?**

धेरै धेरै विजुली त नेपालले कसरी उपयोग गर्न सक्छ र ? जस्तो, कर्णालीको प्रथम चरणबाटै ३६ लाख किलोवाट विजुली निस्कन्छ । यो यस्तो क्षेत्रमा निस्कन्छ, जसलाई काठमाण्डौसम्म ल्याउन धेरै महंगो पर्छ । नेपालगंज लगायतका क्षेत्रसम्म ल्याउन सकिन्छ । त्यहाँ बढीमा १०,१५ वा २०,२५ हजार किलोवाट उपयोग होला । कि त त्यता हामीले ठूला ठूला उद्योगहरू स्थापनामा लगानी गर्नु पर्‍यो । विजुलीबाट रासायनिक मल बनाउने १२-१५ वटा मल कारखानाहरू कर्णाली-क्षेत्रमा हामीले स्थापना गर्नु पर्‍यो । यसो गर्न सक्यौं भने त्यो विजुलीको प्रयोग होला । कि त "हामी विजुली निकाल्छौं, मल कारखाना तिमीहरू आएर खोल" भनी जापान, जर्मनी वा बहुराष्ट्रिय कंपनिहरूलाई भन्नु पर्‍यो ।

**हाम्रो घरेलु मागकै हिसाबले पनि आगामी केही वर्षभित्रकै लागि पनि हामी आफैंलाई थप विजुलीको खाँचो त परिसक्यो, किनभने हामीले "लोडसेडिंग" त अहिले नै व्यहोर्नु पर्दैछ । हाम्रो जनसंख्या वृद्धिको र औद्योगिकरणको वृद्धिको संभावित अनुपातका आधारमा पनि त अरु घरेलु माग थपिएला नि ।**

४०-५० हजार किलोवाट विजुलीको कमी त नेपालभित्रै अहिले नै भैसकेको छ । वर्षैपिच्छे ४०-५० हजार किलोवाट माग बढ्दै जानेवाला छ । थप प्रवन्ध नहुने हो भने हरेक वर्ष भारी लोडसेडिंग थपिँदै जाने कुरा अनिवार्य छ ।

**यस हिसावले हाम्रो आफ्नै यी आवश्यकताहरू पूर्ति गर्नका लागि पनि विश्व बैंक वा बहुराष्ट्रिय कंपनिहरूका स्रोत-साधनहरु प्रयुक्त गर्न सकिने संभावना कति छ ?**

संभावना त छ नि ! यसको लागि पनि २ लाख वा ३ लाख किलोवाटका प्रोजेक्टहरूमा हात हाल्नु पर्ने हुन्छ । यो भनेको ३।४ अरब डलरको प्रोजेक्ट हो । यो रकम पनि खेलवाडको कुरो हैन । यो व्यहोर्न बहु-राष्ट्रिय कंपनिहरू आदिले मात्र सक्छन् । हामी एक्लैले व्यहोर्न सक्दैनौं ।

**अब टनकपुरको सन्दर्भमा केही कुराकानी गरौं । महाकाली नदीको उपयोगबारे हामीले भारतसंग सन्धि गर्नु पर्‍यो भने हामीले भारतसंग के कति मात्रामा हकदावी गर्नु न्यायोचित होला भन्ने तपाईको राय छ ?**

यसबारे मेरो विचारमा, सर्वप्रथम, महाकाली नदीलाई नेपाल र भारतको साझा नदी हो भनी स्वीकार्नु पर्‍यो, यो कुरा सन्धिमा किटानी हुनु पर्‍यो । नदीको संयुक्त स्वामित्वको कुरा प्रष्ट भएपछि मात्र त्यस हैसियतबाट त्यसको पानी र पानीबाट प्राप्त कुराहरुमा पनि संयुक्त स्वामित्वको हाम्रो हक रहन्छ । अनि त्यो पानी भारतले प्रयोग गरेवापत उसले हामीलाई के कति तिर्ने भन्ने कुरा आउँछ ।

दोस्रो कुरा, परियोजनाका लागि नेपालले दिनु पर्ने नेपालको जग्गा, डुवान हुने नेपालको क्षेत्र आदिमा नेपालको स्वामित्व रही रहने कुरा र त्यो कति वर्षका लागि दिइएको हो भन्ने कुराको प्रष्ट किटानी हुनु पर्‍यो ।

यी दुई कुराहरू हाम्रो सार्वभौमिकताका कुराहरू भए ।

अब यसपछि मात्र यो सार्वभौमिकताबाट नि:सृत हुने लाभको कुरा आउँछ । यसमा भने, सबै लगानी भारतले नै गरेता पनि हाम्रो भागको आधा पानी पनि प्रयोग भएर विजुली निकालिएको हुनाले नेपालले यति विजुली सित्तैमा पाउनु पर्छ भनी माग राख्नु पर्छ । मेरो विचारमा ५ करोड युनिट विद्युत नेपालले मुफतमा पाउनु पर्छ । त्यस पछिको ५ करोड युनिट भने नेपालले पर्ता-मोलमा (लागतमूल्यमा) पाउनु पर्छ । यसरी जम्मा १० करोड युनिट भयो । अब यसपछिको १० करोड युनिट चाहिँ भारतीय जनताले पाउने व्यापारिक-मूल्यमा हामीले किन्न पाउने शर्त रहनु पर्छ । यसरी ५ करोड युनिट सित्तैमा र १५ करोड युनिट खरिद गरेर हामीले पाउनु पर्ने माग नै उचित माग हो भन्ने मलाई लाग्दछ ।

यसै गरी सिंचाईपट्टि पनि यस्तै अनुपातमा माग गरिनु पर्छ । अहिले हामीले पाउने भनेको १५० क्युसेक भनेको अन्यन्त कम हो, नगण्य हो ।

□

# इरानः नयाँ अरब शक्तिमा बदलिन प्रयत्नशील

*(मूल्यांकन आर्थिक समीक्षकबाट)*



ग्यास र तेलभण्डार

१९८० देखि १९८८ सम्म चलेको इरान-इराक युद्धपछि इरान अब नयाँ अरब- शक्तिका रुपमा आफूलाई विकास गर्न भरमग्दूर प्रयत्न गर्दैछ । आफ्नो रणनीति नै अहिले यसले यही कुरालाई बनाएको छ । खाडी युद्धमा इराकको अर्थतन्त्रको बर्बादी र इरानको आफ्नै बिशाल तेल भण्डार र प्राकृतिक ग्यास भण्डारमा आधारित आर्थिक निर्माणको कार्यक्रमले इरानलाई यस्तो गर्न सक्ने संभावना प्रदान गरेको छ ।

इरान अहिले प्रतिदिन ४० लाख ब्यारेल तेल उत्पादन गर्दैछ र आउँदो मार्च सम्ममा प्रतिदिन ५० लाख ब्यारेल तेल उत्पादन गरीसक्ने यसले लक्ष्य राखेको छ । तेलको यस बिशाल उत्पादनले इरानलाई बिश्वमा दोश्रो सबैभन्दा ठूलो तेल-निर्यातकर्ता मुलुक बनाएको छ । इरान भन्दा अगाडि अहिले साउदी अरेबिया मात्रै छ, यसले प्रतिदिन ७५ लाख ब्यारेल तेल निर्यात गर्दछ ।

इरान अहिले तेलमा अधारित भएर आफ्नो उद्योगको पुनर्निर्माण गर्न खोजिरहेछ । साथसाथै तेलको आयातबाट अत्याधुनिक हात-हतियार र बिमानको खरिद पनि उसले बढाउँदै लगिरहेको छ । यसको रक्षा-बजेट मात्रै अहिले २ अरब डलरको छ । यसले अब भित्रभित्रै आणविक हतियार बनाउने क्षमता समेत हासिल गरेको दावी हालै सि.आइ.ए.ले आफ्नो रिपोर्टमा प्रकाशित गरेको छ । यो बर्ष तेलको बिक्रीबाट मात्र यसको आम्दानी ?० अरब अमेरिकी डलर पुग्दैछ । अघिल्लो दशकको तुलनामा यो आम्दानीको अनुपात दोब्बर हो । गएको दुई बर्षमा यसले तेल उत्पादनमा आफ्नो लगानी १५ गुना बढाएको छ ।

तर इरानको मूल पाकृतिक- श्रोत तेल मात्र हैन । यससित ६०० अरब क्यूबिक फिट प्राकृतिक ग्यासको भण्डार पनि छ । रुसको पछि यो भण्डार संसारको दोश्रो सबैभन्दा ठूलो प्राकृतिक ग्यासको भण्डार हो । इरानको रणनीति अहिले के छ भने, यसले घरेलु-उपयोगको लागि प्राकृतिक ग्यासको प्रयोग बढाउँदै लानेछ । ता कि बढी भन्दा बढी तेल बचाएर निर्यात गर्न सकियोस् ।

तेलको उत्पादन प्रतिदिन ५० लाख ब्यारेल पुऱ्याउन ५ अरब डलरको लगानीको जरुरत पर्दछ, खास गरी ड्रिलिङ र तेलको खोजीको निम्ति र यस सम्बन्धी बिशेषज्ञ सेवाको निम्ति । इरानले अहिले पूँजीको समस्या जर्मनी, जापान, फ्रान्स, बिटेन र इटालीसंग २० अरब डलर ऋण लिएर हल गर्दैछ । तेल भण्डारको ड्रिलिङ र खोजीको लागि यसले पश्चिमी र जापानी तेल कंपनीको बिशेषज्ञ सेवा प्रयोग गर्दैछ । इरानले तेल निर्यात गर्ने मुख्य मुलुक पनि पश्चिमी यूरोप र जापान नै हुन् ।

राष्ट्रपति रफसन्जानीको नेतृत्वमा इरानको पर्सिएन खाडीको सबैभन्दा ठूलो शक्ति बन्ने मनसुबा पूरा होला नहोला, त्यो भबिष्य नै बताउनेछ, तर इरानको सम्पूर्ण दीर्घकालीन योजना अहिले त्यही दिशातिर फर्किएका छन् । □

महाशक्ति बन्न प्रयत्नरत

# जापानलाई पनि मन्दीले अँचेट्यो !

विश्व पूँजीवादी खेमामा हलचल मच्चाईरहेको जापानको अर्थतन्त्रमा पनि यस वर्ष मन्दी आउन थालेको संकेत मिलेको छ । यद्यपि जापानको व्यापार बचत अझ पनि ९० अरब डलर भन्दा पनि बेसी छ र यस वर्ष १ खरब २० अरब डलर नाघ्ने अनुमान छ, तथापि यसको औद्योगिक उत्पादन र यूरोपेली देशहरुसितको व्यापार दुवै उल्लेखनीय रुपमा घट्न थालेको छ ।



जापानी प्र.म. मियाजावा

औद्योगिक उत्पादन गत वर्षको तुलनामा यस वर्षभरि ८.० प्रतिशतले घटेको छ । गएको १४ महिनादेखि यो यही अनुपातमा लगातार घटिरहेको छ । देशका ५० वटा मुख्य निर्माण कम्पनीहरुले प्राप्त गरेको अर्डर गत वर्ष भन्दा ८.१ प्रतिशतले घटेको छ । यस्तो घटेको ८ महिना भईसकेको छ ।

जापानी बजारमै उपभोग्य मालको बिक्रीमा पनि गिरावट आएको छ । जापानका मुख्य डिपार्टमेण्टल स्टोर (सबै सामान एवं ठाउँमा पाइने सरकारी वा गैर- सरकारी बिक्री स्टोरहरु) र सुपर-मार्केटहरुमा गत वर्षभन्दा ३.२ प्रतिशतले बिक्री घटेको छ । यो अनुपातमा लगातार बिक्री घट्न थालेको ६ महिना भएको छ ।

जापानको बरोजगार बृद्धि दर पनि २.३ प्रतिशतमा चुलिएको छ । यो दर मई १९८९ यता सबैभन्दा बेसी हो । स्मरणीय छ, गत साल बेरोजगारको अनुपात २.१ प्रतिशत थियो । अहिले जापानमा प्रत्येक १०० रोजगारी-दरखास्त-दाता मध्ये ९३ लाई मात्र रोजगारीको अबसर प्रदान हुने स्थिति छ ।

जापानको कार, ट्रक र बसहरुको निर्यात पनि घटेको छ । जापान अटोमोबाइल एशोशियसनको भनाइ अनुसार गत: वर्षभन्दा यो ११.६ प्रतिशतले घटेको छ र यही अक्टोबर महीनाको भन्दा चाहि ९.३ प्रतिशतले घटेको छ । तर यता यसरी अर्थतन्त्रमा मन्दी छाउन थालेपनि जापानको महाशक्ति-राष्ट्र बन्ने महत्वाकांक्षी योजनामा भने कुनै कमी आएको छैन । १९९३ को मस्यौदा बजेटमा जापानले फेरि पनि आफ्नो रक्षा बजेटमा २ प्रतिशतले बृद्धि गरेको छ र कुल सैनिक-खर्चमा सबैभन्दा बढी खर्च गर्ने संसारकै तेस्रो ठूलो राष्ट्र बनेको छ । विकासोन्मुख देशमा आफ्नो पकड र प्रभाव बृद्धि गर्न यसले ती देशहरुलाई दिइने आर्थिक सहायता रकम १९९३ लागि ६.५ प्रतिशत बृद्धि गरेर १ खरव १ अरब येन पुऱ्याउने घोषणा गरेको छ ।

उता जापानले आफ्नो मुलुकमा ३६ टन प्लुटोनियम थुपारेको र सन् २०१० सम्ममा यो १२० टन पुऱ्याउने योजना रहेको खबर छ । यसबाट जापानले चाहेमा तुरुन्त असंख्य आणविक हातहतियार बनाउन सम्भव छ । यसले भर्खरै कम्बोडियामा "शान्ति सेना" पठाउने निर्णय गर्नु पनि उत्तिकै अर्थपूर्ण छ । जुन देशको संविधानमा सेना निर्माण र युद्धमा सहभागितामाथि नै प्रतिबन्ध लगाइएको छ, त्यो देशको सैनिक -बजेट यति ठूलो किन ? त्यो मुलुकमा यति धेरै प्लुटोनियमको भण्डार किन ? त्यो देशले संविधान मिचेर बाहिर सेना पठाउने निर्णय गर्ने किन? त्यो देशले विकासशिल राष्ट्रलाई दिइने "सहायता रकम" विश्वमा सबैभन्दा बेसी बृद्धि गर्दैछ किन ? यो पनि यस्तो बेलामा जब जापानले चर्को आर्थिक मन्दी भोगिरहेछ ! के यसको पछाडि राम्रो नियत मात्र छ ?

यी सबै अन्तरविरोधपूर्ण परिघटनाहरुले एउटै दिशातिर संकेत गरिरहेछ - जापान येन केन प्रकोरण पूर्वको महाशक्ति राष्ट्र बन्न खोज्दै छ । तीस र चालीसको दशकको जापानको बृद्ध सैनिकबाद भोगेका पूर्वका सबै राष्ट्रहरु र सबै उत्पीडित राष्ट्रहरु होशियार बन्न जरुर भएको छ । □

तथ्यांक स्रोत: International Herald Tribune Dec. 26-27, 1992.

## जापानको रक्षा खर्चमा कसरी बृद्धि भईरहेछ ?

| वर्ष | रक्षा खर्च अरब, येनमा | बृद्धि प्रतिशत |
|---|---|---|
| १९५० | १३१.० | - |
| १९६० | १५६.९ | १९.८ % |
| १९७० | ५६९.५ | २६३.% |
| १९८० | २,२३०.२ | २९१.६% |
| १९९० | ४,१६०.० | ८६.५% |
| १९९१ | ४,४४०.० | ६.७% |
| १९९२ | ४,५५०.० | २.५% |

तथ्यांक स्रोत:
The Pyongyang Times August 15,1992.

## उन्नत पूँजीवादी मुलुकहरुको ताजा हाल

| देश | व्यापार बचत (अरब, डलरमा) | विदेशी ऋण (अरब, डलरमा) | मुद्रास्फीति दर | वेरोजगार जनसंख्या | कूल गार्हस्थ्य उत्पादन बृद्धि दर |
|---|---|---|---|---|---|
| जापान | ९०.०८ | ० | २.४% | २.२% | १.१% |
| अमेरिका | (-) ३४.२४ | ६६४.० | ३.०% | ६.३% | ३.९% |
| जर्मनी | (-)२०.४८ | ० | ४.८% | ५.९% | १.२% |
| फान्स | (-) ६.१५ | ९.६ | ३.२% | ९.७% | १.०% |
| बिटेन | (-)७.७७ | ० | ३.६% | ९.५ | (-)०.७% |
| इटाली | (-) १२.७३ | ३६.९ | ५.२% | १०.८% | २.०% |
| क्यानाडा | (-) २५.८४ | १४९.४ | १.७% | १०.०% | १.९% |
| अष्ट्रेलिया | (-) ९.०५ | ११५.५ | ०.९% | - | २.१% |

तथ्यांक स्रोत: वेरोजगार सम्बन्धी : IMF, World Economic Outlook 1991अन्य सबै तथ्याक: Asia Week, Dec. 18,1992.

## रूसमा दश हजारको नोट

*पोहोर जनवरीमा खुला बजार- अर्थतन्त्र लागू भएपछि रुसमा मुद्रास्फिति यस वर्ष २००० प्रतिशतले बढेको छ ।*

*बढ्दो मुद्रास्फितिका कारणले सानो सामान किन्न पनि निकै ठूलो नोटको जरुरत पर्न गएकाले त्यहाँ रुसी संसदले १०,००० रुबलका नोटहरु व्यवहारमा ल्याउने अनुमति दिएको छ । यसै वर्ष त्यहाँ ५०००, १०००, ५०० र २०० रुबलका नेटहरु प्रचलनमा ल्याईसकिएका छन् । तर बैंक नोटको अभाव त्यसले धानिरहेको छैन । त्यसैले गएको पुष १० गते, रुसी संसदले यो निर्णय गरेको हो । ○*

*तथ्यांक स्रोत: AP.*

## भूटानी शरणार्थीहरु

# अनिश्चित भविष्य पर्खेर बसेको शिविर

### *"पाहाड, पाखा, ढुंगैढुंगा भए पनि हामीलाई भूटान नै राम्रो लाग्छ"*

सूर्य मध्य आकाशमा हाँसिरहेको भएपनि गर्मी उति थिएन । सिसौं, सखुवा र बर्राको जंगलभित्र हरियो- नीलो त्रिपाल ओडेर अनगिन्ती छाप्राहरु उभिएका थिए । अझ पनि भुटानी शरणार्थीहरु आउने क्रम संगसंगै छाप्रा बनाउने प्रक्रिया जारी छ । ठाउं ठाउंमा स्वास्थ्य- घर र खाद्य तथा अन्य सामग्री सञ्चय गर्नका निमित्त पक्की भवनहरु बनीरहेका छन् । शरणार्थीहरु रहने सबै छाप्राहरु चिमले बारिएका छन् । छाप्राहरुभित्र थोत्रा कपडाहरुमा बेरिएर हत्या, लुट, बलात्कार र क्रुर यन्त्रणाका शीकार भएका हजारौं हजार भुटानीहरु अभाव, वेदना, सन्त्रास र अनिश्चितताको जीवन बाँचीरहेछन् । आफ्नो जातीय अस्तित्व, संस्कृति, भाषा र वेशभुषाको खोजि गर्दा वर्षौंवर्ष रगत पसीना बगाएको, जन्मी हुर्केको मातृभूमिबाट निश्कासित यी हजारौं शरणार्थीहरुको बेलडांगी-शिविर हो यो । यो ठाउं झापाको पश्चिम-उत्तरी मैदानदेखि इलामको चुरे पर्वतसम्म अटेसमटेस भएर फैलिएको छ ।

शरणार्थीहरु रहने जंगल र दमकको गाउं बीच एउटा पुरानो सडक छ, जसको दक्षिण र उत्तर दुवैतर्फ मासु -थुक्पा, चिया नास्ता, जांड रक्सी, चुरोट-बिस्कुट, लिलामी कपडा र फलफूलका अनगिन्ती पसलहरु रहेका छन् । यहां प्राय: सधैं अघोषित हटिया "हाट" लाग्ने गर्दछ । यहांको शिविरलाई १/२/३ गरी तीनवटा क्याम्पको रुपमा बाँडिएको छ । यो बेलडांगी शिविर भुटानी शरणार्थीहरुको सबैभन्दा ठूलो शिविर हो । यहांका तीनवटा क्याम्पहरुमा मात्र चालीस हजार भन्दा बढी शरणार्थीहरु रहेका छन् । यसबाहेक झापाको टिमाई, गोलधाप र मोरडको पथरी गरी अन्य तीनवटा शिविरहरु रहेका छन् । अन्यत्रका शिविरहरुबाट पनि शरणार्थीहरुलाई यहीं ल्याइने चर्चा छ ।

दमकदेखि शिविर स्थलसम्म आवात-जावत गर्नको लागि हाल मिनीबस र जिपको प्रबन्ध गरिएको छ । सडकमा नीलो प्लेटका कारहरु बारम्बार ओहर-दोहर गरिरहेका हुन्छन् । प्रत्येक क्याम्पमा माध्यमिक स्तरसम्मको १/१ विद्यालयको व्यवस्था छ । हामी त्यहां पुग्दा विद्यालयबाट केही छात्र-छात्राहरू आ-आफ्ना छाप्राहरुतिर फर्कंदै थिए । नजीकैको चौरमा रात्री-शिविरको सुरक्षार्थ स्वय-सेवकको तालीम स्वरुप केही युवाहरु कवाज खोलिरहेका थिए । अलि परतिर भलिबल खेल हुँदै थियो ।

"कति जनाको परिवार हुनुहुन्छ ?" - भन्दै केही साथीहरु सहित बेलडांगी दोस्रो क्याम्पस्थित विष्णुमाया गुरुडको छाप्रामा हामी पस्यौं । पत्रकार वा कुनै बाहिरी व्यक्तिहरु त्यहां गए वरपरका छाप्राहरुबाट पनि आ-आफ्ना कथा-व्यथा सुनाउन मानिसहरु भेला हुने गर्दछन् । बाँसद्वारा खाटको रुपमा प्रयोग गर्न बनाइएको टाँडमा हामीलाई बसाई सकेपछि निक्कै पाकी जस्ती महिला विष्णु माँया गुरुड संक्षिप्त उत्तर दिन्छन् - "सात जना" ।

उनको अनुहारभरि राता-सेता टाटाहरु थिए । ती टाटाहरु उनलाई अनुहारमा तातोपानी खन्याइ दिने भुटानी सेनाको वर्वरताका प्रतीक थिए । यस सम्बन्धमा उनी सुस्तरी बताउँछिन् - "खोई, नानी ! पिंखुवा (भुटान) मा रहंदा अन्धाधुन्ध केटाहरुलाई पक्रिन्थे । मेरो छोरा सलबहादुरलाई पनि समाते । "मेरो छोराको कुनै कसुर छैन, छाडी देऊ" भन्दै मैले छोरालाई तान्दा अगेनामा भकभकी उम्लीरहेको चिया ल्याएर मेरो अनुहारमा छ्यापीदिए । छोरा लगेको पनि तीन वर्ष भयो, मरे -बाँचेको केही पत्तो छैन ।"

" अनि यहां चाहिं कसरी आईपुग्नु भयो त ?"

यो प्रश्नको उत्तरमा पिंखुबाटै आएकी मधुमायां क्षेत्री आफ्नो विगत सम्झँदै भन्छिन्- " एकाबिहानै बन्दुक पड्केको सुनियो । आंगनमा निस्केर हेर्दा ६।७ सय आर्मीहरुले पूरा गाउँ घेरीसकेका रहेछन् । आर्मीहरुले "तिमीहरुलाई पर्जातान्दुरी चाहियो हैन ? तिमीहरुको द्यास नेपालमा पनि पर्जातान्दुरी भान्देछ । पर्जातान्दुरी लिन नेपालतिरै जाऊ । यहाँ तिमीहरुको केई पनि छैन । मीठो मीठो खान र पैसा कमाउन आएको हैना ? साप्पै खाईसाक्यो, अब बास्न तिन्दैना, जाऊ" भन्दै हामी सवलाई बाँधन थाल्यो । बाँधीसकेपछि छाती छातीमा बन्दूक सोझ्याएर "यहाँ को को आउन्छा ? कत्ति मान्छे आउन्छा ? भान्, छिटो भान् ।" - भन्दै कसैलाई बन्दूकको कुन्दाले हिर्काए । कसैलाई पर्न्यू जस्तो फलामले पिटे । अलि राम्री र भर्खरकी केटीहरुलाई एउटै बाँकी राखेनन् । जेलमा लगेर ८।१० दिनसम्म बेस्सरी कुट्दै नेपाल जान्छौ कि जाँदैनौ भन्दै रातो दिन छोरी चेलीको इज्जत लुट्ने गर्न थालेपछि अत्याचार खप्न नसकेर "जान्छु" भन्यौं र हामी आयौं ।"

अर्की महिला रत्नमायाँ क्षेत्री, जो स्वयं पनि बालात्कृत भएकी थिइन, उनी भुटानबाट नेपाल पस्नुको दु:खद् कारण यसरी बताउँछिन् - "हामी निन्द्राबाट ब्यूँझीसकेका थिएनौं । आर्मी आएर धमाधम लोग्ने मानिसहरुलाई बाँधेर जेल पठाउन थाले । त्यसपछि हामी आइमाई केटाकेटीहरुलाई लाइन लगाएर केटीहरुमाथि हातपात गर्न थाले । मेरा यी दुईजना लाटी छोरीहरुलाई (देखाउँदै) पनि हातपात गरे । त्यसो नगर भनेर कराउंदा मलाई समेत लाइनबाट झिकेर बलात्कार गरे । तिनीहरुले मेरा छोरीहरुलाई जेलमा पनि कैयौं पटक हातपात गरे । यिनीहरुका बुवालाई मुखबाट खुनै खुन आउने गरी पिटे । आठ दिन जेलमा राखेपछि घर जाँदा सेना र पुलीसहरुले कब्जा जमाईराखेका रहेछन् । भात पकाउने भाँडा कुँडा, अन्न पानी, गाई भैंसी सव खोसेर "तेरो लोग्ने भएको ठाउँमा जा" भने । अत्याचारीहरुले गर्दा छोरीहरु हिंड्नै नसक्ने भए । राइमाना (आसाम) मा आएपछि मेचेहरुले "दबाइ-पानी" गरीदिए । त्यसपछि यहाँ आइपुगिएको छ । "

रत्नमायाकी सात वर्षकी छोरी मुनाले आमालाई "मेरो कुरा पनि भन्देउन" भन्दै चिमोटिन् । तेरो कुरा आफैं भन भनेर आमाले २।३ पटक भन्दा पनि केवल आमालाई चिमोटी रहेकीले मैले "तिम्रो कुरा आफैं सुनाउ है त" भन्दा "मलाई यहाँ घोचीदियो" भन्दै उनको टाउकाको खत देखाइन् । मैले केले घोच्यो भनेर सोद्धा उनले भनिन्- "बन्दुकको टुप्पामा भएको चुप्पीले ।"

"पहिले आमा र बुवालाई हात पिछाडिपट्टि फर्काएर बाँधे, अनि बुवालाई कुट्न थाले । दिदीहरुलाई तानेर उत्तापट्टि लगे । म कहालिएँ अनि मलाई चुप्पीले घोची दियो, त्यसैले चुप लागेर बसें ।"

एक सोझा शरणार्थी लालकुमार जोगी आफ्नो ग्रामीण शैलीमा भन्छन् -" मान्छेहरुले आफ्नो धरम मान्नु पर्छ, प्रजातन्त्र माग्नै पर्छ । के जाति र ऊ जति कुरा भने रे, बक्खु पोले, भाङभुत्रो गरेरे । हामी लाटा-गँड्डालाई थाहै पनि भएन । अलि दिनपछि त तिम्हारु विदेशी हौं भन्दै धोती न टोपी पारेर "चल् चल् चल्" भनी हाल्यो ।"

"मत पल्लो घरमा चड्याम्म, चड्याम्म मान्छे पिट्न थालेपछि भागेर आइहालें ।"- अर्की छिमेकी महिला हरिमायाँ बरालले भनिन् । उनकी छोरी पनि बलात्कारको शीकार भएकी थिइन् ।

"अनि हिजो आज चाहिं यहाँ कसरी दिन बिताइरहनु भएको छ ?" -मैले कुराको प्रसङ्ग बदल्दै सोधें । पुन: विष्णु मायाँ गुरुड पीडा मिश्रित स्वरमा भन्छिन्- "छोराहरु दुईभाइ दिउँसो दाउरा खोज्न जान्छन् । सानो नाति स्कूल गाको छ । अबदेखि दाउरा पनि खोज्न नपाइने रे भन्दै छन् । खोइ, के ले भात पकाई खानु पर्ने हो ? "

शरणार्थीहरुमा प्राय: बृद्ध र महिलाहरु छाप्रामै बस्ने गर्छन् । किशोर युवा-युवतीहरु स्कूल जाने, दाउरा खोज्ने गर्दछन् । शरणार्थी प्रतिनिधीहरु चाहिं झगडा मिलाउने, खाद्य तथा अन्य सामग्री वितरण गर्ने कार्यमा व्यस्त पाइन्छन् ।

हिजो आज स्थानीय बासिन्दाहरुको दबावद्वारा शिविरभित्र हाँस-कुखुरा पाल्न, सागसब्जी रोप्न रोक लगाइएको छ । उनीहरुले सस्तोमा काम गरे भनेर वरपरका गाउँघरहरुमा पनि काम गर्न नदिने भनिँदैछ । केही चाहिं गाउँतिरबाट बाँस किनेर ल्याई प्रति बाँस १.२२ रुपियाँ नाफा निस्कने गरी शिविरमै विक्री गर्ने गर्दछन् । अधिकांश शरणार्थीहरु चाहिं शिविर वरपर धुमधाम गरेर दिन काट्ने गर्छन् ।

लत्ता कपडा के के पाउँदै हुनुहुन्छ भन्ने प्रश्नमा सबैको सामूहिक उत्तर थियो- " यो साल


प्रति परिवार (पन्ध्र जनाकै भए पनि ) एक वटा ओच्छ्याउने बर्को, एक वटा कम्बल, पाँच जनामा एउटा मच्छडदानी (फूल) प्रति परिवार दुईवटा सिल्भरे-भाँडा, तीनवटा थाल, एक जोडा डाडू पन्यूँ पाइयो । खानामा चाहि एक छाकमा प्रति व्यक्ति २२५ ग्राम चामल र नून चाहिं बुट्कोले नापेर दिन्छ । त्यसले पुगीरहेको छैन । तेल र दाल पनि थोरै नै पाउँछौं ।"

यतिले पुग्छ त भन्ने प्रश्नको उत्तरमा एक गृहणी डम्बरकुमारी प्रसाई भन्छिन् - "के पुग्नु? अहिले ठण्डामा सानो नानीले नै एक पाऊ खाई दिन्छ । यसो चिया-खाजा पाए पो खानाको पनि अलि बचत हुन्छ । हाम्रो चिया-नास्ता भने पनि, खाजा भने पनि त्यही भात मात्र हो । त्यही पनि हामी नानीका आमाहरुले आफ्नो छाक बचाएन भने बच्चा भोकले मर्छ ।"

उनीहरुलाई कुन कुन देशका कुन कुन संस्थाहरुले कति कति सहयोग गरेका छन् । यसबारे केही थाह छैन । सचेत खालका शरणार्थीहरुमा विदेशी सहयोगको उचित उपयोग हुन सकेको छैन भन्ने गुनासो छ । केही सम्पन्न वर्गका शरणार्थीहरु चाहिं-शहर बजारतिरै डेरा लिएर व्यावसाय समेत गरेर बसेका भेटिन्छन् । तिनीहरूले शरणार्थी सुविधा लिए-नलिएको बारे प्रश्न गर्दा कतिले यो कुरा थाहै नभएको बताए भने चुडामणि निरौला भन्छन् - "लिएका होलान, के छोडथे ? धनीमानी-ठूला बडाहरू यहाँ मात्र नभएर काठमाण्डौ सम्म नै बसेका छन् । हामी जस्ता गरीवहरूको लागि भने सम्पति भने पनि, देश भने पनि, दुनियाँ भने पनि यही क्याम्प हो ।"

उनको कुरामाथि कुरा थप्दै अर्का शरणार्थी गुमानसिंह गुरागाई भन्छन्-"धन हुनेको त यहीं पनि चैन छ नि, दिनैपिच्छे खसी काट्छन् । जाँड रक्सी खान्छन् । हामीलाई चाहिं महिनामा एक पटक मासु खान पाए कस्तो हुँदो हो जस्तो लाग्छ । के गर्ने र ? गरीब दुःखीले एक कप चिया खाने पैसा पाउँदैनौं ।"

"दिनभरि बसीरहनु पर्दा नियास्रो पनि लाग्दो होला नि ।" - कुराको सिलसिला बढाउँदै मैले भनें ।



कति दिन यसरी गुजारा गर्ने ? (पथरी शिविर)

विष्णुमाया गुरूङ पुन: गम्भीर स्वरमा भन्छिन- "नियास्रो त लाग्ने नै भयो नि । कतिका जहान परिवार उतै छन् । घरवारी, गाईभैंसी, लत्ताकपडा सबै छाडेर आउनु पऱ्यो ।"

काम गर्नै नपरी खाँदै बस्दा आनन्द लाग्दैन भन्ने प्रश्नको उत्तरमा मधुमाया हाँस्दै भन्छिन् "छै सर, हामी गरीवलाई काम नगरी खानु भन्दा काम गरेरै खाँदा आनन्द आउँछ । उहाँ गाईभैंसी चराउने, कुटो कोदालो खन्ने, उकालो ओरालो हिंड्ने गरिन्थ्यो । मन लागेको बनाई खान पाइन्थ्यो । यहाँ त बस्यो, निद्रा लाग्छ । हिंड्यो, टाउको दुख्छ । भोटांगे आर्मीको अतिचार सम्झंदा मन पोलेर आउँछ । आधा पेट खाएर दिनभरि यसै बस्दा बस्दा हातखुट्टा बाउँडिएर दिक्क भइसकियो ।

कहिलेकांही सिनेमा हेर्न, घुमघाम गर्न बाहिर फेर जानुहुन्न ? भन्ने प्रश्नको जवाफमा लक्ष्मीमाया गुरागाई गुनासो गर्दै उत्तर दिन्छिन- "के ले हेर्ने ? घुम्दा पनि पैसा लाग्छ । गाडीले त्यसै बोक्दैन । काम गर्न बाहिर जाउँ भन्दा पनि पाइँदैन ।"

नेपालका नेपालीहरू तपाईहरूलाई कस्तो लाग्छन् भनी प्रश्न गर्दा अधिकांशले आफूहरूसंग खासै भिन्नता नदेखेको राय प्रकट गरे । भुटान र नेपालमा के फरक पाउनु भयो भन्दा विष्णु दास भण्डारी र नन्दी किशोर प्याकुरेल भन्छन- " हुन त नेपाल पनि राम्रै छ । तर हामी उतै जन्म्यौं, हुर्क्यौं । हाम्रा बाबु-बाजेले जीवन बिताए । हामीले उहीं नै खुन- पसीना बगायौं । त्यसैले पहाड-पाखा ढुंगैढुंगा मात्र भए पनि भुटान राम्रो नै लाग्छ ।

यसै प्रसंगमा बेलबहादुर क्षेत्रीको राय थियो - "खोई गरीवको देशै पो कहाँ हुन्छ र ! जहाँ खान लाउन र रोजगारी गर्न पायो त्यही देश । कुन ठाउँमा जन्मेको मान्छे कुन मुलुकमा गएर मर्नुपर्छ, होइन र ?

"भुटान पिपुल्स पार्टी र भुटान नेशनल डेमोक्रेटिक पार्टी मध्ये तपाईहरू कुनमा हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा अधिकांशले आफू कुनै पार्टीमा संलग्न नभएको कुरा बताए । तर पनि वि.एन.डि.पी.को प्रभाव केही बढ्दै गएको आभास पाइन्छ । शरणार्थीहरूमा विभाजन आएर शान्ति नखल्बलियोस् भनेर दातृ-संस्थाहरूबाट शिविरभित्र राजनीति गर्न मनाही गरिएको छ । उनीहरूमा राजनैतिक चेतना त्यति नउठे पनि राष्ट्रिय भावना भने प्रवल रहेको छ । अधिकांश युवतीहरू बलात्कारको शीकार भएका छन् । तर लज्जा र भावी विवाह गर्न अड्चन् नआवोस् भन्ने हेतुले आफू बलात्कृत भएको कुरा हत्पती बताउँदैनन् ।

उता पनि अझ नेपाली मूलका मानिसहरू निक्कै छन् भन्ने सुनिन्छ । उनीहरूलाई चाहिं किन निश्काशन नगरेको ? - मेरो जिज्ञासाको जवाफमा सामसिङ् लेप्चा भन्छन् - "उहाँ त अब अति नै सोझाहरू, सरकारका दलालहरु र बन्दी साथीहरु मात्र छन् । ती सोझाहरुलाई पनि फेरि चांडै निष्काशन गर्ने खवर सुनिंदैछ ।

अनि नेपालका ज्यादै गरीव मान्छेहरू पनि शरणार्थी भई बसेका छन् रे हो ? भन्दा सेक्टर इन्चार्ज पि.एस.गुरूङ् भन्छन् - "यो भुटानी शरणार्थीलाई बदनाम गर्न लगाइएको आरोप मात्र हो । शुरूमा आउँदा कति शरणार्थीहरू पेट पाल्ने समस्याले गर्दा काम खोज्दै र आफन्तहरूकहाँ शरण लिई बस्दथे । पछि शिविर संचालन भएपछि वरपर गएका शरणार्थीहरू पनि फर्कन थाले । यसले गर्दा भ्रम उत्पन्न भएको पनि हुन सक्छ । विनाप्रमाण हामी नै शिविरमा बस्न दिंदैनौं ।"

नेपालले यतै बस्न ठाउँ दियो भने के गर्नु हुन्छ ? भन्दा डम्बरकुमारी प्रसाई भन्छिन् -"होइन, हामी उतै जान्छौं । फेरि अरूले के नाप्यो भन्लान् नि ।"

भुटान सरकार साझेदारीमा आएन र अन्तर्राष्ट्रिय सहयोग पनि बन्द भयो भने के गर्नुहुन्छ भन्ने प्रश्नमा पि.एस.गुरूङ भन्छन-"शायद त्यस्तो त नहोला । विश्वका अन्य देशहरू त्यसै चुप नबस्लान् । तर भइगयो भने पनि त्यतिबेलैको स्थितिले निर्धारण गर्ने हो । बाघको मुखमा परेपछि जे त पर्ला !"

यस्तै कथा-व्यथा लिएर भुटानी शरणार्थीहरु आक्रान्त जिन्दगी बाँचीरहेछन् । शिविरमा तातोपानीले पिल्स्याइएका, सनासोले च्यापेर मासु लुछिएका, संगीनले घोचिएका, कुटाइ र यातनाले हातखुट्टा, ढाड भाँचिएका, आँखा फुटालिएका, घाइते, अपांग, बलात्कृतहरू प्रसस्त भेटिन्छन् । लाग्छ, यो पूरा शिविर नै घाइते छ र क्रन्दन गरिरहेछ । यति हुंदाहुंदै पनि उनीहरूको हार्दिकतापूर्ण व्यवहार र विनम्रता अनुकरणीय रहेको त्यहाँ जाने जो कोहीले अनुभव गर्न सक्छ ।

बेलडांगीस्थित शरणार्थी कार्यालयको टिपोट अनुसार हाल टिमाईमा ७,७८५, गोलधापमा १३, ४५३, पथरीमा १६, ४४४, बेलडाँगी एक मा १४, ३४२ र बेलडांगी दुईमा १८,२११ र बेलडांगी तीनमा ७,००० भुटानी शरणार्थीहरू रहेका छन् । दिनमा ५।६ जनाको दरले आउने क्रम जारी छ ।

उनीहरूमा दाउरा खोज्दा स्थानीय गुण्डाहरूले पैसा माग्ने, हप्काउने र वन पालेहरूले अनावश्यक रूपमा सताउने गरेको गुनासो पाइन्छ । शिविरमा हालसम्ममा पनि विद्युत जडान भएको छैन र मट्टीतेल वितरण गर्ने व्यवस्था पनि छैन । वितरित खाद्य सामग्री अपुग भएको ओढ्ने ओच्छ्याउनेको ठूलो समस्या रहेको कुरा शरणार्थीहरू दोहऱ्याएर बताउँछन् । लाउने कपडाको समस्याले नाँगै-भुतुंगै हुन पुगिने पो हो कि भन्ने उनीहरुमा भय छ, चाँडो भन्दा चाँडो समस्या सुल्झिएर भुटानमै फर्कने उनीहरूको उत्कट चाहना रहेको छ । तर भुटानमा निरंकुश राजतन्त्रको पहिलेकै झैं गतिविधि रहिरहेमा चाहीं कुनै हालतमा पनि नफर्कने दृढता समेत उनीहरू व्यक्त गर्दछन् ।

आफू जीउने धरती खोसिएर विवशतापूर्वक शून्य आकाशमुनिको झोड जंगलभित्र अनिश्चित भविष्य पर्खेर बसेका ती शरणार्थी बन्धुहरूको स्वदेश फर्कने चाहना कहिले पूरा होला ?

***

**- धर्मचन्द्र लावती**

# मान्छेको जीवनमा युगान्तकारी फेर-वदल केले ल्यायो ?

– सुवर्ण कपाली

आज जुन रूपमा मानिसको अस्तित्व विद्यमान छ, त्यही रूपमा मानिसको उत्पत्ति भएको थिएन । विज्ञान-सम्मत वैचारिक क्षेत्रमा यो भनाइ सर्वमान्य नै भएको छ । तर यसो भन्नुको अर्थ के हो त ? के यो प्रश्न मानिसको आकार प्रकार (रूपरंग) संग मात्र सम्बन्धित छ ? अथवा यसमा उसको सामाजिक र बौद्धिक चेतना-स्तरको क्रमिक विकाससित पनि सम्बन्धित छ ? मानवीय चेतनालाई पनि प्राकृतिक नियमहरूको सीमाभित्र आवद्ध गरेर बुझ्न खोज्नुको अर्थ के हो भने, चेतना भनेको पहिल्यैदेखि निश्चित पूर्ण र अपरिवर्तनीय (स्तर घटबढ नहुने) कुरा होइन ।

उदाहरणको लागि, हाम्रै समाजमा केही समय अगाडिसम्म सामान्य र स्वीकार्य सामाजिक व्यवहारको रूपमा मानिएको बाल-विवाह र बहु-विवाहको प्रथालाई अहिले अस्वीकार्य व्यवहारको रूपमा लिन थालिएको छ । के यो सामाजिक चेतनामा आएको परिवर्तन होइन त ?

त्यस्तै पहिला मानिसलाई चन्द्रमाको बनोट र चन्द्रमा किन चम्किन्छ भन्नेबारे केही ज्ञान थिएन भने अहिले हामीलाई सिंगो सौर्य-मण्डलकै बनौट र संचालन प्रक्रियाबारे धेरै कुरा थाहा भैसकेको छ । के यी दुई अवस्थामा बौद्धिक चेतना-स्तर फरक फरक रहेको महशूस गर्न सकिन्न र ? अरू आत्मगत सामाजिक मान्यताहरूको बारेमा पनि यही कुरा भन्न सकिन्छ । जस्तै-दया, माया, सेवा, धर्म, उपकार इत्यादिलाई नै लिन सकिन्छ । पहिला एउटा खान नपाएको मान्छेलाई एक छाक खुवाउनु र केही चामल अथवा धन भिक्षा दिनु पनि ठूलो उपकार र धर्मको कुरा मानिन्थ्यो भने अब भोको मान्छेलाई एक छाक भात होइन बरू उसको दैनिक न्यूनतम आवश्यकता पूर्ति गर्न सकिने रोजगारीको अवस्था सृजना गरिदिनु मानवीय कर्तव्य (धर्म होइन) को रूपमा मानिन थालेको छ । यहाँ छोटकरीमा भन्न खोजिएको कुरा के हो भने, मानवीय चेतना पनि परिवर्तनीय छ र यो परिवर्तनको प्रक्रिया प्राकृतिक नियमहरूको सीमाभित्र आवद्ध छ ।

अब हामी मानिसको उदयकालीन अवस्थाबारे नै चर्चा गरौं ।

केही मानिसहरू अझै के सोच्छन् भने, मानिसको उदय बाँदरबाट भएको हो । यस सोचाइमा कुन कुरा गम्भीर महत्वको छ भने, उनीहरूले "बाँदर" भन्नाले आधुनिक बाँदर, जसलाई हामीले देख्ने गरेका छौं, त्यसलाई नै सम्झन्छन् । तर वास्तविक कुरा के हो भने आधुनिक बाँदर मानिसको पुर्खा होइन् । बरू मानिस, आधुनिक बनमान्छे र बाँदरका प्राचीन पुर्खा भने एउटै थिए । विकासको क्रममा आधुनिक बाँदरको पुर्खा मानिस र बनमान्छेको साझा पुर्खाबाट आजभन्दा तीन करोड वर्षअघि नै अलगिएको थियो । त्यस्तै आज भन्दा एक करोड वर्षअघि मानिस र बनमान्छेको पुर्खा पनि अलग्ग छुट्टिएको हो ।

यसरी जीव-विकासको क्रममा एउटै जातिको जीवबाट अरू उप-जातिहरू छुट्टिएर विकसित हुने प्रक्रियालाई चार्ल्स डार्विन (१८०९-१८८२) को सिद्धान्तको आधारमा बुझ्न सकिन्छ । उनले तीसौं वर्षसम्मको अनुसन्धान पछि सन् १८५५ मा प्रकाशित "प्रवर्गहरुको उत्पत्ति" (The origin of Species) भन्ने आफ्नो पुस्तकमा जीव विकासका नियमहरूको व्याख्या गरेका थिए । उनले अनेकौं प्रमाणहरूद्वारा जीव विकासका नियमहरूको अकाट्य पुष्टि गरेका थिए । स्वयं मानिसको उदयबारे उनले अनुसन्धान गरेका थिएनन्, तथापि जीव-विकासका नियमहरू मानिसको सम्बन्धमा पनि लागू भएको हुनुपर्छ भन्ने कुरा सहजै महशूस गरेका थिए । उनको अनुमान सही थियो । अहिले मानिसका प्राचीन पुर्खाहरूबारे हामीलाई धेरै कुरा थाहा भैसकेको छ ।

मानिसको सबैभन्दा पुरानो वास्तविक पुर्खाको रूपमा चिनिने जीवलाई "अष्ट्रेलोपिथेक" भन्ने वैज्ञानिक नाम दिइएको छ ।

यो जीव नै मानिसको सबैभन्दा पुरानो वास्तविक पुर्खा किन हो त ?

सर्वप्रथम, अष्ट्रेलोपिथेकको शारीरिक बनौटकै चर्चा गरौं । यो जीव करीब चार फीट अग्लो थियो र दुई खुट्टाले हिंड्थ्यो । शरीर रौंले ढाकिएको थियो । दाँत छोटा थिए र त्यसको हातको बुढी औंला अरू औंलाको दाँजोमा सानो थियो । त्यसको मस्तिष्कको आकार आठ सय सी.सी. (हाम्रो भन्दा निकै सानो) मात्र थियो र त्यसमा औंला तथा हातका अन्य मांसपेशीहरूलाई निर्देशित गर्ने भाग अझै विकसित भएको थिएन । यहाँ स्पष्ट गर्नु पर्ने कुरा के छ भने, त्यसको मस्तिष्क प्राचीन अथवा आधुनिक जुनसुकै प्रवर्ग (Species) का वनमान्छेको भन्दा ठूलो आकारको थियो । मस्तिष्कको आकारको महत्व किन छ भने, विकासको हरेक नयाँ चरणमा मानिसको मस्तिष्कको आकार क्रमशः वृद्धि हुँदै आएको छ । यसको साथै उसको बौद्धिक क्षमतामा पनि त्यही अनुरूप वृद्धि भएको छ ।

यही सानो जीव कालान्तरमा पिथेक्यान्थ्रोप, निएनदरथल र क्रोमाग्नन नाम गरिएका शारीरिक दृष्टिले क्रमशः उन्नत रूप धारण गर्दै आधुनिक मानवको रूपमा विकसित भयो । यस हिसाबले हेर्दा अष्ट्रेलोपिथेकभन्दा अधिको मानिसको पुर्खाको बारेमा पनि सोच्न सकिन्छ । उदाहरणको लागि - रामापिथेक भनिने प्राचिन जीव अष्ट्रेलोपिथेकको पनि पुर्खा हो । त्यसो भएतापनि अष्ट्रेलोपिथेकलाई नै मानिसको वास्तविक पुर्खाको रूपमा लिने गरिन्छ । यसका केही आधारहरू छन् ।

मानिसमा त्यस्तो के गुण छ जसको आधारमा उसलाई अरू पशु-जगतबाट अलग्याउन सकियोस् ? के शारीरिक बनौटमा रहेको भिन्नता नै सबै कुरा हो त ? वर्तमान समयमा मानिसलाई शारीरिक बनोटकै आधारमा पनि पशु-जगतबाट स्पष्ट रूपमा छुट्याउन सकिन्छ । तर अष्ट्रेलोपिथेकको शरीर हाम्रो जस्तो थिएन भन्ने माथि नै उल्लेख गरिसकियो । हो, निश्चय पनि ढाड पूरै सोझ्याउन नसके पनि त्यो दुई खुट्टाले हिंड्न सक्थ्यो । केही विद्वानहरूको विचारमा दुई खुट्टाले हिंड्न सक्नु नै मानिसलाई पशु-जगतबाट अलग्याउने पर्याप्त कुरा हो । जीव-शास्त्रीय दृष्टिले दुई खुट्टाले हिंडन सक्नु मानिसको उदय हुनको निम्ति पूर्व-आवश्यकता नै थियो, तर दुई खुट्टाले हिंड्दैमा कुनै पनि जीव अन्य पशुहरू भन्दा गुणात्मक रूपमै भिन्न जीवको रूपमा स्थापित हुन सक्दैन भन्ने कुरा लाखौं वर्षसम्मको अष्ट्रेलोपिथेकको जीवनले नै स्पष्ट पार्दछ । आजसम्मका वैज्ञानिक अनुसन्धानहरूले के सिद्ध गरेका छन् भने, अष्ट्रेलोपिथेकले प्राचीन औजारहरूको प्रयोग गर्न थाल्नुभन्दा दश लाख वर्ष अधिदेखि नै उसको पूर्खाले दुई खुट्टाले हिंडन जानेको थियो । तर त्यस दश लाख वर्षसम्म उसमा कुनै त्यस्तो व्यवहार वा चेतना विकसित भएन, जसलाई साँस्कृतिक वस्तुको रूपमा उल्लेख गर्न सकियोस् । प्राचीन औजार र त्यसको प्रयोगसित सम्बन्धित श्रम नै इतिहासका पहिला साँस्कृतिक वस्तुहरू हुन् । साँस्कृतिक व्यवहार वा चेतना नभएको जीवलाई पशु नै भन्न सकिन्छ ।

ऐतिहासिक दृष्टिले हेर्ने हो भने, अष्ट्रेलोपिथेकको जीवनमा आएको परिवर्तनले मानिसको उदयको निम्ति निकै ठूलो महत्व राख्दछ । लाखौं वर्षको अन्तरालमा त्यसले विस्तारै लौरो तथा ढुंगाका हतियारहरू प्रयोग गर्न सिकेको थियो । आजभन्दा बीस लाख वर्ष अघिसम्ममा त लौरो, पात झैं चौडा धारिला ढुंगाका हतियारहरू र औजारको रूपमा हाड र सिंग जस्ता वस्तुहरू उसको दैनिक जीवनको निम्ति अत्यावश्यक नै बनिसकेका थिए ।

तर इतिहासको ठीक कुन चाहिं बिन्दुदेखि त्यसले त्यस्ता हतियारहरू प्रयोग गर्न सिकेको थियो भन्ने कुराको जवाफ दिन भने सकिदैन । किनभने, त्यो आकस्मिक रूपमा घटेको घटना नभइकन विस्तारै लामो समयको अन्तरालभित्र सकिएको घटना थियो । तर जब एक पटक त्यस्ता हतियारहरूले त्यसको जीवनमा प्रवेश गर्‍यो र दैनिक जीवन निर्वाहको निम्ति अनिवार्य समेत बन्यो, त्यस घटनाले भने इतिहासमा निकै ठूलो असर पार्‍यो ।

पशुहरू (जस्तै, वनमान्छे) ले पनि ढुंगा वा लौरोलाई कहिलेकाहीं हिर्काउने काममा प्रयोग गर्दछन् । वैज्ञानिकहरू यस्तो क्रियाकलापलाई पशुजन्य व्यवहारको रूपमा लिन्छन । किनभने तिनीहरू ढुंगा वा लौरो आदिको नियमित रूपमा र उद्देश्यमूलक ढंगले प्रयोग गर्दैनन् । तसर्थ तिनीहरूको दैनिक जीवनमा अर्थात् दैनिक भोजन जुटाउने क्रममा ती वस्तुहरूको कुनै महत्व छैन । अर्कोतिर

अष्ट्रेलोपिथेकद्वारा ढुंगा, लौरो, हाड र सिंगका प्राचीन औजार प्रयोग गर्न थाल्नु भने पशुजन्य व्यवहार थिएन । पशुजन्य व्यवहारबाट माथि उक्लेर अष्ट्रेलोपिथेकले ती वस्तुहरूको नियमित रूपमा र उद्देश्यमूलक ढंगले प्रयोग गर्दथ्यो । पहिला किरा-फट्यांग्रा र फलफूलमा मात्र आश्रित रहने गरेको अष्ट्रेलोपिथेकले पछि उद्देश्यमूलक ढंगले ढुंगा आदिको प्रयोग गरी शीकार गर्न थालेपछि उसको भोजनमा मासुले बढी महत्व ओगटेको थियो । यसरी सापेक्षिक रूपमा पहिलाभन्दा बढी मासुमा निर्भर जीवन बा ँच्नको लागि उसले ढुंगा आदि वस्तुको प्रयोग गर्नु अनिवार्य नै थियो । किनभने, उसमा हिंस्रक-जनावरहरूका जस्ता नंग्रायुक्त हात-खुट्टा, तीखा दाँतहरू र तेज गतिले दौडने क्षमता थिएन । तसर्थ शारीरिक दृष्टिले "कमजोर" हुँदाहुँदै पनि मांसहारी बन्नलाई उसले ढुंगा आदिको प्रयोग गर्नु आवश्यक थियो । यही आवश्यकताले गर्दा शिकारको निम्ति ढुंगा आदिको प्रयोग नियमित पनि बनेको थियो ।

अष्ट्रेलोपिथेकले ढुंगा, लौरो, हाड र सिंग जस्ता वस्तुहरूको प्रयोग उद्देश्यमूलक ढंगले गरेको हुनाले (भनौं शीकार गर्न र कन्दमूल खोज्न) ती वस्तुहरूलाई औजार भनेर नामाकरण गर्न सकिन्छ । साथै औजारको अस्तित्वले संधै त्यसको प्रयोगसंग सम्वन्धित श्रम भन्ने मानवीय गुणको अस्तित्वबोध गराउंछ । श्रम भनेको मानिसले औजारको प्रयोग गरी अर्थात् औजार मार्फत अरू वस्तुमाथि जुन सीप र सामर्थ्य लगाउंछ, त्यसैलाई भनिन्छ । श्रम मानवीय गुण हो किनभने, यस्तो श्रम केवल मानिसको निम्ति मात्र स्वभाविक छ, अन्य कुनै पशुहरूको लागि यो स्वाभाविक छैन । अर्थात्, अरू कुनै जीवले औजारहरू मार्फत् श्रम-शक्तिको उपयोग गर्न सक्दैन । अष्ट्रेलोपिथेकले जहिलेदेखि ढुंगा आदि प्राचीन औजारहरूको उद्देश्यमूलक ढंगले र नियमित रूपमा प्रयोग शुरू गऱ्यो, त्यही बेलादेखि नै श्रम भनिने मानवीय गुण विश्वमा अस्तित्ववान रहीआएको छ । तसर्थ श्रमको अस्तित्व जन्मिनु संगसंगै अष्ट्रेलोपिथेक अरू सबै पशु जगतबाट भिन्दै भयो र ऊ साँस्कृतिक-जीव अर्थात् मानिस बन्यो । यस प्रकार के भन्न सकिन्छ भने, मानिसलाई अरू पशु-जगतबाट छुट्याउने बस्तु भनेको श्रम नै हो । दुई खुट्टाले हिंडन सिक्नु भनेको श्रमको उदयको निम्ति आवश्यक जैविक पूर्वाधार मात्र हो ।

अष्ट्रेलोपिथेकले प्राचीन औजारहरू (श्रमको साधन) को प्रयोग शीकार गरिने पशुहरू र कन्दमूल (श्रमको वस्तु) माथि गर्दथ्यो । यस व्यवहारमा उसले प्रयोग गर्ने सीप र सामर्थ्य नै श्रम हो । प्रारम्भिक श्रम-गतिविधिको बारेमा विद्वानहरूको धारणा के छ भने, त्यतिबेला मानिसले कुनै नयाँ बस्तु उत्पादन गर्दैनथ्यो । जनावरहरू मार्न औजारको प्रयोग हुन्थ्यो । तर मासुबाट अरू कुनै नयाँ वस्तु (जस्तै छालाको लुगा वा सिंगको गहना आदि) बनाईदैनथ्यो । कन्दमूलको उपभोग पनि जुन रूपमा भेटियो त्यसै रूपमा गरिन्थ्यो । त्यतिबेला औजारको प्रयोग वस्तुको रूप बदल्नका लागि गरिदैनथ्यो । प्रकृतिमा उपलब्ध वस्तुहरूलाई अरू सजिलैसित प्राप्त गर्ने साधनको रूपमा मात्र औजारको प्रयोग हुन्थ्यो ।


जे होस, श्रम गतिविधिको शुरूवात संगसंगै मानिस साँस्कृतिक जीव बन्यो । सामान्यतया संस्कृति भन्नाले मानिसको भौतिक व्यवहार वा आत्मगत क्षेत्रसित सम्बन्धित सम्पूर्ण कुराहरूको समष्टि हो । त्यसैले श्रम-गतिविधि संस्कृतिकै एक पक्ष हो भने औजार चाहिं संस्कृतिको प्रतीक हो । यस प्रकार मानिसको प्रारम्भिक साँस्कृतिक व्यवहार वा चेतना उसको श्रम-गतिविधिसित प्रत्यक्ष सम्बन्धित थियो ।

यसरी श्रमले मानिसलाई साँस्कृतिक जीव बनाएपछि उसको भावी विकासमा पनि श्रमले असर पार्नु स्वाभाविक थियो ।

वास्तवमा औजारले एक किसिमले मानिसको शारीरिक शक्तिलाई बढायो र उसलाई ती धेरै बाधाहरू पार गर्न सक्षम बनायो, जुन उसको खालि हातको सामर्थ्यभन्दा परको कुरा थियो । वैज्ञानिकहरूका अनुसार श्रमका क्रियाकलापहरूले, जैविक दृष्टिले लाभदायक हुनाले, हाम्रा पुर्खाहरूलाई वातावरणमा घुलमिल हुन सघायो, बथानहरूमा सामूहिक चरित्रको स्थापना गऱ्यो र नयाँ सामाजिक नियमहरूको विकासलाई निम्त्यायो ।

ढुंगे- हतियारहरूको प्रयोग गरी ठूला जनावरहरू पनि मार्न जानेपछि अष्ट्रेलोपिथेकले भोजनमा साठी प्रतिशतभन्दा बढी मासु पाउन थाल्यो जति कि - उसको पुर्खाले कहिल्यै पाएको थिएन । मासु उच्च स्तरको पौष्टिक खाना हुनाले उसको निम्ति खाना खाइरहनु पर्ने समयावधिलाई दुई तिहाई भागले घटाईदियो । यसरी बचेको समय आगामी सामाजिकीकरणको निम्ति महत्वपूर्ण थियो ।

बीस लाख वर्षदेखि यता मानिसको मस्तिष्कको तीव्र गतिले विकास भएको भेटिएको छ । यसरी हेर्दा उसले भोजनमा प्रशस्त मासु पाउन थालेपछि नै मस्तिष्कको तीव्र विकास भएको भैं बुझिन्छ । तर मासुको भोजन नै यसको एक मात्र कारण थिएन । संसारमा पूर्णत: मासुमै निर्भर रहने कैयौं जीवहरू छन् तर मानिसको मस्तिष्क नै सर्वश्रेष्ठ छ भन्ने कुरा पनि यहांनेर सम्झन लायक छ । मानिसको मस्तिष्कको विकासमा श्रम अर्थात् हातद्वारा औजारहरूको प्रयोगले प्रमुख भूमिका खेलेको थियो । श्रमले नै उसको आदिम हातका मांसपेशीहरूलाई बढी सुगठित हुन र मस्तिष्कलाई विकसित हुन प्रेरित गरेको थियो । यहाँ मस्तिष्क विकसित हुनुको अर्थ जैविक रूपमा आकार र कार्य क्षमता बढ्नु, सोच्ने शक्ति बढ्नु र सामाजिक चेतनाको अभ्युदय हुनु पनि हो ।



**मानिसले भोजनमा प्रशस्त मासु पाउन थालेपछि नै मस्तिष्कको तीव्र विकास भएको भैँ बुझिन्छ ।**

प्राचीन औजारहरूले मानिसको जीवनमा प्रवेश गरेपछि बाँच्नको निम्ति भौतिक आधार (अर्थात् भोजन) जुटाउने तौरतरीकामा युगान्तकारी फेरबदल आयो । शीकार गर्नु विस्तारै उसको दैनिक जीवनको अंग बन्यो । तर शीकारले मानिसलाई एक्लाएक्लै खाना खोज्दै हिंडनु भन्दा एक जुट हुनमा प्रेरित गऱ्यो । किनभने, पहिला उसको पुर्खाले कीराहरु र शाकाहारी भोजन मात्र खाने गर्थे, जसअनुसार एक्लाएक्लै नै खाना खोजेर खान सकिन्थ्यो । तिनीहरू सन्तानोत्पादन जस्तो जैविक कारणले झुण्डमै बसेतापनि एकले अर्कोलाई खाना खोज्न सहायता गर्ने स्थिति थिएन । तर अष्ट्रेलोपिथेकले मासु पनि खान्थ्यो, जसको निम्ति शीकार गर्नु आवश्यक थियो । यही आवश्यकताले उनीहरूलाई परस्परमा निर्भर हुन अनिवार्य बनायो । फेरि शीकारको निम्ति संगठित हुनु पर्ने आवश्यकताले सामाजिक चेतनालाई जन्मायो । यसरी जहाँ पहिला एक्लाएक्लै खाना खोजेर एक्लाएक्लै नै खाने जीवन-शैली थियो,अब त्यसको ठाउंमा सामूहिक रूपमा भोजन जुटाउने र त्यसको उपभोग सामूहिक रूपमै गर्ने नयाँ जीवन शैलीको क्रमश: उदय भयो ।

यो जीवन-शैली लाखौं वर्षसम्म अस्तित्वमा रह्यो ।

☆☆☆

**सुबर्ण कपाली:** सामाजिक अनुसन्धाता/आत्मनिर्भर विकास मंचमा कार्यरत ।

# लसुनमा क्यान्सर निको पार्ने क्षमता

चीनीयाँ बैज्ञानिकहरुले लसुनमा अनेकौं किसिमका क्यान्सरहरु निको पार्ने क्षमता भएको पत्ता लगाएका छन् ।

शान्दोङ मेडिकल यूनिभर्सिटीका प्रोफेसर लिन जी युन र उनका सहकर्मीहरुले लामो अनुसन्धान र प्रयोगपछि यो तथ्य पत्ता लगाएका छन् । उनीहरुको अनुसन्धान कार्य १९८० को दशकको शुरुमा प्रारंभ भएको थियो । १९८३ मा उनले पहिलो पल्ट के पत्ता लगाए भने, क्यान्सरको रोकथाम गर्न संभवत: लसुन उपयोगी छ किनकि यसले Nitrosamine को बनोटलाई प्रभावकारी तरीकाले दमन गर्न सक्छ । बैज्ञानिकहरु Nitrosamine लाई क्यान्सरको कारक-तत्वको रुपमा शंका गर्दछन् । १९८७ देखि लिन र उनका सहकर्मीहरुले जनावरमा लसुनको प्रयोग गर्न शुरु गरे । प्रयोगबाट के थाहा लाग्यो भने Nitrosamine संग सम्बन्धित सबै किसिमका क्यान्सरको लागि लसुनको प्रयोग उपयोगी छ । ◘

*समाचार श्रोत :सिन्हवा*

-डा.पृथ्वीराज शर्मा

## कांग्रेसी सरकारको

# त्री-वर्षीय आर्थिक कार्य-योजना एक विश्लेषण

तीन महीनाभन्दा केही पहिले सरकारले त्री-वर्षीय आर्थिक नीतिको कार्य योजनाको नाउँमा एउटा कार्यक्रम जनसमक्ष ल्याएको छ र त्यो यही आर्थिक वर्ष ०४९।५० देखि नै लागू भैसकेको कुरा पनि जनाएको छ । त्यो कार्य योजना ल्याउनुको मूलभूत उद्देश्य विकासको गति तीव्र पार्ने, रोजगारीका अवसरहरूको वृद्धि गरी गरीबी हटाउँदै जाने र बिग्रिएको अर्थतन्त्रलाई यसका काम नलाग्ने पार्ट-पूर्जाहरू फ्याँकी नयाँ रूप र नयाँ गति दिने कुरा पनि त्यसमा उल्लेख गरिएको छ । तर त्यस कार्यक्रमको पृष्ठभूमि, त्यसभित्रको वास्तविक रहस्य र त्यसले अर्थतन्त्रमा पार्न सक्ने असरबारे जे जति छलफल, टीका-टिप्पणी र खोतल-खातल हुनु पर्ने थियो, त्यो नभएको कारणले ती विविध पक्षमा छोटो विवेचना यहाँ गरिँदैछ ।

## कार्य- योजनाको पृष्ठभूमि

बढ्दो मूल्यस्फिति, साँवा-व्याज तथा भुक्तानी संतुलनको समस्या, बढ्दो घाटा बजेट, सरकारी खर्चमा व्यापक वृद्धि र अर्थतन्त्रका अनगिन्ति संरचनागत समस्याको कारणबाट १९७० को दशकदेखि नै विकासशील देशहरूमा पहिले अन्तर्राष्ट्रिय मुद्रा-कोषको आर्थिक स्थायित्वको कार्यक्रम र त्यसपछि कोष र विश्व बैंकले संयुक्त रूपमा प्रस्ताव गरेको आर्थिक समायोजन कार्यक्रम लागू गरिएको थियो । यद्यपि यस्तो कार्यक्रम लागू गर्नु पर्ने स्थितिको श्रृजना गर्नमा विकासशील देशका प्रतिकृयावादी तथा प्रतिगामी सरकारहरु मात्र जिम्मेवार नभएर, त्यस बेलाको विकासको, मोडेल तथा द्वीपक्षीय र बहुपक्षीय दात्री-संस्थाहरू पनि त्यत्तिकै उत्तरदायी थिए । तापनि, बहुपक्षीय दात्री-संस्थाहरूको विकासशील देशहरूमाथि आफ्ना शर्तहरू थोपर्ने र आफ्नो स्वार्थ परिपूर्ति गर्ने मुख्य माध्यम यी कार्यक्रमहरू बने । यी कार्यक्रमहरूले शर्तहरूमा उदारवादी अर्थनीति, नीजीकरण, मूल्यको बजारिया अन्तरक्रियाबाट निर्धारण हुने किसिमका नीतिहरूको अलम्बन र जनतालाई दिईआएको विभिन्न राहत तथा सुविधाको अन्त गर्ने जस्ता पक्षहरू पर्दछन् । मुद्रा-कोषको कठोर अल्पकालीन आर्थिक स्थायित्वको कार्यक्रमले गरीब र स्थिर आय भएका वर्गहरूमा ज्यादै प्रतिकूल असर परी त्यसको व्यापक विरोध भएकोले पनि मध्यकालीन लक्ष्य राख्दै विभिन्न संकुचक र बजारउन्मुख नीति सम्बन्धी आर्थिक समायोजन कार्यक्रम प्रतिपादन गरी तेस्रो विश्वका देशहरूमा लागू गरिएको हो ।

खास गरी, जनमत-संग्रहपछि देशमा ब्रम्ह-लुटको स्थिति श्रृजना गरिएको, घाटा बजेटमा अत्यधिक वृद्धि गर्दै सरकारी खर्चभित्रको अनुत्पादक अंश ज्यादै बढाउँदै लगिएकोले पनि १९८३।८४ मा गई नेपालको भुक्तानी-संतुलन प्रतिकूल हुन पुग्यो । यो स्थिति १९८४।८५ मा पनि कायम रहयो । नेपालले पनि मुद्रा-कोषको आर्थिक स्थायित्व सम्बन्धी कार्यक्रम, विभिन्न कडा शर्तसहित १९८५।८६ मा लागू गऱ्यो । धेरै वर्षपछि व्यापक रूपमा नेपालको मुद्रा-अवमूल्यन गरियो । फेरि १९८६।८७ मा आएर त्यसको ठाउँमा आर्थिक समायोजन कार्यक्रम लागू गरियो । कसैले पनि त्यो समयदेखि १९८९।९० सम्म नेपालले लिएको नीति र कार्यक्रम हेरेमा ती सबै त्यसैका हिस्सा र कार्बन-कपी रहेछन् भन्ने कुरा थाहा हुनेछ । नीजिकरण, बजारिया अर्थतन्त्र, कर, घाटा- बजेट, खर्च, उद्योग र व्यापार तथा निजी क्षेत्र सम्बन्धी जे जस्ता पक्षहरु त्यसबेला अगाडि सारिएका थिए, ती सबै त्यही समायोजन सम्बन्धी ऋण कार्यक्रमका हिस्सा थिए ।

वास्तवमा नेपालमा मूल्यस्थिति बढ्ने, विदेशी ऋणको भार तीव्र हुँदै जाने र गरीबी बढ्ने प्रकृयाको व्यापक विस्तार त्यही अवधिमै शुरू भयो । मुद्रास्फिति दुई अंकमा पुग्यो भने १९८४।८५ मा विदेशी ऋण राष्ट्रिय उत्पादनको करीब २१ प्रतिशत भएकोमा

**सरकार भ्रम दिन खोज्दैछ- मानौं, यो कार्ययोजना आफूले नै किटान गरेको हो ।**

**के वास्तविकता यस्तो छ ?**



अर्थ राज्य- मन्त्री

१९८९।९० मा करीब ५३ प्रतिशतमा उक्लिएको कुरा विश्व बैंकको प्रतिवेदनबाटै थाहा हुन्छ । त्यति मात्र नभएर १९८४।८५ मा गरीबीको अनुपात करीब ४३% भएकोमा १९८९।९० मा करीब ७१% मा पुग्यो र, ग्राहस्थ्य बचत १९८४।८५ मा करीब १४ प्रतिशत भएकोमा १९९०।९१ मा आएर ६.५ प्रतिशतमा ओर्लेको कुरा सरकारी आंकडाले प्रष्ट गर्दछन् । यसैले कतिपय देशहरूको उदाहरणले के प्रष्ट गरेको छ भने, देशको आर्थिक-सामाजिक विशिष्ट स्थितिको उपेक्षा गर्दै र समस्याको मूल जरो नसमाती सतहमै एक सुनियोजित स्वार्थ र उद्देश्यबाट यस्ता कार्यक्रम लागू गर्दा र कार्यक्रम कार्यान्वयन गर्ने सरकारले पनि देशको समग्र हितलाई उपेक्षा गर्दा त्यसबाट झन झन समस्या थपिने र गोल-चक्र (vicious circle) जस्तै गरी ऋण बढ्ने, साँवा व्याज- भुक्तानीको समस्या बढ्ने, ऋण आदिकै कारण मुद्रा प्रदाय बढ्ने र अन्ततोगत्वा मूल्यको चाप दिन दुई गुना-रात चौगुना गर्दै यसको झन झन प्रतिकूल असर समाजमा पर्ने कुरा नेपालकै समेत अनुभवले देखाएको छ ।

यो अवस्थाबाट गुज्रिरहेको बेला र त्यसमा पनि भुक्तानी सन्तुलनको ज्यादै अनुकूल स्थिति हुँदै गई बढ्दो विदेशी मुद्राको संचितिको कसरी प्रयोग गर्ने भन्ने अवस्था भएको बेला नेपालले यही आर्थिक वर्षदेखि तीन वर्षको लागि सुदृढ संरचनागत समायोजन ऋण रू. २ अरब ४ करोड लिने र त्यो ऋण त्री-वर्षीय आर्थिक नीतिको कार्य योजना लागू गर्नमा प्रयोग गर्ने कुरा त्यो योजनासंगै अगाडि ल्याइएको छ ।

यहाँनेर एक खालको भ्रम दिन खोजिएको छ मानौं, त्यो योजनाका विविध पक्ष र लक्ष्यहरू सरकारले नै किटान गरेको र त्यसलाई लागू गर्न मात्र मुद्रा-कोषलाई गुहारेको भन्ने कुरा यसै कार्य योजनाबाट देखाइएको छ । तर घाम जस्तै के कुरा प्रष्ट छ भने, यो योजना त्यो ऋण कार्यक्रमको एक हिस्सा हो र त्यसमा राखिएका शर्तहरूले पनि त्यसको थप पुष्टि गर्दछन् । यहाँनेर, उठाउनु पर्ने अर्को एक मुख्य मुद्दा रहेको छ, भारतको अर्थमन्त्रीले विश्व बैंकलाई एक चिठी लेखेको समेत संसदमा पेश गर्नु पर्ने तर मुद्रा-कोषसंगको शर्त वा समझदारी-पत्रहरू नेपालको संसदमा पेश गर्नु नपर्ने, वास्तवमा संसद चलेकै बेला यसबारे टुंगो लगाइएको सम्भावना छ । यी थप प्रकरणहरू जन्मिने हुनाले पनि सरकारको आफ्नै कार्यक्रम भनी यसलाई देखाउन खोजिएको हुन सक्छ । यो सफेद झुटको अर्को नमूना पनि हो । त्यसैले मुद्रा-कोषको शर्त अनुरूप यो कार्यक्रम आएको हुनाले जे नामाकरण गरिए पनि यसबाट नेपालको सामाजिक, आर्थिक अवस्थामा के असर पर्ने हो- खोतल्नु पर्ने थप स्थिति बनेको छ ।

## कार्य-योजनाका मुख्य विशेषताहरू

कार्यक्रमको प्रमुख विशेषता के रहेको छ भने, यसले अर्थतन्त्रलाई थप खुला र बजारमुखी तुल्याई नीजीक्षेत्रको सहभागीतालाई सक्रिय पार्ने कुरा औंल्याएको छ । यसबाट रोजगारी र आयका अवसरमा वृद्धि भई गरीबी क्रमशः घट्ने कुरा जनाएको छ । त्यस्तै सरकारी खर्चलाई धान्न सक्ने किसिमबाट विस्तार गर्ने, राजस्व संकलनमा वृद्धि गर्ने र अर्थतन्त्रमा आन्तरिक र बाह्य संतुलन कायम गरी मुलुकको आर्थिक आधार दरिलो बनाई विकासको गति तीव्र र स्वचालित गर्ने कुरामा समेत कार्यक्रमले मुख्य जोड दिएको छ ।

यी माथिका कार्यक्रम नेपालको आफ्नै पृष्ठभूमिमा नआएर विश्व स्तरमै मुद्रा-कोष वा विश्व बैंकबाट अगाडि सारिएका कार्यक्रमका हिस्सा वा प्रचार-बाजीका माध्यम हुन्। नीजीक्षेत्रमा मुख्य जोड दिंदै र बजारमुखी नीति अँगाल्दै जादा मात्रै के अहिलेको अवस्थामा रोजगारी तथा आय-आर्जनका श्रोतहरूको व्यापक विकास हुन सक्छ ?

अर्कोतिर, आर्थिक नीतिको कार्य-योजना भनिएकोले आर्थिक, सामाजिक क्षेत्रको विकाससंग सम्बन्धित विविध पक्षमा किटान वा लक्ष्य सहित कार्यक्रम आउनु पर्ने थियो तर त्यो आएको छैन। सहिले आर्थिक स्थायित्व र समायोजनले राख्ने गरेका शर्त वा निश्चित लक्ष्यहरू किटान सहितको मात्र कार्यक्रम जनसमक्ष आएको छ। त्यसमा घाटा बजेट, मुद्रास्फिति, मुद्रा-प्रदाय, वित्तीय घाटा तथा चालू-खाता-घाटा सम्बन्धी शर्त र लक्ष्यहरू प्रमुख रूपमा कार्यक्रममा समावेश गरिएका छन्।

कार्यक्रमले आर्थिक वृद्धि दर करीव ५ प्रतिशतको हाराहारीमा पुऱ्याउने भनेको छ। १९८४।८५ देखि १९८९।९० को तथ्यांक अनुसार पनि यो अवधिको वृद्धिदर ५ प्रतिशत भन्दा माथि नै भएको पाइएको छ। यद्यपि त्यसमा कृषि-तथ्यांक सम्बन्धी केही समस्या रहेको पाइएको छ। त्यस्तै मुद्रा-प्रदाय तीन वर्षको अवधिमा १३.५ % कायम राख्ने, मुल्यस्फिति ५ प्रतिशतमा झार्ने, चालू-खाता-घाटा राष्ट्रिय उत्पादनको अनुपातमा १०.५ प्रतिशतबाट बढ्न नदिने र बजेट घाटा यो वर्ष उत्पादनको अनुपातमा करीव ०.७५ प्रतिशतमा ओराल्दै तेस्रो वर्ष शून्यमा झार्ने कुरा कार्यक्रमले किटान गरेको छ।

यसरी एकातिर आर्थिक स्थायित्वलाई मुख्य मापदण्ड बनाउँदै सोसंग सम्बन्धित पक्षमा मात्र लक्ष्य निर्धारण गरिएको छ भने अर्कोतर्फ यसमा समाविष्ट कार्यक्रम आठौं योजनाको लक्ष्यसंग धेरै हदसम्म मेल नखाने खालका छन्। एउटा पार्टीको सरकारद्वारा एकै पटक लागू गरिएका यी दुई योजना र संभवत: विश्लेषणका आधार पनि एउटै तथ्यांकहरू भएको स्थितिमा यिनीहरू बीचमा किन अन्तर पर्न गयो ? - यो पनि अहिलेसम्म रहस्यमय बनेको छ। उदाहरणको लागि आठौं योजनाले मुद्रा-प्रदाय १२.१ प्रतिशतमा झार्ने, चालु-खाता-घाटा उत्पादनको अनुपातमा ८ प्रतिशतमा झार्ने, मूल्य बढेर स्फिति दर ९ प्रतिशत भन्दा बढ्न नदिने र घाटा बजेटको अंश योजनाको अन्तमा ०.९ प्रतिशतमा ल्याउने लक्ष्य लिएको छ।

माथि भने झैं गरीवी बढ्दै गरेको, मूल्य-स्फितिले चर्को रूप लिएको र धनी-गरीव, शहर-गाउँ तथा सुविधायुक्त र असुविधायुक्त ठाउँको बीचको अन्तर बढ्दै गरेको जस्ता कारणले पनि समग्र गार्हस्थ्य बचतको हिस्सा घटेको हुन सक्छ। यस्तो स्थितिमा कूल लगानीको वास्तविक आकार पनि मूल्यस्फिति अनुरूप बढ्न नसक्ने र त्यसमा घट्दो बचतको समेत असर पर्ने अवस्थामा निजी क्षेत्रको क्रियाकलापबाटै रोजगारी, आय-आर्जन गरीवी घट्दै जाने स्थितिको श्रृजना हुने कुरामा केन्द्रित गरेर विगतमा झैं यो कार्यक्रमले पनि सामाजिक विकास र गरीबी उन्मूलनमा राज्यको गहनतम भूमिकालाई मुद्रा-कोषकै सल्लाहमा अवमूल्यन गर्न खोजेको छ।

यो कार्यक्रमलाई गहिरिएर विश्लेषण गर्ने जो कोहीले पनि यो निचोड निकाल्न सक्छ।

अर्कोतर्फ, योजना लक्ष्यसंग विरोधाभाषपूर्ण रहनु, चक्र-विकास योजनालाई बढी जोड दिनु र आठौं योजनालाई कतै उल्लेख पनि नगर्नुले यसले योजनाको भूमिकालाई गौण गर्न खोजेको कुरा पनि यसको अर्को विशेषता रहेको छ। त्यतिमात्र नभएर माथि उल्लेखित लक्ष्यहरू एक आपसमा विरोधाभाषपूर्ण अव्यावहारिक एवं नेपालको विशिष्ट स्थिति-असंगत रहनु पनि यसको विशेषता अन्तरगत नै पर्दछ। बजेट-घाटा शून्यमा पुऱ्याउने र सोही अनुसार मूल्यस्फिति दरलाई निकै कम गर्ने कुरा गरेर कार्यक्रमले नेपालको मूल्य समस्यालाई विशुद्ध मुद्रा प्रक्रिया (Monetary Phenomenon) को अंशको रूपमा लिएको छ। यदि त्यसो नै हो भने, एकातिर मुद्रास्फितिको दर ५ प्रतिशत हुनु पर्ने भनी किटान गरिएको छ भने अर्कोतर्फ मुद्रा-प्रदायको दर १३.५ प्रतिशतमा राख्ने भनिएको छ। यसको अर्थ के ३.५ प्रतिशतका दरले अर्थतन्त्रलाई मौद्रीकरण गर्ने भन्ने हो ?

**आफ्नै पृष्ठभूमि अनुरूप हैन, विश्वस्तरमै मुद्रा-कोष वा विश्व बैंकका कार्यक्रमको हिस्सा र प्रचारवाजीको माध्यमको रूपमा सरकार काम गरिरहेछ।**

यसरी यो आफैमा ज्यादै हचुवा छ। हाम्रो जस्तो देशमा मुद्रा- प्रदाय मात्र मूल्य वृद्धिको कारण नभई अन्य ढाँचागत लागत एकाधिकार र अन्तरार्ष्ट्रिय पक्षसंग सम्बन्धित कारकहरू पनि पर्दछन्। सामाजिक, आर्थिक विकासका हिसावले बजेट-घाटा शून्यमा राख्नु हुँदैन र मूल्यमा यी माथिका कारकले पनि असर पार्ने हुनाले त्यो स्थितिमा मूल्य नबढी छोड्दैन। अर्थतन्त्रको कुशलपन, व्यवस्थापन, बजारमा रहेको एकाधिकार र अन्य विविध सवाललाई पन्छाई आर्थिक स्थायित्वका सवाललाई विशुद्ध मौद्रिक पक्षसंग आवद्ध राख्न खोज्ने र पूर्ण खुला-बजारको सिद्धान्त प्रतिपादन गर्ने पश्चिमी विद्वानहरूको मान्यतामा चल्न खोज्ने मुद्रा-कोषको हुबहु शर्तहरू कार्यक्रमले मान्नु यो कार्यक्रमका विशेष विशेषताहरूमा पर्दछन्।

## कार्य-योजनाबाट अर्थतन्त्रमा पर्ने संभावित असरहरू

माथिको पृष्ठभूमि र कार्यक्रममा रहेका विशेषताहरूबाटै के स्पष्ट हुन्छ भने, यसबाट अर्थतन्त्रमा अल्प र दूरगामी दुवै किसिमको प्रतिकूल असर पर्नेछ। विदेशी ऋणमा थप वृद्धि, साँवा-व्याज भुक्तानिको थप समस्या र यसबाट विगतमा जस्तै गोल चक्कर (Vicious circle) प्रकारको असरको थप विस्तार हुनेछ। विदेश र खास गरी वहुपक्षीय दात्री-संस्थामाथिको निर्भरता बढ्ने छ। नेपालसंग बचे-खुचेको स्वेच्छिक अधिकार (Discreationary Power) पनि झन क्षीण हुँदै जानेछ। बजेट-घाटा शून्य पुऱ्याउने, मौद्रिक अवधारणालाई अर्थतन्त्रमा बलपूर्वक लाद्ने र बजारमुखी अर्थतन्त्रमा थप टेवा दिने किसिमबाट कार्य-योजना आएकोले अहिलेसम्म दिएको छुट, सुविधाहरूको क्रमश: अन्त गरिनेछ र विशुद्ध पूँजीवादी आर्थिक अवधारणा अर्थतन्त्रमा कार्यान्वयन गर्दा यसबाट धनी र गरीब बीचको असमानतामा थप वृद्धि हुनेछ र गरीबी झन बढ्नेछ। अझ यो अवधिमा विनिमय-प्रणालीमा पूर्ण परिवर्तत्या ल्याइने सम्भावना छ र यसबाट गैर -व्यापारिक वस्तु, त्यसमा पनि खासगरी कृषिजन्य वस्तुको मूल्यमा झन प्रतिकूलता आई आम जनताको आय आर्जन र जीवनस्तरमा झन प्रतिकूलता थपिने सम्भावना बढेको छ।

हाम्रो देशको विशिष्ट स्थिति र विगतको अनुभवलाई समेत विचार गरी यस कार्यक्रमका शर्तहरुमा सरकारले अडान लिन सक्थ्यो। अझ भन्ने हो भने अहिलेको विदेशी मुद्राको संचितिको स्थितिमा त्यो आवश्यक पनि थिएन। भारतमा विदेशी मुद्रा संचितिको समस्यासंगै समायोजन कार्यक्रम लागू भएको हो र त्यसबाट निम्न र गरीब जनतामा प्रतिकूल असर परेको कुराको वादविवाद वर्तमान सरकार बीचमै बढेको छ र गरीवप्रति लक्षित सुरक्षा कार्यक्रम (Safety network) नामकै लागि भएपनि लागू गर्न साधन उपलब्ध गराउन विश्व बैंक राजी भएको छ। यी यथार्थताहरूलाई समेत वेवास्ता गरी कार्यक्रम आएकोले विशुद्ध पूँजीवादलाई संस्थागत गर्ने बजारीया प्रणालीको एक अंश नेपाल बन्न पुगेको छ र स्वभावैले यसबाट गरीवी झन बढ्ने, राहत र सुविधा हटाउँदा जनतालाई जीवन धान्न झन् कठीन हुने र परिवर्तित सन्दर्भमा सरकार आर्थिक-सामाजिक विकासको थप दायित्वबाट झन पछि हट्ने स्थितिको श्रृजना हुँदै जाने कुरा कार्यक्रम भित्रका शर्तहरूले स्पष्ट पारेका छन्। तथाकथित "समाजवाद" को खोल ओडेर नेपाली कांग्रेसको सरकार कुन दिशातर्फ अगाडि बढ्दैछ भन्ने कुराको थप प्रमाण र श्रृखलाको रूपमा यो कार्यक्रमलाई लिन र सोही अनुरूप विभिन्न कोणबाट विस्तृत मूल्यांकन गर्न जरूरी छ। ○

दृष्टि साप्ताहिक

अवश्य पढ्नुहोस्।

# नयाँ र पुरानो

*- डि.आर. पोखरेल*

भनिन्छ कि नयाँ देखा पर्दा अचानक देखापर्छ । पुरानोको ठाउँमा देखा पर्ने हुनाले यो पुरानोभन्दा गुणात्मक रुपले नै बेग्लै हुन्छ । नयाँ आउँदा पुरानोको निषेध हुने हुन्छ र नयाँ कुनै बाहिरिया धचेटाइले आउने होइन, यसको विकास पुरानैबाट भएको हुन्छ । पुरानैको गर्भबाट नयाँ आउने हुनाले, र पुरानोको सत्तालाई नष्ट गर्दै अग्रगामी बन्ने हुनाले, पुरानोसित यसको अन्तरविरोध हुन्छ । एकता र संघर्षको स्थितिमा नयाँ र पुरानोको अस्तित्व रहने हुन्छ । पुरानो शक्तिशाली र प्रभूत्वशाली हुँदा नयाँको कुनै स्थिति (Position) देखिँदैन । तर यो अप्रत्यक्ष रुपमा विकास गरिरहेको हुन्छ । पुरानोलाई यसले विस्थापित गरीरहेको हुन्छ । यो उदीयमान प्रबृत्तिको रुपमा अगाडि बढीरहेको हुन्छ । यसरी मात्रामा यसको विकास हुँदै गएपछि कुनै एक निश्चित विन्दूमा पुगेपछि यसले एकाएक फड्को मार्दछ र यो अचानक रुपले देखापर्दछ ।

नयाँ देखापर्दा पुरानैभित्रबाट आउने कुरा त हामीले गर्‍यौं । तर बाहिरिया परिस्थितिको कुनै हात नै हुन्न भन्ने कुरा होइन । अन्तरविरोधको हलको प्रकृयामा भित्री कुराहरु नै मुख्य हुने त हुन्छन् तर बाहिरिया शर्त (Condition) को पनि ठूलै हात हुन्छ । माओले फुलबाट चल्ला हुने कुराको उदाहरण दिंदै किन ढुंगालाई कुनै तापक्रम दिए पनि चल्ला हुँदैन र किन फुललाई आवश्यक तापक्रम दिदा त्यो चल्लामा फेरिन्छ भनेर बताउनु भएको थियो । फुलबाट चल्ला हुनु भनेको एकदम नयाँ कुरा हो, यो गुणात्मक परिवर्तन हो । तर फुलभित्रकै कारण नै प्रमुख कारण हो चल्ला बनाउनका लागि, तापक्रम त बाहिरिया शर्त मात्र हो । तापक्रमविना फुल चल्लामा फेरिँदैन ।

यस्तै उदाहरण पानी, वाफ, हिउं, पानीको पनि दिन सकिन्छ । पानी वाफ हुनुलाई एउटा फड्को वा नयाँ कुरा मानिन्छ । तर समाज विकासको गति अग्रमुखी (Forward Movement of Development) भएको पानी वाफ हिउं जस्तै भने यो हुन्न । किनभने वाफ र पानीबाट हिउं हुन्छ, त्यस्तै यसको उल्टो क्रममा हिउँबाट पानी र वाफ पनि बन्छ । यसरी यसको पृष्ठ गति (Backward Movement) पनि हुन्छ । त्यसैले समाज विकासको गति यो जस्तै दुरुस्तै चाहिं हुँदैन । जम्मामा समाज परिवर्तनलाई बुझ्दा सधैं अग्रगतिको रुपमा नै बुझ्नु पर्ने हुन्छ ।

मानिसहरु नयाँलाई सहजै विश्वास गर्दैनन् । उनीहरु पुरानो सत्ताको मोहले भरिएका हुन्छन् । पुरानो प्रभूत्वमा भएकाले र यो प्रत्यक्ष-सत्तामा हुने भएकाले अप्रत्यक्ष र अप्रभावशाली पक्षलाई स्वीकार्न मुश्किलै हुन्छ ।

कुनै पनि समाज वर्गमा विभाजित भएको र ती मध्ये पनि मूलभूत रुपमा परस्पर विरोधी वर्गहरुका बीचमा यो बाँडिएको हुन्छ । दुई विरोधी वर्गहरुको अस्तित्व वा एकतामा नै कुनै एउटा राज्य व्यवस्था चलेको हुन्छ । पूँजीवादी व्यवस्था सर्वहारा र पूँजीपति दुई विरोधी वर्गहरुको संघर्ष र एकतामा टिकेको हुन्छ । पूँजीपति वर्ग प्रभूत्वशाली भएकोले सर्वहारा वर्गको सत्ता दमनमा परेको हुन्छ । जब सर्वहारा वर्ग शक्तिशाली हुन्छ, पहिलेको प्रभूत्वशाली वर्गलाई यसले अपदस्त गर्दछ, प्रभूत्वशाली बन्दछ । सर्वहारा वर्ग प्रभूत्वशाली बन्नु भनेको गुणात्मक परिवर्तन हो ।

यसरी विरोधी वर्गहरुको एकतामा ती वर्गहरुको बीचको अन्तरविरोधले कहिले कुनै पक्षलाई शक्तिशाली बनाउने र कहिले बरोबरीको स्थितिमा उभ्याउने भूमिका खेल्दछ । नयाँ प्रभूत्वले पुरानो एकतालाई ध्वंश गर्दछ र नयाँ एकता देखा पर्दछ । यसरी एकता क्षणिक र सापेक्षिक रुपमा रहने हुन्छ र एकताको दाँजोमा संघर्ष दीर्घकालीन र निरपेक्ष हुने हुन्छ । हुन त संघर्ष पनि पुरानो एकता ध्वस्त भएपछि पुरानै अवस्थामा रहँदैन । वर्गहरु नयाँ स्थितिमा पुगेका हुन्छन् र तिनमा संघर्ष पनि जारी हुन्छ ।

यसरी नयाँ र पुरानोको द्वन्दात्मक सबन्ध रहने हुन्छ । गतिशील संसारमा कुनै पनि कुरा स्थायी र अपरिवर्तनीय नहुने भएकाले हिजोको नयाँ आज पुरानोमा र आजको नयाँ भोलि पुरानोमा परिवर्तित हुने हुन्छ । तर आजको नयाँ भोलि पुरानोमा फेरिदा पनि आजको पुरानो भने भोलि नयाँ हुन सक्तैन, किनभने, वर्तमान भविष्य उन्मुख-हुन्छ । ○

साप्ताहिक जनादेश
साप्ताहिक पृष्ठभूमि
पढनु भयो ?

नेबिको
बिस्कुटहरु
तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।

नयाँ आवश्यकता




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल



फिफा कप

### राष्ट्र-संघीय नाकावन्दीको बिरोधमा

# लिबियाद्वारा विश्व-कप फूटवल प्रतियोगिता बहिष्कार



कर्नल गद्धाफी

अमेरिकाको उक्साहटमा संयुक्त राष्ट्र-संघद्वारा लिबियामाथि लगाई राखिएको हवाई नाकावन्दीले गंभीर क्षति पारेको कारणले लिबियाले उक्त नाकावन्दीको बिरोधमा सन् १९९४को विश्व-कप फूटवल प्रतियोगिताको प्रारंभिक चरणको खेल वहिष्कार गरेको छ।

विश्वका २४ देशले मात्र भाग लिन पाउने विश्व कप फूटवल प्रतियोगिताको अन्तिम चरणमा प्रवेश पाउने ३ अफ्रिकी देशको कोटाको लागि भैरहेको यस प्रारंभिक चरणको खेलमा ३० वटा मात्र अफ्रिकी देश सहभागी भएका छन्। जाम्बिया बुर्किनो फासो, माली, मालावीई, मौरिटानिया, साओटोने, सुडान र युगाण्डाले अफ्रिकाली समूहबाट खेल्न असमर्थता व्यक्त गरेका छन् भने अंगोला, लाइबेरिया र जायरे जस्ता गृहयुद्ध-ग्रस्त र आन्तरिक गडवडीयुक्त देशहरुले खेल स्थगित गरेका छन्।

हवाई नाकावन्दीले गर्दा आफ्ना समूहका तीन खेलहरु पहिले नै स्थगित गरिसकेको लिबियालाई अन्तर्राष्ट्रिय फूटवल महासंघ (फिफा)ले प्रतियोगिताका सबै खेल अन्य मुलुकका खेल मैदानमा खेल्ने प्रस्ताव राखेको थियो, तर त्यस प्रस्तावलाई अस्वीकार गरी लिबियाले विश्व कप फूटवल प्रतियोगिता नै वहिष्कार गरेको यस घटनाले अमेरिकी इशारामा राष्ट्र संघद्वारा लिबियामाथि लगाई राखिएको हवाई नाकावन्दीको बिरुद्व लिबियाको गंभीर प्रतिक्रियालाई प्रस्ट गरेको छ।

सन् १९८८ मा स्कटलैण्डको लकर्बीमा पान आम अमेरिकी यात्रुवाहक बिमानमा भएको वम बिस्फोटनको आरोपमा फँसाइएका दुई लिबियाली नागरिकलाई अमेरिका र वेलायतले आफूलाई सुपुर्दगी नगरेको निहुँमा वेलायत र फ्रान्सको सहयोगमा संयुक्त राष्ट्र-संघ मार्फत् गत अप्रिल महिनादेखि लिबियामाथि हवाई नाकावन्दी लगाएको हो।

अमेरिकाले लिबियाली नेता कर्नल गद्दाफीलाई १९६९मा पश्चिमी देशको कठपुतली लिबियाली राजतन्त्रको सत्ता पल्टाएको, अमेरिकी र वेलायती सैन्य-अड्डा वन्द गरेको, अमेरिकाको स्वामित्व भएका तेल प्रतिष्ठानहरुलाई राष्ट्रियकरण गरेको इजरायलको बिरोधमा प्यालेस्टिनी मुक्ति संगठनलाई प्रत्यक्ष सहयोग गरेकोमा आतंकवादीको आरोप लगाउँदै सत्ताच्यूत गर्ने र मार्ने नियतले १९८६ मा त्रिपोली र बेनगाजीमा बमवारी समेत गरिसकेको हो।

यसै सिलसिलामा, लिबियाले ती दुई अभियुक्तलाई अरव लिग वा अन्य देशलाई सुम्पने बचन दिएको थियो। तर अमेरिका भने आफैंलाई बुझाउनु पर्ने हठ गरिरहेको छ। फ्रान्स र बेलायत समेतलाई साथ लिएर यो हठ गरिरहेको अमेरिकाको नियत केवल ती बिमान विस्फोटका लागि जिम्मेवार भनिएका दुई अभियुक्त वा तथाकथित अपराधीहरुलाई कारवाही गर्नु मात्र होइन, बरु यो निहुँमा कर्नल गद्दाफीको सत्ता समेत पल्टाउने नै हो भन्ने कुरा अमेरिकाका पराजित राष्ट्रपति जर्ज बुशको यस भनाइबाट पुष्टि हुन्छ "यदि लिबियाले ती दुई अपराधीहरुलाई सजाय दिन आफूलाई सुम्पी दियो नै भने तापनि लिबियामाथि लगाइएको नाकावन्दी जारी राखिने छ।"

जेहोस्, काहिराबाट प्रकाशित "अल कुवैत" को रिपोर्ट अनुसार लिबियालाई आफ्नो नाम बदल्ने, पश्चिमी शैलीको बहुदलीय पूँजीवादी प्रजातन्त्र स्थापित गर्ने, आफ्नो सैन्य-शक्ति घटाउने र बिदेश मन्त्री इब्राहिम बशीर सहित "आतंकवादी गतिबिधिमा संलग्न" ७७ जना अन्य लिबियाली नागरिकहरुलाई सुपुर्दगी गर्ने शर्त राख्न समेत नहिच्किचाउने अमेरिकाले कर्नल गद्दाफीलाई सत्ताच्यूत नगरेसम्म नाकावन्दी जारी नराख्ला भन्न सकिंदैन।

अर्को देशको आन्तरिक मामलामा प्रत्यक्ष हस्तक्षेप गर्ने यस दुर्नियतबाट प्रेरित नाकावन्दीको बिरोधमा लिबियाद्धारा गरिएको विश्व कप फूटवल प्रतियोगिता वहिष्कार पनि अमेरिकी साम्राज्यवाद बिरोधी संघर्षको एक अभिव्यक्ति हो भन्न सकिन्छ। ○


सोलार वाटर हिटर

अव जताततै भौंतारिनु पर्दैन सुपथ मूल्यमा

पाँच वर्षको ग्यारेन्टीका साथ धमाधम विक्री हुँदैछ।




SOLAR

सम्पर्क स्थान:-

नयाँ वानेश्वर,

होटेल एभरेष्टको लाइनमा फोन नं. २१५६९८

# समस्या समाधान गर्न के गर्नु पर्छ ?

**वैज्ञानिक तवरले जीवनका हरेक समस्या समाधान गर्न द्वन्दवाद अप्नाउने कि अधिभूतवाद अप्नाउने ? - के यो दार्शनिकहरूको मात्र चासोको विषय हो ? आम-मानिसहरूको सरोकारको विषय होइन ?**

गिरिजा सरकारले आफ्नो तीन वर्षीय कार्य-योजनामा र बजेटमा गरीवी हटाउने कुरा ल्याएको छ । गरीवी हटाउने मनसुवा राख्नु निकै राम्रो कुरा हो तर मनसुवा र कुराले मात्रै त गरीबी हट्दैन, हट्नेवाला छैन । गरीबी हटाउन गरीबी के कारणले पैदा भयो, त्यो ठम्याउनु पर्छ । गरीबीको जरो कारण ठम्याइयो र त्यसलाई हटाउन संघर्ष गरियो भने मात्र गरीबी घट्ने र हट्ने दिशातिर काम हुन सक्छ । तर गिरिजा सरकारले यस दिशातिर चाहिं के काम गर्ने भएको छ त ?- उसले यसका निम्ति रोजगारी बढाउने मात्र कुरा गरेको छ । के यसबाट यो समस्याको समाधान हुन सक्छ ?

हुन सक्छ यदि रोजगारी प्राप्त नहुनुको कारणले नै गरीबी पैदा भएको हो भने । तर वास्तविकता के हो ? रोजगारी नभएकाहरू मात्र हैन, रोजगारी भएका मानिसहरू पनि किन ठूला ठूला धनीहरूको तुलनामा निकै गरीब छन्, यद्यपि, उनीहरूसित रोजगारी छ ? किन जोताहा किसानहरू जमीन्दार वा तल्सिङ्गको तुलनामा निकै गरीब छन्, यद्यपि उनीहरूसित सानो सानो जोत छ, रोजगारी छ ?

त्यसैले सत्य के हो भने, रोजगारी गरीबीको कारण त हो, तर मूल कारण होइन किनभने तिनीहरू पनि गरीब छन्, जोसित रोजगारी छ । तसर्थ रोजगारीले गरीबी विभिन्न मात्रामा घटाउन सक्ला तर हटाउन होइन ।

गरीब र गरीबी एउटा तुलनात्मक अर्थात सापेक्षिक शब्द हो । तुलना गर्नको लागि कोही अरू हुनु पर्‍यो, अनि मात्र को भन्दा गरीब भन्ने छर्लंग हुन्छ । दांज्ने कोही अरू छैन भने अलग्गै कोही गरीब हो कि धनी-छुट्टिन सक्दैन । कोही धनी छन्, त्यसैले न कोही गरीब हुन्छन् ! धनाढ्य उद्योगपतिहरू छन्, त्यसैले त मजदूरहरू गरीब छन् भन्ने देखिन्छ । जमीन्दारहरू सम्पतिवाल छन्, त्यसैले त जोताहा मोही गरीब छ भन्ने छर्लगिन्छ । त्यसैले कोही गरीब हो कि धनी, अरूसितको तुलनामा, सम्बन्धमा, सापेक्षतामा मात्र छुट्टिन्छ । संसारमा कोही धनी छैनन् भने गरीब पनि कोही हुँदैनन् ।

यसरी मुलुकमा गरीबी हुनुको कारण त समाजमा धनीहरू हुनु हो । धनीहरू यस कारणले धनी भएका हुन्छन् कि अरूको तुलनामा उनीहरूसित बेसी सम्पत्ति छ, जग्गा छ, कारखाना छ, उत्पादनका साधनहरू छन्, सुविधाहरू छन्। तर हामी जीवनमा के देख्छौं भने प्रायः धनीहरू गरीबको तुलनामा कम काम गर्छन् वा कामै गर्दैनन् । उता गरीबहरू चाहिं धनीहरूको तुलनामा बेसी परिश्रम गर्छन् तर उनीहरूसित कम सम्पत्ति हुन्छ, कम जग्गा जमीन, कारखाना, र सुविधा हुन्छन् वा हुँदै हुँदैनन् । संसारका सबै सम्पत्तिहरू परिश्रमबाटै पैदा हुन्छन् । परिश्रम विना एउटा ढुंगा समेत काम लाग्दो र बिकाउ बन्दैन । तर प्रश्न के उठ्छ भने, किन समाजमा सम्पत्ति पैदा गर्न सबभन्दा बढी परिश्रम गर्नेहरू चाहिं सबभन्दा गरीब हुन्छन् ? किन परिश्रम नै नगर्ने वा कम गर्नेहरू चाहिं सबैभन्दा धनी हुन्छन् ? गरीबीको मूल कारण यही प्रश्नको उत्तरमा लुकेको छ ।

समाजमा परिश्रमको फल कसैले लुट्ने काम गरिरहेको छ, चलाखी साथ । त्यसैले उनीहरूसित कम परिश्रम वा शून्य परिश्रम गर्दा

**गरीवी पैदा गर्ने मुहान चाहिँ बचाई राख्ने,अनि गरीवी उन्मूलन गर्ने कुरा गर्ने ?**



गर्दै पनि बेसी सम्पत्ति, उत्पादनका साधन र सुविधा छ, उनीहरू धनी छन् । कोही बेसी परिश्रम त गरिरहेछन् तर त्यसको उचित फल पाइरहेका छैनन्, गुमाईरहेका छन् । त्यसैले उनीहरू गरीब छन् । त्यसैले, गरीबीको जरो कारण त समाजको अन्यायपूर्ण उत्पादन र वितरण प्रणालीमा लुकेको छ । बढी परिश्रम र उत्पादन, तर कम फल वा शून्य फलको वितरण भएपछि मानिस गरीब हुन्छ । शून्य वा कम परिश्रम र उत्पादन, तर बढी फलको वितरण भएपछि मानिस धनी हुन्छ । गरीबीको जरो कारण यही हो ।

गिरिजा सरकार गरीबीको यो जरो कारणलाई चाहिं छुन नै चाहँदैनन् । त्यसलाई उनीहरू ज्यूंका त्यूं बाँकी राख्न चाहन्छन् । उनीहरू समाजको अन्यायपूर्ण उत्पादन र वितरण प्रणालीलाई अन्त नै गर्न चाहँदैनन् । त्यसलाई उनीहरू आंखाको नानी झैं बचाई राख्न चाहन्छन् । तर फेरि उनीहरू गरीबीको उन्मूलनको कुरा गर्छन् । गरीबी पैदा गर्ने मुहान चाहिं बचाई राख्ने, अनि गरीबी उन्मूलन गर्ने कुरा गर्ने ? यो फगत स्वाङ मात्रै हो । यो सरासर छलकपटपूर्ण नाटक मात्रै हो ।

संसारमा समस्याहरू छन् । ती हरेक समस्याका कारणहरू हुन्छन् । विना कारण कुनै समस्या पैदा हुँदैन । समस्या हल गर्ने हो भने त्यो समस्या पैदा गर्ने मूल मुहान कुन हो त्यो पत्ता लगाउनु पर्छ । त्यो मूल मुहान पत्ता लागेपछि र त्यसैलाई थुन्ने उपाय गरेपछि समस्या हल हुन्छ । मूल मुहान ज्यूं का त्यूं राखेर टालटुले उपाय मात्रै गरियो भने कुनै पनि समस्या हल हुँदैन । त्यो झन् जटील बन्छ । गरीबी पनि एउटा समस्या हो । अलिकता रोजगारी बढाएर त्यो हल गर्न खोज्नु, समस्या समाधान गर्ने टालटुले उपाय हो । गरीबीको जरो-अन्यायपूर्ण उत्पादन र वितरण प्रणालीलाई नै फेर्न खोज्नु चाहिं समस्या समाधान गर्ने सही र वैज्ञानिक उपाय हो ।

महंगी पनि एउटा सामाजिक समस्या हो । यसका कारणहरू छन् । महंगीको समस्या हल गर्ने हो भने यो समस्याको पनि मूल मुहान कुन हो, त्यो ठेगान गर्नु पर्छ । हालको रूसमा महंगी अचाक्ली बढ्यो । पूंजीवादी राष्ट्रपति येल्तसीनले त्यसलाई यहांको गिरिजा सरकारले जस्तै प्रशासनिक उपायहरू अप्नाएर हल गर्न खोजे । तर त्यो हल भएन । त्यो झन् बढ्यो किनभने येल्तसीनले खुला बजार अर्थतन्त्र - महंगीको मूल मुहान-लाई चाहिं ज्यूंका त्यूं छोडे । त्यसलाई भने उनले बचाउन चाहे, अनि यसरी समस्याको मूल मुहानलाई चाहिं यथावत बांकी राखेर फगत प्रशासनिक उपायद्वारा समस्या हल हुन्थ्यो नै कसरी ? महंगी हटाउन फगत प्रशासनिक उपाय अप्नाउनु भनेको फेरि पनि समस्याको समाधान गर्ने टालटुले उपाय मात्र हो । समस्यालाई त्यसको जरोमै हल गर्न खोज्ने वैज्ञानिक उपाय होईन ।

कुनै एउटा सहकर्मीले संगठनको अनुशासन तोड्यो । त्यसलाई खाली अनुशासनको कार्वाहीद्वारा मात्र सम स्या समाधान गर्न खोज्नु पनि समस्या समाधान गर्ने अवैज्ञानिक विधि हो । हामी वैज्ञानिक विधिमा विश्वास राख्छौं भने- हाम्रो पहिलो काम हो- हरेक समस्याको कारण पत्ता लगाउनु । समस्याभित्रको सत्य पत्ता लगाउनु । अनुशासन तोड्ने समस्या पैदा भयो नै किन ? त्यो टुंगो लाउनु । समस्याको कारणको जरो पत्तो लगाउन सक्यौं भने हामी निश्चय पनि समस्यालाई निमिट्यान नै पार्न समर्थ हुन सक्छौं । तर त्यसो गरिएन, समस्याको सतह सतहमा मात्र हेरेर त्यसलाई समाधान गर्न प्रयत्न गरियो भने त्यो काम चलाउ उपाय मात्र हुन्छ । त्यसलाई समस्या समाधान गर्ने तदर्थवादी विधि भनिन्छ ।

हरेक पातको आधार, डांठ, डांठ जोडिएको ठाउं हांगा र हांगा जोडिएको ठाउंको मूल स्थान फेद र जरा भए जस्तै-हरेक समस्याको पनि डांठ, हांगा, फेद र जरा हुन्छ, डांठ, हांगा फेद र जरा पत्ता नलागीकन रूखको सम्पूर्णता पत्ता लाग्दैन । त्यस्तै समस्याको पनि डांठ, हांगा, फेद र जरा पत्ता नलागीकन यसको उत्पत्तिको सम्पूर्णता पत्ता लाग्दैन । समस्याको उत्पत्तिको सम्पूर्णता नै

पत्ता लागेन भने समस्याको वास्तविकताको जानकारी नै हुँदैन । समस्याको पूरापूर जानकारी विना अन्धाधुन्ध गरिने सबै उपायहरू अन्धतापूर्ण हुन्छन् नै । अनि अन्धतापूर्ण उपायले वाञ्छित फल प्राप्त हुन्छ नै कसरी ? त्यसैले, वाञ्छित लक्ष्य प्राप्त गर्न चाहने जो कोहीको लागि पनि वैज्ञानिक विधि हो- हरेक समस्याको डाँठ हाँगा, फेद र जरा पत्ता लगाउनु ।

तर कुनै पनि समस्याको मूल जरो पत्ता लगाउनु वा मूल कारण पत्ता लगाउनु सजिलो भने अवश्य हुँदैन, किनभने समस्याको जरो बाहिर हुँदैन । त्यो भित्र कता कता गडेर बसेको हुन्छ र बाहिर एउटा अभिव्यक्ति देखिन्छ, भित्र अर्को वास्तविकता लुकेर बसेको हुन्छ । नदीको बाहिर फीज, छाल, घुमाउने हुन्छ । तर त्यो फीज, छाल र घुमाउनेको भित्री कारणको रूपमा नदीभित्र प्रवाह निरन्तर गतिवान हुन्छ । फीज, छाल र घुमाउने त त्यो प्रवाहको गतिशीलताको बाहिरी परिणाम मात्र हो । हामी फीज, छाल र घुमाउने नहोस् भन्ने चाहन्छौं भने नदी भित्रको प्रवाहको अन्त गर्न सक्नु पर्छ । प्रवाह यथावत बाँकी राखेर फीज छाल र घुमाउनेको अन्त गर्न हामी खोज्छौं भने हामी असफल नभए को हुन्छ ? संसारमा बाहिर सतहमा देखिने कुरा नै भित्री वास्तविकता हुने भइदिएको भए विज्ञानको जरूरत नै हुने थिएन । विज्ञान भन्नु नै प्रत्येक बाहिर देखिने समस्याको भित्री जराको खोजी हो, प्रत्येक समस्याको सकेसम्म समग्र र भित्री वास्तविकताको खोजी हो, जुन सतहभन्दा धेरै भित्र लुकेर बसेको हुन्छ ।

समस्यालाई जरोमा खोज्नु भनेको यसलाई ऐतिहासिक रूपमा हेर्न खोज्नु हो । कुनै पनि समस्या उत्तिकै पैदा हुँदैन र त्यो अलग-धलग पनि हुँदैन । त्यो अरू थुप्रै पहिलेका समस्यासित र अन्य कुराहरूसित गाँसिएको हुन्छ । समस्याको डाँठ, हाँगा, फेद, जरा हेर्ने यो वैज्ञानिक विधिले हामीलाई त्यो समस्या अरू के के कुरासित गाँसिएको छ, त्यो पूरापूर हेर्न सिकाउँछ । समस्याको डाँठ, हाँगा, फेद, खोज्दै जरासम्म जान सिकाउँछ । प्रत्येक समस्याको सतह सतह होइन, त्यसको पिता-पुर्ख्यौली, नाता-गोता हेर्न सिकाउंछ । यो विधिबाट प्रत्येक समस्याको वास्तविक इतिहास पत्ता लाग्छ समस्याको उत्पति स्रोत पत्ता लाग्छ । जब समस्याको उत्पति स्रोत नै पत्ता लाग्छ, अब त्यसलाई पूरापूर समाधान गर्ने संभावना पैदा हुन्छ । अनेकौं पटकको हार पनि त्यसको जरो कारण पत्तो लाग्यो भने जितमा परिणत हुन सक्छ । मूल कारण ठम्याइयो भने अनेकौं पटकको असफलता पनि सफलतामा परिणत हुन सक्छ । तथापि हामी धेरैजसो मानिसहरू समस्या हल गर्ने तदर्थवादी विधि नै अनुशरण गर्छौं, किनकि हामी सजिलोका पक्षपाती छौं । हामीमा समस्याको डाँठ, हाँगा, फेद हुँदै जरोको तहसम्म जाने धैर्य नै छैन । कुनै पनि समस्याको जरोसम्म जाँदा जुन सत्य प्रकट हुन्छ, त्यो निकै तीतो र प्रखर हुन्छ । हाम्रा स्वार्थहरूले त्यो तीतो र प्रखर-सत्यको सामना र अंगीकार गर्ने साहस नै पैदा गर्दैन । त्यसैले स्वार्थवश हामी स्थितिसित सम्झौता गर्छौं तदर्थवादी विधि अप्नाउंछौं । यसरी समास्यालाई हल गर्न होइन, हामी स्थगित गर्न प्रेरित हुन्छौं तर प्रत्येक स्थगनले समस्या समाधानको संभावनाबाट समस्या झन् टाढा बन्छ, अरू असाध्य बन्दछ ।

त्यसैले समस्यालाई वास्तवमा नै हल गर्ने, जरोमै हल गर्ने र पूरापूर हल गर्ने हो भने हामीसित समस्याको जरोसम्म जाँदा पैदा हुने कष्ट र झमेलाट व्यहोर्ने तम्तयारीपन हुनुपर्छ । सत्यको प्रप्तिको लागि पर्खने धैर्य हुनुपर्छ । सत्यको सामना र अंगीकार गर्ने साहस हुनुपर्छ । आफ्नो स्वार्थसंग लाप्पा खेल्दै सत्य प्राप्त गर्ने हुटहुटी हामीमा छैन भने हामी कुनै पनि समस्याको जरोसम्म खोज्ने विधि नै अप्नाउन सक्दैनौं ।

दर्शनको भाषामा कुनै पनि समस्यालाई सतह सतहमा मात्र हेर्न खोज्नु, कुनै पनि समस्यालाई फगत पात हेरे जस्तै गरी अलग-धलग रूपमा हेर्न खोज्नु अधिभूतवाद हो । हरेक समस्याको मूल जरो हेर्न खोज्नु, इतिहास हेर्न खोज्नु, फगत पात नहेरेर त्यो जोडिएको डाँठ, हाँगा, फेद, जरासम्म हेर्न खोज्नु र समस्यालाई त्यसको जरोमै हल गर्न खोज्नु द्वन्दवाद हो ।

कुनै पनि समस्याको समग्र वास्तविकता थाहा पाउन खोज्नु, त्यसको डाँठ, जरा, फेद जराको सत्य जानकारीको आधारमा समस्या हल गर्न खोज्नु वस्तुवाद (भौतिकवाद) (Materialism) हो । फगत सतह सतहका कुराका आधारमा भित्रको वास्तविकता नै थाहा नपाइकन, फगत अनुमान र कल्पनाका आधारमा समस्या समाधान गर्ने धारणा बनाइनु आदर्शवाद (Idealisim) हो ।

त्यसैले वैज्ञानिक तवरले जीवनका हरेक समस्या समाधान गर्न, द्वन्दवाद अप्नाउने कि अधिभूतवाद अप्नाउने ? वस्तुवाद अप्नाउने कि आदर्शवाद ? यो फगत दार्शनिकहरूको मात्र चासोको विषय होइन। यो आम मानिसहरूको सरोकारको विषय हो । किनभने, कुनै पनि समस्याको जरो कारण थाहा पाउन खोज्नु खाली दार्शनिकहरूलाई मात्र जरूरी छैन, आफ्नो मस्याको वास्तविक हल चाहने जो कोहीलाई यस्तो गर्नु जरूरी छ ।

- प्रज्ञान रत्न

शब्द परिचय

# आत्मपरक चिन्तन र वस्तुपरक चिन्तन


*वास्तविकतासित मेल नखाने मनगढन्त चिन्तनलाई आत्मपरक चिन्तन भनिन्छ । यसलाई आत्मगत चिन्तन पनि भनिन्छ । आत्मपरक वा आत्मगत चिन्तनको मुख्य विशेषता के हो भने यसले मान्छेको विचार भन्दा बाहिर स्वतन्त्र अस्तित्वमा वास्तविकता छ र त्यो गतिशील छ भन्ने कुरा स्वीकार्दैन । मेरो विचार तब मात्र सही हुन संभव हुन्छ; जब मेरो विचारले त्यो गतिशील वास्तविकतालाई बढी भन्दा बढी दुरुस्त र पूरापूर प्रतिबिम्बित गर्नसक्छ भन्ने कुरा यसले स्वीकार्दैन । पहिले आफ्नै कल्पना वा अनुमानमा आधारित भएर मनगढन्त धारणा बनाउने र अनि वास्तविकतामाथि त्यो लाद्ने काम यसले गर्दछ । त्यसैले, आत्मपरक चिन्तनले कहिल्यै पनि वास्तविकतालाई सही तवरले थाहा पाउन, पक्रन सक्दैन । यही कारणले त्यो चिन्तन प्रणालीबाट वास्तविकतामा समाज र प्रकृतिमा सचेत वा उद्देश्यमूलक परिवर्तन ल्याउनु संभव हुँदैन । यो चिन्तनबाट मानिस वास्तविकताको मालिक होइन, दास बन्दछ ।*

*आत्मपरक शव्दको अर्थ- आफू धुरी हो, आफू केन्द्रित हो । आत्मपरक चिन्तन भनेको- आफूलाई, आफ्नो अनुमान वा कल्पनालाई धुरी बनाउने चिन्तन हो । यो आदर्शवादी चिन्तन प्रणाली हो ।*

*वस्तुपरक चिन्तन भनेको वस्तुलाई जस्तो छ त्यस्तै रुपमा हेर्नु पर्छ भन्ने चिन्तन हो । अर्थात वास्तविकतासित मेल खाने चिन्तन वस्तुपरक चिन्तन हो । यसलाई वस्तुगत, वस्तुसम्मत चिन्तन पनि भनिन्छ । यो चिन्तनको मुख्य विशेषता हो- यसले वास्तविकता मेरो विचारभन्दा बाहिर स्वतन्त्र रुपले अस्तित्वमा छ र त्यो गतिशील छ भन्ने कुरा स्वीकार्दछ । यसले मेरो विचार तब मात्र सही हुन सक्छ जब यसले म भन्दा बाहिर अस्तित्वमा रहेको गतिशील बस्तु जगतलाई बढीभन्दा बढी दुरुस्त र पूर्णतामा प्रतिबिम्वित गर्न सक्छ भन्ने कुरा स्वीकार्छ । समाज र प्रकृतिका प्रत्येक वस्तुहरु, घट्नाहरु कुनै न कुनै नियमबाट संचालित छन्: र यो नियमको वास्तविकता मानिसले प्रयत्न गरे थाहा पाउन सक्छ: त्यो थाहा पाएको खण्डमा मात्र मानिसले समाज र प्रकृतिका वस्तु र घटनामाथि सचेत प्रभाव पार्न सकछ र उद्देश्यमूलक परिवर्तन ल्याउन सक्छ भन्ने कुरा नै वस्तुपरक चिन्तनको सार हो । त्यसैले वस्तुपरक चिन्तन भनेको फगत कल्पना वा निराधार अनुमानमा आधारित चिन्तन होइन । यो वास्तविकतामा वा तथ्यमा आधारित चिन्तन हो । यो चिन्तनबाट मानिस वास्तविकताको दास होइन, मालिक वन्दछ ।*

*वस्तुपरक शब्दको अर्थ- वस्तु धुरी अथवा वास्तविकता धुरी हो । त्यसैले वस्तुपरक चिन्तन भनेको वास्तविकतालाई धुरी बनाइएको, वास्तविकतामा आधारित चिन्तन हो । यो वस्तुवादी चिन्तन प्रणाली हो ।*

*सर्पलाई विभिन्न तथ्यहरुको आधारमा सर्प भन्ने धारणा बनाउनु वस्तुपरक चिन्तन हो । चिचिण्डोलाई फगत अनुमानको आधारमा सर्प भन्ने धारणा बनाउनु आत्मपरक चिन्तन हो ।*




*समीक्षा तथा परामर्श भेलाको रिपोर्ट*

# संशोधनवाद हैन, समाजवाद नै असफल भएको हो

*- प्रा. माणिकलाल श्रेष्ठ*

## "मूल्यांकनले प्रत्यक्ष अन्तर्क्रिया चलाओस्"

"मूल्याङ्कन" मासिक रूपमा प्रकाशित भएको एक वर्ष पुगेको परिप्रेक्ष्यमा गएको मंसीर २७ गते काठमाडौंमा एउटा "समीक्षा तथा परामर्श भेला" आयोजना गरिएको थियो जसबारे संक्षिप्त समाचार हामीले गतांकमा दिएका थियौं । मूल्याङ्कनको सम्पादक-मण्डल तथा सल्लाहकार मण्डलद्वारा कृषि आयोजना सेवा केन्द्रको हलमा आयोजित त्यस भेलामा विभिन्न वामपन्थी नेताहरु तथा मूल्यांकन स्तम्भ-सहयोगी, विषय-विज्ञहरू, सहयोगीहरू र वामपन्थी पत्रिकाका प्रतिनिधिहरूको उपस्थिति थियो ।

"मूल्याङ्कन" प्रकाशनको थालनी गर्ने निर्णय आजभन्दा करीब डेढ वर्ष अघिको एउटा जमघटबाट गरिएको थियो । त्यो जमघटले शुरूमा "वामपन्थ" भन्ने मासिक पत्रिका निकाल्ने योजना गरेको तर दर्ता गर्न प्राविधिक बाधा भएकोले त्यसको बदलामा पहिलेको "मूल्याङ्कन" साप्ताहिकलाई मासिकका रूपमा बदलेर यो पत्रिका निकाल्न थालिएको हो । एक वर्षमा गतांक समेत हिसाब गर्दा यसका जम्मा आठ वटा अङ्कहरू प्रकाशित भएका छन् । शुरूको दुई हजार प्रतिको प्रकाशन अब बाह्र हजार प्रति हुन पुगेको छ । यो अहिले नेपालको प्राय: सबै शहरी केन्द्रहरूमा र तिनका नजीकका गाउँहरूमा पुग्छ ।

यस प्रकाशनको मूल उद्देश्य नेपालको वामपन्थी आन्दोलनमा, जीवनको हरेक क्षेत्र र पक्षमा विचार-अन्तर्क्रियाको माध्यमबाट विचार-स्पष्टता हासिल गर्न मद्दत पुऱ्याउनु हो, ता कि समाजको क्रान्तिकारी रूपान्तरणको लागि जीवनको सबै पक्षमा वामपन्थी विकल्प भेट्न सकियोस् ।

उपरोक्त विवरणहरू प्रस्तुत गर्दै प्रधान सम्पादक श्याम श्रेष्ठले सहभागीहरूको स्वागत गर्दै भेलाको उद्देश्यबारे अवगत गराउनु भएपछि कार्यक्रम अघि बढेको थियो । विगत एक वर्षमा यसको उद्देश्य-प्राप्तिको स्थितिको लेखाजोखा गर्दै आगामी अङ्कहरूमा के गरिनु पर्छ ? त्यसका लागि सहभागीहरूको आलोचना र सुझाव प्राप्त गर्ने मूल उद्देश्य रहेको सो भेलामा यसका विगत अंकहरूको समीक्षा प्राध्यापक माणिकलाल श्रेष्ठले गर्नुभयो ।

वामपन्थी पार्टीहरू बीच अन्तर्क्रिया संचालन गर्नु नितान्त जरूरी थियो र यो काम मूल्यांकनले थालेर राम्रो गरेको छ भन्दै उहांले यसलाई अरू व्यापक पार्नु परेको छ भन्नुभयो । "मूल्यांकन" का अंक-सात सम्ममा आफूलाई सर्वश्रेष्ठ अंक पहिलो-अंक लागेको बताउँदै उहांले भन्नुभयो- मूल्यांकनको नियमितता राम्रो छ र यसले समसामयिक विषयको अलावा अन्य विविध विषय पनि समेट्न सकेको छ । पहिलो अंकको नीरव शेरचनको लेखलाई उल्लेखनीय मान्दै उहांले विगतमा सोभियत संघ र पूर्वी युरोपमा संशोधनवादको पतन भएको हो, समाजवादको होइन भन्ने यस लेखको भनाइमा भने आफ्नो असहमति रहेको कुरा बताउनु भयो । उहांले भन्नुभयो- संशोधनवादको त उद्देश्य नै पूंजीवादको पुनर्स्थापना गर्नु हो र आफ्नो उद्देश्यमा त यो सफल पो भएको छ त । असफल त समाजवाद नै भएको हो ।

अंक- तीनको जन-आन्दोलन सम्बन्धी श्याम श्रेष्ठको लेख विवरणात्मक भयो तर आलोचनात्मक भएन, संस्कृत नेपाल भाषाको जननी होइन भन्ने अंक- पांचको लेख सम-सामयिक भएन । उत्तर कोरियाबारे किम ओन गिलको सट्टा राजदूतसंग नै अन्तरवार्ता लिएको भए राम्रो र आधिकारिक हुन्थ्यो । स्थानीय चुनावको मूल्यांकनमा एकता हुन सकेन त भनियो तर किन हुन सकेन, यो कुरा यसमा आएन - उहांको समीक्षा थियो ।


समीक्षापछि सहभागीहरूको आलोचना र सुझावको क्रम शुरू भयो । सुझावको क्रममा ने.क.पा.एमालेका पोलिटव्यूरो सदस्य सी.पी. मैनालीले "मूल्यांकन"को उद्देश्य र थालनीको प्रसंसा गर्दै यसले नेपाली क्रान्तिका मूलभूत मुद्दाहरूमा र विभिन्न विषयमा पार्टी-नेताहरू र विषय-विज्ञहरूका बीचमा लिखित वा मौखिक रूपमा वा गोष्ठी आयोजना गरेरै पनि अन्तर्क्रिया चलाउने हो भने वास्तवमै अन्तर्क्रियामुखी र उपयोगी हुन जान्थ्यो भन्ने सुझाव दिनु भयो ।

ने.क.पा. संयुक्तका शीर्षस्थ नेता विष्णुबहादुर मानन्धरले नेपालमा १७ साल पछि व्यापक र ठोस रुपमा किसान-आन्दोलन हुन सकेको छैन, यस्तो किन भइरहेछ, अब कुन कार्यक्रममा किसान आन्दोलन हुन सक्छ ?- मार्क्सबादी दृष्टिकोणबाट त्यसको बिश्लेषण गर्ने लेख बिषय-विज्ञद्वारा लेखाउने काम "मूल्यांकन" ले गरोस् भने सुझाव दिनु भयो ।

ने.क.पा. एमालेका पोलिटव्यूरो सदस्य माधवकुमार नेपालले बिभिन्न संकटहरु पार गरेर "मूल्यांकन" यो रुपमा जीउन सकेकोमा बधाई दिनुभयो । यसमा मानव- अधिकारको पक्ष, महिला बिक्रीको समस्याको पक्ष र नेपाल-भारत खुला-सीमानाले पारेको समस्याका पक्षहरु समेत नछुट्नु पर्ने राय दिंदै समाजबादको बिफलताको पछाडि के के त्रुटी-कमजोरी रहेका छन् त्यसबारे खोजमूलक लेख रचना दिन जरुरी छ भनी सुझाव दिनुभयो - पाँच-छ अंक अगाडि नै योजना बनाएर आन्दोलनका बिभिन्न महत्वपूर्ण मुद्दाहरुमा नेताहरु र बिज्ञहरु बीच मूल्यांकनले आम्ने-साम्ने अन्तर्क्रिया चलाएमा त्यो साह्रै उपयोगी हुन्थ्यो । उहांले मूल्यांकनले पूंजीबादी-साम्राज्यबादी खेमाको संकटका पक्षहरुलाई खोतलेर राख्न सकेकोमा यस प्रशंसा पनि गर्नु भयो ।

नेपाल मजदूर किसान पार्टीका शीर्षस्थ नेता नारायणमान बिजुक्छे "रोहित" ले "मूल्यांकन" कतै "दिनमान" जस्तो पत्रिका हो कि मजदूर आन्दोलनप्रति समर्पित पत्रिका हो ?-मलाई प्रश्न उठेको छ भन्नु भयो । यसमा मजदूर आन्दोलनलाई अघि बढाउन सहयोग पुऱ्याउने लेख-रचना आउनु पर्ऱ्यो । समाजबादको असफलताको कारणबारे छलफल चलाउनु पर्ऱ्यो र समाजबाद सम्बन्धी जरुरी पुस्तकहरु यसले अनुवाद गर्नु पर्ऱ्यो भन्दै उहाँले पत्रिकालाई मजदूर आन्दोलनप्रति पूरै समर्पित बनाउने सुझावहरु पनि दिनु भयो । "मूल्यांकन" को बिज्ञापन हेर्दा कतै यो व्यवसायिक बाटोतिर त लाग्ने होइन ?- मलाई शंका लाग्दछ- उहांले भन्नु भयो ।

संयुक्त जनमोर्चाका केन्द्रीय महासचिव निनु चापागाईंको शंका पनि यस्तै थियो । कतै बजारले यसलाई लक्ष्यबाट भड्काउने पो हो कि ?-



म सतर्क गराउन चाहन्छु- उहांको टिप्पणी थियो । लेखहरु ठोस हुनु पर्‍यो, आएका कतिपय लेखहरु जनरल (सामान्य) छन् । पेरिस कम्यूनका अनुभवहरु, दोश्रो अन्तर्राष्ट्रिय पतनका भड्कावहरु, समाजवादका विभिन्न मुलुकका अनुभवहरु, नेपाली किसान- आन्दोलनका बिगतका अनुभवहरु जस्तो कि खनियाबास, रौतहट आन्दोलन आदिका अनुभवहरु, RIM मा संलग्न पार्टीहरुका गतिविधिहरु र त्यसका बिरोधी धाराहरु, के-भेन् र बब एवेकियन बीचको हालैको बिचार- द्वन्द्व आदि बिषयमा पनि यसले रचनाहरू दिएका उपयोगी हुन्थ्यो भन्ने सुझाव दिंदै उहांले "मूल्यांकन"ले कुन स्तरका पाठकलाई ध्यान दिनु पर्ने हो, त्यो स्पष्ट हुनु पर्‍यो, यदि साधारण पाठकको लागि हो भने लेखको भाषा सरल हुनु पर्‍यो भन्ने टिप्पणी गर्नु भयो ।

बुद्धिजीबी पद्म खड्काले आलोचनात्मक टिप्पणी गर्नु भयो- "मूल्यांकन" कतै एक बोरा आलु जस्तो त हुने होइन, बोरामा राखुन्जेल एकीकृत जस्तो निकालेपछि एक्ला एक्लै यसले बुद्धिजीबीहरुलाई अवसरवादी प्रबृत्तिबाट क्रान्तिकारी प्रवृत्तितिर लैजान सहायक हुने लेखहरु प्रकाशित गर्नु पर्‍यो भन्दै उहांले जनवादी शिक्षा कस्तो हुन्छ भने बिषयमा पनि लेखहरु दिनु पर्‍यो भनी सुझाव दिनु भयो ।

प्राध्यापक बालमुकुन्द खरेलले बिभिन्न महत्वपूर्ण बिषयमा पार्टीका नेता र कार्यकर्ताहरु बोलाएर गोष्ठी गरेमा यो वास्तवमै अन्तर्क्रियामुखी हुनेछ भनेर सुझाव दिनु भयो । "मूल्यांकन" बिभिन्न समूहमा बाँडिएका वामपन्थीहरुलाई एकै ठाउंमा ल्याउन सक्ने थलोको रुपमा बिकास भएकोमा उहांले खुसी प्रकट गर्नुभयो । लेखकहरु विविधिकरण भएनन् र एउटै एउटै भए कि ? स्तम्भहरु अलि अलि गंजागोल भए कि ? उहांको आलोचनात्मक टिप्पणी थियो ।

बिज्ञानबिद् डा. नारायण पोखरेलले पहिलो अंकमा जति मेहेनत भयो त्यति पछिल्ला अंकहरुमा मेहेनत भएनन् कि भन्ने टिप्पणी गर्दै ज्ञान-बिज्ञान स्तँभको सट्टा बिज्ञान/प्रबिधि स्तँभ राख्न, बिज्ञानको सन्दर्भमा वामपन्थी बिकल्प के? त्यो प्रस्ट्याउने लेख रचना दिन, शुद्धाशुद्धीमा राम्रो ख्याल गर्न पनि सुझाव दिनु भयो ।

साहित्यकार रुद्र खरेलले अन्तर्क्रिया आदरसहित, दायित्ववोधसहित, गंभीरता सहित हुनुपर्‍यो, भाषा सरल हुनु पर्‍यो र शुद्ध हुनु पर्‍यो एवं प्रत्येक अंकको मूल्यांकनमा समाजको मुख्य शत्रुमाथि प्रहार गर्ने लेख कति, अरु कति ?- राम्ररी लेखाजोखा गरेर प्रकाशित गर्नु पर्‍यो भन्ने सुझाव दिनु भयो ।

भेलामा मूल्यांकनका सल्लाहकार डा. महेश मास्केले भन्नु भयो- मूल्यांकन व्यवसायिक होला कि भनेर यहाँ जुन चिन्ता व्यक्त गरिएको छ- त्यो मूल्यांकन अब आर्थिक र व्यवसायिक रुपले आत्मनिर्भर भएको कुराको प्रमाण हो भन्दै बुद्धिजीबीहरुलाई क्रान्तिको आवश्यकता अनुसार परिचालन गरेर अघि बढ्नका लागि अब मार्क्सवादी अध्ययनका निम्ति एउटा श्रोत केन्द्र (Resource Centre for Marxist Studies) खोल्नु जरुरी भएको र त्यो मूल्यांकनको पहलमा हुन जरुरी भएको प्रष्ट पार्नु भयो । यसका लागि देश बिदेशका बिभिन्न वाम-पार्टीहरुलाई आफ्नो सामग्री पठाउन किन अनुरोध नगर्ने ?- उहांको राय थियो ।



अर्का सल्लाहकार प्राध्यापक महेश्वरमान श्रेष्ठले भन्नु भयो- मूल्यांकनको एउटा उद्देश्य साधारण पाठकहरुलाई मार्क्सवादप्रति आकर्षित गर्नु हो र हाम्रो लक्ष्य साधारण पाठक हो तथापि हामीले त्यो उद्देश्य अनुसार सरल भाषामा लेख प्रकाशित गर्न सकेका छैनौं । अब सबै लेख सरल भाषामा दिन नसकेपनि एक दुई वटा लेख मार्क्सवाद बुझाउन साधारण भाषामा दिनु पर्छ भन्ने हामीले ठानेका छौं- उहांले प्रष्ट्याउनु भयो ।

ने.क.पा. का संस्थापक निरंजनगोविन्द वैद्यले "मूल्यांकन" सबै वामपन्थीहरुलाई एकै ठाउंमा ल्याउन समर्थ भएकोमा खुसी प्रकट गर्नु भयो । उहां आफूलाई वामपन्थीहरु एउटै पार्टीमा आउने कुरामा भने अझ विश्वास नभएको बताउनु भयो । "मूल्यांकन"ले पहिलेको आन्दोलनको इतिहास दिए बेश हुन्थ्यो, तथ्यांक दिंदा सम्बन्धित व्यक्तिलाई बुझेर दिए बेश हुन्थ्यो-उहांका सुझावहरु यी थिए । मूल्यांकनको एउटा अंकमा पार्टी स्थापना भन्दा अगाडि १९४७ सम्बन्धी तथ्यांक दिंदा गल्ती भएको उहांले औंल्याउनु भयो ।

प्राध्यापक आनन्ददेव भट्टले "मूल्यांकन"को प्रयत्नको सन्हाहना गर्दै बिचार-अन्तर्क्रियाको घेरो फराकिलो पार्नु पर्‍यो- अलि टाढाकै बिचारलाई पनि बिचार-अन्तर्क्रियामा डाक्दा फरक पर्दैन भन्नु भयो ।

अन्तमा ने.क.पा. (मसाल) का पोलिटव्यूरो सदस्य चित्रबहादुर के.सी. ले "मूल्यांकन" ले जुन प्रयत्न थालेको छ यो अत्यन्त सह्रानीय छ, यो एउटा पढ्नै पर्ने पत्रिका भएको छ- भन्दै यसलाई के सहयोग गर्नु पर्छ त्यसको निम्ति आफूहरु तयार रहेको कुरा बताउनु भयो ।

करीव ४ घण्टा लामो उक्त भेलाको अन्तमा प्रधान संम्पादकले त्यस भेलाबाट प्राप्त सुझावहरुको सामन्यीकरण गर्दै हामी कतै भड्कन्छौं कि भन्ने यहाँ व्यक्त आशंकालाई पनि हामीले सकारात्मक रुपले लिएका छौं र यसले हामीलाई आफूप्रति सजग हुन मद्दत गरेको छ भन्दै प्राप्त सुझाव, आलोचना र उपस्थितिको निम्ति सबैलाई धन्यवाद दिनु भयो ।

## प्रेरक प्रसंग




*(माओ शतवार्षिकीको उपलक्ष्यमा)*

# का. माओ र बिस्कून


एक साल अन्न बाली भिज्याउने तयारीको क्रममा किसानहरु आ-आफ्ना अन्नहरु घाममा सुकाउँदै थिए । अचानक पानी पर्न लाग्यो । माओ त्से तुङ त्यसबेला बालक नै हुनुहुन्थ्यो र आफ्नो अन्नको बिस्कून हेरीरहनु भएको थियो । यसरी अचानक पानी परेपछि उहाँ आफ्नो घरको अन्न घरमा थन्क्याउनु भन्दा पहिले एउटा लगान तिर्नु पर्ने छिमेकी किसान परिवारलाई उनीहरुको अन्न बटुल्न सहयोग गर्न लाग्नु भयो ।

यसरी आफ्नो अन्न नबटुली अर्काको अन्न बटुल्न गई आफ्नो अन्न केही नोक्सानी भएकोमा उहांका पिता निकै रिसाउनु भयो । पिताले हकारेर झण्डै पिट्न लाग्दा उहांले जवाफ दिनुभयो- "उनीहरुको परिवार गरीब छ र उनीहरुले लगान पनि तिर्नु पर्दछ । त्यसैले अलिकति पनि नोक्सान हुनु भनेको उनीहरुको लागि धेरै हुन्छ । तर जहांसम्म हाम्रो अन्नको कुरा छ, हाम्रो लागि साँच्चै भन्ने हो भने अलिकति अन्न त्यति मूल्यवान हुँदैन, जति उनीहरुको लागि हुन्छ ।"


(**माओ त्से तुङ: जीवनी:** राम आसारे वर्माबाट)




का.निरंजन गोविन्द




का.मानन्धर




का.चित्र ब.



का.रोहित



का.सि.पी.



का.माधव

## सोभियत संघमा

# संकटको प्रमुख श्रोतः पार्टीमा अबसरवाद रुपी भाइरसको प्रवेश

*-का. नीना एन्द्रिभा*

**० कमरेड नीना एन्द्रिभा, तपाई त्यस देशको सचेत नागरिक हुनुहुन्छ । जहाँ लेनिनको अगुवाईमा महान अक्टोवर समाजवादी क्रान्ति भएको थियो र विश्वमा पहिलो पल्ट एउटा बिशाल मुलुकमा समाजवादको अभ्यास भएको थियो । त्यही मुलुकमा अहिले समाजवादको प्रयोग बिफल भएको छ । यो बिफलताको आधारभूत कारण के हो भन्ने सम्वन्धमा तपाईले के ठम्याउनु भएको छ ?**

- समाजवादको आधार ध्वस्त हुनु, बहुराष्ट्रिय सोभियत संघको बिघटन हुनु र सोभियत कम्युनिष्ट पार्टीको बिघटन हुनु कसरी संभव भयो ? अहिले यो प्रश्न धेरैले सोध्ने गरेका छन् । यो प्रश्न अहिले अन्तर्राष्ट्रिय मजदूर तथा कम्युनिष्ट आन्दोलनको छलफलको बिषय-वस्तु भएको छ । केही समय अगाडि यस बारेमा "सोभेत्सकाया रसिया" नामक पत्रिकामा सम्पूर्ण कम्युनिष्टहरुलाई अन्तर्क्रियाको लागि आव्हान गर्दै अमेरिकी कम्युनिष्ट पार्टीका राष्ट्रिय अध्यक्ष गेस हलले आफ्ना धारणाहरु यसरी व्यक्त गर्नु भएको थियो - "समाजवादी देशहरुमा, अझ मुख्य रुपमा पहिलेको सोभियत संघमा भएको संकटको प्रमुख श्रोत कम्युनिष्ट पार्टीमा अवसरवादको भाइरसको प्रवेश र त्यसको तीव्र प्रसार नै हो । त्यो कहाँबाट उत्पन्न भयो र कसरी यसले यति छिटो महामारीको रुप लियो ? मेरो बिचारमा यो मार्क्सवादी, लेनिनवादी बिज्ञानद्वारा सुसज्जित भएर बैचारिक प्रतिरोध गर्ने प्रथालाई इन्कार गरेको कारणले नै पैदा भएको हो । यो प्रतिरोध क्षमतामा ह्रास धेरै लामो समयदेखि हुँदै आएको हो । "नयाँ चिन्तन" ले त यो रोगलाई ठूलो आगलागीमा परिणत गराएको छ । "

सोभियत कम्युनिष्ट पार्टी (CPSU) को बिघटनपछि लेनिनवादी परंपराको रुपमा गत १९९१को नोभेम्वरमा गठित अखिल संघीय बोल्सेभिक कम्युनिष्ट पार्टी (All Union Communist Party of Bolsheviks) ले सोभियत संघ र यूरोपमा समाजबादको क्षणिक पराजयको प्रमुख श्रोत स्टालिनको मृत्यु पछि CPSU को मुटु कब्जा गर्न सफल भएको अवसरवाद नै हो भन्ने गेस हलको निश्कर्षसंग पूर्ण रुपले सहमति राख्दछ । क्रान्तिकारी बिचार त्यागनाले देशभित्र निम्न पूजीवादी गतिविधिले फष्टाउने मौका पायो, महान देशभक्तिपूर्ण युद्धमा कम्युनिष्ट र मजदूरवर्गले व्होर्नु परेको खतिमा ठूलो असर पर्‍यो र अन्तर्राष्ट्रिय साम्राज्यवाद समाजवादी राष्ट्रहरुमाथि ठूलो दवाव दिन सफल भयो ।

सोभियत संघ र प्रतिरोध क्षमताहीन भएको सोभियत कम्युनिष्ट पार्टीमा संकटको स्थिति आएको र गोर्बाचोभ-याकब्लेभ- शेभर्दनाद्जे-येल्तसिनको चिच्याइले गद्दारीको बाटो लिएको ८० को दशकको अन्तमा होइन, यो प्रक्रिया धेरै पहिले देखि नै शुरु भएको हो भन्ने गेस हेलको धारणा बिलकूल ठीक छ ।

हाम्रो पार्टीको धारणा के छ भने ५० को दशकको अन्ततिर खुश्चोभ-मण्डली नेतृत्वमा पुग्न सफल भएपछि (CPSU)ले अवसरवाद र सशोधनवादको धारमा बग्न शुरु गरेको हो । सोभियत कम्युनिष्ट पार्टीको बीसौं पार्टी महाधिवेशनले दक्षिणपन्थी, अवसरवादी-धार पक्डेर एउटा सीमानाको निर्धारण गरी दिएको छ । यस धारले स्टालिनको "व्यक्ति-पूजा" भन्ने भ्रामक र गलत नारा अघि सारेर स्टालिनबिरुद्ध शक्ति खन्याउन समय लगायो । यस धारसंग असहमत कम्युनिष्टहरुलाई कामबाट निकालियो, पार्टीबाट निकालियो, "स्टालिनवादी" को बिल्ला भिराएर मानसिक दवाव दिइयो र बिभिन्न आरोप लगाएर निर्दयतापूर्वक दमन गरियो ।


नेतृत्व हत्याउन समर्थ अवसरवादले हकुमी र राजकीय अबसरवादको रुप लिएपछि यसले एकातिर देशको दूर्भाग्यपूर्ण स्थितिमा बृद्धि गर्‍यो भने अर्कोतिर कम्युनिष्ट पार्टी र सोभियत जनतालाई दिशाबिहीन पार्न आफ्नो शक्तिशाली प्रचार-यन्त्र मार्फत अवसरवादीहरुलाई ठूलो सहयोग पुर्‍यायो । "स्टालिनको व्यक्तिपूजा" को आलोचना गर्ने र आफूलाई "लेनिनको चेला" सम्झने खुस्चोभ, ब्रेजनेभ र गोर्बाचोभ आफैले आफ्नो व्यक्तिपूजा गर्ने गोरख धन्दामा कसरी सरीक भए, चाल पाउन सकेनन र पूरै विश्वसामु आफू कति हास्यास्पद बन्न पुगे ?-त्यो पनि थाहा पाउन सकेनन् ।

अवसरवादीहरुको लागि "समाजवादले बुर्जुवा वर्गको स्याहार-सुसार र भरण - पोषण गर्छ" भन्ने तथ्यमाथि जोड दिँदै सत्तारुढ मजदूर पार्टीमा दक्षिणपन्थी अवसरवादीहरुको सामाजिक भूमिका कस्तो हुन्छ भन्ने बारेमा स्टालिनले आफ्नो समयमा नै सही ढंगले परिभाषित गरीसक्नु भएको थियो । सोभियत संघको अर्थव्यवस्थामा पूंजीवादी अर्थतन्त्रका तत्वहरुलाई प्रश्रय दिइनाले आफ्नो वरिपरि सबैलाई घुमाउन समर्थ "पर्दा पछाडिका" नव-पूंजीजीवि बर्गले हुर्कने मौका पायो । यसपछि श्रमजीविहरुलाई राजनीतिबाट टाढा पुर्‍याउने, मजदूर र किसानलाई सरकारी नेतृत्वबाट हटाउने, उनीहरुबीच दूरी टाढा गराउने, नोकरशाहीकरण गर्ने र सोभियत तथा पार्टीका अंगलाई भ्रष्टाचारको केन्द्रबिन्दु बनाउने जस्ता कार्य भए ।

सामाजिक, राजनैतिक जीवनबाट मार्क्सवादी-लेनिनवादी बिज्ञानलाई छुट्याउने तथा क्रान्तिकारी सिद्धान्तको बैचारिक धारलाई भुत्ते बनाउने कार्यको शुरुआत भयो । यसले गर्दा दमन,

## के समाजवादको मृत्यु भएको हो ?

*यस सिलसिलामा गताकमा हामीले यसबारे बांग्लादेश क.पा.का महासचिव का. रानोका विचारहरु दिएका थियौं ।*



*सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद किन विफल भयो ? यस बारे सोभियत संघमा नै बस्ने मानिसहरु के सोच्छन् र कसरी सोच्छन्, जुन देशमा प्रतिक्रान्ति भयो ? त्यसै ठाउँका पीडाबोध गरिरहेका मानिसहरु समस्यालाई कसरी बुझिरहेका छन् र अर्थ्याइरहेका छन् ? यो कुरा संसारभरिका प्रगतिप्रेमी मानिसहरुको लागि चासोको बिषय हो । त्यसैले हामीले रुसमा हालै खुलेको नयाँ कम्युनिष्ट पार्टी All Union Communist Party of Bolsheviks (अखिल संघीय बोल्शेभिक कम्युनिष्ट पार्टी)की सर्वोच्च नेतृ का. नीना एन्द्रिभालाई सोभियत संघमा सामाजवाद विफल हुनाको कारणबारे केही प्रश्नहरु पठाएको थियौं । ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टीको मुख-पत्रमा प्रकाशित उहाँको वक्तव्य (जुन मूल्यांकन अंक ७ मा छापिएको पनि थियो)मा पनि उहाँले यसबारे केही कुराहरु उल्लेख गर्नु भएको थियो, अरु स्पष्टता र पूर्णताका लागि हामीले उहाँलाई यी प्रश्नहरु पठाएका थियौं ।*

*त्यसको प्रत्युत्तरमा उहाँले हामीलाई चिठी सहित जवाफ सन्निहित भएको वक्तव्यको एक प्रति पठाउनु भयो । जुन वक्तव्य उहाँले ब्राजिलको सान पाउलोमा उहाँले दिनु भएको थियो । प्रस्तुत छ- त्यस वक्तव्यबाट उद्धृत हाम्रो प्रश्नको उत्तरः*

Уважаемый тов. корреспондент журнала "Мульянкан", не обозначивший себя более конкретно.

Высылаю в Ваш адрес свой доклад в Сан-Пауло (Бразилия), в котором Вы найдете ответ на все, поставленные перед мной Вами в Вашем письме вопросы.

Можете этот материал в Вашем журнале представить как интервью.

Желаю успехов Вам и Вашему журналу.

С коммунистическим приветом

Нина Андреева

13.10.92

## का. नीनाको पत्र 'मूल्यांकन'लाई

**आदरणीय कमरेड सम्पादक,**
**मूल्यांकन' पत्रिका (ठोस रुपले अपरिचित)**

तपाईंले मेरा अगाडि राख्नु भएका प्रश्नका उत्तरहरु मैले ब्राजिलको सान पाउलो भन्ने ठाउंमा दिएको वक्तव्यमा सन्निहित भएकोले त्यो वक्तव्य पठाई दिएको छु । तपाईले यस सामग्रीलाई अन्तर्वार्ताको रुपमा प्रकाशन गर्न सक्नु हुनेछ ।

तपाई र तपाईको पत्रिकाको उन्नतिको कामना गर्दछु ।

कम्युनिष्ट अभिवादन सहित

नीना एन्द्रिभा

अक्टोवर १३, १९९२

उत्पीडन र शोषणरहित समाजको युद्ध र सामाजिक असमानता हटाउने लक्ष भएको विश्वव्यापी मजदूर तथा उसका सहकर्मी मित्रहरुको ऐतिहासिक दायित्वको सैद्धान्तिक आधार मार्क्सवाद लेनिनवाद हुनबाट टाढा पुऱ्यायो । अर्को शव्दमा भनौं, अवसरवादले बैज्ञानिक सर्वहारावादी विश्व दृष्टिकोणको (मार्क्सवाद लेनिनवादको) बर्गीय तथा पार्टीगत आधारलाई खियाउने काम गऱ्यो । सोभियत कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवादलाई नयाँ यथार्थका आधारमा विकास गर्नु त परै जाओस्, सशोधनवादी र बुर्जुवा बिचारधाराबाट भएको हमलाबाट यसको रक्षा समेत गर्न सकेन ।

बिचारधारात्मक प्रतिरोध क्षमता ह्रासको राजनीतिक, सामाजिक, आर्थिक मूलसित भएको संयोजनले अवसरवादलाई सोभियत कम्युनिष्ट पार्टीभित्र रहेर समाजवादको नारा दिंदै पेरेस्ट्रोइकाको नाममा पूजीवादको पुनर्स्थापना गर्न गोर्वाचोभलाई अवसर दियो । यसरी भएको पुनर्स्थापनाका कारणहरुको श्रोत अहिलेको आम व्याख्या-विश्लेषणको बिषय हो ।



हाललाई यस सम्बन्धमा कोरियाली मजदूर पार्टीका नेता किम चेन इरोमले यस वर्षको शुरुमा राख्नु भएको बिचारमित सहमत हुन सकिन्छ । वहाँको बिचार अनुसार "यूरोप र सोभियत संघमा पूंजीवादको पुनर्स्थापनालाई आकस्मिक घटनाको रुपमा सोचेर त्यो खालि बाहिरी कारणले 'मात्र भएको हो भन्नु कदापि हुदैन । एक पाइलाको पछाडि हटाइ र समाजवादी सिद्धान्तको परित्याग दशौं र सयौं पाइलाको हटाइमा परिणत भयो, जसले स्वयं मजदूर वर्गकै प्राटीलाई ध्वस्त पाऱ्यो । "

स्वभावत: राजकीय अवसरवादले आफ्नो समाजवाद नाम गरेको नकावलाई फ्यांकेर खुल्लमखुल्ला समाजवादलाई पूंजीवादीकरण गऱ्यो अथवा पूंजीवादको पुनर्स्थापना गऱ्यो । त्यसमा पनि सोभियत कम्युनिष्ट पार्टीको लागि दोश्रो इन्टरनेशनलले भाग्य निर्धारण गरेको थियो । निरन्तर रुपमा र बिस्तारै राजनीति र बिचारधारावाट मुक्त पार्ने प्रकृयाले गर्दा वर्ग संघर्षको अन्त , "रातो" र "सेतो" को सहअस्तित्व (प्रगतिशील र प्रतिगामी बिचारको सह-अस्तित्व), मानवीय मूल्य र मान्यतालाई प्राथमिकता, वर्गीय मान्यता र कर्तव्यबाट मुक्त मानव-अधिकार तथा जातीय हक-हितलाई नै उच्च प्राथमिकता जस्ता "मार्गदर्शक-सिद्धान्त" सोभियत जनतामा भर्न सम्भव तुल्यायो ।

*अनुवाद: पद्म खड्का*

# निंकारागुआमा बामपन्थीहरू सत्तासीन

निकारागुआका अमेरिकी साम्राज्यवादद्वारा समर्थित तानाशाही शासक अनेस्टोसियो सोमोजाको सरकारलाई सन् १९७९ मा सशस्त्र क्रान्तिद्वारा फ्यांकेर सात्तासीन भएको साण्डानिस्टा नेशनल लिवरेशन फ्रन्ट (FSLN) को ११ बर्षे बामपन्थी शासनलाई १९९०को फरवरी महीनामा भएको आम चुनावमा अत्यन्त कम फरक मतले जितेका राष्ट्रपति भोयोलेटा चमारो "बिरोधी यूनियन" नामक आफ्नै संयुक्त मोर्चाको असहयोग र बिरोधको कारणले उत्पन्न भएको संवैधानिक संकटलाई चिर्नका लागि प्रमुख प्रतिपक्षी बामपन्थी साण्डानिस्टाहरूमै पूर्णत: निर्भर हुन बाध्य भएकी छिन् ।


पूर्व साण्डानिस्टा सरकारसंग ८ बर्षसम्म लडेका अमेरिकाद्वारा पालिएका कोन्ट्रा बिद्रोहीहरू सहितको १४ वटा पुरातनपन्थी, प्रतिक्रियावादी र क्रिश्चियन डेमोक्रेट्स समूहहरूको संयुक्त मोर्चा "बिरोधी यूनियन" ले १९९० को आम चुनावमा राष्ट्रिय सभाको ९२ सदस्यमा ५१ सिट जिती चमारोलाई राष्ट्रपति पदमा निर्वाचित गरेको थियो तर उनले प्रमुख प्रतिपक्षी बामपन्थी साण्डानिस्टाको अधीनमा सम्पूर्ण राष्ट्रिय सेना र प्रहरी रहेको यथार्थलाई ध्यानमा राखी उनीहरूप्रति नरम नीति लिएकी थिइन् । गत भाद्र १७ गते राष्ट्रिय सभाको सभामुख तथा विपक्षी यूनियनका सदस्य अल्फ्रेडो सिजरले साण्डानिस्टा र मध्य-पन्थीहरूलाई "शासन कमिटी (Ruling Committee) बाट निस्काशन गर्न राष्ट्रिय सभालाई चालू राख्ने निर्णय गरेपछि राष्ट्रपति चमारो र उनका बिपक्षी यूनियनबीच संघर्ष चर्किएको हो । राष्ट्रपति चमारो पहिलादेखि नै आफ्नो सरकारका महत्वपूर्ण पदहरूमा साण्डानिस्ता अधिकारीहरूलाई राख्न बाध्य भएकी थिइन् । उनले हालै लामो र कठीन बार्ता पछि ३९ जना साण्डानिस्टा, ८ जना मध्यपन्थी र १ जना स्वतन्त्र सांसदको सहभागितामा पुष २५ गते बसेको राष्ट्रिय



सभाको बैठकबाट मध्यपन्थी समूहका नेता र "समाजवादी पार्टी" का सांसद र सिजरका विरोधी गुस्टा भो ताव्लादालाई सभामुख नियुक्त गरेकी थिइन् । शासन कमिटी का बाँकी ६ जना प्रतिनिधिहरूमा ३ जना त साण्डानिस्टाहरू छानेको र भोलिपल्ट पुष २६ गते नै पुनर्गठित १३ सदस्यीय मन्त्री परिषद्मा ३ जना वामपन्थी साण्डानिस्टाहरूलाई सहभागी गरेकोले यो संघर्ष झन तीब्र भएको छ । सत्तासिन र "विपक्षी यूनियन" ले नै आफ्नै सरकारकी राष्ट्रपति चमारोको राजिनामाको माग गर्दै राष्ट्रिय सभा बहिष्कार गरी राजधानी मानागुआमा करीव १५ सय जनाको जूलुस उपराष्ट्रपति भर्जिलियोको नेतृत्वमा निकालेर संघर्ष शुरू भएको घोषणा गरेको छ । यस परिस्थितिमा उनीहरूको वीचको अन्तरविरोधलाई वामपन्थी साण्डानिस्टाले कसरी परिचालन गर्नेछ, त्यो अहिले सबैको जिज्ञासाको विषय भएको छ । के अनुमान गर्न सकिन्छ भने सेना, प्रशासन र जन समुदायमा राम्रो पकड रहेको साण्डानिस्टाले, कुनै ठूलो गल्ती गरीहालेन भने बिगतबाट पाठ सिक्दै निकारागुआमा जन-बलकै आधारमा सत्तारूढ हुने काफी संभावना बढेको छ ।

# हिन्दी फिल्म "प्रहार"

## के सेना अगाडि बढ्यो भने समाजको बर्बादी रोकिन्छ ?



नाना पाटेकर

आफू सानै छँदा आफ्नी आमालाई गुण्डाहरुले अपहरण गरी लगिएको चोटले रन्थनिएको व्यक्ति समर्थ उमेर भएपछि कुनै तरहले सेनामा लाग्छ र मेजरसम्म बन्न पुग्छ । आमाको अपहरणको चोटले उसलाई आफ्नो समाजका सारा बिसंगति र बिरोधाभासहरु नियाल्ने बनाउंछ ।

उसको समाज भनेको वर्तमान भारतीय समाज हो, जसका मूल स्वरुपहरु हाम्रो नेपाली समाजसंग पनि मिल्दछन् । यस समाजको व्यवस्था र बनौट अत्यन्न घिनलाग्दो छ । प्राय: मानिसहरु निरीह र नीच-स्वार्थी बनेका छन् । मुठ्ठीभर लुटाहाहरु, गुण्डाहरु, नोकरशाहहरु, नेताहरु र पुलिस लगायतका सुरक्षाकर्मी समेतको नैतिकताको स्तर अत्यन्त तल गिरेको छ । आम-अखवारवालाहरु "मन्त्रीलाई ठण्डी लागेको" समाचार छाप्ने तर जन-जीवनका महत्वपूर्ण घटनाहरु-समाचारहरुलाई बेवास्ता गर्ने बनेका छन् । लुट चलिरहेछ, घुसखोरी बढीरहेछ, महंगी बढीरहेछ, यी सवै घटनाहरुमा मुठ्ठीभर लुटाहावर्गको हात छ । यो वर्ग अपराधबृत्ति गरेर पतित, तर सफेद-पोश जीवन बाँचीरहेछ । कानून र कानूनी-अधिकारका आधारमा एवं औपचारिक तर्क र पाखण्डको आधारमा वर्तमान समाजको ढांचालाई जोगाएर राख्न यस वर्गका मानिसहरु चाहन्छन्, त्यसबाट तुच्छ व्यक्तिगत स्वार्थ पूरा गरेर रमाउन चाहन्छन् ।

यत्तिसम्म हृदयहीनता समाजमा छाएको छ कि एउटी प्रसुती व्यथाले छटपटिएकी महिलालाई पुलिसले बाटो पार गर्न दिंदैन, किनभने त्यतिखेर "सवारी" को समय परेको हुन्छ । सडक छेउमै उसले बच्चा जन्माउँछे र त्यो बच्चा त्यही मर्छ ।

गुण्डाहरु शहर-टोलबाट मानिसहरुलाई थर्काएर हरेक हप्ता व्यापार-कर जस्तै गरी "हफ्तावारी" उठाउँछन् । अत्याचार गर्छन । पुलिस उनीहरुलाई नै संरक्षण दिन्छ । डर र स्वार्थवश मानिसहरु यत्ति कायर भैसकेका छन् कि सारा समाजको आगाडि गुण्डाहरुद्वारा पिटीपिटी मारिएको छिमेकीको हत्याको मुद्दामा "देखी-जान्ने" साक्षी बस्न अरुको त के कुरा, मृतकको आफ्नै बाबु समेत तयार हुन्न । स्वाधीनता, स्वतन्त्रता, देश, जनता जस्ता शव्दहरुलाई नै घृणा गर्ने गंजडी युवा-पुस्ता समाजमा हुर्किरहेको छ । उल्टो, देशभक्तहरुको निन्दा हुन्छ, न्याय प्रेमीहरुमाथि नै छिमेकीहरु ढुंगा बर्साउँछन् । अपराध-कर्म र अपराधकर्मीहरुप्रति कडाइपूर्ण रवैया अप्नाउने व्यक्तिलाई "बस्तीको शान्तिमा वाधा उत्पन्न गरेको" आरोप लगाइन्छ र अन्तमा उसलाई मानसिक बिरामीको आरोप लगाइन्छ-अदालतद्वारा ।

यो मानसिक बिमार वा पागल घोषित व्यक्ति हो - "मेजर चौहान" । हिन्दी फिल्म "प्रहार" को प्रमुख पात्र हो-यो मेजर चौहान । नाना पाटेकरद्वारा लेखिएको , निर्देशन गरिएको र मूल भूमिकाको अभिनय पनि गरिएको यो फिल्म "प्रहार" खास गरी नानापाटेकरको बेजोड अभिनय, प्रस्तुति र फिल्मको बिषय-बस्तु समेतको आधारमा हिन्दी-फिल्म जगतमा निकै चर्चित मानिन्छ । यो फिल्म गत पुसको अन्तसम्म काठमाडौंको रंजना हलमा केही हप्ता चल्यो । आम हल्का फुल्का "मसलावाला" फिल्म नभएकोले यस फिल्ममा त्यति भीडभाड भएन तर पनि अधिकांश बौद्धिक-दर्शकहरुमा यसले एउटा उल्लेखनीय असर छोड्यो ।

यस "चर्चित" फिल्मको प्रमुख प्रभावकारी-पक्ष प्रस्तुति र अभिनयको कुशलताका अतिरिक्त समाजको यथार्थको निकै राम्रो चित्रण पनि हो । वर्तमान समाज-व्यवस्थाका पाखण्ड र नीचताहरु यसमा निकै राम्रोसंग दर्शाइएका छन् । माथि शुरुमा उल्लेखित प्रसंगहरुका माध्यमबाट यसले समाजको कुशल चित्रण मात्र गरेको छैन, बिद्यमान समाज-व्यवस्थाप्रति चोटिलो प्रहार पनि गरेको छ ।

तर यस फिल्मको सवैभन्दा विवादास्पद पक्ष हो- यसले प्रस्तुत गरेको उपसंहार ! यसले हाम्रो समाजको यो बिकृतिको उपचारको रुपमा प्रस्तुत गरेको छ - सेनाको प्रत्यक्ष सहभागिता । देशलाई सीमा बाहिरबाट आउने शत्रुहरुबाट मात्र हैन, सीमा भित्रैका बिकृति र बिसंगति रुपी शत्रुहरुबाट पनि बचाउने काम देशको सैनिक-क्षेत्रको हो भन्ने कुरा यसले निचोडको रुपमा व्यक्त गरेको छ । देश भनेको सीमाभित्रको ढुंगा-माटो-पानी मात्र हैन, देश भनेको त्यहांको समाज हो, मानिसहरु हुन् । ती मानिसहरुले वर्तमान समाज व्यवस्था अन्तरगत पाएका सारा-दुख: कष्ट र बर्बादीका मारहरु हटाउन सेना अगाडि बढ्नु पर्छ, डट्नु पर्छ ।

यो नै यस फिल्मको मूल सन्देश हो ।

यसरी मेजर चौहान जस्ता केही सहृदयी र बलिया व्यक्तिहरुले गुण्डागर्दीका बिरुद्व केही कदम चाल्नु राम्रै कुरा हो । तर त्यति मात्रले यो समाज -व्यवस्थाको वर्तमान क्रुर र अन्यायी ढांचा बदलिंदैन भन्ने कुरालाई यस फिल्मले ठम्याउन सकेको छैन । साथै जुन देशका नोकरशाहहरु, पुलीसहरु आदि अपराधीकै पक्षमा हुन्छन्, त्यस देशका र त्यही राज्य-सत्ता अन्तरगतका सेनाहरु मात्र के कति कारणले सवै समस्याका समाधानकर्ता र नैतिकतायुक्त हुन्छन ?-यो प्रश्नले यस फिल्मको निचोडलाई एक झड्कामै फीका बनाइदिन्छ ।

मानौं, मेजर चौहान जस्ता अरु थप केही सैनिकहरु पनि निस्किए र धमाधम "देशको पक्षमा" काम गर्न थाले । बिकृतिहरुका बिरुद्व जुध्न थाले ।

के यस्तो भएमा समाजको समस्या हल हुन्छ त ?

जबसम्म साधानहरुको लुट-तन्त्रमा आधारित बितरण व्यवस्थायुक्त हाम्रो समाजमा सचेत भई जनतनाद्वारा संगठित प्रयत्न गरी जरैदेखि परिवर्तन ल्याईदैन एवं त्यसपछि पनि उच्च र निरन्तर रुपले शोषित पीडीत जनताको पक्षमा क्रान्तिकारी वर्ग चेतनाले युक्त मानवीय प्रयत्न चालू गरिन्न, तबसम्म समस्याको वास्तविक समाधान हुन सक्दैन । सामान्य सुधार-कार्य मात्रले केही क्षणिक राहत मिल्न मात्र सभव हुन्छ । समाज परिवर्तन र विकासको यो बैज्ञानिक सोचमाथि पर्दा हालिदिएर बिद्यमान "सेना" को अधिकतम र दक्षतापूर्ण उपभोग नै समाधानको बाटो हो भन्नु तथ्यपूर्ण कुरा हैन । यसो हुने भए त सैनिक शासन लागू भएका मुलुकहरु उहिले नै ठीकठाक र तन्दुरुस्त भैसकेका हुने थिए ।

भारतमा आसाम लगायतका प्रदेशहरुमा भारतीय सेनाले हस्तक्षेप गरीरहेको समयमा नै यो फिल्म बनेको स्थिति समेतलाई सन्दर्भ बनाएर भारतको हिन्दी जनपक्षीय पत्रिका "समकालीन तिसरी दुनियाँ" यस फिल्म बारे आफ्नो जनवरी-मार्च १९९२ अंकमा लेख्छ-" यहां यो पनि भन्न सकिन्छ कि अहिलेसम्मका राजनैतिक फिल्महरुमा "प्रहार" सवैभन्दा ज्यादा खतरनाक र जनबिरोधी फिल्म हो । "

गलत सन्देशलाई अत्यन्त राम्रो र प्रभावकारी ढंगले प्रस्तुत गरिएको छ भने त्यसले मानिसहरुमा त्यस गलत प्रभावलाई त्यत्तिकै गहिरोसंग छोड्ने हुनाले 'प्रहार' जस्ता फिल्महरुलाई सचेत दर्शक-पाठकहरुले राम्ररी केलाएर बिश्लेषण गर्नु अत्यन्त जरुरी हुन्छ । ■

-हरिगोविन्द लुईटेल

१६ पेजको बाँकी

प्रमुख आर्थिक श्रोत तेल निर्यातलाई रोक्न तेलका पाइप लाइन ध्वस्त गर्ने, यातायात र संचार व्यवस्था नष्ट गरी सरकारलाई एक्ल्याउने र एक्लिएको सरकारी सैनिकमाथि आक्रमण गर्ने नीति लिंदै सशस्त्र अभियान तीव्र पार्दै छ । यस सशस्त्र संघर्षलाई चिर्दै अमेरिकी बाहुबलमा मात्र राष्ट्रपति सिजर गाभिरियाले कति दिन सम्म सत्ता टिकाउन सक्छन् ?-प्रश्न चिन्ह उठेको छ । ■



अन्तक्रिया

# नेपालमा नयाँ- जनवाद नै किन र कसरी ?

## मोहन विक्रम सिंह, मदन भण्डारी, सि.पी मैनाली र मोहनचन्द्र अधिकारी बीच सम्पन्न पहिलो विचार–अन्तक्रिया गोष्ठीको रिपोर्ट

*नेपालमा नया ँ जनवादी क्रान्ति नै किन गर्ने ? किन यहाँको क्रान्ति अर्को प्रकृतिको नहुने ? र त्यो क्रान्ति कुन बाटोबाट कसरी हुने ? र त्यो बाटो नै किन यहाँ उपयुक्त हुने ? अर्को बाटो किन नहुने ? यी प्रश्नहरु नेपाली क्रान्तिका अत्यन्त महत्वपूर्ण मुद्दाहरु हुन् । यी प्रश्नहरुमा विचार-अन्तर्क्रियाद्धारा विचार-स्पष्टता विकास गर्न सकियोस् भन्ने उद्देश्यले गएको पुष १८ गते मूल्याङ्कनले नेपालका वामपन्थी आन्दोलनका शीर्षस्थ नेताहरुको एउटा विचार- अन्तर्क्रिया गोष्ठी आयोजना गरेको थियो । का. माओ त्से तुङको शत-वार्षिकीको सन्दर्भ समेतलाई ध्यानमा राखी का. मोहन विक्रम सिंह, का. मदन भण्डारी का. सि.पी. मैनाली र का. मोहन चन्द्र अधिकारी बीच चलाइएको त्यस विचार्-अन्तर्क्रिया का. प्रचण्ड र का. रोहितले पनि भाग लिने बचन दिनु भएको थियो तर प्राविधिक कारणवश उहाँहरु उपस्थित हुन सक्नु भएन ।*

*क्रान्तिको प्रमुख मुद्दामा नेपालको वामपन्थी आन्दोलनमा पहिलो पटक चलेको त्यस प्रत्यक्ष-विचार-अन्तर्क्रिया गोष्ठीमा का.मदन भण्डारी, मोहन चन्द्र अधिकारी, सि.पी मैनाली र मोहन विक्रम सिंहले क्रमिक रुपमा आफ्ना विचारहरु राख्नु भएको थियो । त्यसपछि उँहाहरु बीच आपसमा प्रश्न सोध्ने क्रम चलेको थियो र अन्तमा फेरि उहाँहरु मध्ये हरेकले आफ्नो उत्तर र निष्कर्ष राख्नु भएको थियो । गोष्ठीमा सहभागी वामपन्थी बौद्धिक सहकर्मीहरुले पनि प्रश्न राख्ने कार्यक्रम थियो । तर समयको अभावले यो कार्यक्रम हुन पाएन । करीव ६ घण्टासम्म चलेको त्यस अन्तर्क्रियाको संचालन हाम्रा प्रधान सम्पादक श्याम श्रेष्ठले गर्नु भएको थियो ।*

*गोष्ठीको सम्पूर्ण अन्तर्क्रिया पत्रिकामा दिनु स्थानाभावको कारणले सम्भव नहुने भएकाले प्रस्तुत छ- त्यहाँ अभिव्यक्त भएका विचारका मुख्य सम्पादित अंशहरु, सोधिएका प्रश्नहरुको सार -संक्षेप र तिनका उत्तरका प्रमुख अंशहरु:*

### प्रधान – संपादक :

**नेतृत्वदायी कामरेडहरु तथा अन्य सहकर्मीहरु,**

"मूल्यांकन" मासिक प्रकाशनको एक वर्षपछि आज हामीले नेपाली क्रान्तिको एक महत्वपूर्ण मुद्दामा अन्तर्क्रिया-गोष्ठी गरीरहेका छौं । नेपाली वामपन्थी आन्दोलनको लागि आफ्नो ज्यान अर्पेर हिड्नु भएका सह-कर्मीहरु बीच क्रान्तिका महत्वपूर्ण मुद्दाहरुमा विचार द्वन्द गर्ने र विचार -द्वन्दबाट सत्य के हो भन्ने कुरा पत्ता लगाउन यस्तो अन्तर्क्रियाको प्रकृया शुरु गर्नु पर्छ भन्ने प्रेरणा "मूल्यांकन" को गत मंसिर २७ गतेको "समीक्षा तथा परामर्श भेला" बाट प्राप्त गरेका थियौं ।

यस विचारद्वन्द जित-हारमुखी अडानहरुको टक्कर मात्र नभई सत्यमुखी भयो र अरुको कुरापनि सुनी, ठीक के हो भनी पत्ता लगाउने दिशातिर यो उन्मुख भयो भने धारणा निर्माण गर्न सघाउ पुग्ने थियो । धुप्रै जरुरी विषयहरु मध्ये यो शुरुवात मात्र हो, जीवनका हरेक पक्षमा वामपन्थी विकल्प पत्ता लगाउन धुप्रै यस्ता कार्यक्रमको खाँचो छ । जे, होस् नेपाली वामपन्थी आन्दोलनको पछिल्लो इतिहासमै पहिलो पटक महत्वपूर्ण व्यक्तिहरुद्वारा विचार आदान प्रदान हुने, अन्तार्क्रिया हुने महत्वपूर्ण क्रम शुरु हुन खुसीको कुरा हो ।

नेपालमा नौलो-जनवाद नै किन र कसरी ? यस महत्वपूर्ण प्रश्नमा विविध दृष्टिकोणहरु देखा परेका छन् । किन नेपालमा पूंजीवाद जनवादी क्रान्ति वा सोझै समाजवादी क्रान्ति हुन सक्दैन, जस्तो कि का. रोहित मान्ने गर्नु हुन्छ ? यहाँ नौलो-जनवादी क्रान्ति नै किन जरुरी छ ? साथै, यसलाई कसरी सम्पन्न गर्ने ? सशस्त्र ढंगले, वा शान्तिपूर्ण ढंगले बहुमतद्वारा सरकारमा गएर वा नगएर ? यी विषयहरुमा आजको छलफल केन्द्रित होस् भन्ने अनुरोध गर्दछु । ▣

## एक- पार्टी- व्यवस्था नै अन्तिम स्वरुप हुन सक्दैन

*– का. मदन भण्डारी*



"मूल्यांकन" पत्रिकाले एउटा संस्थाकै रुपमा प्रस्तुत भई नेपालको कम्युनिष्ट आन्दोलनभित्र विचारहरुको अन्तर्क्रिया संचालन गर्ने दिशातिर शुरुवात मात्रै हैन, केही कदम नै अघि बढाउन थालेको छ । सर्वप्रथम, यसप्रति खुसी र शुभकामना व्यक्त गर्दछु ।

### *नयां-जनवादी क्रान्तिको सिद्धान्त कसरी जन्मियो ?*

जहाँसम्म आजको सरोकारको विषय छ, त्यसबारे म के भन्न चाहन्छु भने - - मार्क्सवादी आन्दोलन सर्वहारा वर्गको मुक्तिको राजनीतिक आन्दोलनको रुपमा, सिद्धान्तको रुपमा शुरुवात भयो । यसको विकास-क्रममा विश्वमा आएका सामाजिक-आर्थिक राजनीतिक नयाँ परिवर्तनहरु समेतलाई विश्लेषण र आत्मसात गर्दै लेनिनको नेतृत्वमा रुसको पार्टीले तात्कालीन पहिलो विश्व-युद्धको सेरोफेरोबाट सोभियत समाजवादी क्रान्ति सम्पन्न गर्‍यो । यो क्रान्तिले स्वाभाविक रुपमा संसारभरि नै न्याय का शक्तिहरुले समाजवादको पक्षपोषण गर्नु पर्ने र अन्तरराष्ट्रिय पूंजीवादको विरोध गर्नको निम्ति समाजवादी क्रान्ति र समाजवादका निर्माणका प्रयत्नहरुसंग विभिन्न ढंगले एकाकार भएर जानु पर्ने स्थितिको सृजना गरीदियो । यसको श्रेय लेनिनलाई दिनुपर्छ । "उहाँले विश्वका मजदूरहरु एक होऊ" को नारामा "विश्वका उत्पीडीत राष्ट्रहरु एक होऊ" भन्ने नारा थप्नु भयो । सोभियत क्रान्तिपछिको समयको विश्व परिस्थितिलाई हेरेर खास गरी पूर्वी पाटोका पछौटे देशहरुको लागि उहाँले सिद्धान्तका शास्त्रीय किताबहरुमा उल्लेख नभएका नयाँ खालका कामहरुलाई संपादन गर्दै आफ्नो बाटो र तरीकाहरु निर्माण गर्दै अघि बढ्नु पर्छ भन्ने विचार व्यक्त गर्नु भएको थियो । यसलाई नै नौलो-जनवादी क्रान्तिको सिद्धान्त निर्माण गर्ने ठोस शुरुवात भन्न सकिन्छ ।

त्यसपछिका चिनियाँ, भियतनाम, कोरियाली लगायतका पछ्यौटे मुलुकहरुमा क्रान्ति-प्रयत्नहरुले, त्यहाँको लागि कम्युनिष्ट इन्टरनेशनलले दिएका सुझाव र निर्देशनले समेतद्वारा यो नयाँ जनवादी क्रान्तिका सिद्धान्तहरुलाई निर्माण गर्न मद्दत गरे ।

### *नेपालमा नयाँ-जनवादी क्रान्ति नै किन ?*

अब हाम्रो सन्दर्भमा जाऔं । हाम्रो मुलुक अर्ध-सामन्ती र अर्ध-औपनिविशिक मुलुक हो । सामन्ती मध्ययुगीन शोषणका साथै पूंजीवादी प्रकृतिका केही उत्पादन कृयाकलापहरु पनि यहाँ शुरु भएकाछन् । यसमा वैदेशिक पूंजीवादको भूमिका बढीरहेको छ । यो वैदेशिक पूंजीवादको प्रभाव र असमान सन्धि संझौताहरुको माध्यमबाट यो अर्ध-औनिवेशिक स्थितिमा रहन पुगेको छ । मुलुकको सीमित प्रभुसत्ता यो अर्ध-उपनिवेशी स्थितिको द्योतक हो ।

## बहुदलीय प्रतिस्पर्धालाई कम्युनिष्टहरुले स्वीकार्नै हुँदैन भन्ने एकाधिकारवादी धारणा र तरीका अप्नाउनु हुँदैन ।

-का. मदन भण्डारी



हाम्रो अहिलेको क्रान्तिको उद्देश्य समाजको यो स्वरुपलाई बदल्ने हो । अर्ध-सामन्ती र अर्ध औपनिवेशिक स्वरुपलाई बदल्न सामन्तवाद र साम्राज्यवादको उल्मूलन गर्नु पर्ने हुन्छ र राष्ट्रियता र जनवाद वा राष्ट्रिय स्वाधीनता र सामाजिक मुक्ति हासिल गर्नु पर्ने हुन्छ । यी कुराहरु नै आजको हाम्रो समाजका आमूल परिवर्तनका आधारभूत कुराहरु हुन ।

सामन्तवाद र मध्ययुगीन शोषणका अवशेष विरुद्ध युरोप र अमेरिकामा पूर्जीवादीहरुको नेतृत्वमा क्रान्ति संम्पन्न गरिएको जस्तै गर्न अहिलेको नयाँ युगमा सम्भव छैन । साम्राज्यवाद र सर्वहारा क्रान्तिको आजको युगमा पूंजीवादले सामन्तवाद विरोधी क्रान्तिलाई नेतृत्व गर्नु सम्भव छैन । किनकि सामन्तवादको संश्रयकारी भएर अन्तर्राष्ट्रिय पूंजीवाद प्रकट भएको छ । यो अन्तर्राष्ट्रिय पूंजीवादलाई परास्त गर्न दर्शन, विश्व दृष्टिकोण, राजनीति आदि प्रदान गरी नेतृत्व दिन अब पूंजीपति वर्गले सक्तैन । देशभित्रको पूंजीपति वर्गले बाहिरी पूंजीपतिहरुसंग आफ्ना स्वार्थका कारण कतिपय अन्तरविरोध राख्दछ, यो कुरालाई ध्यान दिनु पर्दछ, उपयोग गर्नु पर्दछ । साथै पछ्यौटे मुलुकलाई विकसित औद्योगिक मुलुक बनाउन पूंजीको परिचालन गर्न र जन-जीविकाका अवसरहरुलाई विकासित गर्नका लागि राष्ट्रिय पूंजी, राष्ट्रिय पूंजीवाद, या राष्ट्रिय पूंजीपति वर्गलाई एउटा निश्चित हदसम्म संरक्षण र प्रोत्साहन दिनु जरुरी छ । तर यस वर्गले क्रान्ति संपादन गर्ने महत्वपूर्ण अभिभारा भने पूरा गर्न सक्दैन ।

यसकारण, यो नेतृत्वको अभिभारा अब सर्वहारा श्रमजीवी वर्गको राजनैतिक पार्टीले मात्र पूरा गर्न सक्छ । तसर्थ यो अहिलेको नयाँ पूंजीवादी क्रान्तिमा आएको एउटा नयाँ, अनिवार्य र अवश्यंभावी पक्ष हो ।

यसलाई चिनियाँ क.पा. र का. माओद्वारा सर्वहारा-वर्गको राजनीतिक पार्टीले मात्र अब यो क्रान्तिलाई नेतृत्व दिन सक्छ भन्ने कुराको सिद्वान्त प्रस्ताव र त्यसलाई व्यवहारमा पनि प्रयोग गर्ने काम भयो । यस्तै कम्युनिष्ट पार्टीले नेतृत्व गर्ने नयाँ खाले पूंजीवादी जनवादी क्रान्तिमा समाजवादतर्फ संक्रमण गर्ने आधारहरु तयार गर्ने काम संपादन पनि गर्नु यसको दायित्व हो ।

हामीलाई थाह छ, १९२४ मा कोमिङ्ताङको पहिलो राष्ट्रिय महाधिवेशनबाट जुन घोषणा-पत्र पारित भयो, त्यसमा पूंजीपतिको अधिनायकत्व भएको वा सर्वहाराको अधिनायकत्व भएको भन्दा बेग्लै आम-जनताको सहभागिता भएको राज्य सत्ताको तेस्रो खाले स्वरुपको कुरा उल्लेख भएको छ । अर्थतन्त्रमा स्वदेशी वा विदेशी दुवै एकाधिकारवादी स्वामित्व खोस्ने र सिंगो राष्ट्रिय जीवनलाई नियन्त्रित गर्ने कारोवारहरु भने राज्यले हातमा लिएर संचालन गर्ने र कुनै पनि निजी कारोवारलाई सिंगो राष्ट्रलाई नियन्त्रित गर्ने ढंगले अघि बढ्न नदिने, पूंजीको नियमनवा नियन्त्रण गर्ने कुरा पनि यो घोषणा-पत्रमा उल्लेख भएको छ । लगातार माओत्सेतुङले सनयातसेनको तीन जन-सिद्वान्त भनेर वा यो घोषणा-पत्रका यी अंशहरुलाई उद्वत गरेर, नयाँ-जनवादका आधारभूत कुराहरु यिनै हुन भनेर माओले उल्लेख गर्नु भएको छ । माओका अनुसार त्यसमा फरकै भनेको-कोमिङ्ताङ यत्तिमै सीमित हुने छ हामी भने समाजवाद तर्फ जाने कुरा गर्छौं ।

सोभियत क्रान्तिपछिको कालमा पिछडीएका मुलुकहरुमा कम्युनिष्टहरुले मात्र हैन, साँचो अर्थका पूंजीवादी-जनवादीहरुले पनि राज्य-सत्ताको यो तेस्रो स्वरुपको पक्षमा उभिनु पर्‍यो । तब मात्रै त्यो क्रान्तिकारी रुपान्तरणको बाटो हुन सक्ने भयो ।

यसरी माथि उल्लिखित केही आधारभूत कुराहरुमा का. माओ र चिनियाँ क.पा. ले कम्युनिष्ट पार्टीको नेतृत्व बेगर यो क्रान्ति हुन सक्दैन भन्ने कुरा र यस्तो नभई समाजवादमा जाने तयारी पनि हुन सक्दैन भन्ने कुरा सिद्धान्त र व्यवहारमा प्रस्तुत गर्नु भयो यो का. माओ र चिनियाँ क.पा. को योगदान हो ।

पछि सनयातसेनको निधनपछि उहाँकै पार्टी कोमिङ्ताङले च्याङकाइसेकको नेतृत्वमा साम्राज्यवादीहरुसंग दलाली गर्‍यो । यो कुराले पनि क.पा.को नेतृत्वविना अरुले यो क्रान्ति सम्पन्न गर्न सक्दैन् भन्ने कुरा प्रमाणित गरिदियो ।

### *कसरी नयाँ-जनवादी क्रान्ति सम्पन्न गर्ने ?*

चिनिया क्रान्तिका बाटो, रुप तरीका र संघर्षको विकास र विजयको बाटोमा चिङकाङ साङ आधार इलाका तयार गर्ने वा किसान छापामार युद्ध गर्ने भन्ने आदि वा अन्य पक्षहरु भने चीनभित्रका वर्गहरुका

## प्रतिस्पर्धात्मक व्यवस्था पूँजीवादीहरुको थोत्रो भोटो ?

**का. भण्डारीलाई प्रश्न**

o **का. सि.पी.** - हाल नेपालमा पूँजीवादी प्रजातन्त्रका कुनै रूपहरु छैनन भन्ने का. भण्डारीको विचारका आधारहरु के के हुन ? नयाँ-जनवाद, बहुदलीय जनवाद, जनताको जनवाद आदि जे नाम गरे पनि एउटै कुरा हो भने बहुदलीय जनवाद शब्द नै किन रोजियो ? क्रान्तिकारी जनवादका लागि सर्वहारा-वर्गको नेतृत्व, समाजवाद उन्मुखता आदि पाँच विशेषताहरू निर्णायक कुरा हुन कि बहुदलीय प्रतिस्पर्धा, कानूनी समाज, कानूनसम्मत शासन-प्रशासन आदि कुराहरु हुन ? वहाँको कार्यक्रमले पहिले पूँजीवादी क्रान्ति ल्याउने र त्यसपछि दोस्रा चरणमा सामन्तवादका अवशेषहरुलाई खतम गर्ने र तेस्रो चरणमा समाजवादी क्रान्तिको तयारी गर्न लाग्ने अर्थ लाग्दछ, यसबारे वहाँको विचार के छ ?

o **का. मोहन बिक्रम सिंह** : - माओत्सेतुङको नयाँ -जनवाद र बहुदलीय जनवादमा के के समानता र के के भिन्नताहरू छन् ? माओत्सेतुङका सिद्धान्तहरुबारे फरक कुरा ल्याइएका छन् भने कुन पक्षलाई छाडिएको छ र कुन पक्षलाई अंगालिएको छ ? पूँजीवादी-जनवादलाई बुझाउँने "मल्टी पार्टी सिस्टम" कै नाम किन लिइयो ? यससंग यो कति फरक छ ? सामन्त वर्ग र दलाल पूँजिपति वर्गलाई पनि पार्टी खोलेर प्रतिस्पर्धा गर्न दिइने भन्ने सोचाइ तपाईहरुको हो ?

o **का. मोहन चन्द्र अधिकारी** : राष्ट्रिय पूँजीको संरक्षण गर्ने कि राष्ट्रिय पूँजीपति वर्गकै संरक्षण गर्ने ? यसबारे के सोच्नु भएको छ ?

*का. भण्डारीको उत्तर:*

*वास्तवमा अहिले पूँजीवादी प्रजातन्त्र आइसकेको छैन । केही राजनैतिक क्षेत्रमा प्रजातान्त्रिक परिवर्तन भएका छन् । उहिलेको पुरानो किसिमको पूँजीवादी जनवाद पनि आइसकेको छैन र नयाँ-जनवादको त कुरै भएन । जनताको शासन भन्ने परम्परागत व्याख्या अनुसारको "प्रजातन्त्र" पनि यहाँ आएको छैन । पिछडिएका मुलुकहरूमा सामन्तवाद र साम्राज्यवादलाई खतम नगरी सारमा जनताको शासन आउन सक्दैन । जे भएपनि प्रजातन्त्र नै भनौं भन्ने हो भने हालको व्यवस्थालाई खोक्रो प्रजातन्त्र वा अर्ध-सामन्ती, अर्ध-उपनिवेशी प्रजातन्त्र भन्नुमा मेरो आपत्ति छैन तर पूँजीवादी सार भएको प्रजातन्त्र यहाँ आएको छैन ।*

*सबै जनवाद एकै हो भनिएको कुरा ठीकै हो, किनभने सामन्तवाद र साम्राज्यवादलाई उन्मूलन गर्नु नै समाजलाई परिवर्तन गर्न नभै नहुने आजको आधारभूत कार्यभार हो । यस कार्यभारलाई पूरा गर्न जुन क्रान्ति हामी सम्पन्न गर्छौं । त्यो क्रान्ति सम्पन्न गरेर स्थापित गर्ने समाजलाई नौलो-जनवाद, जनताको जनवाद, राष्ट्रिय जनवाद आदि मध्ये जुन राखे पनि सारमा कुरा त्यही हो । त्यसमा बहुदलीयता हामीले थपेको हुनाले त्यसलाई "जनताको बहुदलीय जनवाद" भनेका हौं ।*

*जुन ढंगले चीनमा वा अन्यत्र नौलो-जनवाद प्रयोग भयो, हामीले हाम्रो सन्दर्भमा केही कुरा यसमा थपेका छौं । बहुदलीयता यी थपिएका कुराहरू मध्ये प्रतिनिधि कुराको रूपमा रहेकोले नाममा यसलाई समावेश गरिएको हो । आधारभूत र निर्णायक कुराहरू तिनै हुन । तिनीहरुलाई छोडेर थपिएका कुराहरूलाई मात्र निर्णायक भन्न खोजिएको छैन । यसरी बुझ्नु यथार्थ सम्मत नहोला कि ?*

*मार्क्सवादी पद्धति अनुसार समाजमा मूलभूत रूपले जनवाद भन्नाले राजनीतिक अर्थ जाहेर गर्छ तर त्यो समाज व्यवस्थाको अर्थमा प्रयोग गर्नु हुन्छ भने सामाजिक - आर्थिक कुरासंग पनि यसले अन्तर-सम्बन्ध राख्छ । पहिले राजनैतिक स्वतन्त्रताको नारा दिइएको बेला देखि नै सामाजिक, आर्थिक स्वतन्त्रता बेगर यसको कुनै अर्थ नहुने तथ्य मार्क्सले भन्दा पहिले महशूस गरेर नै त्यसमा थप्न थालिएको हो । अत: जनवाद भन्नाले मूलत: राजनैतिक तात्पर्य मात्र हो भन्नु त्यसको व्युत्पत्ति र विकासक्रम त्यो ढंगले भयो भन्नु हो ।*

*लोक- कल्याणकारी राज्यको नारा सत्तरीको दशकदेखि वास्तवमा पूँजीपति वर्गले समाजवादी शासनसंग प्रतिस्पर्धा गर्न प्रयोग गरेको हो, मार्क्सवादीहरूले लोक कल्याणको नाममा जनतालाई ठगी रहेको, पूँजीपति वर्गको अधिनायकत्व पिलाउने र शोषण दमनलाई पिलाउने भ्रम हो भनेर यसको आलोचना गरेका थिए । का.सि.पी. मैनालीले लोक- कल्याणकारी राज्य भनेको पूँजीपतिहरुको पूँजीवादी शोषणको राज्य हो भनेर जसरी यसमा आरोपित र अतिरंजित गर्न खोज्नु भएको छ, यस सम्बन्धमा अझै मार्क्सवादी आलोचनाहरूको गम्भीर चिन्तन, मनन अध्ययन गर्न अनुरोध गर्न चाहन्छु ।*

*जनताको जनवादी अधिनायकत्वमा बहुदलीय प्रतिस्पर्धा भन्दाखेरि त्यसको रूप र सारको सन्दर्भमा का.सि.पी. र का. मोहनविक्रमले प्रश्न उठाउनु भएको छ । अधिनायकत्वको सार राज्य-सत्ता भएकोले त्यसलाई मार्क्सवादले कुन कुन वर्गको राज्य-सत्ता हो भनेर त्यसको विश्लेषण गर्छ । पूँजीपति, सर्वहारा र अरू आम जनताको राज्य-सत्ता अस्तित्वमा रहेको यस स्थितिमा अधिनायकत्वको अर्थ वर्गीय -*

अन्तर-सम्बन्धहरुका उपज र अभिव्यक्ति हुन । तिनीहरु नयाँ-जनवादी क्रान्तिका साश्वत सिद्धान्त हैनन् । तिनीहरु चीनका विशिष्ट कुराहरु हुन । समाजका अन्तर-सम्बन्ध र अन्तर विरोधका रुपले यी कुराहरुलाई निर्धारित गर्छन् । सान्दर्भिक शिक्षा र अनुभवको रुपमा यिनीहरुलाई हामीले लिनु पर्दछ ।

## बहुदलीय जनवाद किन ?

दार्शनिक दृष्टिकोणले भन्ने हो भने द्वन्दात्मक भौतिकवादले प्रत्येक वस्तु वा इकाईमा द्वंद र अन्तरविरोधहरु हुन्छन् भन्छ र तिनलाई ठीक ढंगले अध्ययन गर्नु पर्ने कुरा निर्देशित गर्छ । वस्तुभित्र द्वन्द भए जस्तै समाजभित्र अन्तरविरोधहरु र विविधताहरु रहन्छन् भन्ने कुरालाई हामीले स्वभाविकढंग लिनु पर्दछ । विविधताहरुलाई हामीले रहन दिनुपर्छ । मजदूरदेखि राष्ट्रिय पूंजीपति बर्गसम्म, कृषि मजदूरदेखि धनी किसानसम्मका जुन बर्गीय अस्तित्वहरु छन् , नयाँ जनवादी नयाँ समाजमा पनि यी बर्गीयत्वहरु रहन्छन् । यिनीहरु अनुमति प्राप्त बर्गीय अस्तित्वहरु हुन । त्यस्तो नयाँ खाल को समाजमा पनि कम्युनिष्ट पार्टी सबै मानिसहरुको पार्टी हुन सक्दैन । यो सर्वहारा र श्रमिक बर्गको राजनीतिक पार्टी हुनु पर्दछ । अन्य बर्ग र तहका जनसमुदायलाई पनि त्यस्तो मौलिकहक प्रदान गर्नु पर्दछ - ताकि यदि उनीहरुले संगठित रुपमा राजकिय मामलामा आफ्नो सहभागिता जनाउन चाहन्छन् भने त्यो जनाऊन् ।

आर्थिक रुपले विभिन्न बर्गहरु समाजमा रहने त्यसबेलाको बस्तुगत स्थितिमा अन्य बर्गहरुको संगठित राजनीतिक क्रियाकलाप वा सहभागिता हुन सक्दैन भनेर ठान्नु बस्तुगत स्थितिसंग पनि मेल नखाने कुरा हो ।

तेश्रो कुरा,कम्युनिष्ट पार्टीको नेतृत्वमा क्रान्ति सम्पन्न भएर जनवादी समाजवादी राज्यसत्ताहरु संचालन भएका देशहरु मध्ये विशेषत: रुसमा क्रान्ति भएर केही अवधिसम्म पनि अन्य विविध राजनीतिक संगठनहरु अस्तित्ववान र कृयाशील रहेका थिए । तर यिनीहरुको गलत नीति र कृयाकलापका कारण ती विस्तारै परास्त हुँदै गए । स्वभाविक रुपले बोल्शेविक पार्टी मात्रै अस्तित्वमा रही विजयी र प्रभावशाली बन्दै विस्तारै एक-पार्टी-ब्यवस्था कायम हुन गयो । तर त्यो रुसको विशिष्ठता थियो । त्यो समाजबादको एक मात्र र अन्तिम स्वरुप हुन सक्दैनथ्यो, तापनि त्यसको धेरै ठाउँमा अनुकरण गरियो । त्यो अनुकरणको सिलसिलामा वास्तवमा, बहुदलीय र प्रतिस्पर्धात्मक अस्तित्वलाई कम्युनिष्टहरुले स्वीकार्न हुदैन भन्ने धारणा बनाइयो । यो धारणा अन्तर्राष्ट्रिय अनुभवले जाहेर गरेअनुसार एकाधिकारवादी धारणा र तरीका भएकोले त्यस्तो एकाधिकारीवादी तरीका अप्नाउनु हुदैन ।

चौथो, हाम्रो देशको राष्ट्रिय स्वाधीनता र सामाजिक मुक्ति-आन्दोलनमा विकसित भईरहेको राजनीतिक विकास-क्रमले पनि हामीले स्थापित गर्ने नयाँ समाजमा बहुदलीयता कायम राख्नु पर्छ, हामीले बहुदलीय प्रतिस्पर्धा गर्न दिनु पर्छ र नै यो दिन्छौं भन्ने धारणा बनेको हो । यो धारणामा आधारित भएर यसलाई बहुदलीय जनवाद अथवा बहुदलीयता सहितको जनवाद स्थापना गर्ने सोच मैले राखेको हुँ । ◘

# भण्डारी र सि.पि. वर्ग-समन्वयतिर

*-का. मोहनचन्द्र अधिकारी*



सबैलाई था० उ, अक्टोबर क्रान्तिपछि हुदै आएका सबै मुक्ति-आन्दोलनहरु सर्वहारा बर्गको नेतृत्वमा मात्र सम्पन्न भएका, यसबिना तिनीहरु धराशायी भएका वा गलत दिशातिर गएका घटनाहरु हामीले देख्दै आएका छौं । त्यसैकारण, नेपालमा पनि अब हुने क्रान्ति, जुन साम्राज्यबाद र सामन्तबाद विरोधी क्रान्ति हो त्यसको नेतृत्व सर्वहारा-वर्गले नै गर्नु पर्दछ । यो क्रान्ति साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी भएर मात्र पुग्दैन, यो निश्चय नै समाजवाद-उन्मुख पनि हुनै पर्दछ । नत्र, यो पहिलेको पुरानै खाले पूंजीवादी जनवादी क्रान्ति कै सेरोफेरोमा रुमल्लिन्छ । यसले सर्वहारा वर्ग, मजदूर-किसान र शोषित-पीडीत जनताको भलाइ गर्न सक्दैन । जस्तो कि भारतमा पनि त इन्दिरा गान्धीहरुले "समाजवाद" को कुरा उठाएकी थिइन । तर के भारतमा शोषण-दमनको अन्त भएको छ त ? के विस्तारवादी भारतले हामीमाथि शोषण-दमन लाद्न छोडेको छ त ?

त्यसैकारणले सर्वहारा-वर्गको नेतृत्व अपरिहार्य हुन्छ ।

नेपालको वर्तमान अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक स्थितिमा क्रान्ति कुन बाटोको हुन्छ त ?

सामन्तवादी र साम्राज्यवादी शोषण-दमन उन्मूलन गर्ने यस क्रान्तिका दुई वटा अवधारणा देखा परेका छन् । एक, राष्ट्रिय पुंजीपतिहरु समेतलाई समावेश गरेर गरिने क्रान्ति, जो समाजवादतिर जान्छ, त्यो क्रान्ति भनेको नौलो-जनवादी क्रान्ति हो । दुई, यसैको हाराहारीमा उस्तै उस्तै हो भन्दै संशोधनवादले दाउपेच गरेर "राष्ट्रिय प्रजातन्त्र" को नारा ल्यायो । यो राष्ट्रिय प्रजातन्त्रले सर्वहारा वर्गको नेतृत्व जरुरी मान्दैन । राष्ट्रिय पूँजिपति वर्ग वा अन्य वर्गले पनि नेतृत्व गर्न सक्नेछ भन्ने धारणा राख्दछ । त्यसैले यो गैर-सर्वहारावादी र पूंजीवादपरस्त चिन्तन हो । घुमाउरो रुपमा साम्राज्यवादलाई नव-उपनिवेशवादको रुपमा स्वीकार गर्दै यसले समाजमा ल्याउने भनेको शोषण-दमन-उत्पीडनकै स्थिति हो, त्यसैकारण यसको खण्डन हुनुपर्दछ, र नै नेपालमा आउँदो क्रान्ति यसरी सम्पन्न गर्नेतिर हामी लाग्नु हुदैन । त्यसैकारण, यहाँ गरिनु पर्ने क्रान्ति भनेको नौलो-जनवादी क्रान्ति नै हो । →

*नयाँ-जनवादा क्रान्ति गरीसकेपछि समाजवादतिर संक्रमण गर्ने सवाल ढीला गर्ने कि नगर्ने भन्ने सम्बन्धमा हतपत गर्नु ठीक हुँदैन । रूसमा सामन्ती साम्राज्यवादी व्यवस्थामा शत्रुवत व्यवहार गरिएका राष्ट्रिय पूँजीपति वर्गलाई माओले उत्पीडित चीनमा क्रान्तिका मित्र हुन सक्ने अवधारणा बनाई तिनीहरुको सहयोगमा क्रान्ति गरेपछि बिस्तारै समाजवादतिर १९५६बाट मात्र संक्रमण गर्न थालेको उदाहरण ताजै छ । एउटा उद्योग स्थापना गरेर उत्पादनसम्म पनि नहुने अवधि सात वर्षमा ती राष्ट्रिय पूँजीप्रतिहरूलाई छुरी धसेर समाजवादतिर जाने भनेर भन्दा को क्रान्तिको मित्र हुन आउँला र ? अत: हतपत गर्नु उपयोगी नहुने भएकोले चरणबद्ध ढंगले अगाडि बढ्नु पर्छ । राज्यसत्ता हातमा लिएपछि पहिले सामन्तवाद र साम्राज्यवादका अवशेषहरुलाई अन्त गर्ने, त्यसपछि मूल रूपमा क्रान्तिको चरणमा स्थापित गरिएका नयाँ-जनवादी सम्बन्धहरूलाई सुदृढ गर्ने र विकसित. गर्ने काममा जोड दिंदै तेस्रो चरणमा सहकारीकरण, राजकीय लगानीको विस्तार गर्ने काम थाल्दै समाजवादतिर बढ्नु पर्छ ।*

*माओले चीनमा अप्नाए जस्तो बहुदलीय सहयोगको प्रणाली भन्दा हामीले संसार र. नेपालको परिस्थिति हेरेर सोचेको बहुदलीय प्रतिस्पर्धा फरक छ । नयाँ -जनवादी व्यवस्था निर्माण गर्न सहयोगी भएका वर्गका पार्टीहरूलाई संबिधानको सीमा भित्र प्रतिस्पर्धा गर्न दिइन्छ, तर परास्त र ध्वस्त गर्नु पर्ने सामन्तवाद र साम्राज्यवादका दलालहरुलाई फेरि बोलाएर प्रतिस्पर्धा गर्न दिइन्छ भन्ने होइन ।*

*वैदेशिक पूँजी र प्रविधिलाई समेत कार्यनीतिक रूपमा प्रवेश गरिने उक्त व्यवस्थामा राष्ट्रिय पूँजी मात्र होइन, राष्ट्रिय पूँजीपति वर्गलाई समेत संरक्षण दिइन्छ तर त्यो वर्गलाई एकाधिकार पूँजीवाद चलाउने र मनपरी गर्न नदिई त्यसलाई नियन्त्रण गरिनेछ । विशेषत: आयातलाई प्रतिस्थापन गर्न नीजी क्षेत्रलाई लगानी गर्न दिंदा सरकारले संरक्षण दिन्छ र दिनुपर्छ ।*

*त्यसका संघर्षका रूप र तरीकाहरूका सम्बन्धमा भने, सशस्त्र-संघर्ष र बल प्रयोगलाई स्वीकार गर्दै यहाँ कुन खालको बल प्रयोग वा हिंसात्मक संघर्ष-जनसंघर्ष कि विद्रोह ? वा दीर्घकालीन सशस्त्र जनयुद्ध - कुन प्रयोग गर्ने भन्ने कुरा अहिले नै भन्न नसकिएता पनि हिंसात्मक संघर्ष विना फड्को मार्न सकिदैन भन्न सकिन्छ ।* ◘

*राज्य-सत्ता- आफ्ना बिरोधी वर्गलाई दमन-नियन्त्रण गर्ने, वर्गीय हितलाई विकास गर्ने- माध्यम हो । तर नयाँ-जनवादमा जनताको अधिनायकत्व लागू गर्ने सवालमा सि.पी.जीहरूले राख्नु भएको बहुदलीय प्रतिस्पर्धाद्वारा चुनावमा जितेर गएपछि साझा सरकार गठन गर्ने कुरा सिर्फ आत्मारति सिवाय अरू केही होइन । त्यो साझा सरकारको अवधारणा किमार्थ बन्नै नसक्ने, आफैंमा एउटा नाटक जस्तो हुन जानेछ । आ-आफ्नो राजनैतिक कार्यक्रमहरु लिई जनतामा गई जितेर आइसकेपछि फेरि साझा राजनैतिक कार्यक्रम बनाई साझा सरकार गठन गर्नु भनेको त अनुचित र नाटकीय कुरा हो ।*

*वास्तवमा जनवाद वा प्रजातन्त्र भनेको त्यसभित्र चेक एण्ड ब्यालेन्सको कुरा हो । विपक्षी रहन दिने कि नदिने ? -का. सि.पी.ले रहन नदिने प्रस्थापना ल्याएर दार्शनिक रूपले विपक्षी भनेको सबै शत्रुतापूर्ण हुन्छ भन्ने अर्को अतिरंजना समात्नु भएको देखिन्छ । किनकि सबै विपक्षी शत्रुतापूर्ण, सबै अन्तरविरोध शत्रुतापूर्ण हुँदैन । सबै शत्रुता अन्तरविरोधपूर्ण हुन्छ तर सबै अन्तरविरोध शत्रुतापूर्ण हुदैन । अत: विपक्षीहरू रहने, प्रतिस्पर्धामा उत्रने व्यवस्था गर्नलाई यो त पूँजीवादीहरूको थोत्रो भोटो हो भन्नु उचित देखिदैन । विभिन्न वर्गयुक्त व्यवस्थामा क्रान्तिका सहयोगी मित्र-वर्गहरूलाई माइनस गरेर क्रान्ति गर्ने र समाजवादतिर बढ्ने काम दुबै गर्न नसकिने हुनाले त्यहाँ बस्ने अनुमति प्राप्त अन्य वर्गहरु, तहहरूका जनताले आफ्नो राजनीतिक पार्टी बनाउन पाउँछन् । त्यो अधिकार दिनु पर्छ र राजकीय मामिलासंग सरोकार राखेर बनाइने यस्ता पार्टीहरूलाई प्रतिस्पर्धा गर्न दिनुलाई नै बहुदलीय प्रतिस्पर्धा भनेका हौं । जनताको जनवादी अधिनायकत्वभित्र बहुदलीय प्रतिस्पर्धा गर्न नदिने र विपक्षी रहन नदिने कुरा कसैले मार्क्सवादसंगत छ भनर दावा गर्छ भन त्यो अनुचित कुरा हा ।*

*हामी सामन्तवादी भू-स्वामित्व र दलाल पूँजीपति वर्गलाई अन्त गर्न चाहन्छौं । माओले एडम् स्मिथको सिद्धान्त अनुरूप शासन गरिरहेको स्वेच्छाचारी पूँजीपतिहरुको शोषण, उत्पीडनको अन्त गर्न अप्नाएको विदेशी पूँजीप्रतिको नीति, रणनीतिक अवधारणाप्रति हामी पनि सहमत छौं तर कार्यनीतिक रूपले आफ्नो नीति, नियम अन्तरगत विदेशी पूँजी र प्रविधिलाई संविधान अन्तरगत तोकिएको ठाउँमा, तोकिएको रकम ल्याउन र लगाउन हामी दिन्छौं, जुन क्रान्ति गरेर विकसित भैसकेका देशहरुले पहिलेदेखि नै लागू गरिसकेका छन् ।*

# फेरि पूँजीवादको पुनर्स्थापना गर्ने नै हो भने किन जनताले त्यत्रो ठूलो रक्तिम-क्रान्ति गर्ने ?



-का. मोहनचन्द्र अधिकारी

सर्वहारा-वर्ग त्यति धेरै संख्यामा विकास भइनसकेकोले यसको नेतृत्व हुन सक्दैन भन्ने तर्क पनि यहाँ उठ्ने गर्छ । तर वर्गीय नेतृत्व भनेको राजनीतिक नेतृत्वको प्रश्न हो, सर्वहारा-वर्गको अग्रदस्ताको रुपमा एउटा सशक्त कम्युनिष्टि पार्टी बनाएर त्यो पार्टीको नेतृत्वमा नौलो-जनवादी क्रान्ति सम्पन्न हुनु पर्ने अनिवार्यता यहाँ रहेको छ ।

## नयाँ जनवादी क्रान्ति कसरी ?

का. स्टालिनको देहावशानपछि ख्रुस्चेभले वर्ग-संघर्षको कुरालाई त्यागी शान्तिपूर्ण संक्रमणको बाटोबाटै समाजवादमा पुग्न सकिने नारा अगाडि ल्याएपछि शुरु भएको संशोधनवादकै कारण सोभियत संघ र पूर्वी युरोपमा समाजवाद ढल्यो । हाल चीनमा पनि संशोधनवादले त्यहाँको समाजलाई पूर्ण पूंजीवादको दिशातर्फ लैजाँदैछ । हाम्रो देशको स्थितिमा हामीले यी कुराहरुबाट पाठ सिक्नु पर्दछ । फेरि पूंजीवादको पुनर्स्थापना गर्ने नै हो भने किन जनताले त्यत्रो ठूलो रक्तिम-क्रान्ति गर्ने ? त्यसैले, यस्तो हुन नदिन सर्वहारा-वर्गले नेतृत्व दिएर यो रक्तिम-क्रान्ति सम्पन्न गर्नु परेको छ । यसको लागि का. माओले बताउनु भए जस्तै एउटा सशक्त कम्युनिष्ट पार्टी एवं यसको मातहतमा सशक्त संयुक्त-मोर्चा र सशक्त लाल-सेनाको माध्यमबाट यो क्रान्ति सम्पन्न गरी सर्वहारा-वर्गको नेतृत्वमा स्थापित संयुक्त अधिनायकत्व पछि गएर समाजवादमा अर्थात सर्वहारा-वर्गको अधिनायकत्वमा परिणत हुनेछ । यसो भयो भने मात्र क्रान्तिको उपलब्धी फेरि पूंजीवादमा पुगेर विसर्जित हुन पाउँदैन ।

यस नौलो-जनवादी क्रान्तिले लिने अर्थतन्त्र मिश्रित-अर्थतन्त्रकै ढाँचाको हुनेछ भन्न सकिन्छ । तर अर्थशास्त्री किन्सले शुरू गरेको मिश्रित-अर्थतन्त्रकै हुबहु ढाँचाको भने हैन । यहाँको पूँजीलाई सर्वहारा-वर्गको नेतृत्वले संयोजित गरी समाजवादतर्फ लगिरहेको हुनेछ ।

यसै गरी सांस्कृतिक फाँटमा पनि मानवीय श्रममा आधारित राष्ट्रिय र वैज्ञानिक संस्कृतिको जगेर्ना गरी त्यसलाई हामीले सर्वहाराकृत गर्ने चेष्टा नौलो-जनवादी कालमा गर्नु पर्दछ । नौलो-जनवादी क्रान्तिको तयारीको रूपमा अहिलेदेखि नै समाजवादतिर ढल्केको यो संस्कृतिको जगेर्ना हामीले गर्दै जानु पर्ने जरूरत छ ।

उत्पादन शक्तिको विकासले मात्र त पूँजीवादी बाटो पनि लिन सक्छ, त्यसैले हामीले उत्पादन शक्तिको मुक्तिको अवधारणालाई पनि साथ-साथै लिनु पर्छ र वर्ग-संघर्षलाई मूल कडीको रूपमा लिने कुरालाई र सांस्कृतिक क्रान्तिलाई निरन्तरता दिने कुरालाई पनि अंगाल्नु पर्छ । समाजवाद हुँदै साम्यवादमा पुग्न यो कुरा जरूरी छ भन्ने कुरामा का.माओको पनि जोड रहेको थियो ।

यी नौलो-जनवादी क्रान्ति कसरी गर्ने त ? भन्नेमा मेरो विचार छ - यसको मूल धार सशस्त्र क्रान्ति नै हुनेछ । अहिलेको अवस्थामा वैधानिक, गैर-वैधानिक, संसदीय आदि सम्पूर्ण रूपलाई हामीले प्रयोग गर्नु पर्दछ । जन-आन्दोलनहरू र सशस्त्र संघर्षका दुवै धारलाई एक साथ जोडेर माझेर लानु पर्दछ तर मूल धार भने सशस्त्र संघर्ष नै भएकोले सबै कुराले त्यसलाई सेवा पुऱ्याउनु पर्छ ।

शान्तिपूर्ण तरीकाले सुधारको बाटोबाट वा संसदीय तरीकाले पनि समाजवादमा जान सकिन्छ भन्ने धारणा बेठीक धारणा हो । यो धारणाले मरणासन्न पूँजीवादलाई संजीवनी प्रदान गर्ने चेष्टालाई नै टेवा पुऱ्याउनेछ ।

राष्ट्रिय पूँजिपति वर्गको एउटा तप्का

# भ्रष्टाचार रोक्ने एउटै उपाय हो वर्ग- संघर्षको निरन्तरता !

**का. मोहनचन्द्रलाई प्रश्न ?**

o का. मदन भण्डारी : - हाम्रो संघर्षको मूल धार सशस्त्र-संघर्ष हो र त्यसको सेवाको लागि अन्य संघर्षहरुका रूपहरू अप्नाइनु पर्छ भन्नुका अर्थ के हो ? यसबारे थप व्याख्या भए बेश होला ।

- समाजवादी कालमा पनि वर्ग-संघर्षलाई निरन्तरता दिने तपाईंको विचार अनुसार त्यस वर्ग- संघर्षलाई कुन कुन पक्षमा कसरी कसरी चलाइन्छ ?

-नयाँ-जनवादमा बहुदलीय प्रतिस्पर्धा गर्न नदिने हो भने कि त राष्ट्रिय पूँजीपति, व्यापारीहरूको पनि पेशागत र वर्गीय संगठनहरू खोलेर काम गर्न दिने ? कि राजनीतिक पार्टीहरू नै रहन दिने हो ? रहन दिने हो भने प्रतिस्पर्धा गर्न दिने कि नदिने ? नदिने हो भने जनतालाई दिने भनिएको मौलिक राजनीतिक अधिकारको प्रयोगमा सर्वहारा श्रमजीवीलाई बाहेक अरूलाई बन्देज हुन्छ त ?

**का. मोहनचन्द्र अधिकारीको जवाफ**

*कामरेडहरू पनि बल प्रयोगको कुरा गर्नेहरू हुनु भएकोले तपाईंहरू कस्तो खालको बल प्रयोग गर्नु हुन्छ ? ब्यालेट पनि बल प्रयोगको रूप हो, पंचायती निरंकुशतालाई परिवर्तन गर्न जन-आन्दोलनले प्रयोग गरेको पनि बल प्रयोग हो । तपाईंहरूले प्रयोग गर्नु भएको बल प्रयोग जुन मानेमा पनि परिभाषित हुन सक्ने खालको छ । यो भन्दा मैले भनेको बल प्रयोग फरक छ । अत: मैले ठोकुवा गरेर भनेको हुँ- सशस्त्र बलद्वारा नै नौलो-जनवादी क्रान्ति सम्पन्न गर्नु पर्छ भनेर अहिले नै भन्नु पर्छ । किनकि नौलो-जनवादी क्रान्तिको हाम्रो राजनैतिक कार्यदिशा अहिले नै तय भैसकेपछि त्यसलाई परिपूर्ति गर्ने कार्यदिशा पनि अहिले नै तय हुनु पर्छ नत्र पथभ्रष्टता आउँछ ।*

*दुवै कामरेडहरूद्धारा उठाइएको बहुदलीय प्रतिस्पर्धाको सम्बन्धमा दुई विश्व -दृष्टिकोण अर्थात् सर्वहारा र बुर्जुवा विश्व-दृष्टिकोणबाट हेर्नु पर्छ । यी दुई दृष्टिकोण अन्तर्गत नयाँ-जनवादी व्यवस्थाको माथिल्लो संरचनामा संघर्ष चलिरहेको हुन्छ न कि सर्वहारा-विश्व-दृष्टिकोण लिने वर्गहरूका बीचमा माथिल्लो संरचनाका लागि संघर्ष हुन्छ । अत: प्रतिस्पर्धा भन्ने बित्तिकै जतिकै घुमाएर भनिएतापनि बुर्जुवा वर्गहरूलाई नै प्रतिस्पर्धामा स्थापित गर्ने कुरा हो । माथिल्लो संरचनामा प्रतिस्पर्धा गर्न दिइसकिए पछि सत्तासीन वर्गले आर्थिक र सांस्कृतिक ढाँचामा पनि परिमार्जन र परिवर्तन गर्न थाल्नेछ । किनकि अर्थ-व्यवस्थालाई परिमार्जित गर्न र संस्कृतिलाई आफ्नो वर्गीय हितमा प्रयोग गर्नका लागि हर-वर्गले सत्तामा दखल गरेको हुन्छ । अत: यो प्रतिस्पर्धा पनि माथिल्लो संरचना वा सत्तामै प्रतिस्पर्धा हुन जाने हुनाले त्यहाँ प्रतिस्पर्धा गर्न दिन मिल्दैन । का. सि.पी.ले प्रतिस्पर्धा पनि गर्न दिने र समन्वयात्मक ढंगले जाने विचार व्यक्त गर्नु भएको छ । यसले कतै वर्गकै समन्वयात्मक स्थितिमा ल्याउन खोजेको त होइन भन्ने मलाई लागिरहेको छ । एकातिर बहुदलीय जनवादले सामन्तवादलाई उन्मूलन गर्ने भन्दा भन्दै सामन्तहरूलाई मुआब्जा दिने कुरा गरेको छ र अर्कोतिर का.सि.पी.को नयाँ-जनवादले माथिल्लो संरचनामा-सत्तामा प्रतिस्पर्धा त गर्न दिने तर पछि सरकार भने समन्वयात्मक हुने कुरा व्यक्त गर्नु भएकोले फेरि उही वर्ग-समन्वयको कुरा लिएर यहाँ आउनु भएको जस्तो मलाई लाग्यो, जुन गलत र गैर-सर्वहारावादी दृष्टिकोण हो ।*

*निश्चय पनि नयाँ-जनवादी क्रान्ति भनेको सर्वहारा वर्गको नेतृत्वमा अन्य क्रान्तिकारी वर्ग र तप्काहरूको सहयोगमा सम्पन्न हुने क्रान्ति हो । यस्तो क्रान्तिपछिको व्यवस्थामा त्यसबेला समय सापेक्षिक रूपमा "जनता" भनेर मार्क्सवादद्वारा परिभाषित सर्वहारा-वर्गको नेतृत्वमा चल्ने क्रान्तिकारी तप्काका जनताले आफ्नो मौलिक अधिकार प्रयोग गर्न पाउँछ, तर सर्वहारा-वर्गसित संघर्ष चर्किने बित्तिकै तिनीहरू जनताको फाँटवारीमा नपर्ने हुनाले त्यसबेलाको समाजवाद तिरको प्रस्थानको क्रममा राष्ट्रिय पूँजीपति वर्गहरू र धनी किसानहरूसंग पनि अन्तरविरोध चर्किने हुनाले तिनीहरू पनि जनताको फाँटवारीबाट हट्दै जान्छन, अत: जनताको सेवामा समर्पित हुने कम्युनिष्ट पार्टीले नै जनतालाई मौलिक अधिकार नदिने भन्ने प्रश्नै उठ्दैन तर सवाल के हो भने, जनता भनेको को हो ? कम्युनिष्ट पार्टीको नेतृत्वलाई नै स्वीकार गर्दै आइरहेका जनता मध्येका व्यक्ति र तप्काले अर्को पार्टी खोल्ने भन्ने प्रश्नै उठेन । त्यसकारण, नयाँ-जनवादभित्र सत्तासिन कम्युनिष्ट पार्टीको एकदलीय तानाशाही भएको, एक व्यक्तीय अधिनायकत्व लागू गरिएकोले समाजवाद सिंगै असफल भएको हुनाले अब कम्युनिष्ट पार्टीको शासनलाई चेक एण्ड ब्यालेन्स गर्न बहुदलीय प्रतिस्पर्धा गर्न दिने भन्ने सोचाइ नै गैर-सर्वहारावादी सोचाई हो । यसरी कम्युनिष्ट पार्टीको शासनलाई चेक एण्ड ब्यालेन्स गर्न बहुदलीय प्रतिस्पर्धा गर्न दिनुको अर्थ के हुन्छ ? हामी कम्युनिष्ट पार्टीहरू जनताको सेवा गर्न नसक्ने, एकदलीय शासनमा परिणत हुने र निरंकुश तानाशाही-शासकमा परिणत हुने, अनि अर्को चाहिँ समाजवादी पार्टी बन्ने ? तब त अहिलेदेखि नै त्यस्तै पार्टी खोल्नु बेश हुन्छ नि- साथीहरूले । अत: तपाई-हामी सबै कामरेडहरूले नयाँ-जनवादी क्रान्तिपछि समाजवादमा संक्रमण गर्ने विचार नै लिएका छौं भने वर्ग-संघर्षलाई नै मूल कडीको रूपमा लिएर समय सापेक्षिक ढंगले चलाउँदै हामी मध्ये जो कोही पनि नेतामा रहेका गलत विचार, चिन्तन र व्यावहारहरू चिन्हित गर्दै सबै जनताका सामु खुल्ला रूपमा ल्याउने र समयमै रोकथाम गर्न सकिने व्यवस्था अप्नाउनु पर्छ । वर्ग-संघर्षको निरन्तरताले ती गलत काम-कार्बाहीहरूलाई हटाउन सकिन्छ । सत्तासिन पार्टी नेता आदिको भ्रष्ट आचार रोक्ने एउटै मात्र उपाय हो- वर्ग - संघर्षको निरन्तरता । यसबाट हामी गयौं भने बहुदलीय प्रतिस्पर्धा दिनु पर्ने आवश्यकता रहँदैन ।*

दुलमूल रहन्छ, अर्को तप्काले भने क्रान्तिलाई सहयोग गर्छ । यसैका आधारमा यस बर्गलाई पनि एउटा शक्तिको रूपमा लिई यसलाई पनि दलीय प्रतिस्पर्धा गर्न दिनु पर्छ भन्ने कुरा पनि उठिरहेछ, जो जरूरी छैन भन्ने मलाई लाग्दछ । किनभने, सर्वहारा-बर्गको नेतृत्वमा क्रान्तिका सहयोगीहरूको संयुक्त-अधिनायकत्व कायम रहने हुँदा तिनीहरूलाई पार्टीगत प्रतिस्पर्धा दिनु जरूरी छैन । क्रान्तिपछि फेरि पूँजीवादीहरूलाई दलीय राजनैतिक प्रतिस्पर्धा गर्न दिन हो भने फेरि यहाँ पूँजिवादको पुनर्स्थापनाको बाटो टड्कारो हुनेछ । यसो गर्नु सर्वहारा बर्गले आफैंप्रति कुठाराघात गर्नु हो । रचनात्मक सहयोग गर्ने पार्टीहरू भने चीनमा जस्तै गरी खुल्न सक्ने छन् । साठीको दशकबाटै शुरू भएको संशोधनवादको कारण सोभियतसंघ आदिमा समाजवाद ढल्यो । यसलाई लिएर "बिश्वमा आज आएको परिवर्तित स्थिति" भनेर मूल धारणाहरूबाटै हामी विचलित हुनु हुन्न । यो परिवर्तित स्थिति त साठीको दशकबाटै आएका हो । त्यहाँ संशोधनवाद कसरी जन्मियो र हुर्कियो भन्ने कुरा पो हामीले ठम्याएर पाठ सिक्नु पर्छ त । ■

# बहुदलीय जनवाद पूँजीवादी प्रजातन्त्रकै सिद्धान्त हो



—का. सि.पी. मैनाली

## कसरी जन्मियो नयाँ-जनवादको अवधारणा ?

बीसौं शताब्दीको शुरूवातदेखि स्वच्छन्द पूँजीवाद साम्राज्यवादी युगमा परिणत भएपछिको बदलिंदो स्थितिलाई बिश्लेषण गरी लेनिनले अब साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको थालनी भएको निचोड निकाल्दै पहिले मार्क्सवादका जनकहरूले प्रस्तुत गर्नु भएका पूँजीवाद विरोधी बिश्वक्रान्तिको परिकल्पनाहरूमा आवश्यक परिमार्जन र परिशोधन पेश गर्नु भयो । साम्राज्यवादको बिकास भएपछि बिकसित पूँजीवादी मुलुकमा र एकैचोटि धेरै मुलुकहरूमा क्रान्ति हुने स्थिति बदलिएकोले बहाँले अब क्रान्ति पिछडिएका उत्पीडित मुलुकहरूमा, जहाँ प्रतिक्रियावादी सत्ता र साम्राज्यवादका बीचमा भयानक टक्कर हुन्छ, ती मुलुकहरूबाट एकपछि अर्को गर्दै शुरुवात हुन्छ भनी निचोड निकाल्नु भयो । यसै निचोडका आधारमा बहाँको नेतृत्वमा रूसमा १९१७ को फरवरीमा पूँजीवादी क्रान्ति र अक्टोबरमा समाजबादी क्रान्ति भयो ।

यसपछिको समयमा विश्व परिस्थितिमा मात्रात्मक परिवर्तनहरू प्रसस्त भएपनि गुणात्मक रूपले यसको चरित्र बदलिएको छैन । साम्राज्यवादी रूप धारण गरेपछि पूँजिवादले क्रान्तिकारी स्वरूप गुमायो र सामन्तवादसंग गठजोड गर्न थाल्यो । यसले उपनिवेशवाद अख्तियार गर्‍यो । अरूको शोषण पनि गर्‍यो र आफ्नै देशका शोषित पिडीतहरुलाई पनि यसले मुक्ति दिन सकेन । सुधारका केही कदमहरू मात्रमा सीमित भई सर्वहारा-बर्गलाई "घुस" को रूपमा केही

# बहुदलीय जनवाद "क्रान्तिकारी- जनवाद" हुन सक्दैन

**का. सि.पी.लाई प्रश्न**

- का. मोहनचन्द्र: अब बहुदलीय प्रतिस्पर्धालाई स्वीकार्नु हुन्छ भने किन आफ्नो फरक मतलाई बहुदलीय जनवाद भन्न नरूचाउनु भएको हो ?

-का. मोहनबिक्रम सिंह: बहुदलीय जनवाद र नयाँ जनवाद बीच मुख्य अन्तर स्पष्ट नभएकोले स्पष्ट पारिदिनु होला कि ?

- माओको नयाँ - जनवाद सम्बन्धी धारणासंग तपाईंको आफ्नो नयाँ - जनवाद सम्बन्धी धारणा कति मिल्ने र कति नमिल्ने छ ? कति कुरा स्वीकार्नु भएको छ र कति कुरामा अन्तर गर्नु भएको छ ? र कति परिमार्जन गर्न खोज्नु भएको छ ?

- तपाईहरूले माओ बिचारधारालाई चाहिँ छोड्नु भएको सन्दर्भमा फेरि नयाँ जन-वादलाई लिनु भएको कुरा अगाडि ल्याउनु भएको छ । यस स्थितिमा माओ बिचारधारा र तपाईंको नयाँ जनवाद बीच कसरी सामन्जस्यता कायम गर्नु हुन्छ ?

- सर्वहारा- बर्गको अधिनायकत्व सम्बन्धी तपाईंको धारणा के हो ? नयाँ- जनबादी क्रान्तिमा सर्वहारा- बर्गको नेतृत्व अन्तर्गतको जनताको अधिनायकत्व सम्बन्धी तपाईंको धारणा स्पष्ट पार्नु हुन्छ कि ?

- का. मदन भण्डारी: का. मोहनबिक्रमलाई साक्षी राखेर म का. सि.पी.संग सोध्न चाहन्छु - आफ्नो कार्यक्रमको नामाकरण गर्ने सिलसिलामा तपाईंले सन्१९४९ देखि नै हाम्रो कम्युनिष्ट पार्टीले नयाँ-जनवाद भन्ने नाम दिंदै आएको छ भन्नु भएको छ तर तेस्रो महाधिबेशनसम्म यो नाम दिइएको प्रस्त थिएन । यसबारे सत्य के हो ?

**- का.सि.पी.को जबाफ:**

*जहाँसम्म यी नामाकरणको कुरा छ - १९४९ मा ने.क.पा.बाट निस्केको पहिलो पर्चा मै हाम्रो क्रान्तिलाई जनाउने आशयमा नव-प्रजातान्त्रिक शब्द नै प्रयोग गरिएको छ । चीनको क्रान्तिबाट प्रभावित भएर नै यसो भनिएको हो । २००८ सालमा प्रथम महाधिबेशनमा "नव-प्रजातन्त्र" भनेर आफू समेतले कार्यक्रम मस्यौदा गरेको कुरा त का. मनमोहन अधिकारीले पनि बताउनु भएको छ ।*

*कुनैपनि कुराको नाम त्यसको सारबस्तु अनुकूल सार्थक हुनु पर्दछ । मैले उल्लेख गरेका पाँच बिशेषतासहितको क्रान्तिलाई नौलो-जनबाद, राष्ट्रिय-जनबाद वा जनताको जनबाद आदि विभिन्न नाम, विभिन्न देशले दिएका छन् । खुश्चेभले भनेको बालको "राष्ट्रिय जनबाद" को कुरा होइन यो, किनभने त्यो दक्षिणपन्थी भड्कावयुक्त थियो भन्नेमा का. मोहन बिक्रमसंग मेरो पनि सहमति छ ।*

*सार अनुसार मिल्ने र यहाँ प्रयोग पनि हुँदै आएको सार्थक नाम नौलो -जनबादलाई बदलेर अर्को बनाउनु जरूरी छैन । सबाल त यो हो कि - बहुदलीय जनवाद त नाममा मात्र होइन सिद्धान्त र सारका हिसाबले पनि क्रान्तिकारी - जनबादको सिद्धान्त र सारले युक्त छैन । त्यसलाई "जनताको बहुदलीय जनबाद" भन्नु झन् भ्रममा पार्ने कुरा हुन जान्छ ।*

*नयाँ - जनबादमा बहुदलीय प्रतिस्पर्धा स्वीकारेपछि किन त्यसलाई बहुदलीय जनवाद नै नभन्ने भन्ने सन्दर्भमा चाहिँ बास्तवमा बहुदलीय जनबाद भन्नु वा उही सार बस्तुलाई जनताको बहुदलीय जनबाद भन्नु एउटा राजनैतिक प्रणालीको कुरा मात्र हो । आर्थिक- सामाजिक आधारलाई यो राजनीतिक प्रणाली मात्र बुझाउने कुराले अभिव्यक्त गर्दैन । सार र नाम दुबैको आधारमा यो बुर्जुवा-प्रजातान्त्रिक व्यवस्था बाहेक अरू हुनै सक्दैन । भत्काउने के र ल्याउने के भन्ने विषयमा, सामन्तवाद र दलाल पूँजिवादलाई भत्काउँछु भने पनि कसरी भत्काउने भन्ने कुरा महत्वपूर्ण हुन आउँछ । मूल कुरा हो- बिना क्षतिपूर्ति यिनीहरूलाई उन्मूलन गर्नु पर्छ । क्रान्तिका सहयोगीहरु प्रति केही नरम हुनु भनेको अलग कुरा हो । यो कुरामा हामी फरक छौं । सामन्तवादको अन्त गर्नु भनेको का. मदनहरूले प्रस्तावित गरेजस्तो जमिन्दारहरूलाई क्षतिपूर्ति दिएर जग्गा खोसी उनीहरूलाई उद्योगपति र व्यापारी बनाउनु होइन । यो त पूँजीवादी सुधार मात्र हो । यसले क्रान्तिकारी बेगलाई छेकेर सुधारमै जनतालाई अल्मल्याउँछ । तात्कालिक कार्यनीतिको रूपमा हैन समाजवादमा जानु भन्दा अघिको अधिकतम कार्यक्रमको रूपमा नै जब यो उन्मूलनको कुरा आउँदैन, कानूनी रूपले नियन्त्रण गर्ने लगायतका सुधारका कुरा मात्र आउँछ भने, स्वाभाविक रूपले यो भड्काव हो । नौलो-जनबाद भनेको एकैसाथ सामन्तवाद र दलाल नोकरशाही पूँजीवादलाई उन्मूलन गर्नु अनि राष्ट्रिय पूँजीवाद ल्याउनु पनि हो र शुरूदेखि नै समाजवादी तत्वहरू पनि ल्याउन थाल्नु हो । देशको अर्थतन्त्रको मूख्य ठाउँमा राजकीय स्वामित्वलाई स्थापित गरिनु पर्छ । पंचायतकाल र अहिले पनि २०।२५ महत्वपूर्ण उद्योगहरु सार्वजनिक क्षेत्रमै छन् । राज्यको हस्तक्षेप बिना हाम्रो जस्तो मुलुकमा पूँजिको बिकास हुन सक्दैन । त्यसैले नौलो जनबादको एउटा प्रमुख बिशेषता राज्यले अर्थतन्त्रका महत्वपूर्ण क्षेत्रमा लगानी गर्नु हो , सार्वजनिक स्वामित्व स्थापित गर्नु हो । तर बहाँहरूले भने लोक-कल्याणका-पानी, बिजुली, स्वास्थ्य आदि जस्ता क्षेत्र, जहाँ व्यक्तिगत पूँजी आकर्षित हुन्न, त्यसमा मात्र राज्यले लगानी गर्ने कुरा अगाडि ल्याउनु भएको छ ।*

*अर्को कुरा, सेवा र रक्षा- उद्योगमा मात्र राजकीय क्षेत्र संलग्न भएर बाँकी समग्र उद्योग क्षेत्रमा नीजि-क्षेत्रको संलग्नता बढाउँदै लगिने कुरा बहाँले प्रष्टै उल्लेख गरेर आउनु भएको छ । यो त प्रष्टै रूपले पूँजीवाद उन्मुखता नै हो ।*

*यस बाहेक, "मान माथि भुक्तमान" भने झैं सिद्धान्त मै बहाँहरू के भन्नु हुन्छ भने - लोक -कल्याणकारी राज्य व्यवस्था कायम गर्ने ।*

*हो, यो लोक -कल्याणकारी राज्य व्यवस्थाको नारा त बिगतमा बुर्जुवाहरूले समाजवादको प्रभावलाई रोक्न ल्याएको पाखण्डी नारा नै हो । यो कुरा का. मदन भण्डारीले पनि स्वीकार्नु भयो । उत्पादनका साधनहरू व्यक्तिका हातमा रहने, तर प्रगतिशील आयकर लगाएर जनताका पानीघाट, बिजुली, शिक्षा, स्वास्थ्य आदिमा खर्च गर्ने यो नाराले नकचरो, चर्को र निर्दयी पूँजीवादलाई केही कथित "मानवीय" बनाउने कोशीस गर्‍यो । पूँजीवादको अलिकति सिंगारिएको रूप यो हो तर यो पूँजीवाद नै हो र यसमा पूँजीवादी अधिनायकत्व नै रहन्छ ।*

*यी सब कारणले बहुदलीय जनवादको सिद्धान्त पूँजीवादी प्रजातन्त्रकै*

सुविधा र सहुलियत यसले दिएकोले विकसित मुलुकहरूमा तत्काल क्रान्तिको संभावना नदेखिएर पछौटे उत्पीडित देशहरूमा यो संभावना देखिएको हो ।

पहिलो कुरा, पूँजीवादले क्रान्तिकारी चरित्र गुमाएकोले यी देशहरूमा आधारभूत रूपमा सामन्तवाद बिरोधी क्रान्ति भएता पनि पूँजिवादी क्रान्तिको नेतृत्व पूँजिपति बर्गले गर्न सक्दैन भन्ने कुरा प्रष्ट भयो । यस्का लागि सर्वहारा बर्ग नै अधि सर्नु पर्ने वैज्ञानिक निचोड लेनिनले थप्नु भयो ।

दोस्रो कुरा, अब हुने पूँजीवादी क्रान्ति सामन्तवाद बिरोधी मात्र भएर पुग्दैन, साम्राज्यवाद बिरोधी पनि हुनै पर्छ । किनभने सामन्तवादले साम्राज्यवादको संश्रय लिएको हुन्छ भन्ने कुरा वहाँले थप्नु भयो ।

तेस्रो कुरा शुरू शुरुमा, जस्तै फ्रान्सको क्रान्तिताका पूँजीवादी क्रान्ति पूँजीवाद विरूद्ध हुन सक्दैन थियो । अक्टोबर क्रान्ति पछिको समयमा पूँजीवादी क्रान्ति पनि पूँजीवादकै एउटा प्रकार- साम्राज्यवादपरस्त नोकरशाही पूँजीवाद, जसलाई पछि माओको भाषामा दलाल नोकरशाही पूँजीवाद भनियो, यसका विरूद्ध पनि यी मुलुकहरूका क्रान्तिहरू परिलक्षित हुनु पर्छ भन्ने कुरा थपियो ।

चौथो कुरा, यी मुलुकहरूमा हुने क्रान्तिले अब सामन्तवाद र दलाल नोकरशाही पूँजीवादलाई समाप्त गर्नु त पर्‍यो नै, यसको साथ साथै थप के पनि गर्नु पर्‍यो भने यसले सामन्ती अवशेषको ठाउँमा पूँजीवादी क्रान्तिकारी सुधार गर्नु पर्‍यो र दलाल नोकरशाही पूँजिवादलाई समाप्त गरेर त्यसलाई नयाँ क्रान्तिकारी राज्यको मातहतमा ल्याएर समाजवादी संक्रमणको बिउको रूपमा या प्राथमिक चरणको रूपमा

*सिद्धान्त हो भनी प्रष्ट रूपमै भन्न सकिन्छ । कार्यक्रम पनि पूँजीवादी सुधारकै छ । यसकारण हाम्री यससंग सहमत छैनौं, फरक छौं ।* *जहाँ सम्म हामीले पनि बहुदलीय प्रतिस्पर्धालाई नै मानेका छौं भन्ने सवाल छ, यसमा प्रष्ट हुनु पर्ने कुरा के छ भने हामी नौलो- जनवाद कम्युनिष्ट पार्टी वा सर्वहारा वर्गको नेतृत्वमा नै आउँछ र सशस्त्र बल प्रयोग गरेरै मात्र आउँछ भन्नेमा प्रष्ट छौं । त्यो सशस्त्र- बलको रूप चाहिँ रूसको सशस्त्र- जनविद्रोह जस्तो वा चीनको दीर्घकालीन -जनयुद्ध जस्तो वा अरू नै खाले के र कस्तो हुन्छ भन्ने कुरा चाहिँ देशकाल परिस्थितिले निर्धारण गर्ने छ ।*

*यसरी सशस्त्र- जनक्रान्ति गरेर नौलो जनवाद ल्याएपछि त्यसमा जनताको जनवादी अधिनायकत्व कायम हुन्छ । का. माओले पनि भन्नु भएको छ- यो भनेको जनताको प्रजातन्त्र हो र प्रतिक्रियावादी, साम्राज्यवादपरस्तहरु माथिको भने यो दमन हो । बिभिन्न मुलुकमा यो दमनको पाटो चाहिँ रह्यो तर जनतालाई दिने प्रजातन्त्र चाहिँ संस्थागत भएन । चीन,कोरिया वा पूर्वी यूरोपमा पनि यो देखियो । अरू भन्दा बढी बस्तुनिष्ट हुनु भएकोले का. माओले चीनमा सहयोगी गैर-कम्युनिष्ट पार्टीहरूलाई साथै लिएर जानु भयो तर चीन, रूस आदि सबै ठाउँको राज्य संचालन गर्ने प्रणाली भने "जनवादी-केन्द्रीयता" कै प्रणाली थियो । कम्युनिष्ट पार्टीलाई नेतृत्वको रूपमा मान्नै पर्ने थियो ।*

*हामीले थपेको कुरा के हो भने - माओले बोल्न दिनु भए जस्तै सामन्तवाद बिरोधी, साम्राज्यवाद बिरोधी, बिखण्डनवाद बिरोधी र समाजवाद बिरोधी नहुने खालका प्रगतिशील पार्टीहरूले खुल्न पाउनु पर्छ । कम्युनिष्ट पार्टीकै मात्र एकलौटी शासन हुँदा पछौटे मुलुकहरूमा भएका समाजका भ्रष्टाचार, चाकरी, चाप्लुसी, जालफेल लगायतका नराम्रा कुराहरू पार्टी भित्र गएर धेरै मुलुकहरुमा कम्युनिष्टहरु समय-क्रममा जनताबाट टाढा हुँदै गए । एक किसिमको "मण्डलेकरण" त्यहाँ भयो ।*

*कम्युनिष्ट पार्टीभित्र मान्छेलाई सुधार्ने आलोचना - आत्मालोचनाको एउटा प्रणाली छ, तर यो प्रणालीरूपी औषधिको मात्रा कम भयो । आलोचना- आत्मालोचना मात्रैले कम्युनिष्टहरूले आफूभित्रको फोहोर बिकारहरु फ्याँक्न सकेनन् र नै रूस र पूर्वी यूरोपमा कम्युनिष्टहरूको चरित्रमा क्षय भयो ।*

*त्यसैले कम्युनिष्टहरूको राजनैतिक प्रणालीमा यस्तो एउटा भित्री संयन्त्र पनि थप्नु जरूरी छ, जसले उनीहरूलाई आफूलाई सुधार गर्न बाध्य गरोस् । यस्तो एउटा तयारी - संयन्त्र चाहियो, जसद्वारा सोभियत संघ वा अन्यत्र जस्तै आफू भत्कनु भन्दा पहिले नै आफू सुधिने बाध्यता उनीहरूले महशुस गरून् । यो हामी एमाले भित्रको मात्र चासोको बिषय होइन । बिश्वव्यापी रूपमै यसबारे खोजी हुनै पर्छ । यो समस्याबारे का. मोहन बिक्रमहरू पनि निश्चय नै चिन्तित हुनु हुन्छ होला नै ।*

*यसै कारणले हामीले सरकारमा नेतृत्वको निम्ति प्रतिस्पर्धा गर्न प्रगतिशील पार्टीहरूलाई छुट दिने कुरा उठाएका हौं ।*

*जहाँसम्म हामीले उठाएको साझा -सरकारको धारणा छ, यसमा के छ भने- नौलो - जनवाद, सर्वहारा - वर्गको प्रभुत्व रहेको साझा समाज हो । त्यसैले त्यसको उपरी ढाँचा पनि साझा नै हुनु पर्छ । यो साझापन जोगाउन का.माओले पार्टीहरूलाई प्रतिस्पर्धा गर्न नदिए पनि सरकारमा भने लिनु भयो । त्यसैले यो बर्ग - समन्वय भयो भन्ने कुरा होइन । नौलो - जनवादी परिवर्तनका पक्षधरहरू, समाजवादमा जाने कुरामा बिरोधी नभएकाहरू बीच मात्र यो साझा सरकारको कुरा गरिएको हो । त्यसैले यिनीहरूका बीचमा केही प्रतिस्पर्धा गर्न दिनु बर्ग - समन्वय होइन ।*

*कथित प्रजातन्त्रवादी बुर्जुवाहरुको जस्तो हामी कसैलाई दमन नै गर्दैनौं भन्ने ढोंग गर्दैनौं । प्रतिक्रियावादी र साम्राज्यवादपरस्त तत्वहरुमाथि त अधिनायकत्व लागू ,हुन्छ नै । तिनीहरुलाई चाहि प्रतिस्पर्धा गर्न हामी दिदैनौं । चुनावमा जाने सबै पार्टीहरुले सरकार चलाउन र नयाँ समाज बनाउन जानै*

*पर्दछ, यो पनि अधिनायकत्वको पाटो हो । सरकारमा गएपछि स्वभावत: बहुमतको ज्यादा कुरा पर्ने गरी साझा - कार्यक्रम लागू हुन्छ । जनताको बीचको अन्तरबिरोधलाई शत्रुतापूर्ण हुन नदिन पनि यसो गर्नु जरुरी छ । हाम्रो यो धारणामा अरु सुधार गर्नु पर्छ भने छलफल गर्न हामी तयार छौं । तर पूंजीवादी राज्य-व्यवस्थाको बहुमतको सरकार र अल्पमतको बिपक्षवाला संसदीय परिपाटीलाई जस्ताको तस्तै नौलो - जनवादी राज्य संचालन गर्न लैजान भने किमार्थ सकिन्न ।*

*का. माओको नौलो- जनवादी क्रान्तिको सिद्धान्तसंग चिनीया क्रान्तिको रणनीति र कार्यनीति पनि गाँसिएका थिए । हाम्रो देशको नौलो - जनवादको रणनीति र कार्यनीति यहाँकै वस्तुस्थितिले निर्धारण गर्दछ । त्यसकारण, हामी सशस्त्र संघर्ष अनिवार्य छ, त्यसका लागि क्रान्तिकारी पार्टी जरुरी छ भन्दाभन्दै पनि हामीले हाम्रो देशको क्रान्तिको रणनीति दीर्घकालीन जनयुद्धकै रणनीति हो भनी भनिरहेका छैनौ । अन्यत्रको अनुभव र देशको वस्तुस्थितिबाट हामीले आफ्नो रणनीति खोज्नु पर्छ भन्ने हाम्रो धारणा छ ।*

*अर्को कुरा, नौलो- जनवादी क्रान्तिपछि उत्पादन सम्बन्धलाई मुक्त गर्दै नयाँ - जनवादी चरित्रले बिकास गर्दै समाजवादतर्फ लागिने छ । चीनमा जस्तो उत्पादन - शक्तिहरुको बिकास भन्दा अगाडि बढेर चाँडै नै "महान फड्को" वा "जनताको कम्युन" र असहमतहरुका बिरुद्ध "सांस्कृतिक क्रान्ति" जस्ता कुराहरु लागू गरिए, त्यस्तो हतार चाहिँ हामी गर्न चाहँदैनौं ।*

*हाम्रो पक्षको धारणा के हो भने, का. लेनिनपछिका सबैभन्दा ठूला मार्क्सवादी का.माओ हुनुहुन्थ्यो । उहाँप्रति हाम्रो ठूलो सम्मान छ । तर माओबिचारधारा मूलत: चिनीया क्रान्तिको मार्क्सवादी लेनिनवादी सिद्धान्त हो । यसमा बिश्वव्यापी मान्यताका कुराहरु पनि छन् । तर हुबहु माओ बिचारधारालाई मान्ने हो भने हामीले आफ्ना बिशिष्टताहरुबारे कम जोड दिन सक्ने संभावना छ ।*

*यसलाई सैद्धान्तिक आधार मान्ने बित्तिकै हाम्रो जस्तो सानो र आफ्नो परंपरा भएको मुलुकमा आफ्नै बिशिष्टतायुक्त कार्यनीति खोज्ने कुरामा हामीलाई बाधा पुग्ने हुन्छ । यसलाई सैद्धान्तिक आधार मान्ने हो भने हतारिएर गरिएका महान फड्को, मूलत: राजनैतिक चरित्रको सांस्कृतिक क्रान्ति आदिलाई पनि पछ्याउन्न भन्न नमिल्ने हुनाले माओबाट प्रशस्त कुराहरु सिक्नु पर्दछ, तर सैद्धान्तिक आधार नै मान्नु पर्छ भन्ने छैन । व्यवहारिक रुपले पनि नेपालका हामी कम्युनिष्टहरु स्वतन्त्र रुपले काम गर्दागर्दै पनि माओ-बिचारधारालाई मानेको कारण चीनको निर्देशनमा चलेको प्रचार हाम्रा दुश्मनहरुले गर्ने अवसर पाउन सक्छन् । मात्रात्मक रुपले नै सही, यो पनि हाम्रो निम्ति नकारात्मक कुरा हो ।*

*पार्टीको नेतृत्व भनेको बर्गीय-पार्टीको नेतृत्वको अर्थमा बुझिने भएकोले त्यसले आफ्नो सामाजिक- राजनीतिक परिवर्तनका लागि बैचारिक राजनीतिक नेतृत्व गरेर अगाडि बढ्रेर क्रान्ति गरिसकेपछि कुनै गूटको नेतृत्वयुक्त शासन होइन, मजदूरदेखि लिएर देशभक्तसम्मका कम्युनिष्ट पार्टीका नेतृत्व स्वीकार्ने तप्काहरुको जनवादी -सत्ता स्थापना गर्न हामी खोज्दैछौं । अत: राज्यका हरेक क्षेत्रमा कम्युनिष्ट पार्टीकै मोनोपोली हुने; जनप्रतिनिधिहरुलाई सत्ता संचालन गर्न नदिने व्यवस्था होइन, अर्थात मूलत: कम्युनिष्ट पार्टीको शासन होइन, जनताको शासन आवश्यक छ । कम्युनिष्ट पार्टीले त राजनीतिक, सैद्धान्तिक र आर्थिक क्षेत्रमा गाइड गर्ने र मार्ग दर्शन गर्ने काम गर्नु पर्छ । रुसमा लेनिनले सम्पूर्ण सत्ता-शक्ति कम्युनिष्टहरुलाई दिनु पर्छ नभनीकन, मजदूर-किसान र सिपाहीहरुको प्रतिनिधित्वयुक्त सोभियतलाई सत्ता दिइनु पर्छ भन्नु भएको थियो, जहाँ कम्युनिष्टहरु मात्रै नचुनीई अन्य पनि चुनिन्थे ।*

*यसो गरेर जनता र जन-प्रतिनिधिलाई नै सत्तासीन बनाई कम्युनिष्ट पार्टीको सैद्धान्तिक-बैचारिक नेतृत्वमा अगाडि बढ्ने हो भने, वास्तवमा जनताको अधिनायकत्व वा सर्वहारा- अधिनायकत्व पार्टीको अधिनायकत्वमा र पार्टीमा निश्चित व्यक्ति वा गुट प्रभावकारी भई बिस्तारै त्यही व्यक्ति र गूट कै अधिनायकत्व स्थापित हुँदै जाने स्थितिबाट बच्न र बचाउन सकिन्छ । अब धेरै मुलुकले पार्टी र सरकारको काममा बिभाजन ल्याई पार्टीलाई "ड्यु रोल" दिने र जन प्रतिनिधिहरुलाई "ड्यु रोल" दिने चिन्तन बिकसित गरेका छन्, जुन मार्क्सवादी चिन्तन होइन ।* ■

निर्माण गर्नु पर्‍यो।

पाँचौं कुरा के थपियो भने- पछौटे मुलुकमा हुने त्यो सामन्तवाद विरोधी क्रान्ति समाजवादी शक्तिहरूको नैतिक, राजनैतिक या भौतिक सहयोग बेगर अगाडि बढ्न सक्दैन। यो साथ बेगर यो पूँजिवादी तर्फ पनि अघि बढन सक्दैन। यदि यसले पूर्णतामा जाने हो भने समाजवादउन्मुखता यसले अंगाल्नै पर्छ।

लेनिनका विचारहरूको समग्र अध्ययन गर्दा यी थप पाँच विशेषताहरूको उल्लेख पाइन्छ। यी विशेषताहरूलाई अभिव्यक्त गर्ने क्रान्तिलाई बहाँ ले "राष्ट्रिय जनवादी क्रान्ति" भनेर आफ्ना रचनाहरुमा उल्लेख गर्नु भएको छ।

सामन्तवाद विरोधी सामाजिक क्रान्तिका लेनिनद्वारा प्रस्तुत यी सिद्धान्तलाई लिएर इरान, इन्डोनेशिया, भारत, चीन लगायतका थुप्रै देशमा आफ्नो पछौटे मुलुकका लागि उपयुक्त सामन्तवादविरोधी क्रान्तिका सिद्धान्तहरू विकास भए। बेग्लाबेग्लै नाममा विभिन्न मुलुकहरूले यो क्रान्तिलाई लिए। माओले यिनै पांच विशेषतायुक्त क्रान्तिलाई आफ्नो देशको परिवेशमा नयाँ-जनवादी क्रान्तिको रूपमा प्रस्तुत गर्नु भयो। यस्तै भियतनाम, कोरिया र अहिले फिलिपिन्सको कम्युनिष्ट पार्टी आदिले आफ्नो नयाँ विशेषताको क्रान्तिलाई राष्ट्रिय जनवादी क्रान्ति मानें। यो राष्ट्रिय "जनवादी क्रान्ति" खुश्चेभले भनेको राष्ट्रिय जनवादी क्रान्ति होइन किनभने, खुश्चेवले सर्वहारा बर्गको नेतृत्व नभए पनि हुने, पूंजीवादको भूमिका पनि हुन सक्ने, शान्तिपूर्ण प्रतिस्पर्धा भए पुग्ने आदि कुरालाई मानेका छन्, जो दक्षिणपन्थी भड्कावले युक्त छ।

यसरी नयाँ खाले सामाजिक क्रान्तिको नयाँ र वैज्ञानिक सिद्धान्त खडा भएको छ। अहिले पनि साम्राज्यवाद र सर्वहारा बर्गीय क्रान्तिको युग नै कायम भएकोले नाम जे रहे पनि पिछडिएका मुलुकहरूले यिनै पांच विशेषतायुक्त क्रान्ति गर्नु पर्ने स्थिति विद्यमान छ.।

## नेपालमा नयाँ-जनवादी क्रान्ति नै किन ?

अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा रहेको हाम्रो मुलुकमा राणाकाल लगायतका समयावधिहमा सामाजिक जागरण आउन ढिलाई र सुस्ती पैदा भयो। विदेशी सेनामा जानेहरू र राजनीतिक रूपले निर्वासित भएकाहरूबाट छिरेको बाहिरी प्रभावको कारण यहाँको जागरण केही विस्तार हुन थाल्यो। पछि पार्टीहरू गठन भए र यसै क्रममा नेपाली कांग्रेस बन्यो, जसको पूँजिवादी सुधार गर्ने नै लक्ष्य रहेको देखिन्छ। २००६ सालमा नेपालमा स्थापित कम्युनिष्ट पार्टीले एउटा नयाँ परिपाटी "क्रान्तिकारी-प्रजातन्त्र" को सिद्धान्तलाई अघि सार्‍यो। नेपाली कम्युनिष्टहरूले पनि आफ्नो देशको स्थितिलाई ध्यानमा राखी अन्यत्र जस्तै नयाँ खाले पूंजीवादी प्रजातान्त्रिक क्रान्तिकै रूपमा यसलाई अगाडि सारेका हुन र अघि बढेका हुन। वीचमा विवादहरू पनि भए तर सत्तरी-अस्सीको दशकमा नेपालका धेरै लडाकु र क्रान्तिकारी कम्युनिष्ट समूहहरूले हाम्रो क्रान्तिको सिद्धान्तलाई नयाँ जनवादी क्रान्तिको सिद्धान्त नै भनेर स्वीकार्दै आएका छन्। यस आधारमा नै कार्यक्रमहरू तयार गरी व्यावहारमा उतार्ने प्रयत्न उनीहरूले गर्दै आएका छन्।

२०४६ सालको जन-आन्दोलनले यहाँ केही बुर्जुवा जनवादी सुधारहरू गर्‍यो। राजनैतिक उपरी संरचनाहरूमा बुर्जुवा जनवादका केही मूल्य र मान्यताहरू यसले स्थापित गरे पनि समाजको सामाजिक, आर्थिक आधारलाई भने परिवर्तन गर्न सकेन। अहिले पनि सामन्तवाद, दलाल नोकरशाही पूंजीवाद र अर्ध-औपनिवेशिक उत्पीडन यहाँ कायमै छ। यस कारण अझै पनि यहाँ जनक्रान्तिको जरूरत छ। यो क्रान्तिले यहाँ सामन्तवाद, दलाल नोकरशाही पूंजीवाद र साम्राज्यवादी प्रभुत्वलाई समाप्त पार्नु पर्ने हुनाले यसको सिद्धान्त भनेको नयाँ-जनवादी क्रान्तिको सिद्धान्त नै हो। देशभित्र र बाहिरका परिवर्तित परिस्थितिहरूबाट केही कुराहरू यसका थपघट गर्नु परेतापनि यसले हाम्रो क्रान्तिको चरित्रलाई मूल रूपले फेरवदल गरेको भने छैन। शुरूदेखि नै नौलो -जनवादकै सार्थक नामले यो सिद्धान्त चिनिएकोले यसलाई नाम नै पनि अर्को दिनु जरूरी छैन।

## बहुदलीय जनवाद

अहिले हाम्रो क्रान्तिको सिद्धान्तलाई बहुदलीय जनवाद भनौं भन्ने विचार आएको छ, त्यो जरूरी छैन। किनभने, बहुदलीय जनवादले सामान्यत: पूंजीवादी अधिकारको कुरा जनाउँछ। यसले सामाजिक, आर्थिक जगलाई नबुझाइकन राजनैतिक प्रणाली, त्यसमाथि पनि पूंजीवादी राजनैतिक प्रणालीलाई मात्र जनाउँछ। साथै जनवादलाई क्रान्तिकारी रूप दिनलाई "बहुदलीय" भन्ने विशेषण जोडिएको हो भने पनि त्यस विशेषणले जनवादको क्रान्तिकारी रूपलाई अभिव्यक्ति दिन सक्तैन।

सारकै हिसाबले पनि बहुदलीय जनवादमा जनताको जनवादी अधिनायकत्व हुन्छ, यसमा सामन्तवाद, साम्राज्यवाद विरोधी कार्यक्रम हुन्छ भनेर भनिएता पनि यदि राजनैतिक प्रणालीमा चाहिँ पूंजीवादी व्यवस्थाको संसदीय प्रणालीलाई कूलमै, जस्ताको तस्तै बांकी राखिन्छ भने यो कारणले पनि यो क्रान्तिकारी जनवाद हुन सक्दैन।

अर्को कुरा, यसको राज्य व्यवस्थालाई क्रान्तिकारी राज्य-व्यवस्था नभनेर यदि त्यसलाई संवैधानिक लोककल्याणकारी राज्य-व्यवस्थाको सिद्धान्त भनिन्छ भने, यो भनेको त पूंजीवादी राज्य-व्यवस्थाको सिद्धान्त हो। साथै, यदि कार्यक्रममा पनि पूंजीवादी सुधारको कार्यक्रम राखेर ल्याइन्छ भने त्यो क्रान्तिकारी जनवाद हुन सक्ने कुरै आएन।

## के नेपालको क्रान्ति समाजवादी-क्रान्ति हुन सक्छ ?

नेपालको अहिलेको क्रान्ति नौलो-जनवादी क्रान्ति नभई समाजवादी-क्रान्ति हुन सक्छ कि सक्दैन भन्नेमा चाहिँ, हाम्रो देशमा पूंजीवादको विकास भैसकेको छैन। सामन्तवाद र दलाल नोकरशाही पूंजीवाद नै प्रभुत्वशाही रहेको छ। त्यसकारण अहिलेको क्रान्ति समाजवादी क्रान्ति हुन सक्दैन। यिनै प्रभुत्वमा रहेका कुराहरुलाई समाप्त गर्नु पर्ने हुनाले एउटा नयाँ खाले क्रान्तिकारी जनवादी क्रान्तिको जरूरत छ। जसलाई नौलो- जनवादी क्रान्तिको नाममा हामीले लिदै आएका छौं। मुख्यत: यसले सामन्तवादी भूस्वामित्वलाई खतम गरेर जमिन क्रान्तिकारी ढंगले किसानहरूलाई वितरण गर्नु पर्दछ। हदवन्दी लगाएर जमिन्दारहरूलाई क्षतिपूर्ति दिएर उनीहरूलाई जमिन्दारबाट उद्योगपति र व्यापारी बनाउने ढंगले कार्यक्रम ल्याइन्छ भने त्यो पूंजीवादी सुधारको कार्यक्रम मात्र हो, यो क्रान्तिकारी जनवादको कार्यक्रम होइन। अर्को कुरा, दलाल नोकरशाही पूंजीवादलाई उन्मूलन नगरी जस्ताको तस्तै राखी त्यसको शोषण, दमन र उत्पीडनलाई मात्र खतम गरिन्छ भने पनि त्यो पूंजीवादी सुधारवादी कार्यक्रम मात्र हुनेछ। यी दुई कुरामा स्पष्टता हुनै पर्दछ। ■

## पार्टीगत प्रतिस्पर्धा गर्न दिन्छौं भने यो नयाँ-जनवाद नै होइन।

– का. मोहन विक्रम सिंह

### नयाँ-जनवादी क्रान्ति किन ?

नयाँ-जनवादी आन्दोलन कुनै स्वतन्त्र (छुट्टा) आन्दोलन होइन। समाजवाद र साम्यवादको उद्देश्य लिएर हामीले गरिरहेको जुन लामो काम छ, यो त्यसैको एउटा अंग हो। त्यसकारण हामीले यो नयाँ-जनवादी क्रान्तिलाई हाम्रो दीर्घकालीन उद्देश्य र सन्भर्दमा नै बुझ्नु पर्दछ। यो हाम्रो लागि उपयुक्त छ कि छैन भन्ने कुरा यसले हाम्रा दीर्घकालीन उद्देश्यहरूलाई कतिसम्म मद्दत पुर्‍याउँछ भन्ने आधारमा नै सोच्नु पर्दछ। दीर्घकालीन उद्देश्यलाई सहयोग पुर्‍याउँछ भने यो ठीक छ। त्यसमा बाधा पुर्‍याउँछ भने यो गलत छ। दोस्रो पक्ष, समाजको संरचनाको पक्षको कुरा आउँछ। हाम्रो देशको स्थिति अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक हो भन्ने विषयमा प्राय: सबैजसो साथीहरू सहमत हुनुहुन्छ। यस्तो स्थितिमा समाज परिवर्तन गर्नका लागि हामीलाई नयाँ-जनवादी क्रान्तिको जरूरत पर्दछ।

यस सिलसिलामा समाजवाद र साम्यवादको लामो आन्दोलनको अंगको रूपमा रहेकोले नौलो-जनवादलाई हामीले यस आन्दोलनसंग जोडिएका सैद्धान्तिक पक्षहरूबाट र विश्व कम्युनिष्ट आन्दोलनको स्वरूपबाट अलग गरेर हेर्न सक्दैनौं।

यी दुवै कुरा बुझ्नलाई आज विश्व कम्युनिष्ट आन्दोलनमा शुरूदेखि नै चल्दै आएको दुई लाइनको संघर्षलाई बुझ्नु पर्दछ। समाजवादी आन्दोलनका प्रत्येक कालमा यहाँ संशोधनवादी धारहरू देखा पर्दै आएका छन्। मार्क्सको समय र लेनिनको समयमा समेत यी धारहरू देखा परे। यो दुई लाइनको संघर्षलाई अलग्गै राखेर हामीले नयाँ-जनवादको स्वरूपलाई ठीक संग बुझ्न सक्दैनौं। यो दुई लाइनको संघर्ष टीटोबाट, खुश्चोभबाट र त्यस्तै चीनमा तेङ-स्यूं



जनवादलाई क्रान्तिकारी रुप दिनलाई "वहुदलीय" विशेषण जोडिएको हो भने त्यसले जनवादको क्रान्तिकारी रुपलाई अभिव्यक्ति दिन सक्दैन। – का.सि.पि. मैनाली

शाउचौबाट शुरु भयो । यसै गरी नेपालको कम्युनिष्ट आन्दोलनमा पनि यो दुई लाइनको संघर्ष चल्दै आएको छ ।

मार्क्सवादमा नै नयाँ व्याख्याको जरुरी छ भन्ने प्रकारको विचार आज हाम्रो देशमा आइरहेको छ । यो कुनै नयाँ विचार होइन, बर्न्स्टिनको पालादेखि नै यो विचार अगाडि आएको हो । त्यसैगरी ख्रुश्चोभको पालोमा र पछि पनि हमेशा यो आएको छ ।

सर्वहारा-बर्गको अधिनायकत्वको प्रश्न, सशस्त्र-संघर्षको प्रश्न, संसदीय प्रणाली र शान्तिपूर्ण संक्रमणका प्रश्नहरू जस्ता विभिन्न विषयहरूमा हाम्रा दुई लाइनका संघर्षहरू चल्दै आएका छन्, चलिरहेका छन् । टिटो, ख्रुश्चोभ, तेङ, आदिका लाइनहरू र लेनिन, स्टालिन र माओ आदिका लाइनहरूका बीच दुनियाँभरमा यो संघर्ष चल्दै आएको छ । स्पष्टत: देशका राजनैतिक प्रश्नहरूमा, संगठनात्मक प्रश्नहरूमा र अरू विभिन्न पक्षहरुमा यी दुई लाइन बीचका संघर्ष प्रतिविम्बित भएका छन् ।

माओले पनि कतिपय ठाउँमा नयाँ-जनवादलाई "राष्ट्रिय प्रजातन्त्र" को नाममा उल्लेख गर्नु भएको छ, अन्यत्र पनि आएका होलान । तर यसलाई के भनेर संवोधन गर्ने भन्ने कुरा मुख्य प्रश्न होइन । यसका मूल चरित्रगत विषेशताहरूको प्रश्न नै यसको मूल प्रश्न हो ।

मार्क्सवाद कुनै जड-सूत्र होइन, यसमा लगातार विकास भइराख्छ तर यो विकास दुईवटा आधारमा हुने गर्छ - मार्क्सवादी लाइनको आधारमा वा संशोधनवादी, दक्षिणपन्थी अवसरवादी लाइनको आधारमा । यी बेग्ला बेग्लै आधारहरूले गर्दा यिनको दिशा नै फरक हुने हुन्छ । मार्क्सवादी आधारमा यो सृजनात्मक रूपले विकसित हुन्छ भने संशोधनवादी आधारले चाहिँ पुरानै संशोधनवादी सिद्धान्तहरूलाई नयाँ रूपमा अगाडि ल्याईरहेको हुन्छ । विश्व कम्युनिष्ट आन्दोलनको अनुभवले रद्दीको टोकरीमा बारम्बार फ्याँकेका सिद्धान्तहरूलाई पनि संशोधनवादले बारम्बार नयाँ रूपमा प्रस्तुत गर्ने गर्छ ।

नौलो-जनवादको सन्दर्भमा पनि यिनै कुराहरू देखा परेका छन् । हामी आजको युगमा नयाँ जनवाद भनेर जो बुझ्दछौं, त्यो माओद्वारा परिमार्जित र परिष्कृत कुरा हो । का. सि.पी. मैनालीले भन्नु भए जस्तै आजको हाम्रो युग लेनिनको युग हो । मार्क्सवाद लेनिनवाद यसको पथ-प्रदर्शक सिद्धान्त हो । यसभित्रको एक विकसित अवस्था वा चरणलाई माओ विचारधाराले प्रतिविम्बित गर्छ । त्यसकारण, आजको यो संशोधनवाद विरूद्धको संघर्ष र विश्वमा देखा परेका नयाँ विशेषताहरूको सन्दर्भमा माओ विचारधाराले जुन व्याख्याहरू प्रस्तुत गरेको छ, त्यसबाट अलग भएर हामीले नयाँ-जनवादलाई सही र क्रान्तिकारी रूपमा बुझ्न, प्रयोग गर्न र अगाडि बढ्न सक्दैनौं ।

## माओ- विचारधाराबाट अलग भएर नयाँ-जनवादी क्रान्तिलाई सही रुपमा ग्रहण गर्न सक्दैनौं ।

– का. मोहन विक्रम सिंह

त्यसकारण, माओ विचारधारालाई सही रूपमा बुझ्नु र अगाडि ल्याउनु अनिवार्य हुन जान्छ ।

### नयाँ-जनवादी क्रान्ति कसरी ?

नयाँ-जनवादसंग अभिन्न रूपले जोडिएको अर्को प्रश्न, सर्वहारा-वर्गको नेतृत्वको प्रश्न हो । सर्वहारा-वर्गको नेतृत्वको अभावमा यो अवसरवादी, पूंजीवादी दिशामा जान्छ । समाजवादी दिशा छोडेर यो प्रतिगामी दिशामा जान्छ । त्यसकारण सर्वहारा-वर्गको नेतृत्व अनिवार्य कुरा हो ।

नयाँ-जनवादमा दलीय प्रतिस्पर्धा आदिका कुराहरू जो उठेका छन्, यिनीहरूबारे हामी के कुरामा स्पष्ट हुनु पर्छ भने- समाजवादी कालमा प्रतिस्पर्धीको रूपमा एकभन्दा बढी पार्टीहरु हुन्छन कि हुन्नन् भन्ने प्रश्न मुख्य प्रश्न होइन्न । चीनमा पनि एकभन्दा बढी पार्टीहरु थिए तर मुख्य कुरा के हो भने, त्यहाँ सर्वहारा-वर्गको नेतृत्व थियो र सर्वहारा-वर्गको नेतृत्व यसमा रहन्छ । त्यो नेतृत्वसंग प्रतिस्पर्धा गर्न दिने कि नदिने भन्ने प्रश्न चाहिं मुख्य प्रश्न हो । यसमा हामी प्रष्ट छौं

# पूँजीवादी दिशामा गइरहेको छ

**मोहन बिक्रम सिंहलाई प्रश्न**

*का. सी.पी.: माओको नयाँ-जनवाद सम्बन्धी अवधारणामा हामीले सहयोगात्मक प्रतिस्पर्धाको तत्व समावेश गरेकोमा यहाँको प्रतिकृया के छ ? यहाँले सत्तामा पुगेका कम्युनिष्ट पार्टीमा आएका बिकृतिहरु समय मै चिन्न नसक्नु, नभत्कियून्जेल चिन्न नसक्नु, अन्तिम बेलामात्र चिन्न सक्नुलाई हटाउन, त्यसलाई समयमै चिनी हल गर्ने बारेमा कसरी सोचिरहनु भएको छ ? यसमा जे भयो ठीकै भयो भन्नु हुन्छ कि हामी कम्युनिष्टहरुले सत्ता चलाउँदा नयाँ प्रविधि विकास गर्ने सोचाइ राख्नु हुन्छ ?*

*का. मोहन बिक्रमको उत्तर:*

*मूलत: यो सवाललाई विश्व कम्युनिष्ट-आन्दोलनले सिकाएका पाठहरुको सन्दर्भमा गएर हेर्नु पर्छ । विश्व कम्युनिष्ट-आन्दोलनमा समाजवादी देशहरुको पतनको मूल कारण सर्वहारा - वर्गको अधिनायकत्वलाई कमजोर पारिनु, पार्टीभित्र दुई लाइनको संघर्षलाई वा संशोधनवाद विरोधी संघर्षलाई शिथिल बनाइनु र यसरी पार्टीको नेतृत्वदायी भूमिकालाई कमजोर पारिनुको फलस्वरुप उत्पन्न भएको संशोधनबादको ब्याप्ती हो । यो संशोधनबादी प्रबृत्तिले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन मै हावी हुदै मूलत: पार्टीको नेतृत्वदायी भूमिकालाई गौण बनायो । अत: नयाँ-जनवादी क्रान्तिपछि पनि सर्वहारा-वर्गको नेतृत्वलाई मजबूत पार्ने र जनताको जनवादी अधिनायकत्वलाई प्रबल पार्ने सवाललाई उपेक्षा गर्नु हुँदैन । शत्रु बीचको अन्तरविरोधलाई जनताको अधिनायकत्वद्वारा हल गर्नु पर्छ तर, जनता बीचको अन्तरविरोधलाई शान्तिपूर्ण ढंगले हल गर्नु पर्छ । यसको उच्च रुप माओद्वारा लागू गरिएको सर्वहारा सांस्कृतिक-क्रान्ति हो । रुसमा वितरणको क्षेत्रबाट पैदा भएका सुविधाभोगी वर्ग-नयाँ बुर्जुवाको रुपमा- अगाडि आएर , पछि समाजवादलाई नष्ट गर्ने कार्य गरे तर माओले त्यसबाट सचेत भई उत्पादक शक्तिलाई पुरानो प्रकारको उत्पादन- सम्बन्ध, संस्कृति र प्रभावबाट मुक्त गर्ने मूल सवाललाई ध्यानमा राखी त्यस (उत्पादन - शक्ति)लाई विकास गर्ने क्रममै सर्वहारा सांस्कृतिक - क्रान्तिको थालनी गर्नु भएको थियो ।*

*सत्तासीन कम्युनिष्ट पार्टीका विकृतिहरुलाई रोक्न चीनमा माओले पार्टीभित्र मात्रै होइन, व्यापक जनसमूदायलाई परिचालन गरेर, पार्टीभित्र विकसित बुर्जुवा- वर्ग र ब्यूरोक्रेसी विरुद्ध व्यापक संघर्ष थाल्नु भएको थियो । अत: पार्टीभित्र देखिने यस प्रकारका कमजोरी र विकृतिहरुको लागि पार्टीको आत्मालोचनाले मात्र हल गर्न नसकेपछि पार्टीले मात्रै होइन व्यापक जनतालाई परिचालन गर्ने माओको सर्वहारावादी सांस्कृतिक-क्रान्ति नै त्यो रोक्ने एक मात्र उपाय हो । पार्टी र सरकारको विकृतिको सर्वहारा सांस्कृतिक-क्रान्तिबाट निदान हुन्छ । हेडक्वार्टर मै हमला गर भन्ने त्यस बेलाको केन्द्रीय नारा भिन्न मत राख्नेहरुको विरुद्ध भन्दा पनि समाजवादतिर नजानेहरुका विरुद्ध केन्द्रित थियो ।*

*त्यसकारण पार्टीभित्र देखा पर्ने यस्ता कमजोरीलाई साफ गर्दै हल गर्ने , त्यसका विरुद्ध संघर्ष गर्ने, आलोचना गर्ने कामलाई पार्टीले मात्र हल गर्न नसक्ने स्थिति भएकोले माओले झै व्यापक जनतालाई परिचालन गरी कम्युनिष्ट पार्टीभित्रको भड्काउ, संशोधनवाद विरुद्ध, क.पा.को नाममा गरिने बुर्जुवा-तन्त्र विरुद्ध संघर्ष गर्न सांस्कृतिक-क्रान्ति निरन्तर चलाउनु पर्छ । तपाई कामरेडहरु चीनको सर्वहारा सांस्कृतिक-क्रान्तिलाई स्वीकार गर्नु हुन्न, तर रुसको अनुभवबाट पाठ सिकेर माओले यस्ता विकृतिहरु विरुद्ध संघर्ष गर्न र यस्ता विकृतिबाट क.पा. र समाजबाद नै खतम हुन्छ भन्ने कुरा बुझेर नै यो क्रान्ति चलाउनु भएको हो र चलाउनु पर्छ पनि । यसको अभावमै रुसमा समाजवाद पतन भईछाड्यो र चीनमा पनि हुदैछ ।*

*हामीहरुको भनाई के छ भने-कम्युनिष्ट पार्टीमा देखा पर्ने विकृति, भड्काउ, संशोधनवादको विरुद्ध संघर्ष गर्न, त्यसलाई रोक्न, पार्टीभित्र मात्रै होइन, पार्टी बाहिरका सम्पूर्ण जनतालाई पनि व्यापक रुपमा परिचालन गर्न जरुरी छ- यो नै सर्वहारा सांस्कृतिक क्रान्तिको सार हो । माओको प्रमुख योगदान हो ।*

*सर्वहारा-वर्गको नेतृत्व भनेको वास्तविक रुपमा कम्युनिष्ट पार्टीको नेतृत्व हो, अत: क.पा. भन्दा बाहिर सर्वहारा - वर्गले कसरी आफ्नो राजनीतिक नेतृत्व प्रयोग गर्न सक्छ ? सर्वहारा - वर्गले त सही कम्युनिष्ट पार्टी मार्फत नै यो सब गर्छ र गर्न सक्षम पनि बन्नु पर्छ । तपाईहरुको दस्तावेजमा कतै सर्वहारावर्गको नेतृत्वलाई स्वीकारिएको छ तर कम्युनिष्ट पार्टीको नाममा अधिनायकत्व कायम गरिएकोमा विरोध गरिएको छ, जुन आधारभूत रुपमा नमिल्ने कुरा हो । सर्वहारा - वर्ग र कम्युनिष्ट पार्टीको चरित्र र स्वरुप सम्बन्धी गलत व्याख्या भएकोले र सर्वहारा - वर्गको अधिनायकत्वलाई कम्युनिष्ट पार्टीको नेतृत्व भन्दा बेग्लै देखेको हुनाले के प्रष्ट हुनु जरुरी छ भने, नयाँ-जनवादी क्रान्तिको कालमा सर्वहारावर्गको नेतृत्व भन्नाले कम्युनिष्ट पार्टीको नेतृत्व हो ।*

*का. भण्डारीको बहुदलीय जनवादको सैद्धान्तिक धारपूर्णत: पूंजीवादी दिशामा गइरहेको छ भन्ने का.सी.पी. को बिचारसंग म सहमत छु । तर मैनालीजीले नयाँ -जनवादी क्रान्ति पूरा गरी सकेपछि फेरि बहुदलीयताको कुरा गरेर फेरि मूल प्रवृत्तिको रुपमा ख्रुश्चोभकै, तेङकै बाटो समात्न पुगेको छ - भाकपा माले कै जस्तै संशोधनवादी प्रवृत्ति ।* ◘

- सर्वहारा -वर्गको नेतृत्व त्यसको एउटा अनिवार्य शर्त हो ।

जहाँसम्म नयाँ-जनवादी कालमा जनताको जनवादी अधिनायकत्वको सवाल छ वा जनताको क्रान्तिकारी वर्गहरूको अधिनायकत्वको सवाल छ, त्यसमा प्रतिगामी तत्वहरूप्रति माथिबाट अधिनायकत्व हुनु पर्छ । तर यदि हामीले प्रतिगामी र प्रतिकृयावादी तत्वहरूलाई उनीहरूले प्रतिस्पर्धा गर्ने मौका दिन्छौं वा उनीहरूलाई त्यस प्रकारको "प्रजातान्त्रिक अधिकारहरू" दिन्छौं भने त्यो त जनवाद नै होइन ।

यसै गरी सशस्त्र संघर्षको प्रश्न पनि नौलो-जनवादसंग जोडिएर आउने मुख्य प्रश्न हो । "राष्ट्रिय प्रजातन्त्र" को नाममा हिजो गलत प्रकारको "शान्तिपूर्ण संक्रमण" द्वारा पनि समाजवादमा जान सकिन्छ, त्यस प्रकारको क्रान्ति गर्न सकिन्छ भन्ने कुराहरू पनि ल्याइयो । सर्वहारा-वर्ग बाहेक अरु नै वर्ग पनि त्यसलाई नेतृत्व गर्न सक्छन् भन्ने कुराहरू ल्याइए ।

मूल प्रश्न यसको रूपको होइन, यसको सारतत्वको हो । सारतत्वमा हामीले कुन क्रान्तिकारी विशेषताहरू अप्नाउछौं भन्ने कुरा महत्वपूर्ण हुन्छ । क्रान्तिकारी विशेषताहरू अप्नाउने क्रममा हामीले माओ विचारधारालाई आधार बनाउँछौं । माओ विचारधाराबाट अलग भएर नयाँ-जनवादी क्रान्तिलाई हामीले सही रूपमा ग्रहण गर्न सक्दैनौं । त्यसरी गरिने क्रान्तिका स्वरूप प्रतिगामी हुन जान्छ, र यो पूँजीवादी दिशातिर जान थाल्छ । कुनै पनि पूँजीवादी क्रान्तिलाई वा कुनै पनि राष्ट्रिय मुक्ति आन्दोलनलाई समाजवादको दिशामा लैजाने हामीहरूको मूल ध्येयमा बाधा पुग्छ । त्यसकारण यी क्रान्तिकारी विशेषताहरूमा हामीले संझौता गर्न सक्दैनौं ।

नयाँ जनवादी क्रान्तिसंग जोडिएको अर्को मुख्य प्रश्न देशभित्र विद्यमान हाम्रो मुख्य अन्तरविरोधको प्रश्न हो । सबै सहमत भएको कुरा यो हो कि सामन्तवाद र साम्राज्यवादको विरूद्धको हाम्रो अन्तरविरोध नै हाम्रो प्रमुख अन्तरविरोध हो । नेपालको सन्दर्भमा भारतीय विस्तारवाद संगको अन्तरविरोधले विभिन्न प्रतिगामी तत्वहरूसंगको अन्तरविरोधहरू मध्ये महत्वपूर्ण स्थान राख्दछ । हाम्रो देशको जनतन्त्र र राष्ट्रियताको मामलामा भारतीय विस्तारवादको जुन किसिमको भूमिका छ, त्यसअनुसार त्यसलाई गौण ठानी त्यसको विरूद्धको संघर्षलाई उपेक्षा गर्ने कुनै पनि दृष्टिकोणहरू गलत हुन । यसले गर्दा हाम्रो नयाँ जनवादी संघर्षको एउटा मूल स्वरूपमाथि नै बाधा पुग्न जान्छ । हामीले देख्दै आएका छौं । हाम्रो देशमा कैयौं यसता प्रवृतिहरू देखा परेका छन्, जस्ले भारतीय विस्तारवादसंगको संघर्षलाई गौण बनाउँछ या उपेक्षा गर्छ या त्यसप्रति संझौतापरस्त दृष्टिकोण अप्नाउँछ । त्यस्ता सोचहरू गलत हुन ।

यसका साथ-साथै हामीले सामन्तवादसंग या राजतन्त्रसंगको अन्तरविरोधलाई पनि उपेक्षा गर्न सक्दैनौं । यी दुवै अन्तरविरोधहरूलाई हामीले गौण गर्न सक्दैनौं ।

यसैगरी, हाम्रा रणनीति र कार्यनीतिका प्रश्नहरू पनि महत्वपूर्ण छन् । नयाँ -जनवादी क्रान्तिसंग जोडिएका रणनीतिका प्रश्नहरूबारे हामी एकदमै कडा भएर जानु पर्छ । जस्तै, आधारभुत दृष्टिकोणको विषयमा, हाम्रा मुख्य दुश्मन शक्तिहरुको विषयमा, आधारभुत र सैद्धान्तिक प्रश्नहरूमा र सशस्त्र संघर्षका प्रश्नहरू आदिमा एकदमै कडा भएर जानु पर्दछ भने कार्यनीतिक पक्षहरूमा सबै विषयमा हामीले कडा हुनु पर्छ भन्ने जरूरी छैन । संघर्षका विभिन्न रूपहरू अप्नाउन सक्छौं । कुनै बेला चुनावको माध्यम, कुनै बेला बहिष्कारको माध्यम, कुनै बेला शान्तिपूर्ण आन्दोलनहरू, कुनै बेला सशस्त्र संघर्षका रूपहरु आदि सारा रूप र तरीकाहरू हामीले अप्नाउन सक्छौं । यसमा मूल प्रश्न हुन्छ - यी कुनै पनि तरीका अप्नाउँदा हाम्रो मूल दिशा कता हुन्छ ? मूल स्वर कता हुन्छ ? हामी कता बढ्न चाहन्छौं ? हामी मूल रूपमा क्रान्तिकारी दिशा वा समाजवादको दिशामा अघि बढ्छौं भने संघर्षको त्यो रूप सही हुन्छ, हैन भने गलत हुन्छ । जस्तो कि, लेनिनहरुले पनि चुनावको उपयोग गर्नुभयो तर मूल क्रान्तिकारी दिशा भने उहाँहरूले छोड्नु भएन । तर अर्का तिर पश्चिम युरोपमा वा भारतमा भने कैयौं पार्टीहरूले चुनावको उपयोगको सन्दर्भमा आफ्नो पार्टीको सम्पूर्ण क्रान्तिकारी चरित्रहरु नै गुमाए । बिग्रेर गए ।

यसै गरी क्रान्तिका विभिन्न चरणहरूमा सर्वहारा-वर्गको पार्टी- कम्युनिष्ट पार्टीले विभिन्न मित्र-शक्तिहरूसंग मात्रै होइन, दुश्मनहरूसंग पनि संयुक्त मोर्चा गर्नु पर्दछ तर यसरी यस्तो कार्यगत एकता वा संयुक्त मोर्चा गर्दा त्यसको स्वरूपको दिशा कतापट्टि हो ? - त्यसबाट हामीले हाम्रो सिद्धान्त, बाटो वा रणनीतिक उद्देश्य -प्राप्तिको बाटोबाट हामी विचलित भएका छौं कि छैनौं भन्ने कुरालाई अत्यन्त महत्व दिनु जरूरी छ । हाम्रा अन्तिम लक्ष्यहरू र क्रान्तिकारी रणनीतिहरुलाई सेवा गरून्जेल हाम्रा यी कार्यनीतिहरू ठीक हुन्छन । हैन भने बेठीक हुन्छन् ।

(बाँकी ४५ पृष्ठमा)

# पाकिस्तानी टेलिफिल्म- "आहट"

नेपाल टेलिभिजनद्वारा प्रस्तुत पाकिस्तानी फिल्महरुले हालसम्म आफ्नै प्रकारको छबि कायम गरेका छन् । आम हिन्दी फिल्महरुले अंगाल्ने व्यवसायिक मसलाहरु नचोकेका यी पाकिस्तानी टेलिफिल्महरु प्राय: को बिशिष्टता सम-सामयिक सामाजिक बिषय-बस्तुहरुको छनौट र कलात्मक प्रस्तुतिमा रहेको छ ।

केही हप्ता अघि मात्र सकिएको टेलि-श्रृखला "आहट"ले पनि यस्तै बिशिष्टता प्रस्तुत गरेको छ । लगातार चार वटी छोरीहरु मात्र जम्मिनुले रबियाका लागि सासू लगायत समाजका आँखामा आफू "नालायक" ठहरिने जुन परिस्थिति खडा हुन्छ, त्यसलाई ऊ जस्ती पढेलेखेकी आधुनिक महिलाले पनि प्रतिरोध गर्न सकिन । पाचौं सन्तान छोरो जन्मियोस भनेर सासूले गर्भावस्थामा झार-फुके धामी झाँक्री लगाएर शारीरिक पीडा दिन लगाएको र छोरीहरुबाट अनाहकमा छुट्टै बसाएर मानसिक पीडा दिन लगाएको घटनाका बिरुद्ध रविया मात्र हैन, उसको शिक्षित समझदार लोग्ने आमिर पनि मौन बस्छ, आत्म-समर्पण गर्छ ।

हाम्रो जस्तै रुढीग्रस्त समाज पाकिस्तानी समाजमा रहेको छोरा र छोरीका बीचमा गरिने भेदभाव वा पक्षपातले समाजलाई कसरी पिरोलीरहेको छ भन्ने कुराको निकै राम्रो चित्रण यस फिल्मले प्रस्तुत गरेको छ । आधुनिक मानिएका शिक्षित महिला पुरुषहरु त्यस पक्षपाती सोचसंग सहजै लड्न नसकिरहेको कुराको पनि यो एक राम्रो तस्वीर हो । रबियाकी डाक्टर साथी नदियामा भने यो लड्ने चेत विद्यमान छ । अन्धबिश्वास र दासत्वमुखी व्यवहारको बिरोधमा अड्ने आत्मबिश्वास उसमा देखिन्छ । महिलाहरुले समाजसंग जुधेर आफैंले आफ्नो ठाउं लिनु पर्छ भन्ने धारणा उसको रहेको छ । यो नै यस फिल्मको केन्द्रिय सन्देश पनि हो ।

फिल्ममा रबिया-आमिरको कहानीसंगै देखा पर्ने रज्जो (नोकर्नी) को कहानीले चाहिं आर्थिक रुपले निम्न स्तरमा रहेका आम-मानिसहरु बाँच्न बाध्य पीडाजन्य अपसंस्कृतिको झलक प्रस्तुत गरेको छ । गरीबी र रक्सीवाज लोग्ने दुवैको मारले रज्जो सताइएकी छे । उसका बग्रेल्ती जन्मेका बच्चाहरु उसको समाजमा कुनै जनवारका बच्चाहरुभन्दा बढी स्याहार सुसार र रेखदेख प्राप्त नगरीकनै बाँच्न बाध्य छन् । ऊ नशावाज लाग्नेको शोषण सहन्छे र पनि पुलीस थानाबाट लोग्नेलाई छुटाउन गएर आफूभित्रको उदारता प्रकट गर्छे तर आखिर लोग्नेको कुटाईबाटै ऊ मर्छे ।

छोरो नभएकोमा समाजले दिएको पीडाबाट रन्थनिएका रबिया र आमिरहरु यत्ति पीडीत हुन्छन कि उनीहरुमा आसपमै चर्को चिड्चिडाहट र दिक्दारी पैदा हुन्छ । रबियाले केही दिन घर छोडेर बिद्रोह पनि जनाउँछे तर उनीहरुलाई आफ्नो वास्तविक स्थिति स्वीकार्न नोकर्नी रज्जोको मृत्युको खवरले प्रेरित गर्छ । दुई साना छोरीहरुले घर छोडेर बिद्रोह जनाएको घटना घटेको केही कालपछि रज्जोको मृत्युको यो खवर प्राप्तीले रबियालाई करुणा र बिद्रोह मिश्रित गहिरो रुवाई रुवाउँछ । यो रुवाईको असरले गर्दा आमिरले अन्यत्र जागीर खान जाने सोच छोडिदिन्छ । छोरीहरुलाई नै छोरा मान्ने र एक साथ दु:ख-सुख खप्ने उनीहरुको स्वीकारोक्तिमा फिल्म सकिन्छ ।

भाव-अभिव्यक्तिको निख्खरता र अभिनयको सजीवता एवं प्रस्तुतीको कौशलको हिसावले यो फिल्म निकै स्तरीय र सामाजिक- यथार्थको चित्रणको हिसाबले पनि सजीव रहेको छ । कुनै मारधड, महंगो सज्जा-उत्ताउला गीत-नृत्य आदि बिनानै पनि यो स्तरको फिल्म निर्माण हुन सक्दछ भन्ने कुराको यो एक उदाहरण हो । बाल-मनोबिज्ञानको चित्रण पनि यसको बिशेष पक्ष रहेको छ । के नेपाली फिल्महरु यो स्तरका बन्न सक्दैनन् ?- नेपाली फिल्म निर्माताहरुले पनि यसबाट धुप्रै कुराहरु सिक्न जरुरी छ ।

~

# महादान

– यशपाल

हिन्दी साहित्यमा कथा-सम्राट मानिने प्रेमचन्द पछिका सशक्त कथाकार - उपन्यासकार स्व. यशपाल आफ्ना लेखनमा प्रखर मार्क्सवादी मानिनुहुन्छ । शहीद भगतसिंहसँगै भारतको मुक्ति-आन्दोलनमा जुटेका यशपालको जीवनको पछिल्लो चरण विचलन र विवादले भरिएको मानिन्छ । हामी उहाँको लेखनको अघिल्लो चरणमा चर्चित एक कथा यहाँ प्रस्तुत गर्दैछौं । कथामा वर्णित घटनाले भारतीय समाजको मात्र प्रतिनिधित्व गर्दैन, यो हाम्रो देश र अन्य देशका पनि समाजहरुको एक चित्र हो ।


– सम्पादक

सेठ परसादीलाल टल्लीमलको गोदाममा जूटको काम हुने गर्थ्यो । लडाई शुरु भएपछि जापान र जर्मनीको खरीद बन्द भयो । जहाजहरुलाई शत्रुहरुका पनडुब्बीहरुको डर थियो, सामान अमेरीकातिर पनि जान पाएन ।

आखिर नगद रकमको स्थिति कस्तो हुन्थ्यो ? सरकार धमाधम नोट छापीरहेको थियो । ब्याजको दर दिनदिनै घटीरहेको थियो । रुपियाँको भाउ घट्दैथियो र माल-सामानको भाउ बढीरहेको थियो ।

सेठ परसादीलालले चामलको भाउ बढ्दै गएको देखेर चामलका चारवटा गोदाम- पसलहरु खरिद गरेका थिए । हात बाँधेर बस्नुभन्दा त केही गर्नु नै जाती थियो । मनको आठ रुपियाँमा किनेको चामलको मोल एघार रुपियाँ हुँदैथियो । सेठजीलाई भगवानको कृपामा भरोसा थियो, जो ढुंगामा बन्द रहेको कीराको पनि पेट भर्छ । त्यो भगवानले सेठजीको वास्ता नगर्ने कुरै थिएन । नित्य दुई घण्टा पूजा गरेर घरबाट निस्कन्थे । -"अरु काम बाँकी रहला तर यो काम बाँकी रहन सक्दैन" । पैतीस हजार मन चामलमा एक लाख छैसठ्ठी हजारको मुनाफा थियो । भाऊ अझै बढ्दै थियो । अहिले बजारमा चामल निकाल्नु सेठजीलाई मूर्खता अनुभव भयो । उनी अरु चामल खरिद गर्दै गए ।

अनाजको भाउ जब बढ्यो, देशभरका भोका-नाङ्गाहरु कलकत्तातिर ओइरिए । यस्तो अनिकाल कहिल्यै कसैले पनि सुनेको थिएन, देख्नु त परै जावस् । मानिसको रुप लिएका जीवहरु हाडैहाड मात्र बाँकी भएका कुकुर हरुसँगसँगै जुठा पातहरु र जुठ्यानहरुमाथि यसरी झंटिन पुग्थे.....हे भगवान ! सबतिर नर-कंकाल शरीरहरुले विवश-दुःखी आँखाहरु उठाएर हात पसारेर एक मुठी अन्नका लागि चिच्च्याइरहेको सुनिन्थ्यो- "बाबु ! एक गाँस भात पाऊँ !" सेठजी आफ्नो गोदाम पसलबाट



आइरहेको गइरहेको यो सब त्राही-त्राही र आतंकको वातावरणमा "राम राम, हरे राम" जप गर्दै जान्थे ।

जुन अन्नको एक मुठीका लागि कंगाल समूह त्राही-त्राही गरिरहेको थियो, त्यो अन्न सेठजीका गोदामहरुमा भरिएर अरु बढी मूल्य-वृद्धिको प्रतिक्षा गरिरहेको थियो । सेठजीका गोदामहरुमा केही समय विश्राम गरेपछि चामलको मूल्य सवागुना अथवा डेढ गुना बढी हुन्थ्यो । गोदामहरुमा बन्द चामलको, रुपियाँको रुपमा बढीरहेको यो शक्तिले बजारबाट थप अरु चामललाई आफूतिर खिचेर ल्याउँदै थियो ।

भोक-पिडीतहरुलाई देखेर सेठजीको हृदय पग्लन्थ्यो । भुटेको चनाको एक बोरा उनको गोदाम-पसलको ढोकामा राखियो । पालेले प्रत्येक माग्नेहरुलाई एक मुठी चना दिन्थ्यो । चनाको यो दानले एउटा भयंकर संघर्षको रुप लिन्थ्यो । भीख बाँड्न सकिने लायक व्यवस्था गर्नका लागि हकार-पकार, लात्ती-घुस्सा र कहिले त लठ्ठी र जुत्तासम्मको उपयोग गर्नु आवश्यक हुन्थ्यो ।

सेठजीको ढोकामा दान थियो र भित्र व्यापार । एकपछि अर्को दलाल आएर चामल-खरिदको लागि कुराकानी गर्थ्यो । भोका कंगालहरुप्रति बग्ने सेठजीको उदारता लेन-देनको क्षेत्रमा एउटा अविचल सेनापतिको दृढतामा बदलिन्थ्यो ।

लाला (सेठ) कहाँ बिहानैदेखिं चामल पैंतीसको दरमा बिकीरहेको थियो । दिउँसो उनलाई थाह भयो मुनीमजी (हिसाब किताब राख्ने कर्मचारी) ले बिहान पाँच सय बोरा बेचेछन् । लालाजीले आफ्नो टाउको ठोके- "के सत्यानाश गर्छौ मुनीमजी ? बन्द गर.... छैन भाइ, हामीसंग छैन !" दलालहरुतिर हात लम्काउँदै उनले भने- "भाइ ! हेर साढे पैतीसमा त हामीले नै किनेका हौं !"

दिउसोबाट लालाजीले खरिद गर्दै गए । साँझमा साढे अडतीसको दाममा बिकीरहेको थियो तर लालाजी भने खरिद गरी नै रहेकाथिए । राति भाउ उन्नान्चालीसमा पुगेर अडियो । प्रतारणाले भरिएको दृष्टिले मुनीमतिर हेरेर लालाजीले धम्काए "लौ देख्यौ मुनीमजी !"

सडक-बजारहरुमा भोका मानिसहरुको संख्या र उनीहरुको चित्कार बढीरहेको थियो । लालाजी व्याकूल थिए, सरकार चामलमा कन्ट्रोल गरिरहेको थियो । मुनीमजी सल्लाह दिइरहेका थिए- समय छँदै जति बिक्री हुन्छ, बेचिदिऔं ।

रिसाएर लालाजीले भने- "सरकारले मूल्य तोकेर के फरक पर्छ ? जसको गोदाममा माल छ मोल पनि उसैको कायम हुन्छ । के सरकारले कहींबाट ल्याएर सस्तोमा बेच्छ ? कुनै नगद-नोट जस्तो-हो र यो -मन लाग्यो कि छापीहाल्न ? सरकार पनि लिन्छ त व्यापारीसंगै लिन्छ ।"

कन्ट्रोलको कारण प्रकटमा बेचबिखन बन्द थियो । तर वास्तवमा सेठजी पैसठ्ठीको दरले बेचीरहेका थिए । मुनीमजी चिन्तासहित भन्थे- "पैसठ्ठीको दर कहिलेसम्म टिक्छ र ? खेतीहरुबाट पनि त अन्न आउँनेछ ।"

सेठजीले बुझाए- "यस्तो छोटो चित्त गरेर पनि कहीं व्यापार हुन्छ मुनीमजी ?..... यो दरमा आधा-पौने गोदाम मात्रै बिक्यो भने पनि नाफा छ । बाँकी रामजी, जो मालिक हुनुहुन्छ ।"

सबै बजारहरुबाट मानिसहरु झिंगा-लामखुट्टे जस्तै गरी धमाधम मरेका खबरहरु आउथे । सुनेर सेठजीको हृदय काँप्थ्यो । अरु पनि भयंकर खबरहरु आउन लागे । मुर्दा-घाटमा लासहरुको थुप्रो लागेको थियो । दाउरा रुपियाँको आठ सेरको दरले बिक्दै थियो तर पाउनै सकिन्नथ्यो । गरीब मानिसहरु लासहरु त्यसै मिल्काएर आउन थालेका थिए ।

"बिचराहरु अन्नका दाना सम्झेर लालयित भएर मरे । अब उनीहरुको लाशको यो दुदर्शा ! बिचराहरुले कसरी सद्‌गति प्राप्त गर्लान् ?" -लालाजीको आँखामा आँसु आयो ।

गोदाममा रुपियाँमा एक पैसा धर्मकार्यका लागि भनेर धर्म-भकारीको रुपमा छुट्याइन्थ्यो । व्यापार व्यापार नै हो र धर्म धर्म नै हो । धर्म-भकारीको रुपियां कहिले-काँही कर्जामा लगाइदिन्थे, जसबाट ब्याज र साँवा सहित फेरि धर्म-भकारीमै फर्काइदिन्थे । यो भगवद्-अर्पण थियो । कंगालहरुको दुर्दशा देखेर त्यही खाताबाट लालाजीले दिनको दुई बोरा चना बाड्न लगाइरहेका थिए । यति हुँदाहुँदै पनि बयालीस हजार रुपियाँ धर्म-भकारीमा जम्मा भइरहेको थियो, जसरी नाफा बढ्यो, त्यसरी नै धर्म-भकारी पनि बढ्यो ।

"मुनीमजी !"- आँखाहरुमा करुणाका आँसुहरु भरेर सेठजीले हुकुम दिए -"दाउरा जुन भाउमा किन्न पाइन्छ, त्यही भाउमा किनेर घाटमा लगरे राखीदेऊ । कोही पनि बिचराहरुको लासको दुर्गति हुन नपाओस् ।"

अर्को दिन बिहानै समाचार पत्रमा छापियो - "महादान ! सेठ परसादीलाल टल्लीमलको महादान !......!"

गति पर्न नसकेकाहरुको अवस्था देखेर जसको हृदय व्याकुल भएको थियो, यस्ता मानिसहरुले सेठजीलाई धन्यवाद दिए ।

नम्र स्वरमा, अकिंचन भावमा सेठजीले उत्तर दिए- "म को हुँ र ? सब भगवानको नै हो । उनलाई नै अर्पण छ...मानिस यो भन्दा बढी के नै गर्न सक्छ र ?"

"भस्मावृत्त चिन्गारी" कथासंग्रह १९५१ बाट साभार, अनुदित । अनु. -हरिगोविन्द

## पाठकको कुरो

४३ पेजको बाँकी • • •

नयाँ-जनवादी क्रान्तिसंग जोडिएको अर्को महत्वपूर्ण कुरा कम्युनिष्ट पार्टीको भूमिकाको प्रश्न हो। क्रान्तिकारी सिद्धान्तद्वारा लैश पार्टी मात्र क्रान्तिकारी पार्टी हुन सक्छ। यसै गरी संगठनको सिद्धान्त पनि सही र क्रान्तिकारी हुनु पर्छ। पार्टीको स्वरूप नै गैर-क्रान्तिकारी भयो भने यसले क्रान्ति गर्न सक्दैन। संसारमा कैयौं संशोधनवादी पार्टीहरूले शुरुमा क्रान्तिकारी सिद्धान्तका शब्दहरू त्यागेनन् तर पार्टी - संगठनको स्वरूपलाई नै बुर्जुवा प्रकारको बनाए। कम्युनिष्ट क्रान्तिकारी पार्टीको स्वरूप र चरित्र नै नष्ट भएपछि त्यसले क्रान्ति गर्नै सक्दैन। अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा चलेको दुई लाइनको संघर्ष खालि राजनीति र सिद्धान्तको सवालमा मात्र चलेको छैन, संगठनको स्वरूपको प्रश्नमा पनि चलेको छ। क्रान्तिकारी भूमिका खेल्न नसक्ने संशोधनवादीहरूले पार्टीलाई खुला-प्रचारको र बुर्जुवा प्रकारको वा संसदीय प्रकारको बनाउने प्रयत्नहरु गरेका छन्। त्यसकारण, नयाँ-जनवादी क्रान्ति सफल पार्न उच्च क्रान्तिकारी प्रकारको लेनिनवादी कम्युनिष्ट पार्टी-संगठन हुनु नितान्त जरूरी हुन्छ। क्रान्तिकारी शब्दहरुको भ्रमजाल बिछ्याएर सारमा भने पूँजिवादतिरै जाने संशोधनवादी धारासंग सिद्धान्त र संगठन दुवैको मामलामा संघर्ष गरेर मात्र सांचो अर्थमा नयाँ-जनवादी क्रान्तितिर अघि बढ्न सकिन्छ।

नेपालमा नौला-जनवादी क्रान्ति सम्पन्न गर्नका लागि आजको विश्वको जटील स्थितिमा हामीले वस्तुगत कुराका साथै आत्मगत पक्षलाई पनि ज्यादै ध्यान दिनु पर्दछ। सिद्धान्तको, पार्टीको वा सचेतन पक्षको भूमिकालाई अरू सक्रिय पार्नु जरूरी छ। यस बाहेक, नेपालको नयाँ-जनवादी क्रान्ति सम्पन्न गर्न हामीले विश्वभरका मुक्ति -आन्दोलनहरू र भारतीय जनवादी क्रान्ति समेतसंग ऐक्यबद्ध हुनु पर्दछ।

(४६ पेजको बाँकी) • • •

विल्कुलै भिन्न स्थिति हो। नयाँ-जनवादमा निजी स्वामित्वलाई पूर्ण रुपमा स्वतन्त्रता सहित उद्योग चलाउन दिने भन्ने कुरा हुन सक्दैन। त्यस्तो गर्न दिनु सैद्धान्तिक रुपमै गलत हुन्छ। किनकि त्यस्तो गर्न दिने हो भने त मानव प्रकृति अनुसार मजदूरहरुलाई शोषण गर्ने कुरा भईहाल्छ। नाफा बढी कमाउने, शोषण गर्ने स्थिति भयो भने त त्यहाँ पनि फेरि क्रान्ति गर्नु पर्ने आवश्यकता हुने भयो।

त्यसैले नयाँ-जनवादमा पूर्ण रुपमा निजी स्वामित्वमा सानो भन्दा सानो उद्योगलाई पनि चल्न दिन सकिन्न। त्यसमा राज्यको कुनै न कुनै किसिमको नियन्त्रण हुने संयन्त्र हुनु पर्छ। अनि मात्र हामी नाफाको र शोषणको प्रवृत्तिलाई नियन्त्रण गर्न सक्छौं।

त्यस्तै भूमि सम्बन्धमा पनि अहिलेको पूँजीवादी वा अर्द्ध-सामन्ती व्यवस्थाले सामन्तहरुलाई मुआब्जा दिने कुरा गर्नु स्वाभविक छ। तर क्रन्तिपछि आउने नयाँ-जनवादी व्यवस्थाले पनि उनीहरुलाई मुआवजा दिनु सही होइन। प्राकृतिक न्याय अनुसार पनि यो कुरो ठीक होइन। सयौं हज्जारौं वर्षदेखि सामन्तहरुले कामै नगरीकन जोताहाको जमीन हडपेर, शोषण गरेर जमीनको मालिक बन्दा मजदूर किसानहरुले क्षतिपूर्ति नपाउने, तर क्रान्ति गरेर मजदूर किसानको शासन व्यवस्था आए पछि चाहिं उनीहरुले सामन्तहरुलाई क्षतिपूर्ति दिनु पर्ने भन्ने कुरा विलकूलै ठीक छैन। यो त कुनै क्रान्तिकारी कार्यक्रम नै भएन, किनकि नयाँ जनवाद भनेको समाजवादको नजिकैको, त्यतैतिर फर्किएको क्रान्तिकारी व्यवस्था हो। यो व्यवस्थामा क्रान्तिकारी भूमि-सुधार भन्नु भूमि-सम्बन्धमा आमूल परिवर्तन गर्नु हो। बरु के हुन सक्छ भने - सामन्तहरु जमीन खोजिए पछि उनीहरु पनि अर्कै भोकै नपरुन् भन्नाको लागि जिम्मेवार पार्टी हुनाको नाताले कम्युनिष्ट पार्टीले त्यसको विशेष व्यवस्था गर्नु पर्छ। उनीहरुलाई पनि सीप-योग्यता अनुसार रोजगारी दिनु पर्‍यो।

### का. भक्तबहादुरको शुभकामना

"मूल्यांकन" अन्तर्क्रियामुखी मासिक निस्केकोले वामपन्थीहरुको बीचमा वैचारिक अन्तर्क्रियालाई ठूलो सहयोग पुर्‍याएको छ, यो प्रशंशनीय काम हुन पुगेको छ। मलाई लाग्छ, आजसम्मको प्रकाशनमा यो नै उच्चस्तरीय प्रकाशन हो। यसको गुणस्तरमा अझ वृद्धि गरोस्, यही शुभकामना छ।

– भक्तबहादुर श्रेष्ठ, हेटौंडा- ४ बुद्धरोड मकवानपुर

### वाम एकताको माध्यम

मूल्यांकन विचार अन्तर्क्रियाले वाम आन्दोलनमा देखा परेका नकारात्मक प्रभावलाई साफ पार्ने काम गरोस्, एकता प्रकृयालाई सहयोग पुग्ने अन्तर्क्रिया चलाओस्। एकताको नाममा तेल-पानी मिसाउने प्रयास नगरोस्। वाम एकताको माध्यम बन्न मूल्यांकन सुफल होस्।


जे.आरसी., बर्दिया

### मूल्यांकन किन ?

यस अन्तर्क्रियामुखी मासिक पत्रिकाको उद्देश्य के को लागि हो वा के हो ? र यसमा दिएका टिपोटहरु पढ्दा म जस्ता कैयौं मित्रहरु द्विविधामा पर्नु भएको छ, किनकी यहाँ सबै खाले व्यक्तिहरुको विचार समावेश भएको छ, जो सबैको ठिकै लाग्दछ र अब हामीलाई सम्पूर्ण सिद्धान्त र ज्ञानको अभाव छ। अब हामी के गरौं ?

मेरो विचारमा यसमा तपाईहरुले कुन उद्देश्यले प्रकाशन गर्नु भएको हो, त्यसलाई नजर गरेर राजनैतिक चेतना ल्याउने हो भने यो कोसित सम्बन्धित छ ? वा नजीक छ ? स्पष्ट पारिदिनु भए हामी व्यापक प्रचार यस ठाउँमा गर्ने थियौं। यसमा तपाईहरुले पनि एक उद्देश्य अवश्य नै लिनु भएको होला नै। व्यापार मात्र जो नाफाको लागि त अवश्य पनि होइन, त्यसैले अन्तर्वार्ता दिंदा-लिंदा पनि कसैले मार्क्सको सिद्धान्तका बारेमा एक किसिमले दिएका छन्, कसैले अर्को प्रकारले दिएका छन् र कुन चाहीं मार्क्सवाद हो, तपाईहरुले अन्त्यमा स्पष्ट पारी दिनु भए स्पष्ट हुन्थ्यो।

– दुर्गाप्रसाद खतिवडा/कृष्णप्रसाद फुयल/केवलराम फुयल/माधव खतिवडा/हिकमत लिम्बु/कुल प्रदिप दाहाल/रमेश दाहाल र तोर्णबहादुर लिम्बु छथर फावचामारा-५, तेह्रथुम




### सारसंग्रहवादी ?

वामपन्थी विचारधाराप्रति आस्थावान् पाठकको नाताले विचार अन्तर्क्रियामुखी पत्रिका "मूल्यांकन" लगभग नियमितरुपले अध्ययन गर्ने गर्छु। यसै क्रममा यसको वर्ष १० अंक ७ हात लागेको छ र यससँग सम्बन्धित केही प्रतिक्रियाहरु ढीलै भए पनि व्यक्त गर्दैछु।

सम्पादकहरुसँग सम्बन्धित एउटा खट्किने कुरो के भने, तपाईहरुले संशोधनवादी, विसर्जनवादी गद्दारहरुलाई समेत "वामपन्थीको" पगरी गुथाएर पेश गर्ने गर्नु भएको छ। जसबाट तपाईहरुमा सबै नामधारी "साम्यवादी" हरुलाई समेट्न खोज्ने प्रवृति देखा परेको छ, जसलाई दार्शनिक भाषामा भन्नु पर्दा "सारसंग्रहवादी" चिन्तनको अभिव्यक्ति मान्न सकिन्छ। यसको प्रमाणको लागि यसै अंकको "रिहाईको निम्ति विश्वव्यापी दवाब" भन्ने शीर्षकको टिप्पणीमा यसो भनिएको छ- "यस्तो कार्यबाट (अर्थात् चिनीयाँ राजदूतावासमा बम पड्काउनु, देङ सियाओ पेङलाई कुकुर बनाउनु)ले संबोधनवाद परास्त हुँदैन, यसबाट त त्यो अरु, शत्रुतापूर्ण र आक्रामक मात्र बन्छ।" यहाँ टिप्पणीकर्ताले संशोधनवाद अन्ततः पूँजीवाद नै हो भन्ने तथ्यलाई भुसुक्क बिर्सेजस्तो लाग्छ। संशोधनवादसँग संघर्ष गर्नैपर्छ भन्ने थाहा पाउँदा पनि, ऊ शत्रु हो भन्ने थाहा छँदाछँदै पनि उसँग सकारात्मक कुराको अपेक्षा गर्नु संसोधनवादप्रतिको मोह हो।

-सी.बी.चौधरी/टीकापुर, कैलाली/हाल:-सुर्खेत

### सबै सोचको परिचय

सुरु सुरुमा त "मूल्यांकन" बारे हामी अन्यौलमै थियौं। हालसम्मका अंकहरुले यसबारे हामी स्पष्ट भएका छौं। वास्तवमा पद्मरत्न तुलाधरजस्ता व्यक्तिहरु समेतको सक्रियतामा निस्केको यो पत्रिकाले वाम-एकताको पक्षमा राम्रो काम गरेको छ। वामपन्थी आन्दोलनका सबै खालको सोचसँग परिचित गराउने काम गरिरहेछ। कम्युनिष्ट आन्दोलन भनेको एउटा नयाँ समाजको सृजना गर्ने आन्दोलन हो। यसका लागि यसमा लागेकाहरुले धेरै सोच-विचार र विचार-मन्थन र बुझेर काम गर्नु पर्दछ। अनि मात्र अरुभन्दा बढी वैज्ञानिक बन्न सकिन्छ, समाजलाई नेतृत्व दिन सकिन्छ। "मूल्यांकन"ले यसका लागि जरुरी महत्वपूर्ण विषयहरुमा नियमित रुपले सामग्रीहरु दिन थालेकोमा हामी खुसी छौं। यसको प्रचार प्रसारमा जोड दिनु होला।

– राजेन्द्र के. श्रेष्ठ र अरुण, पाटन ढोका।



# पूँजीवादीहरुले जस्तो चुनावी प्रतिस्पर्धा गरेर नयाँ जनवाद आउँदैन :

– क. पद्मरत्न तुलाधर

(ने.क.पा. (एमाले) को महाधिवेशन देशको एउटा महत्वपूर्ण घटना हो । यसले सही कार्यदिशा समाते पनि र गलत कार्य दिशा समाते पनि, देशको घटनाक्रमको विकासमा महत्वपूर्ण असर पार्ने निश्चित छ । यस परिप्रेक्ष्यमा महाधिवेशनमा द्वन्दरत विचारहरुबारे पद्मरत्न तुलाधर के विचार राख्नु हुन्छ - धेरैको जिज्ञासाको विषय रहेको छ । यही जिज्ञासा मेट्ने हिसावले हामीले यस पटक उहाँसित विस्तृत कुराकानी गरेका थियौं । प्रस्तुत छ - त्यसको संपादित सार संक्षेप - सम्पादक)

**० अहिले बहुदलीय प्रतिस्पर्धाको आधारमा नयाँ जनवाद भनेर जुन विचार सबैभन्दा चर्चित विषय भएर सर्वजनिक विवादमा आई रहेछ, त्यस सम्बन्धमा यहाँको धारणा के छ ?**

- नेपाली जनताले चाहेको शोषण-उत्पीडनबाट मुक्ति हो । हामीले कुनै कार्यक्रम सही छ कि छैन भनेर हेर्दाखेरी त्यसले नेपाली जनतालाई सबै प्रकारको शोषण-उत्पीडनबाट मुक्ति दिन सक्छ कि सक्दैन भनेर हेर्ने हो । कसैको पक्षमा वा विपक्षमा बोल्ने कुरा होइन । त्यसैले म कसैको पक्ष वा विपक्षमा नबोलेर सरसरती आफ्नो धारणा मात्र राख्न चाहन्छु ।

कुनै एक जना समान्तले, पूँजीपतिले स्वेच्छाले शासन छोडेको विश्वकै इतिहासले अहिले सम्म देखाएको छैन । सयौं, हज्जारौं वर्षदेखि शोषणको जुन राज्य कायम छ, त्यसलाई पल्टाउनको निम्ती बल प्रयोगको आवश्यकता छ भनेर त कट्टर भन्दा कट्टर पूँजीवादीहरुले प्रतिक्रियावादीहरुले पनि स्वीकारीरहेछन् । यो कुरा कम्युनिष्टले नस्वीकार्ने हो भने त्यो कम्युनिष्ट हुन सक्दैन । सशस्त्र बल प्रयोग गरेर आमूल परिवर्तन नगरेसम्म यस्तो खालको शोषणको व्यवस्थामा परिवर्तन आउन सक्दैन । त्यसैले कम्युनिष्टहरुले सोचे जस्तो आमूल परिवर्तन र मुक्तिको लागि त सशस्त्र बल प्रयोगको आवश्यकता छ, चुनावी प्रतिस्पर्धा होइन । बल प्रयोग भन्नाले त्यो बन्दूकको प्रयोग पनि हुन सक्छ, सशक्त जन-आन्दोलन र सडक-आन्दोलन पनि हुन सक्छ । नयाँ-जनवाद आफै पनि बल प्रयोगविना आउन संभव छैन ।

नयाँ-जनवाद आउनु अघि संसदीय चुनावीलाई पनि कसरी क्रान्तिको पक्षमा उपयोग गर्न सकिन्छ भनेर सोच्न सकिन्छ र त्यो सोच्नु एउटा कुरा हो । तर क्रान्ति सम्पन्न गरी सकेपछि पनि 'उदारवादी हुनु, बहुदलीयता अपनाईराख्नु भनेको गलत कुरा हुन जान्छ । हामी बल प्रयोग गर्नु हुन्न भनेर बस्यौं, साम्राज्यवादीहरुले, प्रतिक्रियावादीहरुले चाहिं सत्तामा आएको भोलि पर्सिपल्ट चुनावैमा बल प्रयोग गरेर हाम्रो सत्ता उल्टाई दिन्छन् । विश्वका विभिन्न भागमा यस्तो भएको प्रत्यक्ष उदाहरण छ ।

फेरि नयाँ-जनवाद भनेको शोषण दमनको समाज व्यवस्थामा आमूल, आधारभूत परिवर्तन हो । त्यो सर्वहारा श्रमिक वर्गको नेतृत्वमा स्थापना हुने र चल्ने व्यवस्था हो । त्यो व्यवस्थामा सामन्तवादी र पूँजीवादीहरुलाई फेरि सत्तामा आउन नदिनको निम्ति त केही नियन्त्रणको व्यवस्था हुनु पर्‍यो । उनीहरुको शोषण, दमनको व्यवस्था फेरि आउन नदिने व्यवस्था हुनु पर्‍यो । त्यस्तो व्यवस्था नगरी बहदलीयतातिर जाने हो भने त चुनावमा यहाँ जे पनि हुन सक्छ ।

राष्ट्रिय कारण मात्र होइन, अन्तर्राष्ट्रिय कारणले पनि भूमिका खेल्न सक्छ, साम्राज्यवादीहरुले करोडौं-अरबौं रुपैयाँ खन्याउन सक्छन्, अनेकौं चाल चलन सक्छन् । हामीले मिहेनत गरेर नयाँ-जनवादी क्रान्ति गर्ने, अनि क्रान्ति गरेको ५ वर्ष पछि स्वतन्त्र चुनावमा पैसा खन्याएर अमेरिकाको बलमा वा अरुको बलमा रा.प्र.पा. आउने भयो भने के गति हुनेछ क्रान्तिको ? त्यसरी त नयाँ-जनवादी व्यवस्थामा स्थिरता नै हुन सक्दैन ।

के स्पष्ट हुन जरुरी छ भने, नयाँ-जनवाद भनेको समाजवादमा जानको निम्ति बीचको संक्रमणकालीन बाटो हो । अर्द्ध-सामन्ती स्थितिबाट सिधै समाजवादमा जान संभव नहुनाले यो बीचको बाटो अप्नाउने हो, जनतालाई मानसिक र भौतिक रुपले समाजवादको निम्ति तयार गर्नको लागि । अनि समाजवादमा पुगिसकेपछि त बहुदलीयता झनै हुन सक्दैन । त्यहाँ त वर्ग विहीनताको निम्ति कार्य गर्ने हो । वर्ग विहीनताको त्यो अवस्थामा पनि वर्गलाई दल खोल्न दिने बहुदलीय राजनीति गर्न दिने भन्ने कुरा त मार्क्सवाद सम्मत कुरा भएन ।

अहिले नयाँ-जनवादमा बहुदलीयताको जुन कुरा उठेको छ, त्यसले कार्यकर्ताहरुमा भ्रम फैलेको छ, जुन हिजो थिएन । कतै नयाँ-जनवाद मात्र होइन, समाजवाद र साम्यवाद पनि बहुदलीयता हुने होइन भन्ने भ्रम । यो मार्क्सवादसंग एकदमै नमिल्ने कुरा भईरहेछ । छलफलको र प्रसिक्षणको दौरानमा यो भ्रम साफ गर्न सक्नु पर्दछ । नत्र कम्युनिष्टहरु भ्रमित भएर झन कमजोर हुन सक्दछन् ।

त्यसैले, नयाँ-जनवाद भनेको समाजवादमा पुग्नुको लागि हामी आफैंले सिर्जना गर्ने बीचको बाटो हो । एक्कैचोटि वर्गविहीनताको स्थिति सिर्जना गर्न सक्ने भए त यो बीचको बाटोको जरुरी पनि थिएन । तर त्यो नसकिने भएकाले, सयौं-हज्जारौं वर्षको शोषणको व्यवस्था, अन्धविश्वास, कुसंस्कृति बदल्न समय लाग्ने भएकाले नै यो बीचको बाटो सोचिएको हो । यो व्यवस्थामा विभिन्न वर्गहरु बाँकी हुन्छन् । कम्युनिष्ट पार्टीका मित्र शक्तिहरु नै बाँकी हुन्छन्, किनकि नयाँ-जनवादी क्रान्ति एक्लै त गरिन्न । ती मित्र शक्तिहरुको मात्र नयाँ जनवादी अवस्थामा पार्टी हुन सक्छ, संगठन गर्ने छूट उनीहरुलाई मात्र हुन सक्छ । तर त्यो बुर्जुवा व्यवस्था जस्तो बहुदलीय प्रतिस्पर्धा होइन । यसमा कम्युनिष्ट पार्टीको नेतृत्व हुनुपर्छ, अरु पार्टीको सहयोगीको स्थिति हुनुपर्छ । यसो नगरी उनीहरुसित पनि चुनावी प्रतिपर्धा गर्ने हो भने यो त नयाँ-जनवादी व्यवस्था हुन सक्दैन । एउटा उदार पूँजीवादीले जस्तो चुनावी प्रतिस्पर्धा गरेर नयाँ-जनवादी व्यवस्था आउन सक्दैन ।

सामन्तहरु, पूँजीवादीहरुलाई त नयाँ-जनवादी व्यवस्थामा संगठन गर्ने छूट हुनु हुँदैन । अमेरिकामा हेर्नुहोस्, के त्यहाँ पूँजीवादीहरुले कम्युनिष्टलाई कानूनी रुपमा काम गर्ने छूट दिएका छन् ? त्यहाँ त कम्युनिष्ट पार्टीहरु प्रतिबन्धित छन् ।

जनताको निम्ति नयाँ-जनवादी व्यवस्थामा अमेरिका जस्तो कुनै पनि प्रजातान्त्रिक भनाउँदो देशमा भन्दा पनि बढ्ता स्वतन्त्रता र अधिकार हुनुपर्छ । त्यहाँ कानूनको शासन हुनुपर्छ । विगतका गल्ती कमजोरी जे जे भएका छन् त्यसबाट पाठ सिकेर हामीले त्यो फेरि हुन नदिने प्रतिवद्धताका साथ हामी जानु पर्छ । तर उदार-पूँजीवादको लहैलहैमा लागेर हामी कम्युनिष्ट सिद्धान्त छोड्नु मूर्खतापूर्ण हुन जान्छ ।

**० भूमि सम्बन्धमा र उद्योग सम्बन्धमा जुन नयाँ-जनवादको क्रान्तिकारी कार्यक्रम भनेर नेकपा (एमाले) को दस्तावेजमा आएको छ, त्यो तपाईलाई कस्तो लाग्यो ?**

- कम्युनिष्टहरुको कार्यक्रम कम्युनिष्ट सिद्धान्त अनुसार हुनु पर्‍यो । क्रान्तिकारी कार्यक्रम अहिले हामी जुन अवस्थामा छौं । त्यो भन्दा आधारभूत रुपले भिन्न र उन्नत हुनु पर्‍यो। त्यो कार्यक्रम अहिले हामी जुन अर्धसामन्ती र अर्ध उपनिवेशिक अवस्थामा छौं, त्यसबाट मुक्ति दिलाउने खालको हुनु पर्‍यो ।

अहिले नेपालमा जुन पूँजीवादी व्यवस्था छ , त्यसमा त निजी स्वामित्वको भूमिकालाई हामीले स्वीकारिरहेछौं । तर नौलो-जनवाद त समाजवादमुखी व्यवस्था हो । त्यो त अहिले भन्दा

(बाँकी ५५ पृष्ठमा)

# मूल्याङ्कन मा विज्ञापन दिने किन ?

**मूल्यांकन नेपालको एक मात्र विचार-अन्तर्क्रियामुखी पत्रिका हो ।**

**नेपाललाई हरेक फाँटमा कसरी आमूल परिवर्तन गर्ने ?**

**-यस विषयमा मूल्यांकनमा एक साथ बुद्धि नेता र विषय-[illegible]हरुको विचार हुन्छ । मूल्यांकनको हरेक अंकमा बुद्धि रुचिका मानिसलाई संबोधित गर्ने विविध सामग्री हुन्छ । दर्शनका पाठक हुन् वा विज्ञानका, राजनीतिका पाठक हुन् वा अर्थतन्त्रका, साहित्यका पारखी हुन् वा पर्दा/रंगमंचका, खेलकूदका पारखी हुन् वा जनजीवनका, मूल्यांकनको प्रत्येक अंकले ज्ञानवर्द्धक र विचारोत्तेजक सामग्री दिएको हुन्छ । त्यसैले मूल्यांकन एक साथ धेरै थरीका पाठकले पढ्छन् ।**

मूल्यांकन नेपालको सम्पूर्ण शहरी केन्द्रमा पुग्छ । गाउँहरुमा समेत यसको व्यापक पहुँच छ ।

मूल्यांकन अहिले १२ हजार प्रति बिक्छ ।

**त्यसैले,**

मूल्यांकनमा विज्ञापन दिंदा तपाईको वस्तु वा सेवाको सन्देश त्यही लक्षित समूहमा पुग्छ, जहाँ तपाई पुग्न चाहनु हुन्छ ।

**मूल्यांकन** संकलन योग्य पत्रिका भएकाले यसमा प्रकाशित विज्ञापनमा पाठकहरुको नजर पटक पटक परिरहने संभावना हुन्छ ।

मूल्यांकनमा विज्ञापन छपाउँनु आफ्नो लक्षित समूहमा पुग्नु हो ।
हामी धुम्रपान, मद्यपान र जुवाको विज्ञापन छाप्दैनौं ।

हामी रंगीन र श्याम/श्वेत दुबै सेवा प्रदान गर्छौं ।
हाम्रो विज्ञापन दर:

| | श्याम/श्वेत | रंगीन |
|---|---|---|
| पछिल्लो आवरण पृष्ठ | रु ८०००.०० | २४०००.०० |
| अघिल्लो भित्री आवरण पृष्ठ | रु ७०००.०० | २१०००.०० |
| पछिल्लो भित्री आवरण पृष्ठ | रु ६०००.०० | १८०००.०० |
| पहिलो मुख पृष्ठ | रु ५०००.०० | १५०००.०० |
| साधारण पूरा पृष्ठ | रु ४०००.०० | १२०००.०० |
| साधारण आधा पृष्ठ | रु २०००.०० | |
| साधारण चौथाइ पृष्ठ | रु १०००.०० | |
| अर्ध चौथाइ पृष्ठ | रु ५००.०० | |


**वार्षिक विज्ञापनदातालाई विशेष छूट:**


वार्षिक विज्ञापन दिनेलाई २५%
अर्द्धवार्षिक विज्ञापन दिनेलाई १५%
त्रैमासिक विज्ञापन दिनेलाई १०%

*-मूल्यांकन*
**बजार व्यवस्थापन विभाग**









## मूल्यांकनको सूचना

- मूल्यांकन विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संबन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्यांकनका लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त बौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध गर्दछौं।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान मूल्यांकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।

ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०


# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताको साथ पर्खिरहेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुसी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरू छोरासग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।

देशको कुना कान्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न



शाही नेपाल वायुसेवा

